# सभापोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बाह्रबिसे, संखुवासभा

कोशी प्रदेश, नेपाल

# प्रथम आवधिक योजना

(आ.व. २०८१/८२-२०८५/८६)

( असार, २०८१)

# सभापोखरी गाउँपालिकाको प्रथम आवधिक विकास योजना (२०८१/८२-२०८५/८६)

**सहयोगी संस्था :**
प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP)
कलवलगुरी, भद्रपुर, झापा, कोशी प्रदेश

**सहजीकरण :**
RIMC-Strength JV
पुरानो बानेश्वर, काठमाडौं

**तयार गर्ने/प्रकाशक :**
सभापोखरी गाउँपालिका
सर्वाधिकार : प्रकाशकमा
प्रकाशन वर्ष : २०८१

## मन्तब्य



नेपाल सरकारले तय गरेको १६ औं योजनाको दीर्घकालिन सोच "**सुशासन, सामाजिक न्याय र समृद्धि**", कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजनाले तय गरेको दीर्घकालिन सोच "**सुशासित, खुसी, आर्थिक रूपले गतिशील र समुन्नत प्रदेश**" तथा स्थानीय सरकारले पनि स्वभाविक रुपमा संविधानले निर्देश गरे अनुसारको नीतिसँग समायोजन हुने गरी आफ्नो दिगो विकासका लक्ष्य हाँसिल गर्न योजनाबद्ध आवधिक र दीर्घकालीन योजना तर्जुमा गर्ने निर्णय बमोजिम सभापोखरी गाउँपालिकाको प्रथम आवधिक योजना (२०८१/८२-२०८५/८६) तयार गरिएको छ ।

नेपालकै प्रसिद्ध पोखरीहरु सभापोखरी (४२४० मिटर), पाँच पोखरी (५००० मिटर), लाम पोखरी,, बन्दुके पोखरी, बौलाहा पोखरी यसै गाउँपालिका क्षेत्र भित्र अवस्थित रहेको यो गाउँपालिका भौगोलिक तथा जैबिक विविधताको हिसाबले महत्वपूर्ण रहेको छ । यस क्षेत्रमा अलैंची, रुद्राक्ष (दाना), चिराईतो, मझिटो, कुड्की, सतुवा, यार्सागुम्बा जस्ता बहुमुल्य तथा लोपोन्मुख जडिबुटीहरु रहेका छन् । यसैगरी विश्वविख्यात लेकाली बनस्पतिहरु ब्युल, बुकी, सुनगाभा, चिमाल, गुराँस, दामपाती, सुनपाती, ङपाती गोब्रेसल्ला, धुपी, भोजपत्र, मालिङ्गो लगायतका बनस्पतिहरु पनि यस गाउँपालिकामा पाइन्छन्। बिभिन्न किसिमका ढुङ्गा, चुन ढुङ्गा, तुर्मालिङ, एकुमेरिन, क्वार्ज, तामा लगायतका खनिज सम्पदाहरु यस क्षेत्रका बहुमुल्य पक्षहरु हुन्। यिनै क्षेत्रहरूलाई अग्रणी विकासको आधार मानेर गाउँपालिकाको विकासको नारा "**कृषि, पर्यटन, वन, खानी र पानीको सागर; समृद्ध सभापोखरीको दिगो आधार**" भनेर तय गरिएको छ । यस आवधिक योजनामा १० वटा आयोजनालाई गाउँपालिका गौरवका आयोजनाका रुपमा प्राथमिकिकरण गरिएको छ । यस वाहेक अन्न विभिन्न बिषयगत योजना १९५ गरी जम्मा २०५ योजना आवधिक योजना अवधिमा सम्पन्न गर्ने तथा उक्त आयोजनाहरु सम्पन्न गर्नलाई करिव ४.३९ अर्ब लाग्ने प्रारम्भिक अनुमान गरिएको छ ।

सभापोखरी सहित बिभिन्न जलाधारहरु, सिमसार सहितका प्राकृतिक सम्पदा, ऐतिहासिक तथा साँस्कृतिक विशेषताहरु भएको यस सभापोखरी गाउँपालिकामा, जनताको सामाजिक न्याय सहितको समृद्धिको तीव्र चाहना अनुसार योजनाबद्ध विकास गर्न यो प्रतिवेदन एउटा मार्गदर्शक रुपरेखा हुनेछ । यहाँको स्रोत र साधनहरुलाई सवै आधारभुत तहमा रहेका जनताहरुको पहुँच र लाभ पुग्ने गरी उपयोग र विस्तार गरी आर्थिक, सामाजिक र वातावरणीय पक्षको नकारात्मक प्रभाव न्यून हुने गरी दिगो विकासको सिद्धान्त अनुसार योजनाहरु तय गर्नको निम्ति यो दस्तावेज तयार भएको छ । हाम्रो आफ्नो कार्यकालको २ वर्ष सकिने वेलासम्म भएपनि योजनाबद्ध विकासको शुरुवातको लागि गाउँपालिकाले प्रथम पञ्च वर्षिय आवधिक विकास योजना निर्माण गरेको छ र सोही बमोजिम वार्षिक कार्यक्रम तय गर्दै यस आवधिक योजनाको अवधिभित्र राखेको लक्ष्य प्राप्त गर्नेछ भन्ने विश्वास लिएको छु ।

यो आवधिक विकास योजना जन सहभागितामूलक योजना तर्जुमा पद्धति अपनाई तयार गरिएको छ । यो योजना तयार गर्न महत्वपूर्ण सहयोग गर्ने गाउँपालिकाका कार्यपालिका सदस्यहरुज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, लगायत सम्पूर्ण कर्मचारीहरुज्यू एवं सरोकारवाला सबैमा हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्दछु । साथसाथै यो आवधिक विकास योजना निर्माणमा सहयोगी प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी झापा, परामर्शदाता संस्था लगायत स्थानीय क्लव, बिभिन्न समूह, संस्थाहरु र सम्पूर्ण गाउँवासीहरु प्रति समेत हार्दिक नमन गर्दछु ।

धन्यवाद ।

श्री भीम बहादुर लिम्बु

गाउँपालिका अध्यक्ष

**मन्तब्य**




नेपालको संविधानको सफल कार्यान्यनका लागि नेपाल सरकारले लिएको "**सुशासन, सामाजिक न्याय र समृद्धि**" को सोचलाई साकार पार्न सबै तहका सरकारहरुको योजना चक्र प्रभावकारी हुनु जरुरी छ । तसर्थ संविधानले स्थानीय तहलाई आफ्नो क्षेत्रको स्रोत संकलन तथा परिचालका लागि जिम्मेवार बनाएको छ । यसै क्रममा स्थानीय तहले आ-आफ्नो क्षेत्रको समष्टिगत विकासका लागि आवधिक विकास योजना बनाई कार्यान्वयन गर्ने जिम्मेवारी पनि संविधानले स्थानीय तहलाई सुम्पेको छ । वैज्ञानिक र दुरदर्शी योजनाले मात्र सर्वाङ्गिण र दिगो विकासलाई अघि वढाउन सहयोग पुर्याउँछ । विना योजना सिमित श्रोत साधनबाट निर्दिष्ट लक्ष्य तथा उद्देश्यहरू हाँसिल गर्न सकिँदैन । संविधानले स्थानीय सरकारलाई सेवा प्रवाह गर्ने शक्तिशाली सरकारको रुपमा परिकल्पना गरेको छ । तसर्थ सेवाको प्रभावकारितालाई गुणस्तरिय र चिरस्थायी बनाउन तथा सन्तुलित विकासलाई मूर्तरुप दिन एवम् विद्यमान विभिन्न प्रकृतिका समस्याहरूको दिगो र समयानुकूल समाधानको प्रयासलाई अगाडि वढाउन यो आवधिक योजनाको आवश्यकता अपरिहार्य छ ।

प्राचीन कालमा ब्यास पुत्र शुकदेव आई शौनकादि ऋषिहरूलाई पुराण सुनाईसकेर सभा गरेको हुँदा त्यहीँबाट नै सभापोखरी नाम रहन गएको र अर्को किम्बदन्ति अनुसार पृथ्वीमा दैत्यहरूले गर्ने बिनाश रोक्न देवताहरूले यहाँ सभा बसी योजना बनाएको भन्ने मान्यता रहेको, सभाखोलाको उद्गमस्थलको रूपमा रहेको यस सभापोखरी गाउँपालिका धार्मिक, पर्यटकीय, सौन्दर्य तथा जैविक विविधता बोकेको क्षेत्र हो। गाउँपालिकाको नाम सभापोखरी रहेता पनि यहाँको बाह्रबिसे बजार ऐतिहासिक रूपले उत्तिकै महत्व बोकेको पुरानो व्यापारिक केन्दको रूपमा रहेको छ।बाह्रै महिना निरन्तर बग्ने सभा खोला, लङ्खुवा खोला र भोटी खोला बाह्रबिसे बजार क्षेत्रमा जोडिएकाले यो क्षेत्र त्रिबेणी धामको रुपमा विकास हुने क्रममा समेत रहेको यस गाउँपालिका सांस्कृतिक सम्पदाको हिसाबले उत्कृष्ट स्थलको रुपमा रहेको छ । यहाँ राई, लिम्बु, तामाङ, क्षेत्री, गुरुङ, बाहुन तथा अन्य जातजातिहरुको बसोबास छ । यहाँ परापूर्वकाल देखि लिम्बु जातिकोधान नाच, राई जातिको उधौली-उभौली, चण्डी नाच, तामाङको डम्फु नाच, गुरुङको तमू ल्होसार तथा अन्य जातिहरुको आ-आफ्नो संस्कृति तथा कलाको जगेर्ना भएको पाईन्छ । यस्तै बिविधतायुक्त अवसरहरुलाई ध्यानमा राखेर समग्र क्षेत्रको समानुपातिक विकासका लागि सभापोखरी गाउँपालिकाको प्रथम आवधिक योजना तयार गरिएको हो ।

आवधिक विकास योजना तर्जुमाको मूल उद्देश्य भनेको गाउँपालिकामा देखिएको विकासका समस्यालाई रणनैतिक हिसाबले सम्बोधन गरी योजनावद्ध विकासको माध्यमबाट गाउँवासीहरुको समृद्धिमा टेवा पुर्याउन सक्ने योजनाको खाका तयार गर्नु हो । तसर्थ स्थानीय तहमै संभावना देखिएका अवसरहरु र उपलब्ध हुने श्रोत साधनको अधिकतम उपयोग गरी गाउँपालिकाको विकासका लागि एकीकृत रणनीतिको आवश्यकता पर्न गएकोले गाउँपालिकामा कार्यरत सबै सेवा प्रदायकहरूको विकासका सवालमा समान बुझाई र समन्वयात्मक भूमिका कायम भई विकासको साझा सपनाको रुपमा यस आवधिक विकास योजनाले महत्वपुर्ण योगदान पुर्याउनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

श्री लक्ष्मी चापागाई
गाउँपालिका उपाध्यक्ष

**मन्तव्य**



नेपालको संविधान २०७२ ले सङ्घीयताको अवधारणाका रुपमा रहेको सन्निकटताको सिद्धान्त अनुरुप स्थानीय तहलाई एकल र साझा अधिकारको व्यवस्था गरी राज्य सेवामा विविधिकरण गरिएको छ । संघीय, प्रादेशिक र स्थानीय तहका ऐन, नीति, कार्यविधि र योजनाहरुले स्थानीय, प्रदेश, र संघ सरकारहरुको समन्वय, सहकार्य र साझा अधिकारको कार्यान्वयन विधिहरुको बारेमा स्पष्टता गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न अधिकार तथा कर्तव्यहरुको प्रस्ताव गरेको छ । साथै स्थानीय शासन संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ अन्तर्गत गाउँ तथा नगरको आवधिक योजना निर्माण गरी नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी आवधिक योजना तयार गर्न निर्देशन गरेको छ ।

त्यसैगरी राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, कलवलगुरी झापाले तयार पारेको कार्यशर्तको आधार लिएर यस गाउँपालिकाको प्रथम आवधिक योजना तयार गरिएको छ ।

मुल रुपमा कृषिमा आधुनिकीकरण तथा पशुपालनको व्यवसायीकरण, सुन्दर पर्यटकीय स्थानहरुमा सहज पहुँच तथा व्यवस्थित बनाई सुनमा सुगन्ध बनाउने, उद्योग विकास, स्वास्थ एवं सचेत नागरिक सहितको न्यायपूर्ण समाज विकास निर्माणमा एउटा महत्वपूर्ण मार्गनिर्देशक दस्तावेज बन्नेछ र सभापोखरीबासीको जीवनस्तर सुधार गर्दै दिगो विकास र समृद्धि हाँसिल गर्ने दिशामा यस आवधिक योजनाले योगदान पुर्याउँनेछ भन्ने विश्वास लिएको छु ।

यस गाउँपालिकाको प्रथम आवधिक योजना भएकोले पनि यसमा लक्षित गरिएका विषयगत लक्ष्यहरु, उद्देश्य, रणनीति तथा कार्यनीतिहरु दुरगामी प्रभाव पार्ने खालका हुने हुँदा कार्यपालिकामा पर्याप्त छलफल तथा अन्तरक्रियाबाट निष्कर्ष निकालिएको छ । योजना छनौट गर्दा धेरै महत्वकांछी नभई, सकेसम्म यथार्थपरक, व्यवहारिक, लागु हुन सक्ने र अपेक्षित उपलब्धि हाँसिल हुन सक्ने गरी योजना तर्जुमा गरिएको छ । आर्थिक वर्ष (०८१/८२ - ०८५/८६) का लागि तय गरिएको यस आवधिक योजनाले यस अवधिभित्र बन्ने वार्षिक कार्यक्रम पनि यही बमोजिम बन्दै जानेछन् र यसले लक्ष्य गरेको उपलब्धि हाँसिल हुनेछ भन्ने विश्वास लिएको छु ।

यो आवधिक योजना तर्जुमाका क्रममा गाउँपालिकालाई अत्यन्त खुला हृदयका साथ सौहार्दपूर्ण सहयोग गर्नु हुने आदरणीय अध्यक्षज्यू, उपाध्यक्षज्यू, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, लक्ष्य, योजना र नीति कार्यक्रमप्रति ऐक्यबद्धता प्रर्दशन गर्नु हुने सबै कार्यपालिका सदस्य ज्यूहरु, विषयगत समितिका सदस्य लगायत सम्पूर्ण कर्मचारी साथीहरुप्रति धन्यवाद दिन चाहन्छु । साथै यस योजनाको छलफल कार्यक्रममा उपस्थित भई गहन राय सुझाव सल्लाह दिनुहुने विभिन्न क्षेत्रबाट प्रतिनिधित्व गर्नुभएका विज्ञ व्यक्तित्वहरु र योजना तयार पार्ने परामर्शदातालाई विशेष आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।

श्री बुकु प्रसाद आचार्य

नि. प्रमुख प्रशासकिय अधिकृत

# विषय सूची

**परिच्छेद १ : परिचय**....................................................................................... १
१.१ पृष्ठभूमि ....................................................................................... १
१.२ आवधिक योजनाको उद्देश्य ....................................................................................... २
१.३ आवधिक योजना तर्जुमाका आधारहरु ....................................................................................... २
१.४ आवधिक योजना तयारी प्रकृया....................................................................................... ३
१.४.१ योजना अभिमुखीकरण कार्यशाला गोष्ठी....................................................................................... ३
१.४.२ वडागत छलफल तथा समस्या पहिचान अन्तरक्रिया ....................................................................................... ३
१.४.३ योजाना तर्जुमा कार्यशाला गोष्ठी तथा विषयगत योजना तयारी कार्यशालाको आयोजना.......... ४
१.४.४ मस्यौदा प्रतिवेदन तयारी....................................................................................... ४
१. ५ योजना तर्जुमाका सीमाहरु....................................................................................... ४
**परिच्छेद** २: **गाउँपालिकाको विद्यमान वस्तुगत स्थिति** ....................................................................................... ६
२.१ गाउँपालिकाको परिचय....................................................................................... ६
२.१.१ भौगोलिक अवस्थति ....................................................................................... ६
२.१.२ जनसाङ्ख्यिकीय अवस्था ....................................................................................... ७
२.२ आर्थिक विकास अवस्था....................................................................................... १०
२.२.१ कृषि, पशुपंक्षीपालन तथा खाद्य सुरक्षा....................................................................................... १०
२.२.२ पर्यटन तथा संस्कृति....................................................................................... ११
२.२.३ व्यापार, व्यवसाय तथा उद्योग ....................................................................................... १२
२.२.४ श्रम तथा रोजगारी....................................................................................... १२
२.२.५ बैंक, सहकारी तथा वित्तीय क्षेत्र ....................................................................................... १३
२.३ सामाजिक विकास अवस्था ....................................................................................... १३
२.३.१ स्वास्थ्य तथा पोषण ....................................................................................... १३
२.३.२ शैक्षिक विकास....................................................................................... १३
२.३.३ खानेपानी तथा सरसफाई....................................................................................... १४
२.३.४ लैंगिक समानता र सामाजिक समानीकरण....................................................................................... १५
२.५ पूर्वाधार विकास अवस्था....................................................................................... १६
२.५.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण ....................................................................................... १६
२.५.२ सडक, पुल तथा यातायात....................................................................................... १६
२.५.३ विद्युत तथा वैकल्पिक उर्जा....................................................................................... १७
२.५.४ सूचना, सञ्चार तथा प्रविधि ....................................................................................... १८
२.५.५ सिंचाई ....................................................................................... १८
२.६ वन, वातावरण तथा विपद व्यवस्थापनको अवस्था....................................................................................... १८
२.६.१ वन तथा जैविक विविधता....................................................................................... १८
२.६.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन....................................................................................... १९
२.६.३ वातावरण व्यवस्थापन तथा स्वच्छता ....................................................................................... १९
२.६.४ विपद व्यवस्थापन....................................................................................... २०
२.७ सुशासन तथा संस्थागत व्यवस्था ....................................................................................... २०

२.७.१ संगठनात्मक तथा मानव संसाधन ........ २०
२.७.२ स्थानीय नीति, ऐन तथा सुशासन ........ २१
२.७.३ वित्तीय श्रोत परिचालन ........ २१
**परिच्छेद ३: सोच तथा विकास अवधारणा** ........ २३
३.१ पृष्ठभूमि ........ २३
३.२ समस्या र चुनौती ........ २३
३.३ विद्यमान अवस्था तथा समस्या विश्लेषण ........ २४
३.४ सोच, लक्ष्य र उद्देश्य ........ २७
३.४.१ सोच ........ २७
३.४.२ लक्ष्य ........ २८
३.४.३ उद्देश्य ........ २८
३.५ रणनीति तथा प्राथमिकता ........ २८
३.६ गाउँपालिकाको गौरवका आयोजनाहरू ........ ३१
३.७ गाउँपालिकाको परिमाणात्मक लक्ष्य ........ ३२
३.८ स्रोत अनुमान र बाँडफाँड ........ ३५
३.९ लगानी र स्रोत व्यवस्था ........ ३८
**परिच्छेद ४: आर्थिक क्षेत्र** ........ ३९
४.१ कृषि ........ ३९
४.१.१ पृष्ठभूमि ........ ३९
४.१.२ समस्या तथा चुनौती ........ ३९
४.१.३ सम्भावना र अवसर ........ ४०
४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ४०
४.१.५ विस्तृत कार्यक्रम ........ ४३
४.१.६ नतिजा खाका ........ ४४
४.२ पशुपन्छी ........ ४८
४.२.१ पृष्ठभूमि ........ ४८
४.२.२ समस्या तथा चुनौती ........ ४८
४.२.३ सम्भावना र अवसर ........ ४९
४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ४९
४.२.५ विस्तृत कार्यक्रम ........ ५२
४.२.६ नतिजा खाका ........ ५३
४.३ वित्तीय तथा सहकारी क्षेत्र ........ ५६
४.३.१ पृष्ठभूमि ........ ५६
४.३.२ समस्या तथा चुनौती ........ ५६
४.३.३ सम्भावना र अवसर ........ ५७
४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ५७
४.३.५ विस्तृत कार्यक्रम ........ ५९
४.३.६ नतिजा खाका ........ ५९

४.४ पर्यटन, संस्कृति तथा सम्पदा ........ ६२
४.४.१ पृष्ठभूमि ........ ६२
४.४.२ समस्या र चुनौती ........ ६२
४.४.३ सम्भावना र अवसर ........ ६३
४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ६३
४.४.५ विस्तृत कार्यक्रम ........ ६५
४.४.६ नतिजा खाका ........ ६६
४.५ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति ........ ७०
४.५.१ पृष्ठभूमि ........ ७०
४.५.२ समस्या र चुनौती ........ ७०
४.५.३ सम्भावना र अवसर ........ ७१
४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७१
४.५.५ विस्तृत कार्यक्रम ........ ७४
४.५.६ नतिजा खाका ........ ७५
४.६ श्रम तथा रोजगारी र सामाजिक सुरक्षा ........ ७८
४.६.१ पृष्ठभूमि ........ ७८
४.६.२ समस्या र चुनौती ........ ७८
४.६.३ सम्भावना र अवसर ........ ७९
४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ७९
४.६.५ विस्तृत कार्यक्रम ........ ८२
४.६.६ नतिजा खाका ........ ८२
**परिच्छेद ५: सामाजिक क्षेत्र** ........ ८५
५.१ स्वास्थ्य तथा पोषण ........ ८५
५.१.१ पृष्ठभूमि ........ ८५
५.१.२ समस्या र चुनौती ........ ८५
५.१.३ सम्भावना र अवसर ........ ८६
५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ८६
५.१.५ विस्तृत कार्यक्रम ........ ८९
५.१.६ नतिजा खाका ........ ९१
५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्द्धन ........ ९३
५.२.१ पृष्ठभूमि ........ ९३
५.२.२ समस्या र चुनौती ........ ९३
५.२.३ सम्भावना र अवसर ........ ९४
५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ........ ९४
५.२.५ विस्तृत कार्यक्रम ........ ९७
५.२.६ नतिजा खाका ........ ९९
५.३ खानेपानी तथा सरसफाइ ........ १०३
५.३.१ पृष्ठभूमि ........ १०३

५.३.२ समस्या र चुनौती ....... १०३
५.३.३ सम्भावना र अवसर ....... १०३
५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... १०४
५.३.५ विस्तृत कार्यक्रम ....... १०६
५.३.६ नतिजा खाका ....... १०६
५.४ महिला, बालबालिका तथा लक्षित वर्ग ....... १०९
५.४.१ पृष्ठभूमि ....... १०९
५.४.२ समस्या र चुनौती ....... १०९
५.४.३ सम्भावना र अवसर ....... १०९
५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... ११०
५.४.५ विस्तृत कार्यक्रम ....... ११२
५.४.६ नतिजा खाका ....... ११३
५.५ युवा तथा खेलकूद ....... ११५
५.५.१ पृष्ठभूमि ....... ११५
५.५.२ समस्या र चुनौती ....... ११५
५.५.३ सम्भावना र अवसर ....... ११५
५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... ११६
५.५.५ विस्तृत कार्यक्रम ....... ११७
५.५.६ नतिजा खाका ....... ११८
५.६ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण ....... १२०
५.६.१ पृष्ठभूमि ....... १२०
५.६.२ समस्या र चुनौती ....... १२०
५.६.३ सम्भावना र अवसर ....... १२०
५.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... १२१
५.६.५ विस्तृत कार्यक्रम ....... १२२
५.६.६ नतिजा खाका ....... १२२
**परिच्छेद ६ : पूर्वाधार क्षेत्र** ....... १२४
६.१ वस्ती, आवास भवन तथा सार्वजनिक निर्माण ....... १२४
६.१.१ पृष्ठभूमि ....... १२४
६.१.२ समस्या र चुनौती ....... १२४
६.१.३ सम्भावना र अवसर ....... १२५
६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ....... १२५
६.१.५ विस्तृत कार्यक्रम ....... १२७
६.१.६ नतिजा खाका ....... १२७
६.२ सडक पूर्वाधार तथा यातायात ....... १३०
६.२.१ पृष्ठभूमि ....... १३०
६.२.२ समस्या र चुनौती ....... १३०
६.२.३ सम्भावना र अवसर ....... १३०

६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१३१
६.२.५ विस्तृत कार्यक्रम.....१३३
६.२.६ नतिजा खाका.....१३५
६.३ सिंचाई.....१३८
६.३.१ पृष्ठभूमि.....१३८
६.३.२ समस्या र चुनौती.....१३८
६.३.३ सम्भावना र अवसर.....१३८
६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१३९
६.३.५ विस्तृत कार्यक्रम.....१४०
६.३.६ नतिजा खाका.....१४१
६.४ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा.....१४३
६.४.१ पृष्ठभूमि.....१४३
६.४.२ समस्या र चुनौती.....१४३
६.४.३ सम्भावना र अवसर.....१४३
६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१४४
६.४.५ विस्तृत कार्यक्रम.....१४५
६.४.६ नतिजा खाका.....१४६
६.५ सूचना, सञ्चार तथा प्रविधि.....१४८
६.५.१ पृष्ठभूमि.....१४८
६.५.२ समस्या र चुनौती.....१४८
६.५.३ सम्भावना र अवसर.....१४८
६.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१४९
६.५.५ विस्तृत कार्यक्रम.....१५०
६.५.६ नतिजा खाका.....१५०
**परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन**.....१५२
७.१ वन तथा जैविक विविधता.....१५२
७.१.१ पृष्ठभूमि.....१५२
७.१.२ समस्या र चुनौती.....१५२
७.१.३ सम्भावना र अवसर.....१५३
७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१५३
७.१.५ विस्तृत कार्यक्रम.....१५५
७.१.६ नतिजा खाका.....१५६
७.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन.....१५८
७.२.१ पृष्ठभूमि.....१५८
७.२.२ समस्या र चुनौती.....१५८
७.२.३ सम्भावना र अवसर.....१५९
७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....१५९
७.२.५ विस्तृत कार्यक्रम.....१६१

७.२.६ नतिजा खाका ....................................................................................................१६१
७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन ...............................................................................१६३
७.३.१ पृष्ठभूमि ...............................................................................................................१६३
७.३.२ समस्या र चुनौती ....................................................................................................१६३
७.३.३ सम्भावना र अवसर ..................................................................................................१६४
७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....................................................१६४
७.३.५ विस्तृत कार्यक्रम.....................................................................................................१६६
७.३.६ नतिजा खाका ........................................................................................................१६६
७.४ विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता.............................................१६८
७.४.१ पृष्ठभूमि ...............................................................................................................१६८
७.४.२ समस्या र चुनौती ....................................................................................................१६८
७.४.३ सम्भावना र अवसर ..................................................................................................१६९
७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....................................................१६९
७.४.५ विस्तृत कार्यक्रम.....................................................................................................१७१
७.४.६ नतिजा खाका ........................................................................................................१७१
**परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र** ....................................................................१७४
८.१ सुशासन ऐन, कानुन र जवाफदेहिता ...................................................................................१७४
८.१.१ पृष्ठभूमि ...............................................................................................................१७४
८.१.२ समस्या र चुनौती ....................................................................................................१७४
८.१.३ सम्भावना र अवसर ..................................................................................................१७५
८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....................................................१७५
८.१.५ विस्तृत कार्यक्रम.....................................................................................................१७८
८.१.६ नतिजा खाका ........................................................................................................१७९
८.२ संस्थागत विकास, मानव संसाधन विकास तथा सेवा प्रवाह .........................................................१८१
८.२.१ पृष्ठभूमि ...............................................................................................................१८१
८.२.२ समस्या र चुनौती ....................................................................................................१८१
८.२.३ सम्भावना र अवसर ..................................................................................................१८२
८.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....................................................१८२
८.२.५ विस्तृत कार्यक्रम.....................................................................................................१८५
८.२.६ नतिजा खाका ........................................................................................................१८६
८.३ वित्तिय श्रोत परिचालन ...................................................................................................१८८
८.३.१ पृष्ठभूमि ...............................................................................................................१८८
८.३.२ समस्या र चुनौती ....................................................................................................१८८
८.३.३ सम्भावना र अवसर ..................................................................................................१८९
८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना.....................................................१८९
८.३.५ विस्तृत कार्यक्रम.....................................................................................................१९१
८.३.६ नतिजा खाका ........................................................................................................१९१
८.४ योजना व्यवस्थापन .......................................................................................................१९४

८.४.१ पृष्ठभूमि ......................................................................... १९४
८.४.२ समस्या र चुनौती ......................................................................... १९४
८.४.३ सम्भावना र अवसर ......................................................................... १९५
८.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना ......................................................................... १९५
८.४.५ विस्तृत कार्यक्रम ......................................................................... १९७
८.४.६ नतिजा खाका ......................................................................... १९८
**परिच्छेद ९: योजना कार्यान्वयन व्यवस्था** ......................................................................... २००
९.१ पृष्ठभूमि ......................................................................... २००
९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना ......................................................................... २००
९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट ......................................................................... २००
९.४ श्रोत परिचालन रणनीति ......................................................................... २०२
९.५ आवधिक योजना कार्यान्वयन ......................................................................... २०३
९.५.१ कार्यान्वयन योजना ......................................................................... २०३
९.५.२ योजना कार्यान्वयन विधि ......................................................................... २०४
९.६ अनुगमन तथा मुल्याङ्कन योजना ......................................................................... २०५
९.६.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता ......................................................................... २०५
९.६.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी ......................................................................... २०६
९.६.३ अनुगमन तथा मूल्याङ्कन प्रकृया ......................................................................... २०७
**अनुसूची १ : विषयगत वडागत आयोजनाहरू** ......................................................................... २०८
**अनुसूची २ : आवधिक योजना तर्जुमा उपस्थिति विवरण** ......................................................................... २२४
**अनुसूची ३ : फोटोहरू** ......................................................................... २३०
**अनुसूची ४ : श्रोत नक्साहरू** ......................................................................... २३४

# तालिका सूची


तालिका १ भौगोलिक अवस्था ........ ६
तालिका २ वडागत जनसंख्या तथा क्षेत्रफल ........ ७
तालिका ३ जनसाङ्ख्यिकीय विवरण ........ ७
तालिका ४ सभापोखरी गाउँपालिकाको वडागत जनसंख्या विवरण ........ ७
तालिका ५ सभापोखरी गाउँपालिकाको जनसंख्या वृद्धिदर ........ ८
तालिका ६ जातजातिको आधारमा जनसंख्या विवरण ........ ९
तालिका ७ मातृभाषाको आधारमा जनसंख्या विवरण ........ ९
तालिका ८ बजार तथा ब्यापारिक केन्द्रको विवरण ........ १२
तालिका ९ घरधुरी अनुसार खानेपानीको स्रोतको अवस्था ........ १४
तालिका १० घरधुरी अनुसार शौचालयको प्रयोगको अवस्था ........ १५
तालिका ११ खेलमैदानको विवरण ........ १५
तालिका १२ सडकको विवरण ........ १६
तालिका १३ बत्ती बाल्नेको लागि प्रयोग हुने इन्धनको श्रोत ........ १७
तालिका १४ घरधुरी अनुसार खाना पकाउने इन्धनको श्रोत ........ १७
तालिका १५ वनको विवरण ........ १९
तालिका १६ पञ्च वर्षीय आयोजनाको अनुमानित बजेट (रु. लाखमा) ........ २०१
तालिका १७ योजना संख्या, कूल लागत र पञ्च वर्षीय लागत (रु. लाखमा) ........ २०१
तालिका १८ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया ........ २०७

# परिच्छेद १ : परिचय

## १.१ पृष्ठभूमि

कुनै पनि क्षेत्रको व्यवस्थित विकासको लागि आवधिक योजनाहरु महत्वपूर्ण साधन हुन् । नेपालको संविधानले स्थानीय तहलाई प्राप्त संरचना अनुरूप एक बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ । संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन् । जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानुनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख प्राप्त लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्ने उद्देश्य स्थानीय सरकार ऐन, २०७४ ले राखेको छ । उक्त ऐनको दफा ११ र १२ मा क्रमशः कार्यपालिका र वडा समितिको काम कर्तव्य र अधिकार तोकिएका छन् भने दफा २४ को उपदफा (१) मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन र दीर्घकालीन योजना बनाई लागू गर्ने स्पष्ट उल्लेख छ । त्यसैगरी, ऐनको परिच्छेद ९ मा नगरपालिका/गाउँपालिकाको वित्तीय अधिकार क्षेत्र समेत तोकिएको छ । संविधान र कानुन बमोजिम प्राप्त र प्रदेश सरकारले आवधिक योजना र दिगो विकास लक्ष्यहरू प्राप्त गर्ने मार्गचित्र समेत तर्जुमा गरिसकेका छन् । संविधानमा व्यवस्था भए अनुसार सङ्घ, प्रदेश र स्थानीय तह बीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रकृयालाई स्थानीय तहमा संस्थागत गर्न, उपलब्ध सीमित स्रोतहरूको न्यायोचित वितरण गरी स्थानीय जनताको विकासको चाहनालाई पूरा गर्नको लागि स्पष्ट मार्गचित्र आवश्यक भएकोले सभापोखरी गाउँपालिकाले आवधिक योजना (आ.व. २०८१/८२-८५/८६) तर्जुमा गर्ने प्रकृयालाई अगाडि बढाएको छ ।

गाउँपालिकामा उपलब्ध स्रोत तथा साधन र विकासको स्थितिलाई ध्यान दिई आगामी वर्षहरुमा विकास कार्यक्रमहरु सञ्चालन गर्नको लागि योजनावद्ध विकासको आवश्यकता हुन्छ । त्यसकारण आवधिक योजनाले गाउँपालिकामा उपलब्ध स्रोत साधनको पहिचान गर्दै भविष्यमा गाउँपालिकालाई कस्तो किसिमको गाउँपालिकाको रुपमा विकास गर्ने हो भन्ने कुराको समेत निक्यौल गर्न मद्दत गर्दछ । नेपालको संविधान र कानुनमा व्यवस्था भए बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी आर्थिक, सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । खास गरी स्थानीय तहका आर्थिक सामाजिक नीति, स्थानीय स्तरका आयोजना लगायतका विषय समेटेर स्थानीय सरकारले स्थानीय तहको आवधिक योजना तर्जुमा गर्छन् । यस्तो योजना तर्जुमा गर्दा नेपाल सरकारले राष्ट्रिय योजना र आ-आफ्नो प्रदेश सरकारको आवधिक योजनासँग तादात्म्यता कायम गर्नुपर्दछ । सङ्घ, प्रदेश र स्थानीय तहको आवधिक योजनाहरु बीच अन्तर सम्बन्ध रहेको हुन्छ ।

आवधिक योजनाले सभापोखरी गाउँपालिकाको समृद्धि र विकासको दीर्घकालीन सोच, उद्देश्य, रणनीति, कार्यनीति र प्राथमिकताको मार्गचित्र प्रस्तुत गर्दछ । योजनाको समष्टिगत सोचको परिकल्पना पाँच वर्षभन्दा बढी अवधिको परिकल्पनाको आधारमा लक्ष्य र उद्देश्य तय गरिएको छ । यस आवधिक योजनामा उल्लेखित समष्टिगत र क्षेत्रगत सोच, लक्ष्य र उद्देश्य स्थलगत कार्यशाला गोष्ठीहरुमा गरिएको सामूहिक छलफलहरुको निचोड हो । रणनीतिको तर्जुमा ५ वर्ष भन्दा बढीको समयावधिलाई ध्यानमा राखेर गरिएको भए पनि कार्यान्वन गर्ने नीतिहरु भने ५ वर्षको अवधिका लागि मात्र हुन् । संविधान बमोजिम कार्यपालिकाले सभापोखरी गाउँपालिकाको दीर्घकालीन सोच र योजना तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नुपर्दछ ।

## १.२ आवधिक योजनाको उद्देश्य

स्थानीय तहको आवधिक योजनाले निश्चित अवधिका लागि गाउँपालिकालाई आफुले चाहेको गन्तव्यतर्फ विकासको गतिलाई डोर्याउने काम गर्दछ । गाउँपालिकाको नेतृत्वमा योजनावद्ध विकासका लागि सरकारी, गैरसरकारी, सहकारी, समुदायमा आधारित संस्था तथा निजी क्षेत्रलाई एक स्थानमा ल्याई एकीकृत तथा समष्टिगत विकास प्रक्रियालाई मार्गदर्शन गर्नु नै आवधिक विकास योजना तर्जुमाको मुख्य उद्देश्य हो । सभापोखरी गाउँपालिकाको आवधिक योजना तयारीको मुख्य उद्देश्य नेपाल सरकार तथा प्रदेश सरकारबाट जारी निर्देशिका, मापदण्ड र ढाँचाको अनुसार नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, नीति तथा योजना र दीगो विकासका लक्ष्यसँग तादात्म्यता कायम हुने गरी आवधिक योजना निर्माण गर्ने जसका निर्दिष्ट उद्देश्य निम्नानुसार रहेका छन् ।

क) गाउँपालिका स्थित विभिन्न स्रोत साधनको उपलब्धता र वर्तमान स्थिति, समस्याहरु एवम् विषयगत क्षेत्रगत विकासका सम्भावनाहरुको बारेमा विश्लेषण गर्ने ।

ख) गाउँपालिकाका विद्यमान पूर्वाधारहरुको अधिकतम उपयोग गर्दै योजनावद्ध तवरले आर्थिक सामाजिक पूर्वाधारको दीगो विकास योजना तर्जुमा गर्ने ।

ग) विपन्न र सामाजिक हिसाबले वञ्चित रहेका क्षेत्र, वर्ग र लिङ्गका स्थानीय जनताको शिक्षा, स्वास्थ्य, खेलकुद एवम् मनोरञ्जनको आवश्यकतालाई परिपूर्ति गर्ने योजना तर्जुमा गर्ने ।

घ) गाउँपालिका क्षेत्रभित्र उद्योग, व्यापार, कृषि, पशुपालन, पर्यटन, उर्जा र रोजगारी प्रवर्द्धन कार्यक्रमहरु मार्फत आर्थिक गतिविधिमा विस्तार गर्ने आर्थिक विकास योजना तर्जुमा गर्ने ।

ङ) आवधिक योजनाका विभिन्न कार्यक्रमहरुको सञ्चालनका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालन र त्यसको क्षेत्रगत लगानी योजना तयार गर्ने ।

च) गाउँपालिकाको सांगठनिक स्वरुप, संस्थागत व्यवस्थापन, जनशक्ति व्यवस्थापन र असल शासनका कार्यक्रमहरु समेटिएको संस्थागत योजना तयार गर्ने ।

छ) गाउँपालिका क्षेत्रको पर्यावरणीय सन्तुलन, वातावरण संरक्षण र व्यवस्थापन तथा सम्भावित विपद् व्यवस्थापनको योजना तर्जुमा गर्ने ।

ज) गाउँपालिकाको दीर्घकालीन सोच, स्थानीय आवश्यकता, प्राथमिकता र विकासका सम्भावनाका आधारमा गाउँपालिकाको एकीकृत विकासको लागि आवधिक योजना तयार गर्ने ।

(झ) बहु क्षेत्रीय लगानी योजना तयार गर्ने ।

ञ) आवधिक योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको कार्ययोजना निर्माण गर्ने ।

## १.३ आवधिक योजना तर्जुमाका आधारहरु

नेपालको संविधान, विद्यमान ऐन, नियमहरू, विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति, लक्ष्य तथा उद्देश्यहरू, दिगो विकासका लक्ष्य, राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्ग निर्देशन, सभापोखरी गाउँपालिकाका प्रमुख समस्या र सम्भावना, गाउँपालिकामा प्रतिनिधित्व गर्ने राजनैतिक दलका घोषणा पत्रहरू, जोखिममा रहेका परिवारको अध्ययन प्रतिवेदनलाई यस आवधिक योजना तर्जुमाको लागि महत्वपूर्ण आधारका रुपमा लिइएको छ । तसर्थ यस आवधिक योजना तर्जुमा गर्दा संविधानमा रहेका विभिन्न प्रावधान एवम् देशको आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न ऐन, नियम र नीतिको कार्यान्वयन तथा उद्देश्य हासिल गर्ने पक्षलाई ध्यान दिदै निम्न लिखित आधारहरु लिईएको छ ।

क) स्थानीय तहको संवैधानिक हैसियत (अनुसूचि ८ मा उल्लेखित अधिकारलाई प्रयोग गर्ने) ।

ख) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ६, दफा २४ को व्यवस्था अनुसार स्थानीय तहलाई निक्षेपित अधिकारहरुको कार्यान्वयन ।

ग) सभापोखरी गाउँ कार्यपालिकाको निर्णय अनुसार कार्यनिर्देशन ।

घ) स्थलगत सर्वेक्षण, अन्तरक्रिया र विभिन्न विषयगत समितिहरुसँग व्यापक छलफल ।

ङ) राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन ।

च) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति ।

छ) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोच ।

ज) राष्ट्रिय / प्रादेशिक आवधिक योजना ।

झ) दिगो विकास लक्ष्य ।

ञ) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन ।

ट) गाउँपालिकाको प्रमुख समस्या र सम्भावना ।

ठ) स्थानीय राजनैतिक दल तथा सरोकारवालाहरुको विकास दृष्टिकोण ।

## १.४ आवधिक योजना तयारी प्रकृया

सभापोखरी गाउँपालिकाको विस्तृत स्वरुपको आवधिक विकास योजना देहायको विधि तथा प्रक्रिया अनुसार तर्जुमा गरिएको छ ।

### १.४.१ योजना अभिमुखीकरण कार्यशाला गोष्ठी

सभापोखरी गाउँपालिकाको आवधिक योजना तर्जुमा कार्यको मिति २०८१ साल वैशाख ३ गते सोमबार आवधिक योजना तर्जुमा सम्बन्धी पूर्व योजना तर्जुमा कार्यशाला गोष्ठी सम्पन्न गरी परामर्शदाताको तर्फबाट आवधिक योजनाको उद्देश्य, प्रकृया यसको सम्भावित नतिजाको बारेमा प्रकाश पारिने कार्य सम्पन्न गरियो । सरोकारवालाहरुसँग सुझाव सङ्कलन गरी आगामी कार्ययोजना बारे समेत छलफल गरिएको थियो ।यस क्रममा आवधिक योजना तर्जुमाका लागि संगठनात्मक संयन्त्र निर्देशक समिति, समन्वय तथा सहजीकरण समिति क्रमशः गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा गठन गरिएको थियो । यसैगरी योजना तर्जुमाका लागि तथ्याङ्क तथा सूचनाहरु अद्यावधिक गर्ने कार्य समेत प्रारम्भ गरिएको थियो ।

### १.४.२ वडागत छलफल तथा समस्या पहिचान अन्तरक्रिया

निर्वाचित वडा पदाधिकारीहरु, पूर्व निर्वाचित पदाधिकारीहरु, वडा स्थित राजनीतिक दलका प्रतिनिधिहरु, शिक्षक तथा बुद्धिजीवीहरु, संघ संस्था, दलित, महिला, जनजाति तथा अन्य जातिहरु, टोल विकास संस्थाका प्रतिनिधिहरु तथा परामर्शदाताका प्राविधिकहरुको संयुक्त छलफलमा वडाका प्रमुख समस्याहरु, विकासको सम्भावनाहरु, क्षेत्रगत चुनौतीहरु, अपेक्षित आयोजनाहरुको बारेमा आवधिक योजना तयारीको लागि तयार गरिएको चेकलिस्टमा आधारित रही छलफल गरिएको थियो । २०८१ साल वैशाख ६ गते बाट ११ गते सम्म आयोजित वडागत छलफल तथा अन्तर्क्रियामा यसैगरी वडाको वार्षिक योजना तथा कार्यक्रम, वडाको समष्टिगत विकास अवधारणा र प्रगति बारेमा समेत सूचना सङ्कलन गरिएको थियो । यस किसिमका सूचनाहरु वडाको समस्या सम्भावना पहिल्याई वडागत योजना तयारीको लागि उपयोग गर्नुका साथै वडागत समस्या पहिचान गर्ने, वडा स्तरका कार्यक्रम तथा आयोजनाहरुको पहिचान र प्राथमिकीकरण गर्ने, समस्या न्यूनीकरणको लागि सुझावहरु सङ्कलन गर्ने, अन्य आवश्यक

सूचनाहरु सङ्कलन गर्ने तथा ती सूचनाहरु विश्लेषणको आधारमा आगामी पाँच वर्षको योजनामा समावेश गरिएको छ

### १.४.३ योजाना तर्जुमा कार्यशाला गोष्ठी तथा विषयगत योजना तयारी कार्यशालाको आयोजना

विषय विज्ञहरुसँगको परामर्श तथा प्राविधिक टोलीको सहयोगमा २०८१ साल वैशाख २४ र २५ गते योजाना तर्जुमा कार्यशाला गोष्ठी आयोजना गरियो । गाउँपालिकाको नेतृत्व तथा विषयगत समितिहरुका संयोजक, सरोकारवाला र विषय विज्ञहरुको सहजीकरणमा सम्पन्न गोष्ठीमा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, तथा रणनीति, सम्भावना तथा समस्या विश्लेषण, विषय क्षेत्रगत रणनीतिक उद्देश्य एवम् भौतिक एवम् वार्षिक कार्यान्वयन तालिका निर्धारण गरिएको थियो । साथै सबै विषय क्षेत्रगत विकास अवधारणा, प्रमुख कार्यक्रम तथा आयोजना, भौतिक लक्ष्य र आवश्यक श्रोतमा सहमति गरिएको थियो । गाउँपालिकाको समष्टिगत आर्थिक तथा सामाजिक विकासको लक्ष्य प्राप्त गर्न गाउँपालिका तथा स्थानीय तहका सरोकारवालाहरुको स्रोत तथा क्षमता आधार मानी सभापोखरी गाउँपालिकाको ५ वर्ष अवधिको योजना तयार गरिएको हो। योजनालाई वार्षिक योजना (वार्षिक नीति, कार्यक्रम तथा बजेट) मार्फत कार्यान्वयन गर्ने र नियमित अनुगमन तथा आवधिक समीक्षा तथा मूल्याङ्कन गरी नतिजाको मापन तथा सिकाईको प्रारूप समेत तयार गरिएको थियो ।

### १.४.४ मस्यौदा प्रतिवेदन तयारी

आवधिक योजना तयारीका क्रममा विभिन्न चरणहरुबाट प्राप्त विवरण, सुझाव एवम् निष्कर्षका आधारमा आवधिक योजना दस्तावेजको मस्यौदा तयार गरिएको छ । यस आवधिक योजनामा क्षेत्रगत योजनाहरु जस्तैः आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र, संस्थागत विकास तथा सुशासन क्षेत्र रहेका छन् । त्यसैगरी आवधिक योजना कार्यान्वयनको लागि कार्यान्वयन व्यवस्था समेत तयार गरिएको छ । क्षेत्रगत विकास योजना तयार गर्दा सम्बन्धित सरोकारवाला समितिहरुबाट व्यापक छलफल गराई योजनाको प्रारूप तयार गरिएको छ । यसका साथै योजना टोलीमा संलग्न विषय विज्ञ तथा योजनाविद्हरुसँगको सुझाब लिई प्राविधिक सहयोग टोलीद्धारा आवधिक योजना दस्तावेज परिमार्जन गरिनुका साथै स्थानीय तहका अधिकार क्षेत्रका प्राय सबै विषय एवम् प्राविधिक पक्षहरुलाई तर्कपूर्ण एवम् वस्तुनिष्ठ ढङ्गबाट प्रस्तुत गरी सभापोखरी गाउँपालिकाको आवधिक योजनाको दस्तावेज तयार गरिएको छ ।

## १. ५ योजना तर्जुमाका सीमाहरु

क) योजना तर्जुमाका क्रममा उपयुक्त कतिपय तथ्याङ्कहरू सर्वेक्षणबाट प्राप्त हुन नसकेकोले गोष्ठीबाट प्राप्त सूचना र प्रमाणीकरण भए बमोजिमका तथ्याङ्कहरूलाई नै आधार मानी प्रयोग गरिएको छ ।

ख) कतिपय अवस्थामा विगत वर्षका तथ्याङ्कहरुलाई प्रवृत्तिका रुपमा विश्लेषण गरी सो को आधारमा आ.व. २०८०/८१ लाई नै आधार वर्षको रुपमा तय गरिएको छ ।

ग) आ.व. २०७५ पछि सभापोखरी गाउँपालिकाको प्रोफाइल तयार हुन बाँकी रहेकोले राष्ट्रिय जनगणना, २०७८ तथा गाउँपालिकाबाट प्राप्त तथ्याङ्कहरुलाई आधिकारिक मानी विश्लेषण गरिएको छ । यद्यपि केही तथ्याङ्कहरु अन्य स्रोतजरुबाट पनि प्रयोग गरिएको छ ।

(घ) पुर्नगठित गाउँपालिका पूर्वका स्थानीय तहको एकिकृत तथ्याङ्कको अभावमा लामो समयको प्रवृत्तिगत विश्लेषण गर्न नसकिएको ।

(ङ) वडा भेलामा सहभागीहरुको विचार प्रतिनिधिमुलक रुपमा आवधिक योजनामा समावेश भएको । च) स्रोत साधान र समयको सीमितताको कारणले वडावासीहरुका सम्पूर्ण अपेक्षा र आकांक्षाहरु योजनामा समेट्न नसकिएको ।

(छ) विभिन्न कार्यक्रमहरु दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना गर्न तत्काल सम्भव नभएको ।

# परिच्छेद २: गाउँपालिकाको विद्यमान वस्तुगत स्थिति

## २.१ गाउँपालिकाको परिचय



नेपाल सरकारले साविकका ३ वटा गाविसहरु (धुपु, बाह्रबिसे र सभापोखरी) लाई गाभेर मिति २०७३ साल फागुन २७ गते सभापोखरी गाउँपालिकाको पुनःसंरचना गरेको छ। गाउँपालिका बन्नु अघि छुट्टा छुट्टै बिशेषता बोकेका धुपु बाह्रबिसे र सभापोखरी गाविसलाई मिलाएर प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थल सभापोखरी आधार मानि यस गाउँपालिकाको नाम सभापोखरी गाउँपालिका नामाकरण गरिएको हो। प्राचीन कालमा ब्यास पुत्र शुकदेव आई शौनकादि ऋषिहरूलाई पुराण सुनाई सकेर सभा गरेको हुँदा त्यहीँबाट नै सभापोखरी नाम रहन गएको जनश्रूति छ। अर्को किम्बदन्ति अनुसार पृथ्वीमा दैत्यहरूले गर्ने बिनाश रोक्न देवताहरूले यहाँ सभा बसी योजना बनाएका थिए। सभाखोलाको उद्गमस्थलको रूपमा रहेको यो पोखरी धार्मिक, पर्यटकीय, सौन्दर्य तथा जैविक विविधता बोकेको क्षेत्र समेत हो। गाउँपालिकाको नाम सभापोखरी रहेता पनि यहाँको बाह्रबिसे बजार ऐतिहासिक रूपले उत्तिकै महत्व बोकेको पुरानो व्यापारिक केन्दको रूपमा रहेको छ।

### २.१.१ भौगोलिक अवस्थति

सभापोखरी गाउँपालिका संखुवासभा जिल्लाको उत्तर पूर्वी क्षेत्रमा अवस्थित छ। यस गाउँपालिकाको पूर्वमा ताप्लेजुङ जिल्ला, पश्चिममा खाँदबारी नगरपालिका र चिचिला गाउँपालिका, उत्तरमा मकालु गाउँपालिका पर्दछन् भने दक्षिणमा पाँचखपन नगरपालिका रहेको छ। यस सभापोखरी गाउँपालिकामा साविकको धुपु गाविसका १-४ वडालाई वडा नं. १, साविक धुपु गाविसका ५-९ वडालाई वडा नं. २, साविक बाह्रबिसे गाविसका १-६ वडालाई वडा नं. ३, बाह्रबिसे गाविसका ७-९ वडालाई वडा नं. ४, साविक सभापोखरी गाविसका ७-९ वडालाई वडा नं. ५ तथा सभापोखरी गाविसका १-६ वडालाई वडा नं. ६ कायम गरिएको छ।

| तालिका १ भौगोलिक अवस्था | |
|---|---|
| प्रदेश | कोशी प्रदेश |
| जिल्ला | संखुवासभा |
| गाउँपालिका | सभापोखरी गाउँपालिका |
| गाउँपालिका केन्द्र | साविक बाह्रविसे गाविसको कार्यालय |
| वडा संख्या | ६ वटा |
| पूर्व | ताप्लेजुङ जिल्ला |
| पश्चिम | खाँदबारी नगरपालिका र चिचिला गाउँपालिका |
| उत्तर | मकालु गाउँपालिका |
| दक्षिण | पाँचखपन नगरपालिका |
| कुल क्षेत्रफल | २२२.०८ वर्ग कि.मी. |
| कुल घरधुरी (२०७८) | २५७८ |
| कुल जनसंख्या (२०७८) | ९९७० |

यो गाउँपालिकाको अवस्थितिलाई जिआईएस बिधिको प्रयोग गरि गणना गरि हेर्दा ८७ डिग्री १४ मिनेट १३ सेकेण्ड पूर्वी देशान्तरदेखि ८७ डिग्री २८ मिनेट २४ सेकेण्ड पूर्वी देशान्तरसम्म र २७ डिग्री २१ मिनेट ३६ सेकेण्ड उत्तरी अक्षांशदेखि २७ डिग्री ३० मिनेट ३६ सेकेण्ड उत्तरी अक्षांशसम्म फैलिएर रहेको छ । यसरी हेर्दा यो गाउँपालिका उत्तर दक्षिणको तुलनामा पूर्व पश्चिम फैलिएर रहेको देखिन्छ । जिल्ला सदरमुकाम खाँदबारीबाट पूर्व क्षेत्रमा रहेको यो गाउँपालिकाको कुल क्षेत्रफल २२२.०८ वर्ग किलोमिटर रहेको छ ।

तालिका २ वडागत जनसंख्या तथा क्षेत्रफल

| नयाँ वडा | समावेश गाविस/पालिका | जनसंख्या | प्रतिशत | क्षेत्रफल (वर्ग कि.मी.) |
|---|---|---|---|---|
| 1 | धुपु (१-४) | २३११ | २३.१८ | १५.०४ |
| 2 | धुपु (५-९) | १८७६ | १८.८२ | १५.३९ |
| 3 | बाह्रविसे (१-६) | १८५९ | १८.६५ | ३०.५३ |
| 4 | बाह्रविसे (७-९) | ८२१ | ८.२३ | ६३.५३ |
| 5 | सभापोखरी (७-९) | ७३१ | ७.३३ | ७१.७५ |
| 6 | सभापोखरी (१-६) | २३७२ | २३.७९ | २५.८६ |
| जम्मा | | ९९७० | १००.०० | २२२.१ |

*श्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय जनगणना, २०७८*

## २.१.२ जनसाङ्ख्यिकीय अवस्था

सभापोखरी गाउँपालिकाको कुल जनसङ्ख्या ९९८० र जम्मा घरधुरी २५७८ रहेको छ जसमध्ये पुरुष ४९७८ (४९.०३ प्रतिशत) र महिला ४९९२ (५०.९७ प्रतिशत) रहेको छ । यस गाउँपालिकाको सरदर घरधुरी आकार ३.८७, लैङ्गिक अनुपात ९९.७२ र जनघन्तव ४४.८९ व्यक्ति प्रति वर्ग कि. मि. छ ।

जनसङ्ख्याको वडागत वितरण हेर्दा सबैभन्दा बढी जनसङ्ख्या वडा नं ६ मा २३७२ (२३.७९ प्रतिशत) र सबैभन्दा कम जनसङ्ख्या वडा नं ५ मा ७३१ (७.३३ प्रतिशत) छ । जनघनत्वको हिसाबले हेर्दा सबैभन्दा बढी जनघनत्व वडा १ को १५३.६६ व्यक्ति प्रति वर्ग कि.मि. तथा सबै भन्दा कम वडा नं. ५ मा १०.१९ व्यक्ति प्रति वर्ग कि.मि. छ ।

| तालिका ३ जनसाङ्ख्यिकीय विवरण | |
|---|---|
| जम्मा घरधुरी | २५७८ |
| जम्मा जनसङ्ख्या | ९९७० |
| पुरूष | ४९७८ |
| महिला | ४९९२ |
| सरदर घरधुरी आकार | ३.८७ |
| लैगिंक अनुपात | ९९.७२ |
| जनघनत्व | ४४.८९ |

*श्रोतः राष्ट्रिय जनगणना, २०७८*

तालिका ४ सभापोखरी गाउँपालिकाको वडागत जनसंख्या विवरण

| वडा नं. | क्षेत्रफल (वर्ग कि.मि.) | घरधुरी संख्या | जनसंख्या | | | जनघनत्व | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | | पुरूष | महिला | कुल | | |
| १ | १५.०४ | ६४० | ११९६ | ११९५ | २३११ | १५३.६६ | ९३.३९ |
| २ | १५.३९ | ४६५ | ९४८ | ९२८ | १८७६ | १२१.९० | १०२.१६ |
| ३ | ३०.५३ | ४४७ | ९५० | ९०९ | १८५९ | ६०.८९ | १०४.५१ |
| ४ | ६३.५३ | २०८ | ४१० | ४११ | ८२१ | १२.९२ | ९९.७६ |
| ५ | ७१.७५ | १६३ | ३९७ | ३३४ | ७३१ | १०.१९ | ११८.८६ |
| ६ | २५.८६ | ५८४ | ११५७ | १२१५ | २३७२ | ९१.७२ | ९५.२३ |
| | २२२.१ | २५०७ | ४९७८ | ४९९२ | ९९७० | ४४.८९ | ९९.७२ |

*श्रोतः राष्ट्रिय जनगणना, २०७८*

गाउँपालिकाबाट रोजगारी, शिक्षा र अन्य अवसरहरुको लागि अन्यत्र जाने र सकेसम्म उतै बस्ने प्रवृति रहेको छ । यस गाउँपालिकामा घर भई विभिन्न कारणले अन्यत्र बसोबास गर्ने व्यक्तिको सङ्ख्या प्रशस्त देखिन्छ । राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार सभापोखरी गाउँपालिकामा ४७० पुरुष तथा ४८ महिला गरी कुल ५१८ जना अनुपस्थित रहेको छ । जनसङ्ख्या वृद्धिदर
२०७८ सालमा ०.०५२ प्रतिशतले घटेको देखिन्छ । जनसङ्ख्या घट्नुमा वैदेशिक रोजगार र आसपासका तराई जिल्लाका पालिकाहरुमा बसाइँसराइको कारण रहेको अनुमान गर्न सकिन्छ ।

| तालिका ५ सभापोखरी गाउँपालिकाको जनसंख्या वृद्धिदर | | |
|---|---|---|
| सभापोखरी गाउँपालिका | जनसंख्या २०६८ | जनसंख्या २०७८ |
| जनसंख्या | १०४९२ | ९९७० |
| जनसंख्या वृद्धिदर | | -०.०५२ |
| *श्रोतः राष्ट्रिय जनगणना २०६८ र २०७८* | | |

जनसङ्ख्याको बनावटलाई हेर्दा सबैभन्दा बढी १५-१९ वर्ष उमेर समुहमा ११.२१ प्रतिशत जनसङ्ख्या रहेको छ भने सबैभन्दा कम ९५ माथि वर्ष उमेर समुहमा ०.०८ प्रतिशत जनसङ्ख्या रहेको छ । यस गाउँपालिकामा सक्रिय जनसङ्ख्या अनुपात समग्र देशको भन्दा उच्च रहेको छ । जनसङ्ख्याको सक्रिय उमेर समुह (१५-५९) लाई हेर्दा ६०.३४ प्रतिशत जनसङ्ख्या रहेको छ । आश्रित जनसङ्ख्याको हकमा ( ० देखि १४ वर्ष सम्म) २८.६६ प्रतिशत र ६० वर्ष माथि ११.०० प्रतिशत रहेका छन् ।

| तालिका ६ उमेर समुह अनुसार जनसंख्याको बनावट | | | | | | |
|---|---|---|---|---|---|---|
| **उमेर समुह** | **पुरूष** | **प्रतिशत** | **महिला** | **प्रतिशत** | **कुल** | **प्रतिशत** |
| ००-०४ | ४०६ | ४.१ | ४१४ | ४.२ | ८२० | ८.२२ |
| ०५-०९ | ५२७ | ५.३ | ४७२ | ४.७ | ९९९ | १०.०२ |
| १०-१४ | ५३१ | ५.३ | ५०७ | ५.१ | १०३८ | १०.४१ |
| १५-१९ | ५६० | ५.६ | ५५८ | ५.६ | १११८ | ११.२१ |
| २०-२४ | ४३४ | ४.४ | ४५७ | ४.६ | ८९१ | ८.९४ |
| २५-२९ | ३८७ | ३.९ | ३८४ | ३.९ | ७७१ | ७.७३ |
| ३०-३४ | ३०४ | ३.० | ३१९ | ३.२ | ६२३ | ६.२५ |
| ३५-३९ | २८८ | २.९ | ३१९ | ३.२ | ६०७ | ६.०९ |
| ४०-४४ | २७२ | २.७ | ३०३ | ३.० | ५७५ | ५.७७ |
| ४५-४९ | २४५ | २.५ | २४२ | २.४ | ४८७ | ४.८८ |
| ५०-५४ | २३७ | २.४ | २५० | २.५ | ४८७ | ४.८८ |
| ५५-५९ | २३५ | २.४ | २२२ | २.२ | ४५७ | ४.५८ |
| ६०-६४ | १९६ | २.० | १६२ | १.६ | ३५८ | ३.५९ |
| ६५-६९ | १४३ | १.४ | १३९ | १.४ | २८२ | २.८३ |
| ७०-७४ | ८९ | ०.९ | ११५ | १.२ | २०४ | २.०५ |
| ७५-७९ | ६७ | ०.७ | ६६ | ०.७ | १३३ | १.३३ |
| ८०-८४ | ३८ | ०.४ | ३० | ०.३ | ६८ | ०.६८ |
| ८५-८९ | १३ | ०.१ | २० | ०.२ | ३३ | ०.३३ |
| ९०-९४ | ४ | ०.०४ | ७ | ०.१ | ११ | ०.११ |
| ९५ माथि | २ | ०.०२ | ६ | ०.१ | ८ | ०.०८ |
| **कुल जम्मा** | **४९७८** | **४९.९** | **४९९२** | **५०.१** | **९९७०** | **१००** |
| *श्रोतः राष्ट्रिय जनगणना, २०७८* | | | | | | |

जातजाति र मातृ भाषा

सभापोखरी गाउँपालिकामा जातिगत विविधता रहेको देखिन्छ । सम्पूर्ण जातजातिहरुमा पारस्परिक मेलमिलाप, सद्भाव र समझदारी कायम रहेको छ । यस गाउँपालिकामा लिम्बु, तामाङ र राई जातिको जनसंख्या अधिक रहेको छ । लिम्बु जातिको जनसंख्या २३.२ प्रतिशत रहेको पाईन्छ भने तामाङ जातिको जनसंख्या १६.६ प्रतिशत रहेको पाईन्छ । यसैगरी यस गाउँपालिकामा राई जाति तेस्रो स्थानमा रहेको छ । राई जातिको जनसंख्या १४.० प्रतिसत रहेको छ । चौँथो स्थानमा मगर जाति (८.६%)र पाँचौं स्थानमा क्षेत्री जाति (८.४%) को जनसंख्या रहेको छ । सभापोखरी गाउँपालिकाको जात जाति सम्बन्धी विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका ६ जातजातिको आधारमा जनसंख्या विवरण

| क्र.म. | जातजातिहरू | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | याक्थुङ/लिम्बु | २३१३ | २३.२ |
| २ | तामाङ | १६५५ | १६.६ |
| ३ | राई | १३९६ | १४.० |
| ४ | मगर | ८५७ | ८.६ |
| ५ | क्षेत्री | ८३७ | ८.४ |
| ६ | ब्राम्हण (पहाडी) | ५०८ | ५.१ |
| ७ | विश्वकर्मा | ४९९ | ५.० |
| ८ | याम्फु | ४६९ | ४.७ |
| ९ | गुरुङ | ३०९ | ३.१ |
| १० | लोहोरुङ | २४९ | २.५ |
| ११ | अन्य | ८७७ | ८.८ |
| **जम्मा** | | **९९७०** | **१००** |

*श्रोत: राष्ट्रिय जनगणना, २०७८*

तालिका ७ मातृभाषाको आधारमा जनसंख्या विवरण

| क्र.म. | मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | ३२३० | ३२.४ |
| २ | याक्थुङ / लिम्बु | २२५३ | २२.६ |
| ३ | तामाङ | १४६६ | १४.७ |
| ४ | याम्फु/याम्फे | ६८८ | ६.९ |
| ५ | मगर ढुत | ६६८ | ६.७ |
| ६ | राई | ४२९ | ४.३ |
| ७ | चाम्लिङ | ३९९ | ४.० |
| ८ | लोहोरुङ | २४९ | २.५ |
| ९ | गुरुङ | १६० | १.६ |
| १० | अन्य | ४२९ | ४.३ |
| **जम्मा** | | **९९७०** | **१००** |

*श्रोत: राष्ट्रिय जनगणना, २०७८*

सभापोखरी गाउँपालिकामा भाषिक विविधता पाइन्छ । यहाँ बिभिन्न जात-जातिका मानिसहरुको बसोबास भएका कारण विविध भाषाहरु प्रचलनमा रहेका छन् । गाउँपालिकामा विभिन्न भाषाभाषीहरु गणनामा आएको पाइन्छ । तथापि नेपाली, लिम्बु, राई, मगर, तामाङ र गुरुङ भाषा यस क्षेत्रमा बढी मात्रामा बोलिचालिमा रहेको छ । सभापोखरी गाउँपालिकामा सबैभन्दा बढी ३२.४ प्रतिशतले नेपाली भाषा बोल्दछन्भने २२.६ प्रतिशत लेलिम्बु भाषा बोल्ने गरेको पाइन्छ । यसरी नै १४.७ प्रतिशतले तामाङ भाषा बोल्ने गरेको पाइन्छ भने ६.९ प्रतिशतले याम्फु/याम्फे भाषा मातृभाषाको रुपमा बोल्ने गर्दछन् । त्यसैगरी यस गाउँपालिकामा राई, चाम्लिङ, लोहोरुङ, गुरुङ लगायतका अन्य भाषिक समुदायको पनि बसोवास रहेको छ । सरकारी कामकाजको भाषा चै नेपाली नै रहेको छ ।

अपाङ्गता

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा कुल जनसङ्ख्याको ९५२३ जना (९५.५२ प्रतिशत) को शारीरिक अवस्था सामान्य रहेको छ भने ४४७ जना (४.४८ प्रतिशत) अपाङ्गता भएका व्यक्ति भेटिएका छन् । जसमध्ये शारीरिक अपाङ्गता भएका व्यक्ति सबभन्दा बढी कुल जनसङ्ख्याको १.७३ प्रतिशत छ भने सबभन्दा कम बौद्धिक अपाङ्गता ०.०४ प्रतिशत तथा अटिजम ०.०४ प्रतिशत रहेको छ ।

तालिका ८ अपाङ्गताको अवस्था

| **अपाङ्गताको प्रकार** | **जनसंख्या** | **प्रतिशत** |
|---|---|---|
| कुनै प्रकारको अपाङ्गता नभएको | ९५२३ | ९५.५२ |
| शारीरिक अपाङ्गता | १७२ | १.७३ |
| न्यून दृष्टियुक्त | ७८ | ०.७८ |
| दृष्टिविहीन | २० | ०.२० |
| बहिरोपन | ३२ | ०.३२ |
| मनोसामाजिक अपाङ्गता | ४४ | ०.४४ |
| न्यून श्रवणशक्ति | १२ | ०.१२ |
| बहिरोपन एवं दृष्टिविहीन | ३८ | ०.३८ |
| मानसिक वा मनोसामाजिक | ८ | ०.०८ |
| बौद्धिक अपाङ्गता | ४ | ०.०४ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ० | ०.०० |
| अटिजम् | ४ | ०.०४ |
| बहुअपाङ्गता | ३३ | ०.३३ |
| **अन्य** | २ | ०.०२ |
| **जम्मा** | ९९७० | १००.०० |

*श्रोत: राष्ट्रिय जनगणना, २०७८*

## २.२ आर्थिक विकास अवस्था

### २.२.१ कृषि, पशुपंक्षीपालन तथा खाद्य सुरक्षा

सभापोखरी गाउँपालिकाका नागरिकको जीवन यापनको प्रमुख आधार कृषि तथा पशुपालन हो । यस गाउँपालिकामा धान, गहुँ, मकै, कोदो, जौ जस्ता खाद्यान्न / अन्नबालीहरु उत्पादन हुने गर्दछ । त्यसै गरी तेलहन / तेलबालीमा तोरी, सूर्यमूखि तथा दलहन / दालबालीमा मास, मस्याम, बोडी र नगदेबालीमा अलैंची, सुन्तला,

कागति, जुनार, आँप, लिचि, केरा लगायत तरकारीबालीमा साग, आलु, बन्दा, कोपी, मूला, भिण्डी, बैगुन, फर्सी आदि उत्पादन हुने गरेको छ । पशुपालन क्षेत्रमा गाई, भैंसी, सुँगुर, भेडा, बाख्रा, च्याङ्ग्रा, घोडा, खच्चर लगायतका चारखुट्टे जनावारहरु तथा कुखुरा, हाँस तथा परेवा जस्ता पन्छीहरु पाल्ने गरिएको छ ।

सभापोखरी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५ का अनुसार यस गाउँपालिकाका करिब १७.५ प्रतिशत घरपरिवारले आफ्नो कृषि उत्पादनबाट एक महिनाभन्दा कम समय मात्र खान पुग्ने देखिन्छ। अर्कोतिर १-३ महिना सम्म मात्र खान पुग्ने परिवारको संख्या करिब ९ प्रतिशतको हाराहारीमा रहेको छ । ४-७ महिनाभन्दा कम खान पुग्ने परिवार करिब २५ प्रतिशतको हाराहारीमा, ८-११ महिनाभन्दा कम खान पुग्ने परिवार करिब १७ प्रतिशत र १२ महिनासम्म नै खान पुग्ने परिवार करिब ३१ प्रतिशत रहेका छन्। यसरी हेर्दा यो गाउँपालिका खाद्यान्नको हिसावले आत्मनिर्भर नरहेको र खाद्यान्नमा आत्मनिर्भर बनाउने खालका नीति तथा कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्नुपर्ने देखिन्छ । खासगरी कृषि क्षेत्रको आधुनिकीकरण, उन्नत बीउ बिजनको प्रयोग, प्राबिधिक सहयोग, कृषक तालिम तथा कृषक सहुलियत ऋण जस्ता कार्यक्रमहरु सञ्चालन गर्न सकिएमा यस गाउँपालिकालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन सकिन्छ ।

### २.२.२ पर्यटन तथा संस्कृति

सभापोखरी गाउँपालिका प्राकृतिक स्रोत तथा साधनको हिसावले निकै धनी रहेको छ । नेपालकै प्रसिद्ध पोखरीहरु सभापोखरी (४२४० मीटर), पाँच पोखरी (५००० मीटर), लाम पोखरी, बन्दुके पोखरी, बौलाहा पोखरी यसै गाउँपालिका क्षेत्र भित्र अवस्थित छन्। भौगोलिक हिसाबले बिबिधतायुक्त यो गाउँपालिका जैबिक विविधताको हिसाबले समेत अझ महत्वपूर्ण रहेको छ । गाउँपालिकामा अलैंची, रुद्राक्ष (दाना), चिराईतो, मझिटो, कुड्की, सतुवा, यार्सागुम्बा जस्ता बहुमुल्य तथा लोपोन्मुख जडिबुटीहरु तथा नगदे बनस्पतिहरु रहेका छन् । यसैगरी विश्वविख्यात लेकाली बनस्पतिहरु ब्युल, बुकी, सुनगाभा, चिमाल, गुराँस, दामपाती, सुनपाती, ङपाती गोब्रेसल्ला, धुपी, भोजपत्र, मालिङ्गो लगायतका बनस्पतिहरु यस गाउँपालिकामा पाइन्छन्। यसैगरी बिभिन्न किसिमका ढुङ्गा, चुन ढुङ्गा, तुर्मालिङ, एकुमेरिन, क्वार्ज, तामा लगायतका खनिज सम्पदाहरु यस क्षेत्रका बहुमुल्य पक्षहरु हुन्।

प्राकृतिक बरदान मानिने जलस्रोतको अपार भण्डार रहेको यो सभापोखरी गाउँपालिकामा सभा खोला, लङ्खुवा खोला, भोटी खोला, मङ्जुवा खोला, चिण्डे खोला, दिङ्ला खोला, पिखुवा खोला, चित्रे खोला, साङ्खोला, ठाडी खोला लगायतका खोलाहरु रहेका छन् भने सभाखोलाको असला माछा निकै लोकप्रिय समेत छ ।बाह्रै महिना निरन्तर बग्ने सभा खोला, लङ्खुवा खोला र भोटी खोला बाह्रबिसे बजार क्षेत्रमा जोडिएकाले यो क्षेत्र त्रिबेणी धामको रुपमा विकास हुने क्रममा समेत रहेको छ ।

सभापोखरी गाउँपालिका सांस्कृतिक सम्पदाको हिसाबले उत्कृष्ट रहेको पाईन्छ । जातिगत बिबिधता रहेको यस गाउँपालिकामा विविध जात जातिको अन्तरघुलन रहेको तथा जातिगत रुपमा सहिष्णुता रहेको देखिन्छ । यहाँ राई, लिम्बु, तामाङ, क्षेत्री, गुरुङ, बाहुन तथा अन्य जातजातिहरुको बसोबास छ । यहाँ परापूर्वकाल देखि लिम्बु जातिकोधान नाच, राई जातिको उधौली-उभौली, चण्डी नाच, तामाङको डम्फु नाच, गुरुङको तमू ल्होसार तथा अन्य जातिहरुको आ-आफ्नो संस्कृति तथा कलाको जगेर्ना भएको पाईन्छ । खासगरी दशैं, तिहार, माघे संक्रान्ति, साउने संक्रान्ति, जनै पूर्णिमा, बुद्ध पूर्णिमा, उधौली-उभौली लगायतका चाडपर्वहरु मनाउने गरिन्छ भने हरेलो मेला समेत लाग्ने गरेको पाईन्छ ।

### २.२.३ व्यापार, व्यवसाय तथा उद्योग

सभापोखरी गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य व्यापारिक स्थलहरु वडा नं. १ को डके बजार, वडा नं ३ को बाह्रबिसे बजार र वडा नं. ६ को पनि बाह्रबिसे बजारमा बिभिन्न व्यापार तथा व्यवसायहरु सञ्चालित छन्। यद्यपि, सबै किराना पसल, थोक पसल, मासु तथा तरकारी व्यवसायीहरुको व्यवसाय दर्ता गाउँपालिका कार्यालयमा अभिलेख रहेको छैन । यसलाई बिश्लेषण गर्दा यस सभापोखरी गाउँपालिका क्षेत्र भित्र ब्यापार ब्यवसाय सञ्चालन गर्ने सबै ब्यवसायीहरुको ब्यवसाय विवरण अनिबार्य रुपमा दर्ता गर्ने अभियान चलाउनु जरुरी छ । जसले गर्दा ब्यापार ब्यवसाय नियमित, ब्यवस्थित एवम्कानूनि दायरामा आउने मात्र नभई दर्ताकरबाट गाउँपालिकाको आम्दानीमा बृद्धि हुने निश्चित छ ।

सभापोखरी गाउँपालिकाको पुरानो तथा महत्वपूर्ण ब्यापारिक केन्द्र बाह्रबिसे बजार हो । यसका अलावा डके बजार, हरेलो बजार तथा बाह्रबिसे बजार प्रमुख बजार तथा ब्यापारिक केन्द्रको रुपमा रहेका छन् । वडा अनुसार बजार तथा ब्यापारिक केन्द्रको विवरण यस प्रकार रहेको छ ।

तालिका ८ बजार तथा ब्यापारिक केन्द्रको विवरण

| वडा नं. | हाट बजार लाग्ने स्थान | खरिद/बिक्रि हुने मुख्य मुख्य बाली/बस्तुहरु | भौतिक संरचना |
|---|---|---|---|
| १ | डके बजार | तरकारी, फलफुल, खाद्यान्न, माछा मासु | खुल्ला धुले चौर |
| २ | हरेलो बजार | तरकारी, फलफुल | खुल्ला धुले चौर |
| ३ | बाह्रबिसे बजार, त्रिबेणी बजार, सोमबार | तरकारी, फलफुल, खाद्यान्न, माछा मासु, राडपाखि, अलैंची, घिउ, मह | खुल्ला धुले चौर |
| ६ | बाह्रबिसे बजार, नयाँ बस्ती, देवाल लाईन, सातबिसे गुठी लाईन | अलैंची, चिराइतो, रुद्राक्ष दाना संकलन गर्ने ब्यापारिक केन्द्र | |

*श्रोतः सभापोखरी गाउँपालिकाको को वस्तुगत विवरण, २०७५*

यस गाउँपालिकामा वडा नं. २ मा बाहेक सबै वडामा पानी घट्ट र मिल रहेका छन् र वडा नं. ६ मा २ वटा विजुली मिल पनि रहेका छन् ।साथै यस गाउँपालिका क्षेत्र भित्र खनिज तथा खानीजन्य संभावनाको अवस्था निकै राम्रो रहेको छ ।

गाउँपालिकामा रहेका खनिज पदार्थमा दुर्मालिङ (डायमण्ड) खानी (ह्याकुले खानी, फाकुवा, पान्दालुङ), तामा खानी (चप्लेवा, सिम्ले बेंसी, इथुम्बु), फलाम खानी (धाउखानी, फाकुवा), कुरिङ खानी (भिरखर्क सामुदायिक वन), क्वार्ज खानी (फलाटे, सभापोखरी ५, सिवेक्पा, सभापोखरी ३) आदि पर्दछन् ।

### २.२.४ श्रम तथा रोजगारी

सामान्यतया आफ्नो दैनिक बन्दोवस्तीको व्यवस्था आफै गर्न सक्ने अर्थात्आफैं आय आर्जन गरी गुजारा गर्न सक्ने जनसंख्या नै सक्रिय हो भने त्यसको विपरित परनिर्भरतामा जिवन गुजारा गर्ने जनसंख्या नै आश्रित जनसंख्या

हो । जनसांख्यीक दृष्टिकोण अनुसार ०-१४ वर्ष र ६०+ वर्ष भन्दा माथिको उमेरको जनसंख्यालाई आश्रित जनसंख्या भनिन्छ भने १५-५९ वर्ष उमेर समुहको जनसंख्या सक्रिय जनसंख्या हो ।

जनसङ्ख्याको बनावटलाई हेर्दा सबैभन्दा बढी १५-१९ वर्ष उमेर समुहमा ११.२१ प्रतिशत जनसङ्ख्या रहेको छ । जनसङ्ख्याको सक्रिय उमेर समुह (१५-५९) लाई हेर्दा ६०.३४ प्रतिशत जनसङ्ख्या रहेको छ । आश्रित जनसङ्ख्याको हकमा ( ० देखि १४ वर्ष सम्म) २८.६६ प्रतिशत र ६० वर्ष माथि ११.०० प्रतिशत रहेका छन् ।

सभापोखरी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५ अनुसार गाउँपालिकामा रहेका परिवारको आम्दानीका स्रोतहरु अन्तर्गत कृषि, पशुपालन, कृषि ज्यालादारी, नोकरी तथा बैदेशिक रोजगार लगायत छन् । सर्वेक्षणको आधारमा परिवारको आम्दानीका स्रोतहरु अन्तर्गत कृषि क्षेत्र सबैभन्दा प्रमुख (९१.७५%) रहेको छ भने दोस्रो स्थानमा पशुपालन (८९.८७%) रहेको छ । तेस्रो स्थानमा कृषि ज्यालादारी (५०.२५%) र चौंथो स्थानमा बैदेशिक रोजगारी (१५.७७%) परिवारको आम्दानीका रुपमा रहेको छ । यो अवस्थालाई हेर्दा गाउँपालिकाले कृषि तथा पशुपालनलाई नै प्राथमिकतामा राखि कार्य गर्नुपर्ने देखिन्छ ।

### २.२.५ बैंक, सहकारी तथा वित्तीय क्षेत्र

सभापोखरी गाउँपालिकामा हाल प्राईम कमर्सियल बैकको संचालनमा रहेके छ । बित्तिय कारोबार सहकारी संस्थाहरु मार्फत हुने गरेको छ । यहाँ सञ्चालित ६ वटा सहकारी संस्थाहरु मध्ये ३ वटा सहकारी संस्थाहरुमात्र चालू अवस्थामा रहेका छन् । नेपाल सरकार, सहकारी तथा गरिबी निबारण मन्त्रालय, सहकारी बिभाग, डिभिजन सहकारी कार्यालय, धनकुटाले सभापोखरी गाउँपालिका क्षेत्र भित्र सञ्चालित सहकारीहरुको नियमन तथा ब्यवस्थापन गर्न सभापोखरी गाउँपालिका स्थानीय सरकारलाई जिम्मा लगाईसकेको अवस्था छ ।

## २.३ सामाजिक विकास अवस्था

### २.३.१ स्वास्थ्य तथा पोषण

यस गाउँपालिकाको ३ वटा वडामा स्वास्थ्य संस्थाहरु रहेका छन् भने १ वटा वडामा स्वास्थ्य इकाई रहेको छ । स्वाथ्य संस्थाहरुमा निःशुल्क औषधीहरु रहेको, बर्थिङ सेन्टर रहेको, वर्थिङ सेन्टरमा लाभान्वित गर्भवतीहरु रहेको, गाउँघर क्लिनिक, खोप क्लिनिक रहेको, शिघ्र कुपोषित र मध्यम कुपोषित बालबालिकाहरुको उपचार कक्ष रहेको, एम्बुलेन्स सेवा, खोप कार्यक्रम सञ्चालनमा रहेका छन् ।

वालवालिकामा कुपोषण खासगरी उमेर अनुसार कम तौल अझै शुन्य संख्यामा आउन सकिरहेको छैन । झाडापखला, स्वासप्रस्वास जस्ता सङ्क्रामण रोगहरुवाट स्थानीयहरु प्रभावित हुँदै आएका छन् । यसतर्फ स्वास्थ्य सचेतनाको आवश्यकता रहेको महसुस हुन्छ । तापनि महामारीवाट ज्यान गुमाउनेहरुको संख्या शुन्य छ । मातृमृत्य, नवजात तथा शिशुको मृत्यु, ५ वर्ष मुनीका वालवालिका मृत्युमा उल्लेखनीय प्रगति हासिल भएको छ । यसतर्फ मृत्युदर करीव करीव शुन्य दरमा रहेको पाइन्छ ।

### २.३.२ शैक्षिक विकास

राष्ट्रिय जनगणना २०७८ अनुसार साक्षरता दर ७९.४ प्रतिशत रहेको जसमध्ये पुरुष साक्षरता ८५.१ प्रतिशत र महिला साक्षरता ७३.७ प्रतिशत रहेको छ । यस गाउँपालिकामा निम्न अनुसार विद्यालयहरु रहेका छन् ।

विद्यालयहरुमा दिवा खाजाको व्यवस्था, मातृभाषामा पठनपाठन, इन्टरनेट सुविधा, विद्यालयलाई कुलत/धुम्रपान र मध्यपान रहित बनाइएको, विद्यालयमा बालविकास सहजकर्ता भएको अवस्था छ ।

- प्रारम्भिक वालविकास = सामुदायिक १७ + संस्थागत २ = जम्मा १९ वटा
- कक्षा १ देखि ३ चलेका विद्यालय = सामुदायिक ७ वटा
- कक्षा १ देखि ५ चलेका विद्यालय = सामुदायिक १६ + संस्थागत १ = जम्मा १४ वटा
- कक्षा १ देखि ८ चलेका विद्यालय = सामुदायिक ३ + संस्थागत १ = जम्मा ४ वटा
- कक्षा १ देखि १० चलेका विद्यालय = २ वटा
- कक्षा १ देखि १२ चलेका विद्यालय = २ वटा

### २.३.३ खानेपानी तथा सरसफाई

राष्ट्रिय जनगणना, २०७८ अनुसार कूल घरधुरी २५०७ मध्ये करीव ४८.७८ प्रतिशत अर्थात १२२३ घरधुरीमा पाइपलाइनको निजीधारा जडान भएको पाइन्छ । यस अनुसार अझै पनि करीव ५१.२२ प्रतिशत घरधुरीमा खानेपानीको निजी धारा उपलव्ध हुन वाँकी रहेको देखिन्छ । यसैगरी सार्वजनिक धारावाट खानेपानी उपभोग गर्ने घरधुरी संख्या ९०० अर्थात करीव ३५.९० प्रतिशत र सुरक्षित कुवावाट खानेपानी उपभोग गर्ने घरधुरी ८.०२ प्रतिशत रहेको छ ।यसरी सुरक्षित खानेपानी उपभोग गर्ने घरधुरी करीव ९२.७ प्रतिशत रहेको देखिन्छ भने असुरक्षित खुल्ला कुवा, ढुङ्गेधारा एवं नदीखोलावाट खानेपानी उपभोग गर्ने घरधुरी संख्या करीव ७.३ प्रतिशत रहेको देखिन्छ ।

यसैगरी शौचालय तर्फ राष्ट्रिय जनगणना २०७८ अनुसार करीव ९१.८६ प्रतिशत घरधुरीमा शौचालयको सुविधा उपलव्ध भएको देखिन्छ भने करीव ८.१४ प्रतिशत घरधुरीलाई व्यवस्थित शौचालयको व्यवस्था हुन सकेको छैन । ढल सहितको शौचालय भएका घरधुरी संख्या करीव २.६७ प्रतिशत छन् भने सेफ्टि ट्याङ्की भएकाको संख्या करीव ८९.१९ प्रतिशत छ। त्यसैगरी ३.६८ प्रतिशत घरधुरीमा खाल्डे चर्पी प्रयोगमा आएको पाइन्छ भने सार्वजनिक शौचालय प्रयोग गर्ने ०.१६ प्रतिशत र शौचालयको पहुँच नपुगेकाहरु १.६ प्रतिशत रहेका छन्।

तालिका ९ घरधुरी अनुसार खानेपानीको स्रोतको अवस्था

| **खानेपानीको स्रोत** | **घरधुरी** | **प्रतिशत** |
|---|---|---|
| धारा/पाइप (घरपरिसर भित्र) | १२२३ | ४८.७८ |
| धारा/पाइप(घरपरिसर बाहिर) | ९०० | ३५.९० |
| ट्युबवेल/हाते पम्प | ० | ० |
| ढाकिएको इनार/कुवा | २०१ | ८.०२ |
| खुला इनार/कुवा | ५९ | २.३५ |
| मूल धारा | ११३ | ४.५१ |
| खोला/झरना | ३ | ०.१२ |
| जार/बोतल | ७ | ०.२८ |
| अन्य | १ | ०.०४ |
| **जम्मा** | **२५०७** | **१००.००** |

*श्रोतः राष्ट्रिय जनगणना, २०७८*

| तालिका १० घरधुरी अनुसार शौचालयको प्रयोगको अवस्था | | |
|---|---|---|
| **शौचालयको प्रयोगको अवस्था** | **घरधुरी** | **प्रतिशत** |
| फ्लस भएको (सार्वजनिक ढल) | ६७ | २.६७ |
| फ्लस भएको (सेप्टिक टयाङ्क) | २२३६ | ८९.१९ |
| साधारण | १६० | ६.३८ |
| सार्वजनिक | ४ | ०.१६ |
| चर्पी नभएको | ४० | १.६० |
| **जम्मा** | **२५०७** | **१००.००** |
| *श्रोतः राष्ट्रिय जनगणना, २०७८* | | |

### २.३.४ लैंगिक समानता र सामाजिक समानीकरण

राष्ट्रिय जनगणना २०७८ अनुसार सभापोखरी गाउँपालिकाको कुल जनसंख्यामध्ये महिला जनसंख्या ४९९२ अर्थात ५०.०७ प्रतिशत रहेको छ । त्यसै गरी महिला घरमुलीको १ प्रतिशत रहेको छ । त्यसैगरी महिलाको स्वामित्वमा घर तथा जग्गा ५.६ प्रतिशतको रहेकोछ । लैङ्गिक अनुपातका हिसाबले हेर्दा यस गाउँपालिकामा ९९.७२ पुरुष प्रति १०० महिला रहेको छ । ६० वर्ष भन्दा माथिको उमेर समुहको जनसंख्या ११ प्रतिशत रहेको छ भने १५ वर्ष भन्दा मुनिको उमेर समुहको जनसंख्या २८.६६ प्रतिशत रहेको छ ।
कार्यपालिका अन्तर्गत वनेका समिति तथा उपसमितिहरुमा जनजाति तथा दलित महिलाहरुको प्रतिनिधित्व हुँदै आएको पाइन्छ । यसका साथै कृषक समूह, वन समूह, सहकारी, टोलसुधार समिति, खानेपानी उपभोक्त समितिहरु पनि महिलाहरुको उपस्थिति रहदै आएको पाइन्छ । त्यसैगरी महिला सशक्तीकरणका लागि उद्यम सञ्चालन कार्यक्रम र सीप अभिवृद्धि तालिम कार्यक्रमहरु पनि सञ्चालन भइरहेको पाइन्छ ।

### २.३.५ युवा तथा खेलकुद

यस गाउँपालिकामा १५ देखि ३९ वर्ष उमेर समूहको जनसंख्या कुल जनसंख्याको ४०.२२ प्रतिशत रहेको छ, जसमा पुरुष १९.८ प्रतिशत र महिला २०.४ प्रतिशत रहेको छ । पालिकाका सबै वडाहरुमा खेल मैदान निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । सबै वडामा खेलमैदान निर्माणका लागि अनुदानका लागि उचित पहल भएको छ । वडा स्तरीय र गाँउ स्तरीय खेलकुद कार्यक्रम सञ्चालन भएका छन् भने खेलकुद सम्वन्धि प्रशिक्षण कार्यक्रम सञ्चालन, खेलमैदान सुधार र खेलकुदका सामाग्री वितरण लगायतका कार्य सञ्चालन भएका छन् । वडागत रूपमा रहेका खेलमैदानको विवरण यस प्रकार रहेको छ ।

| तालिका ११ खेलमैदानको विवरण | | |
|---|---|---|
| वडा नं. | खेलमैदानको नाम | क्षेत्रफल |
| १ | शुक्रबारे खेलमैदान, डके | ३५×२० मी. |
| २ | • त्रिवेणी मावि खेलमैदान, दानाबारी<br>• बितलब खेलमैदान, बितलब<br>• हरेलो डाँडा खेलमैदान, देउराली | • ६०×२५ मी.<br>• ३५×२० मी. |
| ३ | बाह्रबिसे बजार खेलमैदान, बाह्रबिसे बजार | २४×१२ मी. |
| ४ | बिद्यालयमा मात्र | |
| ५ | बिद्यालयमा मात्र | |
| ६ | हरेलो डाँडा खेलमैदान | २०×१२ मी. |
| *श्रोतः सभापोखरी गाउँपालिकाको को वस्तुगत विवरण, २०७५* | | |

## २.५ पूर्वाधार विकास अवस्था

### २.५.१ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण

राष्ट्रिय जनगणना २०७८ अनुसार, परिवार संख्या मध्ये ९३.२ प्रतिशतले आफ्नै स्वामित्वको आवासमा र बाँकी मध्ये ६.१ प्रतिशतले भाडाका आवासमा बसोबास गरेको पाइन्छ । संस्थागत तथा व्यावसायिक भवन ०.२ प्रतिशत छन् ।

यस गाउँपालिकामा ६५.२ प्रतिशत जति आवासीय भवन माटोको जोडाइमा ढुङ्गा र ईटाको गारोले बनेका छन् । त्यसैगरी जस्ता तथा टिनले छाएको घर ६७.४ प्रतिशत रहेको छ भने खर, पराल, छवालीले छाएको घर ३१.२ प्रतिशत रहेको छ । राष्ट्रिय भवन संहिताको कमजोर कार्यान्वयनले पनि निर्मित भवन भूकम्पीय दृष्टिकोणले कमजोर देखिन्छ र खरको छानामुक्त गाउँपालिका बनाउने कार्य भइरहेको छ ।

### २.५.२ सडक, पुल तथा यातायात

सभापोखरी गाउँपालिकामा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार हुन सकेको देखिँदैन । गाउँपालिकामा प्राय टेक्टर, जिप, बस, मोटरसाइकलहरूको प्रयोग गरिएको देखिन्छ । सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी साधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, सडक सङ्केत चिह्न, बस बिसौनीको अभाव रहेको छ । आन्तरिक यातायातको भरपर्दो सडक सुविधा नभएकोले गाउँपालिकामा आन्तरिक यातायात सेवा सुचारु भएको छैन । यस गाउँपालिकामा मुख्य सडकको रूपमा रहेका सडकहरू निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका १२ सडकको विवरण

| क्र.सं. | सडकको नाम | स्थान | किसिम | लम्बाई |
|---|---|---|---|---|
| १ | बाह्रबिसे-फाकुवा सडक | सभापोखरी वडा ६ र ५ | माटे सडक | |
| २ | सभापोखरी ० पोइन्ट देखि स्वाची कोत्तासिङ-आपुङ सडक | सभापोखरी वडा ५ र ६ | माटे सडक | |
| ३ | बाह्रबिसे-बितलब-चिचिला सडक | सभापोखरी वडा २ | माटे सडक | |
| ४ | बाह्रबिसे-तामिङ-सिन्चुवा-बास्तला दुम्सिकुर सडक | सभापोखरी वडा ६ | माटे सडक | |
| ५ | डके-बितलब-हरेलो-चिचिला सडक | सभापोखरी वडा १ र २ | माटे सडक | |
| ६ | बाह्रबिसे-नुम सडक | सभापोखरी वडा ३ | माटे सडक | |
| ७ | बाह्रबिसे-भाङटार-पावा सडक | सभापोखरी वडा ३ र ४ | माटे सडक | |
| ८ | डके-लुंगेली गाउँ सडक | सभापोखरी वडा १ | माटे सडक | |
| ९ | डके-खोल्माटार सडक | सभापोखरी वडा १ | माटे सडक | |
| १० | स्वाची-देउराली सडक | सभापोखरी वडा ६ | माटे सडक | |
| ११ | गोठगाउँ-हरेलो सडक | सभापोखरी वडा २ | माटे सडक | |
| १२ | डके-सिक्री हाइड्रोपावर सडक | सभापोखरी वडा १ | माटे सडक | |

| | | | | |
|---|---|---|---|---|
| १३ | डके-गोठगाउँ-बर्खेडाडा-चिचिला सडक | सभापोखरी वडा २ | माटे सडक | |
| १४ | सभापोखरी-ओक्तेन-माक्सुवा बडरेनी-कटहरे- सडक | सभापोखरी गापा | ग्राभेल सडक | ८.१९ कि.मि. |
| १५ | खाँदबारी-लेब्राङ-डके सडक | सभापोखरी गापा | माटे सडक | १५.२४ कि.मि. |
| १६ | खाँदबारी-डके-बाहबिसे-फाकुवा सडक | सभापोखरी गापा | माटे सडक | १६.६२ कि.मि. |
| १७ | चैनपुर-बाहबिसे सडक | सभापोखरी गापा | माटे सडक | ३५.७६ कि.मि. |
| १८ | छाते ढुङ्गा- हुतिखिम-दानाबारी | सभापोखरी २ | माटे सडक | |
| १९ | बाह्बिसे-खिलिङ-पावा- फुकाम सडक | सभापोखरी ३ | माटे सडक | २० कि.मि. |
| २० | बाहबिसे- अलैचे-फुकाम-इथम्बु सडक | सभापोखरी ३ | माटे सडक | २५ कि.मि. |
| २१ | पैरेनी-खेवारीङ-साखुवा सडक | सभापोखरी ४ | | |
| २२ | पैरेनी-नक्लुङ-सनेम सडक | सभापोखरी ४ | | |

*श्रोतः सभापोखरी गाउँपालिकाको को वस्तुगत विवरण,२०७५*

### २.५.३ विद्युत तथा वैकल्पिक उर्जा

राष्ट्रिय जनगणना २०७८ अनुसार, ७४.७५ प्रतिशत परिवारको विद्युत सेवामा पहुँच पुगेको छ भने २०.६६ प्रतिशत परिवारले सोलार प्रयोग गर्दछन् । खाना पकाउन प्रयोग हुने इन्धनका स्रोतहरूको अवस्था हेर्दा सबैभन्दा धेरै दाउरा (९०.९९ प्रतिशत) को प्रयोग भएको देखिन्छ ।

तालिका १३ बत्ती बाल्नेको लागि प्रयोग हुने इन्धनको श्रोत

| **बत्ती बाल्न इन्धनको श्रोत** | **घरधुरी** | **प्रतिशत** |
|---|---|---|
| बिजुली | १८७४ | ७४.७५ |
| सोलार/सौर्यउर्जा | ५१८ | २०.६६ |
| मट्टीतेल | ६८ | २.७१ |
| बायोग्याँस | ० | ०.०० |
| अन्य | ४७ | १.८७ |
| **जम्मा** | **२५०७** | **१००.००** |

*श्रोतः राष्ट्रिय जनगणना, २०७८*

तालिका १४ घरधुरी अनुसार खाना पकाउने इन्धनको श्रोत

| **खाना पकाउने इन्धनको श्रोत** | **खाना पकाउने इन्धनको श्रोत** | **खाना पकाउने इन्धनको श्रोत** |
|---|---|---|
| काठ/दाउरा | २२८१ | ९०.९९ |
| एल.पी.ग्याँस | २१८ | ८.७० |
| बिजुली | २ | ०.०८ |

| | | |
|---|---|---|
| गुइँठा/गोरहा | १ | ०.०४ |
| बायोग्याँस | २ | ०.०८ |
| मट्टीतेल | ३ | ०.१२ |
| **जम्मा** | **२५०७** | **१००.००** |
| *श्रोतः राष्ट्रिय जनगणना, २०७८* | | |

### २.५.४ सूचना, सञ्चार तथा प्रविधि

वि. स. २०७८ को जनगणना अनुसार यस गाउँपालिकाका ३६.९ प्रतिशत घरपरिवारमा रेडियो रहेको देखिन्छ भने २९.४ प्रतिशत घरपरिवारमा टेलिभिजन रहेको देखिन्छ । त्यसैगरी ल्याण्डलाइन टेलिफोन प्रयोग गर्ने घरपरिवार १.८ प्रतिशत रहेको देखिन्छ । यस गाउँपालिकामा साधारण मोवाइल प्रयोग गर्ने घरपरिवार ८३ प्रतिशत रहेको छ भने स्मार्ट मोवाइल प्रयोग गर्ने घरपरिवार ५५.८ प्रतिशत रहेको छ । कम्प्यूटर तथा ल्याटप प्रयोग गर्ने घरपरिवार २.८ प्रतिशत रहेको छ भने इन्टरनेट प्रयोग गर्ने घरपरिवार १३.५ प्रतिशत रहेको छ । पालिकामा सूचना, संचार तथा प्रविधि विकासका क्षेत्रमा उल्लेख्य प्रगति हुन नसकेको भए पनि गाउँपालिका कार्यालयमा सूचना अधिकारीको व्यवस्था गरिएको छ भने पालिका र वडा कार्यालयमा निशुल्क इन्टरनेटको व्यवस्था गरिएको छ तर यो प्रभावकारी भने छैन ।

### २.५.५ सिंचाई

सभापोखरी गाउँपालिकाको खेतीयोग्य जमिनको उपयोगको विवरणलाई हेर्दा बर्षैभरी सिँचित हुने जमिन ४२३ हेक्टर (१६.४४ प्रतिशत), बर्षायाम मात्र सिँचित हुने जमिन ७९० हेक्टर (३०.७१ प्रतिशत) र असिँचित खेतीयोग्य जमिन १३५९ हेक्टर (५२.८३ प्रतिशत) रहेको छ ।

## २.६ वन, वातावरण तथा विपद व्यवस्थापनको अवस्था

### २.६.१ वन तथा जैविक विविधता

सभापोखरी गाउँपालिकामा सामुदायिक तथा निजि बन क्षेत्र रहेका छन् । जिल्ला बन कार्यालय, संखुवासभाका अनुसार गाउँपालिकामा जम्मा २८ वटा सामुदायिक बन रहेका छन् भने कुल बनको क्षेत्रफल १२१३९.०३ हेक्टर रहेको छ । चिलाउने, पात्ले, उत्तिस, शिरिष, लाम्पाते, चाँप, लौंठ सल्ला, लालीगुराँस, गोब्रे सल्ला लगायतका प्रमुख बनस्पतिहरु यस क्षेत्रका बनमा पाउने गरिन्छ ।
यस सभापोखरी गाउँपालिकामा प्रचुर मात्रामा जडिबुटी रहेको छ । चिराइतो, मजिठो, सतुवा, यार्सागुम्बा लगायतका जडिबुटिहरु गाउँपालिकामा उत्पादन हुने गरेको छ । यद्यपि, गाउँपालिकामा उत्पादित जडिबुटिको संकलन तथा निकासीको यथार्थ तथ्यांक प्राप्त हुन सकेन । त्यसकारण आगामी दिनमा गाउँपालिकामा उत्पादित जडिबुटिको व्यवस्थापनका ध्यान दिई सोहि अनुरुपका कार्यक्रमहरु तर्जुमा गर्नु जरुरी छ ।

| तालिका १५ वनको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स | हालका वडाहरू (साविक गाविस) | सामुदायिक वन | | लाभान्वित घरधुरी | वनको प्रकार र क्षेत्रफल (हे.) | | | जम्मा क्षेत्रफल (हे.) |
| | | संख्या | क्षेत्रफल (हे.) | | साल वन | कटुस चिलाउने वन | पतझड वन | |
| १ | वडा १ र २ (साविक धुपु) | ७ | ७६८.०३ | १,०११ | १७९.६८ | - | ६७९.६८ | ८५९.३६ |
| २ | वडा ३ र ४ (साविक बाह्रविसे) | ९ | २४६७.३३ | ९१५ | - | २०२०.३१ | २७१८.७५ | ४७३९.०६ |
| ३ | वडा ५ र ६ (साविक सभापोखरी) | १२ | १५३८.०७ | ८४१ | - | ३७७१०८६ | २७६८.७५ | ६५४०.६१ |
| | जम्मा | २८ | ४७७३.४३ | २७६७ | १७९.६८ | ५७९२.१७ | ६१६७.१८ | १२१३९.०३ |
| *श्रोतः सभापोखरी गाउँपालिकाको को वस्तुगत विवरण, २०७५* | | | | | | | | |

## २.६.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

सभापोखरी गाउँपालिकामा बिभिन्न प्रकारका महत्वपूर्ण वन्यजन्तु, तथा चराचुरुङ्गीहरु पाईन्छ । खासगरी बाघ, चितुवा, भालु, दुम्सी, बाँदर, स्याल, गोहारो, सालक, डाँफे, थार, घोरल, मृग, कालिज, लुईचे, रेडपाण्डा आदि वन्यजन्तु तथा चराचुरुङ्गीहरु पाईन्छ ।सभापोखरी गाउँपालिका भौगोलिक रुपमा बिबिधता भएको क्षेत्र भएको हुनाले यहाँ महत्वपूर्ण एवम् बहुमुल्य वनस्पतिहरु पाईन्छन्। गाउँपालिकामा यार्सागुम्बा, पाँचऔंले, सतुवा, बिखुमा, चिराईतो, बुकि फूल, सुनपाती, भैरुङपाती, अमला, अलैंची, रुद्राक्ष, मजिठो, चिराईतो, लोक्ता, अर्गेली, पाषणबेद, हङ्चुर, खोकिम, चिम्फिङ, लौठ सल्ला, झ्याउ, टिमुर, चाबो, चुत्रो, बोझो, भोजपत्र लगायतका बनस्पतिहरु पाईन्छन्।

सभापोखरी गाउँपालिकामा प्रचुर मात्रामा जलस्रोत रहेको छ । यहाँका खोलाहरुमा बाह्रै महिना निरन्तर रुपमा पानी बगिरहन्छ । गाउँपालिकाको प्रमुख जलाधारको रुपमा सभाखोला रहेको छ । यस बाहेक लङ्खुवा खोला, भोटी खोला, मङ्जुवा खोला, चिण्डे खोला, दिङ्ला खोला, संखोला, याक्सुवा खोला, पाङ्ठा खोला उप जलाधारको रुपमा रहेका छन्।गाउँपालिका क्षेत्र भित्र थुप्रै साना तथा ठुला पोखरीहरु रहेका छन्। प्रसिद्ध पोखरीहरु सभापोखरी, पाँच पोखरी, लाम पोखरी, बन्दुके पोखरी, बौलाहा पोखरी यसै गाउँपालिका क्षेत्र भित्र अवस्थित छन्।

## २.६.३ वातावरण व्यवस्थापन तथा स्वच्छता

सभापोखरी गाउँपालिकाको भु-धरातलीय स्थितिमा बिबिधता रहेको कारण यहाँको हावापानी तथा वनस्पतिमा अत्याधिक विविधता रहेको पाईन्छ। यस गाउँपालिकामा उपोष्ण वन, तल्लो समशीतोष्ण वन, माथिल्लो समशितोष्ण वन, लेकाली वन तथा टुण्ड्रा वन रहेको पाईन्छ । गाउँपालिकामा पाइने केही प्रमुख प्रजातिका वनहरुमा कटुस, चिलाउने वन, सल्ला वन तथा पतझड वन हुन्।यस गाउँपालिकाबाट चिराइतो, मजिठो, सतुवा, यार्सागुम्बा, लौठ सल्लाको पात, उत्तिस, टिमुर, चिम्फिङ, बोझो लगायतका वन पैदावरहरु निकासी हुने गरेको छ ।

यस गाउँपालिकामा फोहोरमैलातर्फ घर, आँगन, कार्यालयको फोहोरमैला विसर्जन गर्ने अभ्यास रहेको पाइन्छ । फोहोरको वर्गीकरण गरी सुरक्षित विसर्जन हुन सकिरहेको छैन र बजार क्षेत्रमा सतह ढलको व्यवस्था प्रभावकारी

हुन सकेको छैन । घरहरुमा खाना पकाउने ऊर्जाको रुपमा दाउरा वाल्ने अभ्यास कायम छ । घरहरुमा सुधारिएको चुल्हो जडान गर्ने अभ्यास रहेको छ । सार्वजनिक शौचालयको अवधारणालाई व्यवस्थित रुपमा सञ्चालन तथा निरन्तरता दिन सकेको छैन । गाउँपालिकामा डम्पिङ साइट निर्माण गर्ने योजना रहेको छ । वातावरण स्वच्छ राख्न लालिगुँरास, वेत, वाँस, अम्लिसो, चाँप आदि वृक्षारोपण हुने गरको छ ।

### २.६.४ विपद व्यवस्थापन

सभापोखरी गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७५ ले गाउँपालिकाका करिब २२ प्रतिसत परिवारले हावाहुरी/असिना सम्बन्धी प्राकृतिक प्रकोपको घटना भोगेको बताएका छन्। यसरी नै दोस्रो स्थानमा खडेरी, पहिरो र भुकम्प रहेका छन्। यो गाउँपालिकाको सबैतिर खोला नालाहरु रहेको र भिरालो जमिन भएका कारण खासगरी बर्षायाममा बाढी तथा पहिरोको जोखिम उच्च रहेको छ । असिना पर्नु, खडेरी पर्नु, आगलागीका घटना हुनु तथा चटयाङ् पर्नु यस क्षेत्रका अन्य प्राकृतिक विपद्का घटना हुन्। साथै यस गाउँपालिका जलश्रोतको रुपमा जति धनि छ, विपत र वातावरणीय जोखिमको हिसावले त्यति नै चुनौतिपूर्ण समेत रहेको हुँदा त्यसलाई नियन्त्रण र व्यवस्थापन गर्न आवश्यक पहल गरिने नीति गाउँपालिकाले लिएको छ ।
यस गाउँपालिकामा खाँदबारी बाट डके बजार हुँदै बाहबिसे बजार जोड्ने एक मात्र मुख्य सडक भएको र उक्त सडक समेत बर्षायाममा सञ्चालनमा नआउने भएकाले यहाँका मानिसहरुले जटिल स्वास्थ्य समस्या भएका समयमा आपत्कालीन यातायातका साधनहरुको प्रयोग गर्न पाएका छैनन्। हिउँदको समयमा पनि ट्याक्सी सेवा मात्र सञ्चालित हुने गरेको छ । हुन त बाहबिसे-वाना कच्ची सडक खण्ड भएतापनि यसको अवस्था पनि उस्तै नै रहेको छ । त्यसकारण गाउँपालिकाले पालिकाबासीहरुको सेवा तथा सुबिधालाई मध्यनजर गरी उक्त बाटोको स्तरोन्नति गरी १२ महिनै यातायात सञ्चालन गर्ने ब्यवस्था गर्न अति जरुरी देखिन्छ ।
गाउँपालिकामा जनघनत्व कम भएका कारण खुल्ला क्षेत्रको समस्या छैन । खासगरी सामुदायिक बिद्यालयका खेलमैदान तथा वडा नं. ६ को वडा कार्यालय अगाडि रहेको क्षेत्र, वडा नं. ३ गाउँपालिका कार्यालय फिल्ड लगायतका क्षेत्रलाई खुला क्षेत्रको रुपमा लिन सकिन्छ । प्राकृतिक विपद्को समयमा मानिसहरुलाई अस्थायी रुपमा ब्यवस्थापन गर्न यी क्षेत्रलाई उपयोग गर्न सकिन्छ ।

## २.७ सुशासन तथा संस्थागत व्यवस्था

### २.७.१ संगठनात्मक तथा मानव संसाधन

बि. सं. २०७२ सालमा जारी भएको नेपालको संबिधानको भाग १७ र १८ मा स्थानीय कार्यपालिका र स्थानिय ब्यवस्थापिकाको गठन हुने उल्लेख छ । प्रत्येक गाउँ कार्यपालिकामा एक जना गाउँ कार्यपालिका अध्यक्ष रहने उल्लेख छ । निजको अध्यक्षतामा गाउँ कार्यपालिका गठन हुने उल्लेख छ । उक्त गाउँ कार्यपालिकामा एक जना उपाध्यक्ष, प्रत्येक वडाबाट निर्वाचित वडा अध्यक्ष र संबिधानको धारा २१५ को उप धारा ४ बमोजिम निर्वाचित सदस्यहरु रहने ब्यवस्था छ ।यस सभापोखरी गाउँपालिकामा पनि एउटा गाउँ कार्यपालिका निर्माण भएको छ, जसमा देहाय बमोजिमका सदस्यहरु रहेका छन्:

१. गाउँपालिका अध्यक्ष १ जना

२. गाउँपालिका उपाध्यक्ष १ जना

३. वडा अध्यक्षहरु ६ जना

४. गाउँ सभाका सदस्यहरुले आफु मध्येबाट निर्बाचित गरेका ४ जना महिला सदस्य तथा दलित वा अल्पसंख्यक समुदायबाट गाउँ सभाले निर्बाचित गरेका २ जना सदस्य गरी जम्मा १४ जना

यसैगरी संबिधानको भाग १८ मा स्थानीय ब्यवस्थापिकाको परिकल्पना गरिएको छ । जस अनुसार प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहने उल्लेख छ । गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१५ को उपधारा ४ बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहने ब्यवस्था छ । यस सभापोखरी गाउँपालिकामा पनि एउटा गाउँ सभा निर्माण भएको छ, जसमा देहाय बमोजिमका सदस्यहरु रहेका छन्ः

१. गाउँपालिका अध्यक्ष १ जना

२.गाउँपालिका उपाध्यक्ष १ जना

३. वडा अध्यक्षहरु ६ जना

४. वडा सदस्यहरु १२ जना

५. महिला सदस्यहरु ६ जना

६. दलित महिला सदस्यहरु ६ जना

७. गाउँ कार्यपालिकाको दलित वा अल्पसंख्यक सदस्य २ जना गरी जम्मा ३४ जना

यस सभापोखरी गाउँपालिकामा प्रशासन शाखा, योजना शाखा, लेखा शाखा, कृषि तथा स्वास्थ्य शाखा, शिक्षा शाखा लगायतका शाखाहरु रहेका छन्। यी सबै शाखा सञ्चालनका लागि पर्याप्त मानव संसाधनको अभाव रहेको छ भने बिषयगत शाखाहरुका लागि भौतिक पूर्वाधारको निकै अभाव रहेको छ । यस गाउँपालिकामा प्रहरी चौकि, कृषि तथा पशु सेवा केन्द्र, इलाका हुलाक कार्यालय तथा इलाका बन कार्यालयहरु रहेका छन्। ती सरकारी कार्यालय तथा निकायहरुमा कार्यरत कर्मचारीहरुको विवरण यसप्रकार रहेको छ ।

### २.७.२ स्थानीय नीति, ऐन तथा सुशासन

सभापोखरी गाउँपालिकाले स्थानीय सरकार सञ्चालनका लागि बिभिन्न ऐन, नीति नियम, निर्देशिका तथा कार्यबिधिहरुको तर्जूमा गरेको छ । जो यस प्रकार छन्ः

१. कार्यक्रम सञ्चालन तथा ब्यवस्थापन कार्यबिधि, २०७४

२. उपभोक्ता समिति गठन, परिचालन तथा ब्यवस्थापन सम्बन्धी कार्यबिधि, २०७४

३. घ बर्गको निर्माण ब्यवसायी इजाजत पत्र सम्बन्धी ब्यवस्थापन सम्बन्धी कार्यबिधि, २०७४

४. कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका, २०७५

५. मर्मत संभार कोष सञ्चालन कार्यबिधि, २०७५

६. विपद ब्यवस्थापन कोष सञ्चालन तथा ब्यवस्थापन कार्यबिधि, २०७५

७. स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यबिधि, २०७५

८. सभापोखरी गाउँपालिकामा करारमा प्राबिधिक कर्मचारी ब्यवस्थापन गर्ने सम्बन्धी कार्यबिधि, २०७५

९. सभापोखरी गाउँपालिकाको प्रशासकिय कार्यबिधि नियमित गर्ने ऐन, २०७५

१०. सभापोखरी गाउँपालिकाको सहकारी ऐन, २०७५

११. सभापोखरी गाउँपालिकाको बिनियोजन ऐन, २०७५

१२. सभापोखरी गाउँपालिकाको आर्थिक ऐन, २०७५

### २.७.३ वित्तीय श्रोत परिचालन

गाउँपालिकामा स्थानीय सञ्चित कोष स्थापना भई सुत्रमा आधारित वित्तीय कारोवार सञ्चालन भएको छ । आ.व.२०८०/८१ को वार्षिक वजेट रु. ३६ करोड ६९ लाख ५४ हजार रहेको छ जसमध्ये आन्तिरक श्रोत

रु १ लाख १२ हजार, नेपाल सरकारबाट प्राप्त रू २३ करोड ७४ लाख, र प्रदेश सरकारबाट प्राप्त रू १७ लाख रहेको छ । लक्षित वर्गलाई बजेट व्यवस्था भएको छ । सार्वजनिक निजी साझेदारी अभ्यास सुरु भएको, लागत सहभगिता कार्यक्रम भएको, डिजिटल लेखा प्रणाली रहेको, राजश्वको निति कार्यक्रम कार्यन्वयन रहेको छ । राजश्वका श्रोतहरु व्यवसाय, जडिबुटि जिवजन्तु कर, सिफारिस सेवा शुल्क, वित्तिय संस्था समुह दर्ता शुल्क आदि रहेका छन् ।

# परिच्छेद ३: सोच तथा विकास अवधारणा

## ३.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँ/ नगर पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक र विषय क्षेत्रगत मध्यमकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । यसर्थ, आवधिक योजना समग्र विकास प्रक्रियालाई व्यवस्थित गर्ने दस्तावेज मात्र नभई स्थानीय तहहरूको एक कानुनी दायित्व समेत हो। यस परिवेशमा तयार गरिएको यस आवधिक योजनामा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई समेत समुचित मध्यनजर गरिएको हुँदा आवधिक विकास योजना सम्बन्धित गाउँपालिकाको सर्वोच्च योजना हो।

नेपाल सरकारको सोह्रौ योजना (आ.व. २०८१/८२-२०८५/८६)को सोच "**सुशासन, सामाजिक न्याय र समृद्धि**" तथा कोशी प्रदेश सरकारको दोस्रो आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६) "**सुशासित, खुसी, आर्थिक रूपले गतिशील र समुन्नत प्रदेश**" को दीर्घकालीन सोचलाई दृष्टिगत गर्दै सभापोखरी गाउँपालिकाले प्रथम आवधिक योजना (आ.व. २०८१/८२-२०८५/८६)को दीर्घकालीन सोचलाई पूर्णता दिने क्षमता राखेको खण्डमा मात्र सहकार्य, सहअस्तित्व र समन्वयको संवैधानिक अन्तरवस्तुको सम्वोधन हुन सक्छ। अर्को तर्फ नेपाललाई सन् २१०० सम्ममा उच्च आय भएको मुलुकको रुपमा रुपान्तरित गर्ने दीर्घकालिन सोच तथा संयुक्त राष्ट्र संघको दीगो विकास लक्ष्यलाई सम्वोधन गर्ने गरी गाउँपालिकाले आफ्नो सोच निर्धारण गर्नु पर्ने हुन्छ ।

## ३.२ समस्या र चुनौती

यस गाउँपालिकाको विगतका प्रयास र उपलब्धीहरु एवम् वस्तुस्थिति स्थिति तथा सहभागितात्मक छलफलबाट पहिचान गरिएका समस्या तथा चुनौतीहरुलाई बुँदागत रुपमा संक्षिप्तमा तल प्रस्तुत तथा विश्लेषण गरिएको छ ।

क) समग्र विकासलाई सम्बोधन गर्ने अनुकुल नीति नियमको अभाव तथा कार्यान्वयनमा कमजोरी

विकासको लागि अति आवश्यक भू-उपयोग लगायत दीर्घकालीन तथा रणनीतिक योजनाहरुलाई सफल कार्यान्वयन हुनुपर्दछ । गाउँपालिकाको भौतिक, भौगोलिक, सामाजिक, आर्थिक र साँस्कृतिक विशेषता अनुकुल नीति, नियम र योजनाको अभाव हुनुका साथै भएका नीति, नियम, व्यवस्था र योजनाहरु पनि कम व्यवहारिक र समय सापेक्ष नभएको कारण सफल कार्यान्वयनमा समस्या रहेको छ ।

ख) विकासको प्राथमिकता निर्धारण गर्न नसक्नु र श्रोत साधन उपलब्ध गराउन नसक्नु

यस क्षेत्रको विकासमा प्राथमिकता अनुसार श्रोत साधनहरुको व्यवस्था गर्न नसक्नु राज्य तथा स्थानीय सरकारको कमजोरीको रुपमा रहेको छ । साथै गाउँपालिकाको प्राथमिकता तथा समस्यालाई हेरी विकासका कार्यक्रमहरु लैजान नसक्नुले समग्र गाउँपालिकाको विकासमा समस्याहरु देखिएका छन् र यहाको चुनौती पनि यही नै रहेको छ ।

ग) बाह्य स्रोतमा अत्यधिक निर्भरता

गाउँपालिकाको आन्तिरक आयमा स्रोतहरु न्यून रहेको र संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, शसर्त अनुदान, विशेष अनुदान, अन्य अनुदान र बजेटबाट स्थानीय विकास निर्माणमा कार्यहरु गर्नुपर्ने अवस्था रहेकोले यस गाउँपालिका बाह्य स्रोतमा निर्भर रहेको छ । राजस्वको आन्तरिक श्रोतहरुको पहिचान गर्नको लागि गाउँपालिकाले राजस्व अभिवृद्धि गरी स्व-निर्भरतातिर उन्मुख हुन सकेको छैन । राजस्व सुधार कार्ययोजना अनुसार पालिकाको राजस्व सङ्कलनमा वृद्धि गर्न सकिन्छ ।

घ) अपर्याप्त सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास

यस गाउँपालिकामा विद्यमान सडकहरुको स्तरोन्नति कार्य सीमित आयको कारण अपेक्षाकृत रुपमा अगाडी बढिरहेको अवस्था हुन नसक्छ । स्वास्थ्य चौकीहरु व्यवस्थित गर्नुका साथै तीव्र रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक देखिन्छ भने शिक्षण संस्थाहरुमा थप कक्षा कोठा, ल्याब र छात्रावास निर्माण, घेराबार, खेलमैदानहरु व्यवस्थित गर्न जरुरी देखिन्छ । गाउँपालिकामा उपलब्ध सेवा पनि नियमित, गुणस्तरीय र भरपर्दो हुन जरुरी छ । शिक्षामा गुणस्तरीयता, व्यवहारिक तथा रोजगार उन्मुख बनाउने नीति तथा रणनीति आवश्यक छ । खानेपानी, सरसफाइ, सिंचाई तथा अन्य पूर्वाधार अपर्याप्त रहेको छ । आर्थिक विकासतर्फ हाटबजार व्यवस्थापन, कृषि उपज सङ्कलन केन्द्र, शित भण्डार निर्माण, पर्यटकीय पूर्वाधारहरुको विकास अपेक्षिकृत हुन सकेको छैन ।

ङ) आन्तरिक रोजगारी सिर्जना गर्न नसक्नु तथा युवा शक्ति पलायन हुनु

गाउँपालिकामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास कार्यक्रमहरुको अपर्याप्तता, परिणाममुखी तथा प्रभावकारिताको कमीको कारण गाउँपालिकामा आर्थिक तथा सामाजिक विकासको गति अपेक्षाकृत हुन सकेको देखिंदैन । गाउँपालिकाको सम्भावनालाई रोजगारी सिर्जना गर्ने कुनै पनि नीति नियम बन्न सकेको छैन । फलस्वरुप उत्पादनशिल श्रमशक्ति विशेष गरी युवाशक्ति विदेश तथा शहर पलायन भइरहेका छन् । यसैगरी लैङ्गिक, वर्गीय, जातीय तथा क्षेत्रीय असमानता पनि विद्यमान छ । आम नागरिक विशेष गरी लक्षित वर्गको पहुँच र अवसरमा कमी र शक्तिकेन्द्र केन्द्रित शासनको परिणाम स्वरुप असमानतामा कमी आउन सकेको छैन। गाउँपालिकाको रणनीतिक योजना र कार्यक्रमको कमीका कारण रोजगारीको अवसरमा पनि स्थानीयवासीको पहुँचमा सन्तोषजनक रहेको देखिंदैन । जस अनुसार गाउँपालिकाको समग्र विकासमा समय सापेक्ष रुपमा सुधार तीव्र नभएको देखिन्छ ।

च) सेवा सुविधामा अपर्याप्त पहुँच र उपलब्धता

सभापोखरी गाउँपालिकाको भौगोलिक अवस्थिति, सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारहरुको अपर्याप्त उपलब्धता, संस्थागत विकास, श्रोत परिचालन र सुशासन अभिवृद्धिमा कमीका कारण विकास कार्यहरु परिणाममुखी र प्रभावकारी हुन सकेका छैनन् । फलस्वरूप आधारभूत सेवा तथा सुविधाहरुमा लक्षित वर्ग, क्षेत्र र समुदायका मानिसहरुको पहुँच पुग्न सकेको छैन ।

ज) भू-बनोट तथा छरिएर रहेका वस्तीहरु

गाउँपालिकाको भौगोलिक अवस्थिति तथा बनावटका कारण बजार क्षेत्रमा बाहेक गाउँपालिकाका धेरैजसो वस्तीहरु छरिएर रहेका छन् । परिणामस्वरुप उक्त वस्तीहरुका सेवा तथा सुविधाको प्रवाह कठिन रहेको छ र सेवा विस्तारका कार्यहरुमा लागत मूल्य अत्याधिक रहेको छ । तसर्थ छरिएर रहेका वस्तीहरुलाई एकत्रित गरी एकीकृत वस्ती विकासको योजना सहित विकास तथा सेवा प्रवाहका कार्यका लागि व्यवहारिक नीति, योजना, कार्यक्रमको अभाव रहेको छ ।

## ३.३ विद्यमान अवस्था तथा समस्या विश्लेषण

गाउँपालिकाको विद्यमान वस्तुस्थितिको विश्लेषण, स्थलगत सर्वेक्षण, विभिन्न सूचना सम्वाहकहरुसँगको अन्तरक्रिया र सरोकारवालहरुसँगको छलफलहरुबाट यस गाउँपालिकाको **सवल पक्ष र कमजोर पक्ष** तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| सवल पक्ष | कमजोर पक्ष |
|---|---|
| • दक्ष जनशक्तिको उपलब्धता हुनु<br>• एकसाभेटर, जेसिभी र ट्याक्टर जस्ता साधनहरु पालिका सित हुनु | • जनशक्ति परिचालन, क्षमता विकास निरन्तर नहुनु<br>• पूर्वाधार निर्माण साधन संचालन खर्च बढ्दो रहेको |

| | |
|---|---|
| • पूर्वाधारका डि.पि.आर.हरू तयार हुनु<br>यातायातका साधनहरु उपलब्ध हुनु (एम्वुलेन्स, मोटरसाईकल गाडी कृषि एम्बुलेन्स)<br>• पालिका केन्द्र देखि वडा सम्म ट्र्याक ओपन सम्पन्न भएको<br>• सुकुम्वासी व्यावस्थापनका लागी पहिचान भएको<br>• खानेपानीको मुहान प्रयाप्तता र साझेदारी हुनु<br>• ५ शैया आधारभूत अस्पताल निर्माणाधिन रहेको<br>• २ वटा माध्यामिक विद्यालय, २ वटा प्रस्तावित मा.वि., १ वटा प्राविधिक (पशु) धार विद्यालय, १ वटा कलेज संचालनमा रहेको<br>• सबै वडामा वडा कार्यालय भवन निर्माण सम्पन्न भएको<br>• जलसम्पदा (सभाखोला र लंखुवा खोला) लगाएतका रहेको<br>• पर्यटकीय धार्मिक स्थल (सभापोखरी, वन्दुके, त्रिवेणी, मच्छिन्द्रनाथ, धर्मदेवी आदि) रहेको<br>• निर्माणाधिन ३ र चालु १ हाइड्रोपावर र सम्भाव्यता अध्यन भईरहेको ४ वटा हाइड्रोपावर रहेको<br>• कृषि उर्वर भुमी हुनु<br>• कृषिमा पर्याप्त लगानी हुनु (नगदेवाली - अलैंची, सुन्तला, कफी, कागती, लिची, ओखर)<br>• विउपुँजीमा लगानी हुनु<br>• चरिचरन क्षेत्र रहेको (वन जंगल), पकेट क्षेत्र तयार भएको<br>• कृषि सम्बन्धी स्थानीय तहवीच समन्वय र सहकार्यको सुरुवात भएको<br>• कृषि सम्बन्धी सीप तालिम, उपकरण सहयोग भएको<br>• विपद व्यवस्थापन कोष र नीतिगत व्यवस्थापन रहेको<br>• मेलमिलाप कर्ता उत्पादन भएको, सूचिकृत भएको र केन्द्र संचालनको तयारी भएको | • डि.पि.आर. कार्यान्वयन गर्न बजेट श्रोत न्यून हुँदा कार्यानयनमा कठिनाई हुनु<br>• यातायातका साधनलाई उद्देश्य मूलक तवरले संचालन गर्न नसक्नु<br>• सडक स्तनरोन्नती र कालोपत्रे गर्न बजेट अपुग हुने<br>• आवास तथा जमिन व्यवस्थापन गर्न नसक्नु<br>• खानेपानी आयोजनामा पर्याप्त बजेट व्यवस्थापन गर्न नसक्नु<br>• प्राविधिक कर्मचारी (विशेषज्ञ) नहुनु दरबन्दी तथा अस्पताल संचालन सामाग्री/उपकरण नरहेको<br>• विद्यार्थी संख्या र शिक्षक अनुपात शिक्षक दरवन्दी अपुग हुनु<br>• २ प्रस्तावित मा.वि., १ कलेज र १ प्राविधक धार विद्याल संचालनमा आर्थिक व्यवस्थापन कठिनाई हुनु<br>• जलसम्पदाको पूर्ण सदुपयोग (कृषि र खानेपानी आर्योपार्जन) हुन नसक्नु<br>• संरक्षण, प्रचार, प्रसार र मर्मत संभार, पर्यटक सुरक्षा, वासस्थान भौगोलिक विकटता रहनु<br>• हाइड्रोपावरबाट पालिका, र स्थानीय जनतालाई प्रत्यक्ष लाभ दिलाउन नसक्नु<br>• कृषि भूमीको पूर्ण सदुपयोग नहुनु<br>• कृषकमा धैर्यता नहुनु<br>• कृषकमा आत्मविश्वासको कमी हुनु<br>• उत्पादित कृषिजन्य वस्तुको भण्डारणको समस्या हुनु<br>• वाह्य कृषिजन्य आयातलाई प्रतिस्थापन गराउन कठिनाई हुनु<br>• पूर्ण रूपमा व्यावसायिक उत्पादक वनाउन नसक्नु<br>• आगलागी नियन्त्रण, भुक्षय, बाढी, पहिरो, रोग व्यादी हुनु<br>• आर्थिक व्यवस्थापन र कार्यान्वयन चुनौती रहेको<br>• उपलब्ध प्राकृतिक स्रोत साधनलाई व्यवसायिक बनाउनु<br>• कृषि सम्बन्धी सहयोगलाई निरन्तरता दिलाई आय आर्जन वृद्धि गराउनु<br>• विपद कोषको बजेट वडागत वाँडफाँड गरी उद्देश्य विपरित खर्च हुनु<br>• वडा मेलमिलाप केन्द्र व्यवस्थापन गर्न नसक्नु<br>• मेलमिलाप कर्ता परिचालन गर्न नसक्नु<br>• मेलमिलाप कर्ताको सेवा सुविधा बजेट नहुनु<br>• सरोकारवालाको चासो र अपनत्वमा कमी हुनु |

| | |
|---|---|
| • सुशासन र सार्वजनिक सेवा, छरितो र प्रभावकारी गर्ने हुटहुटी रहेको | • आइ.सि.टि. को प्रयोग कम हुनु, ई-हाजिरी र वेवसाइटको प्रयोग कम हुनु<br>• दस्तावेज र प्रतिवेदन निर्माण नहुनु |

माथिका कमजोर पक्षलाई सुधार्न तल उल्लेखित कार्यक्रमहरू गर्दै लैजाने गाउँपालिकाले तय गरेको छ ।

- क्षमता विकासमा लगानी गर्ने
- उपकरण सहितको जनशक्ति उत्पादनमा जोड दिने
- संचालित कार्यक्रमहरू पूर्ण गर्न संघ, प्रदेश निजी क्षेत्र सरोकार निकाय सित समन्वयन गरी बजेटको व्यवस्था गर्ने
- संचालन कार्यविधी तयार गर्ने
- पूर्वाधारको पूर्ण प्रयोग गर्ने
- निर्देशिका कार्यविधी तयार गरी राजश्व वृद्धि हुने गरी संचालन गर्ने
- कार्यक्रम तथा आयोजनाहरूको क्रमश प्राथमिकीकरण गरी बजेट विनियोजन गर्ने
- कार्यक्रम तथा आयोजनाहरूमा जनसहभागिता अभिवृद्धि गर्ने
- वस्ती विकासका निमित्त जमिनको खोजी गरी व्यवस्थापन गर्ने
- खानेपानी अन्तर्गत आयोजना निरन्तरता गरी एक घर एक धारा निर्माण गर्ने
- आधारभूत अस्पताल संचालनका लागि आवश्यक पूर्वाधारका लागि संघ प्रदेशलाई अनुरोध गर्ने, अस्पताल सम्पन्न गरी सुचारू गर्ने
- विशेषज्ञ चिकित्सकको दरवन्दी कायम गर्ने
- विद्यालयमा विद्यार्थी अनुसार शिक्षक दरवन्दी मिलाउन शिक्षा मन्त्रालय र विभागमा अनुरोध गर्ने
- प्रस्तावित माध्यामि विद्यालयलाई सम्बन्धित निकायमा स्वीकृतीका लागि पहल गर्ने
- प्राविधिक धार विद्यालय र कलेजको स्वामित्वका लागि सम्बन्धित निकायले व्यहोर्ने गरी माग गर्ने
- आवाशिय छात्रावास निर्माण गर्ने
- सिंचाईको आयोजना तय गरी उत्पादकत्व वृद्धि गर्ने
- वृहत खानेपानी आयोजना एक घर एक धारा निर्माण गर्ने
- निजी क्षेत्र र समुदायलाई संलग्न गराई आयआर्जन हुने क्रियाकलाप निर्माण गर्ने
- स्थानीय कार्यविधी निर्माण गरी सामाजिक उत्तरदायित्वको बजेट एकद्वार प्रणाली मार्फत खर्च गर्ने
- हाइड्रोपावर मार्फत स्थानीय सरकार र समुदायलाई शेयर उपलब्ध गर्ने
- व्यावसायिक कृषि उत्पादनमा लगानी बढाउने
- किसानलाई नियमित सीपमुलक तालिम दिने उपकरण सहयोग गर्ने
- कृषकलाई प्रोत्साहन दिने क्रियाकलाप संचालन गर्ने, कृषि विमा कार्यक्रम संचालन गर्ने
- जनचेतनामूलक क्रियाकलाप मार्फत आगलागी नियन्तण गर्ने, स्थानीय समुदायलाई परिचालन गर्ने, उपकरण उपलब्ध गराउने, सुरक्षासँग समन्वय गर्ने
- छिमेकी स्थानीय बीच नियमित संयुक्त बैठक गर्ने
- व्यावसायिक कृषि योजना निर्माण गर्ने
- उत्पादनलाई बजारीकरणमा सहयोग गर्ने

## ३.४ सोच, लक्ष्य र उद्देश्य

### ३.४.१ सोच

दीर्घकालीन सोचलाई गाउँपालिकाको दीर्घकालीन आदर्शको रूपमा लिन सकिन्छ। यो सोचले वर्तमान अवस्थाबाट एक निश्चित भविष्यमा पुग्ने लक्ष्य निर्धारण गर्दछ। यसको लागि, गाउँपालिकामा उपलब्ध स्रोत, साधन, र सम्भावनाहरूको प्रभावकारी उपयोग गर्दै प्रमुख समस्याहरू र चुनौतीहरूको सामना गर्न तयार पार्नु आवश्यक छ। यद्यपि दीर्घकालीन सोचलाई केवल आवधिक योजनाबाटै प्राप्त गर्न सकिँदैन, आवधिक योजनाहरूले यसलाई अघि बढाउन महत्वपूर्ण भूमिका खेल्छन्।

समग्र राष्ट्र र सम्बन्धित प्रदेशको दीर्घकालीन सोच तब मात्र पूरा हुन सक्दछ जब स्थानीय तहले त्यसका योजनाका उद्देश्य र लक्ष्यमा सहयोग पुयाउँदछ । त्यसैले सभापोखरी गाउँपालिकाको योजना तर्जुमा गर्दा केन्द्रिय सरकारले तर्जुमा गरेको राष्ट्रिय दीर्घकालीन सोच, त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीति आदिलाई पनि ध्यान दिईएको छ । त्यस्तै गरी कोशी प्रदेशको दीर्घकालीन सोच, अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीतिलाई पनि आधार मानिएको छ । त्यसैले गाउँ कार्यपालिकको सम्भावना तथा अग्रणी क्षेत्रको आधारमा दीर्घकालीन सोच तय गरिएको छ । आगामी २० वर्षको अवधिको लागि सभापोखरी गाउँपालिकाको समग्र दिगो आर्थिक विकास र समृद्ध गाउँपालिका विकासको लागि दीर्घकालीन सोच निर्धारण गर्न गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, प्रमुख प्रशासकिय अधिकृत, विषयगत उप- समितिका सदस्यहरु लगायत सरोकारवालाहरु र परामर्शदाताका विज्ञ टोलीको उपस्थितिमा मिति २०८१ साल वैशाख २४ र २५ मा छलफल कार्यक्रमको आयोजना गरी गाउँपालिकाको निम्न दीर्घकालीन सोच निर्धारण गरिएको थियो ।

**"कृषि, पर्यटन, वन, खानी र पानीको सागर; समृद्ध सभापोखरीको दिगो आधार"**

सभापोखरी गाउँपालिकाको अधिकांश लगानी भौतिक र सामाजिक पूर्वाधार विकास तथा कृषिको विकास र रोजगार प्रवर्द्धनमा नै केन्द्रित भईरहेको छ । सडक तथा पुल निर्माण, विद्यालय तथा स्वास्थ्य चौकीहरुको भौतिक संरचना निर्माण र मर्मत सम्भार, गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षामा जोड दिई स्थानीयवासीको रोजगारी बढाउने लक्ष्य गाउँपालिकाले लिएको छ । त्यस्तै यो गाउँपालिका कृषि उत्पादनमा अत्यन्तै सम्भावना रहेको छ । यहाँको हावापानी कृषिमा उद्यमशिलता र व्यवसायिकरण प्रमुख सम्भावना रहेको हुँदा कृषि क्षेत्रको विकासबाट गाउँपालिकाको पहिचान र सम्वृद्धिको आधार बन्न सक्दछ । यसको लागि व्यवसायिक कृषिलाई प्रवर्द्धन गरी उन्नत बीउ बिजन, मल, औजार तथा सामाग्रीहरुको व्यवस्था गर्न सकिन्छ । त्यस्तै गरी यस गाउँपालिका भित्र विभिन्न स्थानमा भएका पर्यटकीय क्षेत्रहरुको विकास गर्न सकिएमा पर्यटनबाट पनि रोजगारी वृद्धि गर्न सकिन्छ । सम्वृद्धिलाई डोर्याउने सबैभन्दा महत्वपूर्ण विषय भनेको पूर्वाधार नै हो । गाउँपालिकाका सबै वडा र टोलहरुसम्म बाह्रै महिना आवागमन हुन सञ्चालन सडक यातायातले गाउँपालिकाको विकासमा महत्वपूर्ण भूमिका खेल्ने हुँदा गाउँपालिकाको दीर्घकालीन सोचमा पूर्वाधार विकासलाई जोड दिएको छ ।

विपद् जोखिम नक्साङ्कन कार्य, विपद् व्यवस्थापन कार्ययोजना, सिंचाई पूर्वाधार, खानेपानी तथा सरसफाइ अन्तर्गत १ घर १ धारा तथा १ घर १ शौचालयको व्यवस्था गराउनु जरुरी छ । गाउँपालिकामा सुरक्षित भवन तथा आवास (एकीकृत वस्ती विकास योजना), पुल पुलेसा, आधुनिक सञ्चार (कम्प्युटर, इन्टरनेट, टेलिफोन, मोबाईल) सुविधा उपलब्ध गर्नुपर्ने छ । यी सबै कार्य गाउँपालिकामा उपलब्ध स्रोत साधनबाट मात्र सम्भव नहुने हुँदा गाउँपालिकाको विकासमा कसरी सार्वजनिक तथा निजी लगानीलाई आकर्षण गर्ने सोको लागि ठोस पहल गरी पूर्वाधार निर्माण गर्नुपर्ने अर्को चुनौतीको रुपमा रहेको छ । गाउँपालिकामा बसोवास गर्ने सामाजिक तथा आर्थिक रुपमा तुलनात्मक रुपमा पछि परेका जनजाति तथा अल्पसङ्ख्यक समुदायको समग्र विकासमा कसरी प्रभावकारी कार्यक्रम तथा योजनाहरु ल्याउन तथा गाउँपालिकाका महिला तथा आश्रित समूहलाई विकासको मूलप्रवाहमा

राखी समग्र सामाजिक, साँस्कृतिक र आर्थिक विकास प्राप्तिमा केन्द्रित गर्न प्रतिवद्ध हुनु गाउँपालिकाको दीर्घकालीन सोच रहेको छ ।

दीर्घकालीन सोचले समेटेका क्षेत्रहरु

दीर्घकालीन सोचले समेटेका क्षेत्रहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

| कृषि | पर्यटन | पूर्वाधार विकास |
|---|---|---|
| • व्यवसायिक कृषि तथा पशुपालन<br>• पकेट क्षेत्र विकास<br>• कृषि उपज सङ्कलन केन्द्र तथा शित भण्डार<br>• उच्च उत्पादकत्व<br>• सहज बजार पहुँच र उचित मूल्य<br>• कृषि सामाग्री, मल, बीउ विजन, प्रविधि, तालिम र सहज ऋणको व्यवस्था | • पर्यटन गुरुयोजना कार्यान्वयन<br>• पर्यापर्यटन<br>• पर्यटन पूर्वाधार विकास<br>• पर्यटकीय क्षेत्रको डिपिआर<br>• नीजि क्षेत्रलाई लगानीको लागि आकर्षित गर्ने<br>• तालिम र क्षमता अभिवृद्धि | • सडक तथा यातायात<br>• शिक्षा तथा स्वास्थ्य पूर्वाधार विकास र स्तरोन्नति<br>• खानेपानी र सिंचाई पूर्वाधार विकास<br>• बसपार्क तथा हाटबजार पूर्वाधार निर्माण<br>• उर्जा तथा सञ्चार |

### ३.४.२ लक्ष्य

सभापोखरी गाउँपालिकाको समग्र विकासका लागि कृषिको आधुनिकिकरण गर्दै आर्थिक एवम् सामाजिक स्तरमा वृद्धि, वन, वातावरण एवम् दिगो पूर्वाधारहरुको विकास, स्वाबलम्बी एवम् आत्मनिर्भर नागरिक तयार गरी सभ्य, सुसंस्कृत, सुशासनयुक्त समाजको निर्माण गर्ने मुख्य लक्ष्य निर्धारण गरिएको छ । यस योजनाको लक्ष्य प्राप्तिका लागि निम्न बमोजिम प्राथमिकताहरु रहेका छन् ।

१. गाउँपालिकालाई कृषि र प्राकृतिक स्रोत साधन युक्त क्षेत्रको रुपमा विकास गर्ने ।
२. गाउँपालिकाको पर्यटकीय क्षेत्रहरुको विकास तथा प्रवर्द्धन गर्ने ।
३. गाउँपालिकामा सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको विकास गर्ने ।
४. गाउँपालिकाको विद्यमान स्रोत, साधन र सम्पदाको प्रयोग गरी समृद्ध बनाउने ।

### ३.४.३ उद्देश्य

गाउँपालिकाको सबै क्षेत्र र पक्षको यथार्थ वस्तुस्थिति विश्लेषण गरी दीर्घकालीन रुपमा गाउँपालिकालाई कस्तो स्थानीय तहको रुपमा विकास गर्ने र आगामी पाँच वर्षको गाउँपालिकाको विकास योजना तर्जुमा गर्ने मूल उद्देश्य रहेको यस आवधिक योजनाको अन्य विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेका छन्:

१. गाउँपालिकालाई आर्थिक तथा सामाजिक विकास तर्फ अग्रसर गराउनु ।
२. वातावरण मंत्री दिगो भौतिक पूर्वाधारहरुको विकास गर्नु ।
३. प्राकृतिक स्रोत र साधनहरुको दिगो उपयोग गर्नु ।
४. संस्थागत सुशासन कायम भई प्रभावकारी सेवा प्रवाह गर्नु ।

## ३.५ रणनीति तथा प्राथमिकता

यस आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्नेको लागि निम्न बमोजिमका रणनीति र कार्यनीतिहरु प्रस्ताव गरिएको छः

विकास रणनीतिहरु

- प्राकृतिक श्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरुको अत्यधिक उपयोग गर्ने ।
- आकर्षक पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धनका साथै उद्यम, व्यापार तथा व्यवसायको विकास गर्ने
- सामाजिक विकासका सूचकहरुमा सुधार गर्ने ।
- सामाजिक सुरक्षा तथा समावेशीतालाई सुनिश्चित गर्ने ।
- यातायात, जलश्रोत, सञ्चार तथा वस्ती विकास लगायत पूर्वाधार विकास गर्ने ।
- वन, वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद् जोखिम न्यूनिकरणबाट विकास र वातावरण बीच सन्तुलन कायम गर्ने ।
- वातावरण संरक्षण सम्बन्धी प्रष्ट नीति ल्याउने ।
- विकास कार्यको प्रभावकारिता र सेवा प्रवाह सदृढ गरी सुशासन अभिवृद्धि गर्ने ।
- मानवपूँजी निर्माण र सशक्तिकरण गर्न गाउँपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराउने ।
- गरिबी न्यूनीकरण कार्यक्रममा लगानी वृद्धि गरी नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।
- लक्षित समूहलाई लक्षित गरेका कार्यक्रमहरुमा गाउँपालिकाले अनुदान बढाउँदै जाने ।
- गाउँपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत सहभागिता र संलग्नता बढाउँदै जाने ।
- विशेष लगानीका क्षेत्रहरुको पहिचान गर्दै गाउँपालिकाको दीर्घकालीन योजनामा समावेश गर्ने
- निजी क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक निजी साझेदारीको सिद्धान्त अनुरुप विकास कार्य सञ्चालन गर्ने ।
- गरिबी न्यूनीकरण

प्राथमिकताका क्षेत्रहरु

गाउँपालिकाको विकासको लागि देहाय बमोजिमका प्राथमिकताका क्षेत्रहरु निर्धारण गरिएको छ;

**क) पूर्वाधारको विकास तथा विस्तार**

गाउँ कार्यपाललिकाको समग्र विकास गर्न आवश्यक पूर्वाधारहरुको योजनावद्ध विकास र विस्तार गर्नुपर्ने देखिन्छ । पूर्वाधारको विकास गर्दा उपलब्ध सीमित स्रोत र साधनलाई उच्चतम प्रयोग गर्नुपर्ने र स्थानीय स्रोत साधनको प्रभावकारी रुपमा परिचालन गर्नुपर्ने देखिन्छ । उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्दै भू-उपयोगको अवधारणालाई सफलतापूर्वक कार्यान्वयन गरी आवधिक योजनाले पहिचान गरेका पूर्वाधारहरुको क्रमश विकास गर्न सकेको खण्डमा भविष्यमा यस गाउँपालिकाको व्यवस्थित र योजनावद्ध विकासको सपनालाई साकार पार्न सकिन्छ ।

**ख) सु-शासनद्वारा सेवा प्रवाहमा सुधार**

विकासको प्रतिफल प्रत्येक जनतालाई समानुपातिक तथा प्रजातान्त्रिक हिसाबले प्राप्त गर्ने वातावरण तयारीको लागि जनतालाई गरिने सेवा प्रवाहमा सु-शासन कार्य गर्नु गराउनु राज्यको दायित्व हो । राज्यको स्थानीय नेतृत्व समेतको भूमिका निर्वाह गरेको गाउँपालिकाले सेवा प्रवाहमा सुधार गरी जनतालाई सु- शासनको प्रत्याभूति गराउनु परेको छ । यसको लागि गाउँपालिकाले आफ्नो प्रशासनलाई सवलीकरण गरी सबै जनतालाई सेवा प्रवाह गर्नमा समेत ध्यान दिनु पर्दछ । सेवा सुविधा चुस्त र दुरुस्त बनाउनको लागि यस योजनाले प्रस्ताव गरेको संस्थागत विकास योजनालाई समेत ध्यान दिनुपर्ने देखिन्छ ।

**ग) समावेशी तथ लक्षित समूहको विकास**

एक्काईसौ शताब्दीमा महिलाहरुलाई विकासको मुल प्रवाहमा ल्याउनुपर्छ भन्ने विश्वव्यापी अवधारणा तथा महिला प्रतिको विभेद् अन्त्य गर्न समेत गाउँपालिकाको लक्ष्यलाई शिरमा राखी पूर्वाधार विकास निर्माणमा योजना तथा

कार्यान्वयनमा समेत महिला सशक्तिकरण र लैङ्गिक समानताको पक्षलाई बढी भन्दा बढी प्रयोग गर्नु पर्दछ । यस किसिमको अवधारणालाई व्यवहारमा ल्याई मूर्त रुप समेत दिनुपर्ने देखिन्छ । यसको लागि महिला वर्गको लक्षित कार्यक्रमहरुलाई गाउँपालिकाले प्राथमिकताका साथ अवलम्बन गर्नुपर्ने देखिन्छ । योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा महिलाहरुलाई सक्रिय सहभागिता गराउन सकेमा महिला सशक्तिकरण हुन पुग्दछ । सामाजबाट बञ्चित भएको कारणले समाजमा अझै पनि उत्पीडित, दलित, आदिवासी र जनजातिहरुले जीवन यापनमा कठिनाई भोग्नुपर्ने बाध्यतात्मक परिस्थिति बनेको छ । यस आवधिक योजनाले पनि सोही सिद्वान्तलाई आत्मसाथ गर्दै उत्पीडित, दलित, जनजातिको उत्थानको लागि विभिन्न कार्यक्रमहरु समावेश गरेको छ ।

**घ) सामाजिक परिचालन र सहकारिताको विकास**

समाजको सर्वपक्षीय विकासको लागि नागरिकको आर्थिक तथा सामाजिक क्षेत्रको समेत विकास हुनुपर्ने र यसका लागि सामाजिक परिचालन र विकास कार्यमा सहकारिताको स्पष्ट अवधारणा अपनाई कार्य गर्नुपर्ने देखिन्छ । यसको लागि समाजका हरेक वर्ग र समुदायलाई परिचालन गरी विकास कार्यलाई प्रभावकारी रुपमा अगाडी बढाउन सकिन्छ । त्यसकारण सामाजिक परिचालन र सहकारिताको योजना निर्माणमा महत्वपूर्ण स्थान रहेको हुन्छ। योजना तर्जुमा देखि कार्यान्वयनको तहसम्म सामाजिक परिचालनको अवस्था उल्लेखनीय रुपमा वृद्धि हुनेछ ।

**(ङ) पर्यटन प्रवर्द्धन तथा धार्मिक, ऐतिहासिक र विविध साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकास**

गाउँपालिकामा पर्यटन विकासका साथै स्थानीय जातजाति र पिछडिएका वर्गहरुको बसोबास रहेकोले उनिहरुको कला, संस्कृति, धर्म लगायत गाउँपालिकामा भएका धार्मिक, पुरातात्विक, ऐतिहासिक तथा विविध साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकास गर्नु जरुरी छ । कुनै पनि योजनाले त्यस क्षेत्रको धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरुको संरक्षण गर्नुमा जोड दिनुपर्ने हुन्छ । यस आवधिक योजनाले पर्यटन प्रवर्द्धन, ऐतिहासिक र साँस्कृतिक सम्पदाहरुको संरक्षण र विकासलाई समेत प्राथमिकतामा राखेको छ ।

**च) कर्मचारी तथा पदाधिकारीको क्षमता अभिवृद्धि**

संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय निकायलाई बढी सक्षम बनाउने र विकासको प्रतिफल आम जनतालाई प्रदान गर्ने हिसाबले विभिन्न विषयगत तालिमहरु प्रदान गर्ने, अनलाईन सफ्टवेयर तालिम, आन्तरिक आय वृद्धि गरी विकास कार्यक्रममा खर्च गर्न सकिएमा स्थानीय निकायको क्षमता अभिवृद्धि हुने निश्चित छ ।

**छ) प्रभावकारी अनुगमन र मूल्याङकन**

योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन सहभागितामूलक अनुगमन र मूल्याङ्कन प्रणालीको विशिष्ट योगदान रहन्छ । जनताको लागि गरिने विकास निर्माण जस्ता कार्यको कार्यान्वयनमा गाउँपालिकाको मात्र अनुगमन पर्याप्त नहुने भएकोले सरोकारवालाहरु समेतको सहभागितामा अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गर्नु पर्दछ । यसको लागि समुदायका हरेक वर्गबाट र संस्थाहरुबाट प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने हुन्छ। यसो हुन सकेमा कार्य योजनाहरुले स्थायित्व पाउनुका साथै प्रभावकारी रुपमा यसको प्रभाव समुदायमा पर्ने गर्दछ । नियमित अनुगमन, योजनाहरुको कार्यान्वयन मूल्याङ्कनको लागि गाउँपालिका स्थित सरोकारवाला निकायहरुलाई परिचालन गरिनु पर्दछ ।

# ३.६ गाउँपालिकाको गौरवका आयोजनाहरू

| गौरवका आयोजनाहरू | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | वाह्रकिसे डुके खाँदबारी सडक कालोपत्रे | ६०२१ | ३०० | ४०० | ५०० | ५०० | ५०० | | संघ,प्रदेश |
| २ | प्रशासकीयभवन निर्माण | ८८४ | ४०० | ४०० | ८४ | | | | संघ,स्थानीय तह |
| ३ | सभाखोलामोटरेवल पुल | १५०० | १०० | २०० | २०० | २०० | २०० | | संघ,प्रदेश |
| ४ | आवासीय तथा नमुना विद्यालय सञ्चालन (त्रिवेणी माध्यामिक विद्यालय) | ३०० | | १५० | १५० | | | | संघ,प्रदेश |
| ५ | आवासीय तथा नमुना विद्यालय सञ्चालन (जनज्योति माध्यामिक विद्यालय) | ३०० | | | १५० | १५० | | | संघ,प्रदेश |
| ६ | सभापोखरी धार्मिक पर्यटकीय स्थल निर्माण | २५० | १०० | १०० | ५० | | | | संघ,प्रदेश,स्थानीय तह |
| ७ | त्रिवेणीधाम र सिलसिले पार्क पर्यटन विकास योजना । | २५० | १०० | १०० | ५० | | | | संघ,प्रदेश,स्थानीय तह |
| ८ | अन्न तथा नगदेवाली (अलैंची,रुद्राक्ष,कफी, सुन्तला, अम्लिसो) उत्पादन प्रवर्द्धन कार्यक्रम | ३०० | ७५ | ७५ | ५० | ५० | ५० | | संघ,स्थानीय तह |
| ९ | महिलाको पाठेघर सम्बन्धी उपचार तथा सहयोग कार्यक्रम | १२५ | २५ | २५ | २५ | २५ | २५ | | संघ,प्रदेश,स्थानीय तह |
| १० | तटबन्धन विकास (सभा,भोटी,लड्डुवा खोला लगायत) | ५०० | १०० | १०० | १०० | १०० | १०० | | संघ,प्रदेश |
| जम्मा | | १०४३० | १२०० | १५५० | १३५९ | १०२५ | ८७५ | | |

## ३.७ गाउँपालिकाको परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | निरपेक्षित गरिबी | प्रतिशत | १२.४ | १२ | ११.६ | ११.२ | १०.८ | १०.५ |
| २ | वार्षिक जनसंख्या वृद्धिदर | | -०.०५२ | | ० | | ०.५ | १ |
| ३ | प्रतिव्यक्ति वार्षिक आय | रु.हजार | २०० | २१० | २२५ | २५० | २७५ | ३०० |
| ४ | औसत आयु (जन्म हुँदाको) | वर्ष | ७२ | | | | | ७३ |
| ५ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.४ | ७८ | ८० | ८३ | ८६ | ९० |
| ६ | बेरोजगारी दर | प्रतिशत | ९.८० | ९ | ८ | ७ | ६ | ५ |
| ७ | खाद्यान्न उत्पादन वार्षिक वृद्धिदर (धान, मकै, गहुँको कूल | प्रतिशत | २.४९ | २.५५ | २.६ | २.७५ | २.८५ | ३ |
| ८ | पशुपंक्षीको वार्षिक बिक्री वृद्धिदर (दुध मासुको कूल) | प्रतिशत | ९८ | | | ९९ | | १०० |
| ९ | पर्यटन व्यवसायबाट कूल रोजगारी प्रदान | संख्या | १० | २५ | ५० | १०० | १५० | २०० |
| १० | पालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयात:निर्यात) | अनुपात | २:१ | | १.७५:१ | | १.५:१ | १:१ |
| ११ | बैंक तथा वित्तीय संस्थाहरुबाट भएको कूल कर्जा प्रवाह (कूल निक्षेप सङ्कलन रकमको) | प्रतिशत | ५ | ६ | ७ | ८ | ९ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | २० | २५ | ३० | ३५ | ४२ | ५० |
| १३ | आधारभूत तहमा खुद भर्नादर (औषतमा) | प्रतिशत | ९६ | ९६.५ | ९७ | ९८ | ९९ | १०० |
| १४ | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ६० | ६५ | ७० | ७७ | ८४ | ९० |
| १५ | उच्च स्तरको खानेपानी सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ५ | | १० | | १५ | २० |
| १६ | परिवर्तित स्थानीय संरचना तथा कानुन अनुसार समावेशी समिति, संयन्त्र तथा सञ्जालमा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गको प्रतिनिधित्व | प्रतिशत | ३५ | ३७ | ४० | ४२ | ४५ | ५० |
| १७ | लोपोन्मुख संस्कृतिको जगेना | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ |
| १८ | उद्योग तथा व्यापार व्यवसाय क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | २५ | २६ | २७ | २८ | २९ | ३० |
| १९ | दिगो, सुरक्षित र नियमित यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ५० | ५२ | ५५ | ६० | ६५ | ७० |
| २० | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्तीहरु (खानेपानी, शिक्षा, स्वास्थ्य, सडक, विजुली, सञ्चार) | संख्या | ९० | ९१ | ९२ | ९३ | ९४ | ९५ |
| २१ | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | १६.४४ | १७ | १७.५ | १८ | १९ | २० |
| २२ | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ९४ | ९४.५ | ९५ | ९५.५ | ९६ | ९७ |
| २३ | इण्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | १३.५ | २० | ३० | ४० | ५० | ६० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २४ | संरक्षित तथा व्यवस्थित वन क्षेत्र (कूल वन क्षेत्रको) | प्रतिशत | ३८.४६ | ३९ | ४० | ४२ | ४३.५ | ४५ |
| २५ | घर, कार्यालय, अस्पतालको नकुहिने, नगल्ने, नसड्ने प्लाष्टिक जन्य फोहोरलाई सुरक्षित विसर्जन गर्नेको | संख्या | ० | ५ | १० | १५ | २० | २५ |
| २६ | भूक्षय र बाढी संवेदनशील क्षेत्र | संख्या | ३० | २९ | २८ | २७ | २६ | २५ |
| २७ | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | ५२ | ५५ | ५८ | ६० | ६५ | ७० |
| २८ | सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, कानुनहरु | संख्या | ७० | ७२ | ७५ | ८० | ८५ | ९० |
| २९ | पालिकाको वार्षिक आन्तरिक आय | रु. लाख | ४० | ४५ | ५० | ६० | ७० | ८० |
| ३० | सेवा प्रवाहवाट सन्तुष्ट अनुभूत गर्ने सेवाग्राही | प्रतिशत | ८० | ८२ | ८५ | ९० | ९२ | ९५ |
| ३१ | नतिजामूलक अनुगमन मूल्याङ्कन भएका योजना | संख्या | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० |

## ३.८ स्रोत अनुमान र बाँडफाँड

गाउँपालिकाको राजस्वका सीमित स्रोतहरु भएकोले आफ्नो आन्तरिक आय बढाई संघ र प्रदेशको निर्भरता कम गर्न निकै चुनौतीपूर्ण छ । तर गाउँपालिकाले राजस्व अभिवृद्धि कार्ययोजना ( Revenue ImProvement Action Plan) तर्जुमा, लगानी मैत्री वातावरण मार्फत बाहिरी लगानी आकर्षण, स्थानीय लघु तथा घरेलु उद्योग र व्यापार व्यवसायहरुको प्रवर्द्धन मार्फत आफ्नो राजस्व बढाउन सकिने सम्भावनाहरु देखिन्छ । नक्सा पास दस्तुर बजार क्षेत्र बाहेक अन्य क्षेत्रमा पनि अनिवार्य लागु गर्ने, व्यवसाय दर्ता लगायत अन्य सम्भावनाहरुको खोजी गरेर राजस्वको दायरा बढाउन सकिन्छ । गाउँपालिकामा लघु जलविद्युत, फलफुल, तरकारी, आलु, कफी, पशुपालनको प्रशस्त सम्भावना रहेकोले यी उत्पादनहरुको निर्यात र लघु तथा घरेलु उद्योगहरुको प्रवर्द्धन मार्फत आफ्नो आन्तरिक आय बढाउन सक्छ । वित्तीय सम्पत्ति तथा दायित्व अत्यन्तै बढी भएको कारण सो घटाउनु पर्ने देखिन्छ भने अन्य आयहरु सोही अनुसार बढ्ने देखिन्छ । गाउँपालिकाको विगत ३ वर्षको आयको प्रवृतिलाई आधार मानी आगामी वर्षहरुमा न्यूनतम १० प्रतिशतको दरले वार्षिक आय वृद्धि हुने अनुमान गरिएको छ र सोही वृद्धिदरको आधारमा आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण गरिएको छ । तर आवधिक योजनाको कार्यान्वयनसँगै गाउँपालिकाको आयको वार्षिक वृद्धिदर बढ्न सक्छ । यस आवधिक योजनाले पहिचान गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको लागि आगामी ५ वर्षको आयको अनुमानित प्रक्षेपण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

रू. हजारमा

| आय शिर्षक | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व.०८१/८२ | आ.व.०८२/८३ | आ.व.०८३/८४ | आ.व.०८४/८५ | आ.व.०८५/८६ | कुल राजश्व परिचालन |
|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक श्रोत | १२२१९८.६२१ | १३६९३२.९५५ | ४११६८.५० | ४५२८५.३५ | ४९८१३.८८ | ५४७९५.२७ | ६०२७४.८० | ६६३०२.२७ | २७६४७१.५६ |
| | २७% | २८% | ११% | | | | | | |
| आन्तरिक श्रोत - चालु | ३७०६७.८ | १९६०९.१३५ | ४११६८.५० | | | | | | |
| आन्तरिक श्रोत - पुँजीगत | ८११३०.८२१ | ११५०२३.८२ | | | | | | | |
| आन्तरिक श्रोत अन्य - पुँजीगत | ४००० | २३०० | | | | | | | |
| संघीय सरकार | २५४५५३.९४ | २६१८२१ | २३७४०० | २६११४०.०० | २८७२५४.०० | ३१५९७९.४० | ३४७५७७.३४ | ३८२३३५.०७ | १५९४२८५.८१ |
| | ५५% | ५३% | ६५% | | | | | | |
| समानीकरण चालु | ९०० | ३०२२५.५ | ० | | | | | | |
| समानीकरण पुँजीगत | ९४५०० | ७०९७४.५ | ८९००० | | | | | | |
| सशर्त चालु | १२२०६४ | १२४३९६ | १२०९०० | | | | | | |
| सशर्त पुँजीगत | १५०८९.९४ | २६२२५ | ८००० | | | | | | |
| विशेष चालु | ० | ० | ० | | | | | | |
| विशेष पुँजीगत | १२५०० | ० | ११५०० | | | | | | |
| समपूरक चालु | ० | ० | ० | | | | | | |
| समपूरक पुँजीगत | ९५०० | १०००० | ८००० | | | | | | |
| प्रदेश सरकार | २०६३८ | १८५३८ | १७०७७ | १८७८४.७० | २०६६३.१७ | २२७२९.४९ | २५००२.४४ | २७५०२.६८ | ११४६८२.४७ |
| | ४% | ४% | ५% | | | | | | |
| समानीकरण चालु | ० | ० | ० | | | | | | |
| समानीकरण पुँजीगत | ५४०० | ५४०० | ५४११ | | | | | | |
| सशर्त चालु | २०६३ | ३१३८ | १६६६ | | | | | | |
| सशर्त पुँजीगत | ३१७५ | ० | ० | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| विशेष चालु | ० | ० | ० | | | | | | |
| विशेष पुँजीगत | ० | ० | ० | | | | | | |
| समपूरक चालु | ० | ० | ० | | | | | | |
| समपूरक पुँजीगत | १०००० | १०००० | १०००० | | | | | | |
| राजश्व बाँडफाँड | ६१३४२.६७ | ७२९६१.१९ | ७१३०८.८ | ७८४३९.६८ | ८६२८३.६५ | ९४९१२.०१ | १०४४०३.२१ | ११४८४३.५४ | ४७८८८२.०९ |
| | १३% | १५% | १९% | | | | | | |
| संघ चालु | ५८५७५.४७५ | ६९३७५ | ६८६६३.८ | | | | | | |
| संघ पुँजीगत | १८१ | ७०० | ० | | | | | | |
| प्रदेश चालु | २५८६.१९ | २८८६.१९ | २६४५ | | | | | | |
| प्रदेश पुँजीगत | ० | ० | ० | | | | | | |
| जम्मा आय | ४५८७३३.२३ | ४९०२५३.१५ | ३६६९५४.३० | ४०३६४९.७३ | ४४४०१४.७० | ४८८४१६.१७ | ५३७२५७.७९ | ५९०९८३.५६ | २४६४३२१.९४ |
| | | | | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | १० प्रतिशत वृद्धि | |

## ३.९ लगानी र स्रोत व्यवस्था

सभापोखरी गाउँपालिकाको आवधिक योजना कार्यान्वयन गर्नका लागि बहुपक्षीय स्रोतहरू परिचालन गरिनेछ । यसका लागि विद्यमान स्रोतहरूको आङ्कलन र सम्भाव्य नयाँ स्रोतहरूको समेत पहिचान तथा उपयोग गरिनेछ । आवधिक योजनामा यस गाउँपालिकाद्वारा निम्न बमोजिम विभिन्न वित्तीय स्रोतहरू परिचालन गरिनेछ ।

(क) वित्तीय हस्तान्तरण

१. प्रत्येक आर्थिक वर्ष यस गाउँपालिकाले नेपाल सरकारबाट समानीकरण अनुदान, सर्शत अनुदान, समपुरक अनुदान, विशेष अनुदान, अन्य अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्ने छ । संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदानको रकम औषतमा वार्षिक १० प्रतिशतको दरले वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

२. नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान र समपूरक अनुदान आर्थिक वर्ष शुरु भए पछि परियोजना प्रस्तावको आधारमा प्राप्त अर्थ मन्त्रालयद्वारा निर्णय गरिने हुँदा प्रारम्भिक अनुमान सम्म मात्र गरिएको छ। साथै समपूरक अनुदान परियोजना लागतको अधिकतम ४० प्रतिशतसम्म प्राप्त गर्न सञ्चालन हुँदा गाउँपालिकाले परियोजना लागतको ६० प्रतिशत रकम स्वः लगानी गर्नुपर्ने हुन्छ ।

३. प्रदेश सरकारबाट समेत गाउँपालिकाले समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान र समपूरक अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्दछ । प्रदेश सरकारको आ.व. २०८०/०८१ का लागि उपलब्ध सीमालाई आधार मानी समानीकरण अनुदान तर्फ औषतमा १० प्रतिशत वार्षिक वृद्धि प्रक्षेपण गरिएको छ।

४. वैदेशिक अनुदान तर्फ नेपाल सरकारले सम्झौता गरेर मात्र गाउँपालिकाले वैदेशिक सहायता प्राप्त गर्न सञ्चालन हुँदा गाउँपालिकाले प्राप्त अर्थ मन्त्रालयको संयोजनमा क्षेत्रगत आधारमा केही वैदेशिक अनुदान प्राप्त हुने अनुमान गरिएको छ ।

५. वैदेशिक ऋणको हकमा अन्तर्राष्ट्रिय विकास सहायता नीति बमोजिम ऋण सहायताको रकम, व्याजदर, भुक्तानी सम्बन्धी शर्तहरू सहित स्थानीय तहसँगै सहायक ऋण सम्झौता गरेर मात्र गाउँपालिकालाई वैदेशिक ऋण उपलब्ध हुन सकिने प्रावधान रहेको छ । यस प्रावधान बमोजिमको वैदेशिक ऋण गाउँपालिकाको आवधिक योजनामा प्राप्त गर्ने अनुमान गरिएको छैन ।

(ख) गाउँपालिकाको सञ्चित कोषमा जम्मा हुने अन्य रकमहरू

१. आन्तरिक राजस्व तर्फ हालको प्राप्तिलाई क्रमिक रुपमा वृद्धि गर्ने प्रक्षेपण गरिएको छ । यसका लागि सम्भाव्यताको आधारमा नयाँ स्रोत तथा दायरामा विस्तार गरिनेछ । गाउँपालिकाको आन्तरिक राजस्व अन्तर्गत औषतमा १० प्रतिशतको वार्षिक वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

२. आवधिक योजना अवधिमा स्थानीय सञ्चित कोष अन्तर्गत विशेष आयोजना सञ्चालनका लागि प्राप्त हुन सञ्चालन अन्य रकमहरू अनुमानित रुपमा प्रक्षेपण गरिएको छ ।

३. आर्थिक वर्षको अन्तमा उपलब्ध रकम खर्च हुन नसकी बाँकी रहि नयाँ आर्थिक वर्षमा जिम्मेवारी सर्ने नगद मौज्दात रकम पनि उपयोग गर्न सकिने हुँदा नगद मौज्दात वार्षिक बजेटमा हुने वृद्धिको आधारमा प्रक्षेपण गरिएको छ ।

(ग) गाउँपालिकाको सञ्चित कोष बाहिर संघ र प्रदेशबाट प्रत्यायोजन हुने रकमहरू

१. संघको वार्षिक कार्यक्रम तथा बजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, प्राप्त निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरूलाई आवधिक योजनाको परिधि भित्र समावेश गरिएको छ ।

२. प्रदेशको वार्षिक कार्यक्रम तथा बजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम लगायत प्रदेश निकायहरूबाट प्रत्यायोजन भई आउने क्षेत्रगत कार्यक्रमहरूलाई पनि आवधिक योजनाको परिधिभित्र समावेश गरिएको छ ।

# परिच्छेद ४: आर्थिक क्षेत्र

आर्थिक विकास विना मानव विकास र समृद्धि हाँसिल हुन सक्दैन । यस क्षेत्र अन्तर्गत कृषि तथा पशुपन्छी विकास, पर्यटन, प्राकृतिक स्रोत व्यवस्थापन, उद्योग, व्यापार र व्यवसाय, आपूर्ति, बैंक, वित्तीय संस्था र सहकारी क्षेत्र आदि उपक्षेत्रहरू पर्दछन् जसको व्याख्या तलको उपखण्डहरुमा गरिएको छः

## ४.१ कृषि

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानका अधिकार सूची, कृषि क्षेत्रको समग्र विकासका लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ । उक्त रणनीतिले कृषि विकास रणनीति (सन् २०१५ -२०३५) र दिगो विकास लक्ष्यलाई मार्गदर्शनको रुपमा लिइएको छ । उक्त रणनीतिले कृषि तथा पशुपन्छीजन्य उत्पादनको व्यावसायिकरण, यान्त्रिकरण र विविधिकरण गरी यस क्षेत्रलाई प्रतिस्पर्धी बनाउन जोड दिएको छ । विशेषतः कृषि क्षेत्रको औद्योगीकरणका माध्यमबाट थप रोजगारी सिर्जना गरी आय आर्जन, गरिबी निवारण तथा आयात व्यवस्थापनलाई समेत सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तहको लगानीलाई कृषि क्षेत्रको समग्र विकासमा परिचालन गर्न आवश्यक छ । कृषि भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण गरी भू-उपयोग योजना तर्जुमा गर्न अपिहार्य देखिन्छ ।
यस गाउँपालिका कृषिमा निर्भर जनसंख्या लगभग ८० प्रतिशत रहेको र यस गाउँपालिकामा जल, जङ्गल, जडिवुटीको भण्डार रहेको छ ।पालिका क्षेत्र भरि वडा नं. १ देखि ६ सम्म पहाडी खोंच, मध्यपहाड र उच्च पहाडी कृषि भूमिमा राम्रो उत्पादन र उत्पादकत्व रहेको छ । तरकारी खेती (विशेष गरी आलु)को राम्रो उत्पादन देखिएको छ साथै आलु खेतीबाट आलु उत्पादन गरेर खाद्यन्न (संकट) पनि उपयोग गर्न सकिने देखिन्छ ।यस गाउँपालिका क्षेत्र भित्र ब्यवसायिक कृषि फर्मको दर्ता अत्यन्तै न्युन रहेको छ । गाउँपालिकामा रहेका केहि ब्यवसायिक कृषि फर्महरुमा चूलिमालिका अलैंची फर्म, इकोहिमालबाट भेडापालन फर्म, खिलिङ कृषि फर्म आदि रहेका छन्।
बेमौसमी खेती अन्तर्गत टमाटर खेती, वडा नं. २ र वडा नं. ६ का केही समूह र तरकारी फर्मले टमाटर खेती गरेको छ। टमाटर खेती वर्षा याम र चिसो मौसममा प्लास्टिक घर भित्र राम्रो भएको, टमाटरको बजारमा माग राम्रो रहेको, टमाटर खेती गर्ने किसानको राम्रो आयआर्जन भएको छ । खाद्यन्न वालीमा धान, मकै, कोदो रहेका छन् ।धान तल्लो भाग र पहाडी खोंचमा राम्रो उत्पादन भएको छ । बहुवर्षीय बालीमा सुन्तला, कफी रहेका छन् ।सुन्तला खेतीका लागि वडा नं. २, ३, ४, ६ र १ वडा स्थानहरू उपयुक्त छन् । कफीको लागि पनि वडा नं. १,२, ३, ४, ६ का ठाउँहरु राम्रो छन् ।विरूवाहरू वा अन्य बाली, फलफूलको उत्पादनमा पनि मौरीपालनले गर्दा वृद्धि गर्न सकिने राम्रो उपाय (३०%) क्षेत्रमा रहेको छ ।

### ४.१.२ समस्या तथा चुनौती

समस्या

कृषि प्रणाली परम्परागत र निर्वाहमूखी रहेको, मध्य पहाडी क्षेत्रमा सिंचाई सुविधा पर्याप्त नभएको, उन्नत मल, बीउको अभाव हुनु, राम्रो गुणस्तरीय प्लास्टिक टनेलको अभाव हुनु, विभिन्न बालीमा किरा र रोगको समस्या हुनु; (जस्तै, आलु खेती गर्दा रातो कमिला र पुतली किराको समस्या हुनु साथै डढुवा रोगको समस्या हुनु र टमाटरको रोग - डढुवा व्याक्टेरियन रोग, किरा (leaf miner) हुनु), माटोमा खाद्यतत्त्वको कमी र रोग, किराले ग्रसित अलैंची बगान र पूरा बगानमा अलैंची मरेको अवस्था हुनु, धान, मकै, कोदो खेती भन्दा अलैंची वा अरू नगदेवालीमा

बढी चासो कृषकहरूमा हुनु, धानको उत्पादन क्षेत्र र उत्पादन घट्नु, दक्ष, जागरूक किसानमा जनचेतना र प्राविधिक ज्ञानको कमी हुनु, कलमी (ग्राफटिक) विरूवा र प्रविधि कृषकमा कमी हुनु, कफी खेती प्रति कृषकको कम चासो हुनु, सुन्तला, कफी लयायत कृषि बजारको अभाव हुनु, स्थानीय लोकल रूद्राक्ष विरूवाको उपलब्धतामा कमी हुनु, आधुनिक कृषि औजार (pulping machine) कफीको लागि नभएको, खाद्य सुरक्षाको कमी हुनु, न्यून उत्पादकत्व र बढ्दो आयातमुखि संस्कृति हुनु, कृषि उपज सामाग्रीहरुको उचित बजारीकरण नहुनु, युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम सञ्चालन नहुनु, आदि प्रमुख समस्या हुन् ।

चुनौती

कृषि भुमिमा खडेरीको चुनौती रहनु, बैमौसमी खेती गर्न वर्षा र चिसोले उत्पादनमा असर गर्नु, उन्नत मल बीउ र प्रविधि कृषक सम्म सहज रुपमा पुयाई व्यावसायिक तथा जैविक कृषि विकास गर्नु, कृषि क्षेत्रलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, बाली विविधिकरण र सङ्घीकरण गर्नु, पकेट क्षेत्र विकास गरी कृषि विकास गर्नु, कृषियोग्य जमिनमा सिंचाईको व्यवस्था गर्नु, बढ्दो आयातमुखी संस्कृतिको न्यूनीकरण गर्नु, भू-उपयोग योजना अनुसार कृषि भूमिको संरक्षण गर्नु, कृषि व्यवसायिकरण र औद्योगिकरण गर्नु, गरीब परिवारलाई खाद्यको व्यवस्था गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ४.१.३ सम्भावना र अवसर

सम्भावना

गाउँपालिकाको अधिकांश भू-भाग कृषि उत्पादनको हिसाबले उपयुक्त हुनाले कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व बढाउन सकिने, यस क्षेत्रमा कृषि प्रणाली परम्परागत र निर्वाहमूखी रहेको भएतापनि कृषिलाई आधुनिकीकरण गरी वैज्ञानिक खेती प्रणालीको विकास गर्न सकिने, कृषि पकेट क्षेत्रको विकास गरी आर्थिक अवस्थामा सुधार ल्याउन सकिने, मौसमी तथा बेमौसमी तरकारी खेती, नगदेबाली खेती (अलैंची, कफी, रूद्राक्ष, आलु, सुन्तला, जडिबुटी) विस्तार गरी कृषकहरुको जीवनस्तरमा सुधार गर्न सकिने, कृषि तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट सञ्चालन हुन सक्ने लघु तथा घरेलु उद्योगहरुको स्थापना गर्न सकिने, स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यान्न आत्मनिर्भर हुन सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

कृषिको विकास र विस्तार गरी अन्य स्थानहरुमा बिक्री गर्न सकिने, कृषिजन्य कच्चा पदार्थमा आधारित उद्योगहरु सञ्चालन मार्फत रोजगारीको अवसर सिर्जना गर्न सकिने, कृषिको लागि सिंचाईका श्रोतहरू उपलब्ध भएको, फलफूल, तरकारी खेतीको विकास र विस्तार गरी कृषिकको आय आर्जन बढाउन सकिने, बेमौसमी तरकारी खेती गरी कृषकहरु लाभान्वित हुन सक्ने, युवाहरुलाई व्यवसायिक खेती, उच्च मूल्य उत्पादनमा आकर्षित गरी स्वरोजगार प्रदान गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

### ४.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषिमा रूपान्तरण गर्दै आम्दानी वृद्धि गर्ने ।

उद्देश्य

- कृषि क्षेत्रमा विविधिकरण, यान्त्रीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
- व्यवसायीकरण तर्फ क्षमता विकास गरी कृषि व्यापार बढाउँदै जीवनस्तरमा सुधार गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवसायिक कृषिको प्रवर्द्धन गर्ने | • कृषिसँग सम्बन्धि ऐन, नियामावली र कार्यविधि बनाइनेछ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार कृषि विकास तथा कृषि उत्पादन व्यवस्थापनको लागि व्यवसायिक खेतीमा सहभागिता बढाउन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• नेपाल सरकारको नीति बमोजिम बाली बीमा कार्यक्रमलाई प्रचार प्रसार गरी र प्रभावकारी उपयोग गर्ने वातावरण बनाइनेछ ।<br>• पानीको स्रोत सञ्चितिका लागि रिचार्ज पोखरी निर्माण तथा परम्परागत कुलो संरक्षणका योजनालाई प्राथमिकता दिइनेछ ।<br>• आधुनिक कृषि औजार तथा उपकरण प्रयोगलाई प्रोत्साहन गर्न अनुदान दिइनेछ।<br>• कृषि तथ्याङ्क अध्यावधिक गर्ने कार्यक्रम ल्याइनेछ ।<br>• कृषि क्षेत्रमा आत्मनिर्भर बनाउन कृषि नीति, दीर्घकालीन, मध्यकालीन, अल्पकालीन कृषि विकास योजना तयार गरी कार्यान्वयनको व्यवस्था मिलाउँदै लगिनेछ ।<br>• कृषिमा आत्मनिर्भर हुनको लागि प्लाष्टिक घर निर्माण, प्लाष्टिक मल्चिङ, कृषि सामाग्री वितरण, बाली उपचार शिविर कार्यक्रम, माटो परीक्षण कार्यक्रम सञ्चालन गर्न अनुदान प्रदान गरिनेछ ।<br>• जैविक मल उत्पादन सम्बन्धी ज्ञान र प्रविधि हस्तान्तरण गरी उत्पादनलाई प्रोत्साहन गरिनेछ ।<br>• कृषकहरुलाई व्यवसाय प्रवर्द्धनमा सहयोग पुर्याउन व्यवसायिक अध्ययन अवलोकनको व्यवस्था मिलाईनेछ ।<br>• कृषक, कृषि समुह, कृषि कर्म, प्राविधिक लगायत कृषिसँग सम्बन्धित पक्षहरू क्षमता अभिवृद्धि गरिनेछ ।<br>• व्यावसायिक रुपमा कृषि गर्ने कृषकहरूलाई सहकारीसँग आवद्ध गरी वित्तीय पहुँच पुर्याइनेछ ।<br>• कृषि सामाग्रीको सङ्कलन र भण्डारणमा सहयोग पुर्याइनेछ ।<br>• खाघन्न वालीको उत्पादन वृद्धिका लागि उन्नत बीउ, मल, व्यवस्थापन पक्षहरू प्राविधिक क्षमता अभिवृद्धि गर्न तालिम दिइनेछ |
| कृषिजन्य उत्पादनलाई मुल्य श्रृंखलामा आवद्ध गर्ने | • व्यवसायिक तरकारी खेतीका लागि आलु उत्पादन कार्यक्रम संचालन गरिनेछ ।<br>• बेमौसमी तरकारी खेती अन्तर्गत टमाटर खेती टनेलमा गर्नका लागि अनुदानमा प्लाष्टिक टनेल वितरण कृषकलाई वितरण गरिनेछ ।<br>• सुन्तला खेती पकेट क्षेत्र विस्तार गरिनेछ ।<br>• नगदेवाली (अलैंची, कफी, रूद्राक्ष) आदिको विकास कार्यक्रम संचालन गरिनेछ ।<br>• कृषि उत्पादन वृद्धि गर्न मौरीपालन कार्यक्रम गरिनेछ। |

| | |
|---|---|
| | • उत्पादित बेमौसमी तरकारी, फलफूल तथा अन्य उत्पादनहरू आसपास क्षेत्रका होटल तथा होमस्टेहरूमा बिक्री गर्ने व्यवस्था मिलाई कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।<br>• कृषि मूल्य श्रृङ्खला सम्बन्धी कृषकहरूलाई तालिम दिइनेछ ।<br>• व्यावसायिक रूपमा खेतीको सम्भावना रहेका जडिबुटीहरूको व्यवसायिक उत्पादन, सङ्कलन र प्रारम्भिक प्रशोधनमा प्रोत्साहन गरिनेछ ।<br>• कृषकहरुलाई कृषि उत्पादनको समुचित मूल्य प्राप्त गराउनका लागि कृषि उत्पादन सङ्कलन केन्द्र स्थापना गरिनेछ । |
| कृषि भूमिको दिगो व्यवस्थापन गर्ने | • भू-उपयोग योजना तर्जुमा र कार्यान्वयन गरिनेछ ।<br>• सार्वजनिक भूमिको पहिचान र अभिलेखन गरी अतिक्रमणलाई नियन्त्रण गरिनेछ ।<br>• सरकारी, पर्ति जग्गाको संरक्षणका लागि उपयुक्त कार्यदल गठन गरिनेछ ।<br>• वस्ती विकासका लागि प्लटिङ गर्दा अनिवार्य रुपमा गाउँपालिकासँग अनुमति लिने व्यवस्था गरिनेछ । |
| स्थानीय विशिष्टिकृत उत्पादनको ब्राण्डिङ र बजारीकरण गर्ने | • हावापानी र माटोको विविधता अनुकुलका स्थानीय उच्च मूल्यका प्रतिस्पर्धी उत्पादनहरूको विकास गरी बजारीकरण गरिनेछ ।<br>• स्थानीय उत्पादनको प्रदर्शन र बजारीकरणको लागि हाट बजार प्रणालीलाई प्रोत्साहन गरिनेछ ।<br>• स्थानीयता दर्शाउने विशिष्टिकृत उत्पादनको ब्राण्डिङ गरी बजारिकरण गरिनेछ ।<br>• उत्पादनको लेवलिङ, ब्राण्डिङ र बजारीकरणमा कृषक समूह र सहकारी संस्थाहरूलाई सहयोग पुर्याइनेछ ।<br>• एक गाउँ एक विशिष्टिकृत कृषि उत्पादनमा प्राथमिकता दिइनेछ । |

### ४.१.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : कृषि विकास | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | व्यवसायिक तरकारी खेती (आलु) प्रोत्साहन कार्यक्रम | लागतमा कम गरी उत्पादनमा वृद्धि, आयमा वृद्धि, जीवनस्तरमा सुधार | ९० | १५ | १७ | १८ | २० | २० | संघ, स्थानीय तह |
| २ | बेमौसमी तरकारी खेती प्रोत्साहन कार्यक्रम | | १५ | ३ | ३ | ३ | ३ | ३ | प्रदेश, स्थानीय तह |
| ३ | शित भण्डार निर्माण | | ४०० | | | २०० | १०० | १०० | संघ |
| ४ | खाद्यान्न बाली उत्पादन प्रवर्द्धन | | ५ | १ | १ | १ | १ | १ | स्थानीय तह |
| ५ | कृषि औजार तथा उपकरणमा अनुदान | | १६ | ५ | ४ | ३ | २ | २ | संघ, स्थानीय तह |
| ६ | सुन्तला पकेट क्षेत्र विस्तार | | १४ | ५ | ३ | २ | २ | २ | प्रदेश, स्थानीय तह |
| ७ | अलैंची विकास कार्यक्रम | परम्परागत बाट व्यवसायिक खेति प्रणालीमा परिर्वतन | १३ | ४ | ३ | २ | २ | २ | संघ, स्थानीय तह |
| ८ | मौरीपालन विकास कार्यक्रम | | ११ | ३ | २ | २ | २ | २ | संघ, स्थानीय तह |
| ९ | कफी विकास कार्यक्रम | | १३ | ४ | ३ | २ | २ | २ | संघ, स्थानीय तह |
| १० | रूद्राक्ष विकास कार्यक्रम | | ६ | २ | १ | १ | १ | १ | स्थानीय तह |
| ११ | पालिका स्तरीय कृषि अगुवा तथा व्यवसायिक तालिम र भ्रमण | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १२ | कृषि मेला आयोजना | | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह |
| १३ | उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | स्थानीय तह |
| १४ | बजार प्रवर्द्धन तथा सहुलियत मुल्यमा ढुवानी | | २०० | | | १०० | ५० | ५० | संघ, स्थानीय तह |
| **जम्मा** | | | **८४३** | **५४** | **४९** | **३४६** | **१९७** | **१९७** | |

### ४.१.६ नतिजा खाका

| **नतिजा तह** | **सूचक** | **इकाई** | **आधार वर्ष २०८० /८१ सम्मको** | **लक्ष्य परिमाण** | | | | | **पुष्ट्याइको** | **जोखिम पक्ष तथा अनुमान** | **ढिविल संकेत** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **२०८१ /८२** | **२०८२ /८३** | **२०८३ /८४** | **२०८४ /८५** | **२०८५ /८६** | | | |
| प्रभाव | कृषि उत्पादन र उत्पादकत्व वृद्धि भएको हुने | | | | | | | | | | |
| असर | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | २ |
| | वार्षिक खाद्यान्न उत्पादन | मे.टन | ५५८९ | ५६०० | ५७०० | ५८०० | ५९०० | ६०० | " | | " |
| | प्रतिव्यक्ति वार्षिक खाद्यान्न उत्पादन | केजी | ५६० | ५६५ | ५७० | ५८० | ५९० | ६०० | " | कृषकहरु व्यवसायिक खेती तथा पशुपंक्षी पालन प्रति प्रोत्साहित भएको हुने कृषकहरुलाई प्राविधिक सहयोग तथा | " |
| | नगदेवाली, मौसमी तथा वेमौसमी वालीको वार्षिक उत्पादन | मे.टन | २५० | २८० | ३०० | ३३० | ३६० | ४०० | " | | " |
| | तरकारी वार्षिक उत्पादन | मे.टन | ७५ | १०० | १५० | २०० | २५० | ३०० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | फलफुल वार्षिक उत्पादन | मे.टन | ५० | ७५ | १०० | १२५ | १५० | २०० | " | सुविधाहरु नियमित उपलव्ध भएको हुने | " |
| प्रतिफल | उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक | प्रतिशत | १० | १५ | २० | २५ | ३० | ४० | " | निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने | " |
| | आधुनिक कृषि औजारहरु प्रयोग गर्ने कृषक | संख्या | ५० | ७५ | १०० | १२५ | १५० | २०० | " | | " |
| | व्यवसायिक एवं आधुनिक तरिकाको खेतीले ओगटेको भू-भाग | हेक्टर | १० | २० | ४० | ६० | ८० | १०० | " | जलवायु परिवर्तनको न्यून असर भएको हुने | " |
| | कृषि व्यवसायमा सहुलियत कर्जा, कृषि सामानमा अनुदान तथा यान्त्रिकीकरणमा पूँजीगत अनुदानबाट लाभान्वित कृषक | संख्या | १५० | १७५ | २०० | २२५ | २५० | ३०० | " | | " |
| | सुचारु सामुदायिक खेती तथा करार खेतीले ओगटेको भूमि | हेक्टर | ५९० | ६०० | ६२५ | ६५० | ६७५ | ७०० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विभिन्न क्षेत्रमा तालिम प्राप्त कृषक | संख्या | २०० | २५० | ३०० | ३५० | ४२५ | ५०० | " | | " |
| | व्यवसायिक कृषि फार्म | संख्या | ३० | ३३ | ३५ | ४० | ४५ | ५० | " | | " |
| | व्यवसायिक कृषिबाट प्रदान भएको प्रत्यक्ष रोजगारीता | संख्या | १०० | १२५ | १५० | २०० | २५० | ३०० | " | | " |
| | प्रधानमन्त्री तथा कृषि आधुनिकीकरण परियोजनाबाट लाभान्वित किसान | संख्या | ५ | १० | १५ | २० | ३० | ५० | " | | " |
| | सञ्चालनमा रहेको कृषि वजार, हाटवजार तथा कृषि थोकवजार | संख्या | १ | | | २ | | ३ | " | | " |
| | कृषि उपजहरु विक्रीका लागि जिकको वजार क्षेत्रमा पुग्न लाग्ने समयावधि | घण्टा | १.३० | | | | | १ | " | | " |
| | मौसमी, वेमौसमी तरकारी तथा नगदेवालीको विक्री | रु.करोड | १३ | १४ | १५ | १६ | १८ | २० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संचालनमा रहेको कोल्ड स्टोरेज क्षमता | मे.टन | ० | | | | | १० | " | | " |
| | कृषि उपज सङ्कलन केन्द्र, बजार प्रवर्द्धन केन्द्र, तथा सामुदायिक कृषि प्रसार सेवा केन्द्र | संख्या | ० | | | १ | | ३ | " | | " |
| | किसान क्रेडिट कार्डबाट लाभान्वित कृषकहरु | संख्या | ० | | | ५० | | १०० | " | | " |
| | कृषि वीमा सेवावाट लाभान्वित कृषक | संख्या | ० | | | २५ | | ५० | " | | " |
| | कृषि पेशामा संलग्न जनसंख्या | प्रतिशत | ८० | | | ८१ | | ८२ | " | | " |
| | व्यवसायिक कृषि उत्पादनमा संलग्न कृषक | संख्या | १० | २० | ३० | ४० | ५० | ६० | " | | " |
| | कृषि सहकारी संस्था | संख्या | ० | १ | २ | ३ | ४ | ६ | " | | " |
| | कृषि सहकारीमा आवद्ध कृषक | संख्या | ० | २० | ४० | ६० | ८० | १०० | " | | " |
| | किसान परिचयपत्रवाट लाभान्वित कृषकहरु | संख्या | ० | | १०० | | २०० | ३०० | " | | " |

## ४.२ पशुपन्छी

### ४.२.१ पृष्ठभूमि

यस गाउँपालिका क्षेत्र भित्र पशुपालन व्यवसायका निमित्त जमिन, मौसम तथा वातावरण उचित रहेको छ । हाल यस पालिकामा बाख्रापालन ८००० भन्दा बढी रहेको साथै गाईभैसी पालन, बंगुर पालन, लोकल कुखुरा पालन, माछा पालनमा पनि गाउँवासीहरूको संलग्नता रहेको देखिन्छ । यस पालिकामा पशु उपशाखा, सहकारी/बैंक, कृषि सहकारी, पशु स्वाश्थ्य, कृषि विमा, प्राविधिक उपलब्ता भएता पनि उचित व्यवस्थापन भने हुने गरेको छैन । यस गाउँपालिका क्षेत्र भित्र आधुनिक (व्यवसायिक) पशुपालन (फर्म) दर्ता अत्यन्तै कम मात्रामा रहेको पाईन्छ । गाउँपालिकाको वडा नं १ स्थित डके बजारमा २ ओटा, वडा नं. ४ मा गाई, भैंसी तथा भेडा फर्महरु सञ्चालित रहेतापनि गाउँपालिका तथा वडा कार्यालयमा भने व्यवसाय दर्ता भएका छैनन्। यसरी नै वडा नं. ६ को सातबिसे तथा खोक्राङमा ३ ओटा ब्यवसायिक फर्महरु रहेका छन् । वडा नं. ६ मा तीन ओटा ब्रोइलर फर्म तथा एउटा लेयर्स फर्म चालू हुने क्रममा रहेको छ । यसरी ब्यवसायिक पशुपालन सञ्चालन गर्ने कामको थालनी भएतापनि गाउँपालिका तथा वडा कार्यालयसम्म सो को आधिकारिक दर्ता तथा अभिलेख रहन सकेको छैन ।

### ४.२.२ समस्या तथा चुनौती

समस्या

चरन क्षेत्रको समस्या तथा विकासे, उन्नत जातको घाँस नभएको, पशुलाई आहाराको कमि, जनचेतनाको कमि, आधुनिक खोर/गोठ निर्माणको कमि, उत्पादित वस्तुको उचित मूल्य नभएको, घाँसमा संकलन केन्द्र तथा बजार नभएको, भकारो सुधार नभएको, घाँसमा आधारित पशुपालन, दुग्ध संकलन केन्द्र र बजार नभएको, स्वास्थ्य चल्लाको कमि, मौरीपालन परम्परागत कम वा नगन्य मात्रामा भएको, मौरीपालन सम्बधि प्राविधिक ज्ञानको कमी, मौरीपालनको क्षेत्र पहिचान नभएको, पशु स्वास्थ्य प्रत्यक्ष उपचार नभएको, उन्नत र स्वास्थ्य जातको भुराको कमि, कृषकलाई सहुलियत दरमा कृषि कर्जा, परजिबिको सक्रमण, जनचेतनाको कमि, स्वास्थ्य शिविरको आवश्यकता हुनु, PPR, FMD,SWINE FEVER, LSD लगाउन भ्याक्सिनको कमि, असल पशुपालन अभ्यासको कमि, हाल सम्म विमा नभएको तथा पशु बीमा सम्बन्धी जनचेतनाको अभाव हुनु, नश्ल सुधार प्रविधियुक्त नभएको, भौगोलिक विकटता, कृषि तथा पशु प्राविधिक अपुग हुनु, युवा लक्षित व्यवसायिक कृषि कार्यक्रम सञ्चालन नहुनु, परम्परागत पशुपालन तथा स्थानीय स्तरमा पुश पालनको लागि सामाग्रीहरु उपलब्ध नहुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

पशुपालनलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, पकेट क्षेत्र विकास गरी पशुपालनलाई विकास गर्नु, पशु सम्बद्ध प्राविधिकको उपलब्धता सुनिश्चित गर्नु, पशु सम्बद्ध संस्थागत तथा संरचनागत व्यवस्था गर्नु, स्थानीय सरकार मातहतमा आएको पशु प्रसार सेवालाई व्यवस्थापन र सुदृढीकरण गर्नु, पशु खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति बढाउनु, पशुपालनलाई व्यवसायिकरण र औद्योगिकरण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ४.२.३ सम्भावना र अवसर

सम्भावना

यस क्षेत्रमा पशुपन्छी पालन परम्परागत र निर्वाहमूखी रहेको भएतापनि यसलाई आधुनिकीकरण गरी वैज्ञानिक प्रणालीको विकास गर्न सकिने, पशुपन्छी पालनमा आधारित लघु तथा घरेलु उद्योगहरुको स्थापना गर्न सकिने, दुग्ध तथा मासुजन्य उत्पादनको बढ्दो मागलाई बजार व्यवस्थापन गर्न सकिने, पानी, विरूवा, हावा, चरन क्षेत्र आदिको राम्रो स्रोत भएकाले मौरीपालनको राम्रो सम्भावना हुनु, स्थानीय उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्यान्न आत्मनिर्भर हुन सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

पशुपन्छीको विकास र विस्तार गरी अन्य स्थानहरुमा बिक्री गर्न सकिने, उन्नत जातका पशुपालन गरी वरिपरिका वस्तीहरुमा समेत विस्तार गर्न सकिने, व्यवसायिक पशुपालन, कुखुरा पालन, माछा पालन मार्फत आय आर्जन बढाउन सकिने, पशुपालनको लागि उपयुक्त हावापानी रहेको, युवाहरुलाई उन्नत जातका पशुपालनमा आकर्षित गरी स्वरोजगार प्रदान गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

### ४.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

प्रतिस्पर्धा, आत्मनिर्भर एवं निर्यातमुखि पशुक्षेत्रलाई रुपान्तरण गर्दै समावेशी र दिगो आर्थिक वृद्धि हाँसिल गर्ने ।

उद्देश्य

- पशु क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी आर्थिक तथा पोषण सुरक्षा सुनिचित गर्नु ।
- आधुनिक व्यावसायिकरण तथा प्रतिस्पर्धात्मक क्षमता विकास गरी पशु क्षेत्रको व्यावसाय सन्तुलन गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पशुपंक्षीपालनलाई व्यावसायिकरण तथा प्रतिस्पर्धात्मक क्षमता विस्तार गर्ने | • स्थानीय तहको पशुपंक्षीपालन सम्बन्धि ऐन, नीति, कानून तथा योजना निर्माण गरिनेछ ।<br>• कृषक समुदाय, सहकारी संस्था एवं कृषकहरुमा प्रतिस्पर्धी क्षमता वृद्धि गर्दै पशुपंक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न प्राविधिक सेवा, वित्तीय सेवा लगायत अन्य सेवा उपलब्ध गराइनेछ ।<br>• तुलनात्मक लाभ भएका पशुजन्य उत्पादनहरुको व्यवसायिक पालनका लागि कृषकहरुको क्षमतामा अभिवृद्धि ल्याई आय आर्जनको श्रोतको रुपमा स्थापित गराइनेछ ।<br>• स्थानीय प्रजातिहरुको संरक्षण गर्दै नश्ल सुधारको माध्यमबाट स्थानीय पशुहरुमा गुणात्मक सुधार ल्याई उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याइनेछ ।<br>• व्यवसायिक कुखुरा, बङ्गुर र बाख्रापालनलाई प्रोत्साहित गरिनेछ ।<br>• पशु आहारका लागि उन्नत, गुणस्तरीय एवं पोषणयुक्त घाँसबाली रोपणमा व्यापकता ल्याइनेछ<br>• चरिचरनका लागि उपयुक्त स्थानहरु निर्धारण गरी कृषकहरुको सहभागितामा चरन क्षेत्रलाई व्यवस्थित गरिनेछ । |

| | |
|---|---|
| | • पशु वीमालाई प्रभावकारी रुपमा परिचालनका लागि निजी क्षेत्रहरुसंग समन्वय गरिनेछ ।<br>• वेरोजगार युवा वर्गलाई पशुपंक्षी व्यवसायमा आवद्ध गर्न वित्तीय संस्थाहरुसंग सहकार्य गर्दै सहुलियत दरमा वित्तीय सेवा सुविधाको व्यवस्था गरी प्रोत्साहित गरिनेछ ।<br>• आधुनिक प्रविधियुक्त गोठ तथा खोर निर्माण सञ्चालनमा ल्याइनेछ।<br>• बाख्रा स्रोत केन्द्र स्थापना गरिनेछ ।<br>• संकलन केन्द्र स्थापना गरिनेछ । |
| पशुपंक्षीजन्य उत्पादनमा जोड दिई वजार प्रवर्द्धन गर्ने | • पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धन एवं निकासी वृद्धि गर्न वस्तुमा विविधीकरणका लागि प्रोत्साहित गरिनेछ ।<br>• कृषकहरुलाई व्यवसायिक सीप विकास तालिम, प्रसारहरु सञ्चालन गरी क्षमतामा अभिवृद्धि गरिनेछ ।<br>• पशु आहारा व्यवस्थापनका लागि साना उद्योग स्थापना गर्न पहल गरिनेछ ।<br>• पशुपंक्षीजन्य उत्पादनहरुको स्थानीय एवं वाह्य वजार प्रवर्द्धन गर्न सङ्कलन केन्द्र, प्रशोधन केन्द्र, चिस्यान केन्द्र, विक्री केन्द्र, पशु हाटवजार र मेला प्रदर्शनी स्थल व्यवस्था जस्ता पूर्वाधारहरु आवश्यकताका आधारमा उपयुक्त स्थानमा निर्माण गरिनेछ ।<br>• पशुपंक्षीजन्य उत्पादनको वजार प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्न पशु सहकारी संस्था एवं अगुवा कृषकहरुको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• सूचना प्रविधिमा कृषकहरुको पहुँचमा सहजता ल्याई पशुपंक्षी वजार सूचना सम्बन्धी स्थानीय तथा वाह्य वजार वारे जानकारी नियमित रुपमा गराउने संयन्त्र विकास गरिनेछ । |
| पशुपंक्षी स्वास्थ्य तथा उपचार व्यवस्था विस्तार गर्ने | • एक वडा एक पशु उपशाखा स्थापना गरिनेछ ।<br>• प्रत्येक वडामा पशु प्राविधिकको व्यवस्था गरी पशुपंक्षी उपचारको व्यवस्था मिलाइ पशुपंक्षीमा लाग्ने रोग, महामारी नियन्त्रण गदै स्वास्थ्यवर्द्धक वस्तु उत्पादनमा जोड दिइनेछ ।<br>• पशुको स्वास्थ्यलाई ध्यानमा राखि प्रत्येक वर्ष शिविर संचालन गरिनेछ ।<br>• पशु उपचारको लागि रोग निदान गर्न मिनि प्रयोगशाला स्थापना गरिनेछ ।<br>• पशुपंक्षीहरुमा लाग्ने सक्ने रोग तथा महामारी नियन्त्रणका लागि आवश्यक पर्ने खोप, औषधी, परजीवि नियन्त्रणको व्यवस्था मिलाउदै पशुपंक्षी चिकित्सा सेवा संचालन गरिनेछ । यसका लागि पशु चिकित्सक सहित आवश्यक जनशक्तिहरु व्यवस्था गर्न स्थानीय वेरोजगार युवाहरुलाई आवद्ध गरिनेछ र युवाहरुलाई तालिम प्रदान गरी क्षमता विकास गरिनेछ ।<br>• खुल्ला मासु विक्री वितरण तथा ओसारपसारका लागि एक मापदण्ड बनाई त्यसको नियमन गरिनेछ । |
| वातावरण तथा हावापानी अनुकुलमैत्री पशुपक्षी व्यवसायको प्रवर्द्धन गर्ने | • पशुपंक्षी र पशुपंक्षीजन्य पदार्थको प्रमाणीकरण, हाटबजार, सङ्कलन केन्द्र, चिस्यान केन्द्र निर्माण गरिनेछ ।<br>• पशुपंक्षीपालनको श्रोत केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ । |

| | |
|---|---|
| | • मासु र दुधमा आत्मनिर्भरताका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• गाईभैसी, बाख्रा, कुखुरा, बङ्गुरलाई एकै प्याकेजमा राखी पशुपंक्षीको प्याकेज कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• पशुपालक कृषक सम्मान कार्यक्रम, उत्कृष्ट कृषक कार्यक्रम तथा पशु सुत्केरी कार्यक्रम सञ्चालन गरिनेछ । |

### ४.२.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : पशुपन्छी पालन | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | व्यवसायिक पशुपालन (गाई, भैंसी, बाखा, बंगुर) प्रवर्द्धन कार्यक्रम | कृषकको आय आर्जनमा वृद्धि | ५० | १० | १० | १० | १० | १० | संघ, स्थानीय तह |
| २ | पशु विमा कार्यक्रम | | ५० | १० | १० | १० | १० | १० | प्रदेश, स्थानीय तह |
| ३ | तालिम प्रसार र क्षमता अभिवृद्धि | | १० | ३ | २ | ० | ३ | २ | प्रदेश, स्थानीय तह |
| ४ | बाखा संकलन तथा विक्री वितरण केन्द्र स्थापना | | ४० | ० | १० | २० | १० | ० | प्रदेश, स्थानीय तह |
| ५ | पशु आहाराको लागि उद्योग स्थापनामा अनुदान | पशु आहार सुधार | ५ | १ | १ | १ | १ | १ | स्थानीय तह |
| ६ | चरन विकास तथा घाँस उत्पादन कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | स्थानीय तह |
| ७ | पशु स्वास्थ्य परीक्षण शिविर सञ्चालन | पशुमा नश्ल सुधार | १५ | ३ | ३ | ३ | ३ | ३ | संघ, स्थानीय तह |
| ८ | पशु प्रयोगशाला स्थापना | | १० | | १० | | | | प्रदेश, स्थानीय तह |
| ९ | कुखुरापालन खोर निर्माण अनुदान | पशु स्वास्थ्यमा सुधार | १० | २ | २ | २ | २ | २ | स्थानीय तह |
| १० | पशु स्वास्थ्य खोप सञ्चालन | | १० | २ | २ | २ | २ | २ | संघ, स्थानीय तह |
| ११ | माछापालन पोखरी निर्माण अनुदान | | ५ | | | २ | २ | १ | स्थानीय तह |
| १२ | पशुपन्छी उपचार सेवा कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ, प्रदेश |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १३ | कृत्रिम गर्वधारण कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | स्थानीय तह |
| १४ | दुध चिस्यान केन्द्र स्थापना | | १० | | | | १० | | संघ |
| जम्मा | | | २६० | ४० | ५९ | ५९ | ६२ | ४० | |

## ४.२.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८० /८१ सम्म को | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | ढिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | | |
| प्रभाव | पशुपंक्षी पालन क्षेत्र आत्मनिर्भर एवं निर्यातमुखि भएको हुने | | | | | | | | | | |
| असर | व्यवसायिक पशुपंक्षी पालनमा संलग्न घरधुरी | संख्या | १३० | १३५ | १४५ | १५५ | १८० | २०० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने | २ |
| | व्यवसायिक पशुपालन फर्महरु | संख्या | १२३ | १४० | १४५ | १५५ | १८५ | १९५ | " | | " |
| | पशुपंक्षी वीमा सेवावाट लाभान्वित कृषक | संख्या | ० | ६० | १५० | १६० | १८० | २५० | " | कृषकहरु व्यवसायिक पशुपंक्षी पालन प्रति प्रोत्साहित भएको हुने कृषकहरु लाई प्राविधिक | " |
| प्रतिफल | नश्ल सुधार तथा प्राथमिक उपचारकेन्द्र (शिविर) | पटक | १ | १ | १ | १ | १ | १ | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पशुपंक्षीपालन सम्बन्धी उपलब्ध प्रविधि (खोप, कृत्रिम प्रजनन, क्यासट्रेसन) उपयोग गर्ने कृषक | प्रतिशत | ५० | ६० | ६५ | ७० | ८० | ८५ | " | सहयोग तथा सुविधाहरु नियमित उपलब्ध भएको हुने निजी क्षेत्र लगानी वृद्धिमा आकर्षित भएको हुने | " |
| | सुचारु कृत्रिम गर्भाधान केन्द्र | संख्या | ० | | १ | | | १ | " | | " |
| | दुध उत्पादन (दैनिक) | लिटर | ६०० | ८०० | १००० | १२०० | १४०० | | " | | " |
| | वार्षिक दुध विक्री (दैनिक) | लिटर | ३०० | ४५० | ६५० | ९०० | १२०० | | " | | " |
| | खसीवोका, राँगाभैसी, वङ्गुर, सुंगुरको वार्षिक विक्री | रु.करोड | २.४ | | | | | | " | | " |
| | वार्षिक कुखुराको मासु तथा अण्डा विक्री | रु.करोड | ०.८० | | | | | | " | | " |
| | चालु अवस्थाका व्यवसायिक कुखुरापालन फर्महरु | संख्या | ७ | ८ | १० | १२ | १४ | २० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पशुजन्य संक्रामक रोग विरुद्ध खोप लगाएका पशुपंक्षीहरु | संख्या | ८००० | १०००० | १२००० | १२५०० | १३००० | १३२०० | " | | " |
| | पशुजन्य संक्रामक रोगवाट वार्षिक क्षति | रु.लाख | १० | ०.८ | ०.५ | ०.४ | ०.२ | ० | " | | " |
| | कृष्क समुह | संख्या | ७० | ८० | ९० | १०० | १२० | १५० | " | | " |

## ४.३ वित्तीय तथा सहकारी क्षेत्र

### ४.३.१ पृष्ठभूमि

वित्तीय तथा सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक महत्त्वपूर्ण खम्बाको रूपमा लिइन्छ । संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतिशील बनाउँदै समाजवादउन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने उद्देश्य लिएको छ ।

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका वित्तीय तथा सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आयमूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तीय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ ।सहकारी संस्थाहरुलाई आवश्यक बजेट तथा तालिमको व्यवस्था, इन्टरनेट तथा विद्युतमा आवश्यक बजेट व्यवस्था गरी सेवाग्राहीलाई सेवा प्रवाह गर्नुपर्ने, ऋणको ब्याज दर सस्तो गरि ऋण लगानी गर्नुपर्ने देखिन्छ ।

सभापोखरी गाउँपालिका भित्र लघु वित्तिय संस्था १ वटा र सहकारी संस्था २ वटा रहेका छन् । कृषि सहकारी संस्था स्थापना गरि कृषि प्रविधि तथा उपकरण, विउ विजन, मल, कृषि औषधी सहज रूपमा उपलब्ध हुन सक्ने सम्भावना रहेको छ । सहकारी मार्फत बचतमा वृद्धि भएको, ऋणको लगानी तथा व्यवस्थापन भएको अवस्था छ । सहकारी मार्फत रोजगारी अवसर सिर्जना गर्ने प्रचुर सम्भावना रहेको छ ।

### ४.३.२ समस्या तथा चुनौती

समस्या

प्रत्येक वडाहरुमा कम्तीमा एउटा लघुवित्त तथा सहकारी पुग्न नसक्नु, कृषि सहकारी नभएकाले कृषि सामाग्री खरिद गर्न टाढा जानुपर्ने समस्या रहेको, सहकारी संस्था बचतको पहुँच सहज नभएको, कर्जाको उपलब्धता र पहुँचमा कमी हुनु, ऋण लगानीमा ब्याजदर चर्को हुनु, ऋण लिएर उत्पादनशील क्षेत्रमा लगानी नगरि अर्को ऋण तिर्न ऋण लिने गरेको, अधिकतम सहकारी संस्था बचत तथा ऋण परिचालनमा केन्द्रित हुनु, समुहहरुमा संकलित बचतको उचित परिचालन नहुनु, बचत तथा ऋण सहकारीमा वित्तीय जोखिम उच्च रहनु, सहकारी क्षेत्रको संरचनात्मक र संगठनात्मक व्यवस्था अपर्याप्त एवं अप्रभावकारी रहनु, संस्थागत सुशासनको कमी हुनु, सहकारीको प्रवर्द्धनका लागि आवश्यक पर्ने औपचारिक सहकारी शिक्षा, तालिम तथा व्यवस्थित सहकारी सूचना प्रणालीको उपयुक्त विकास नहुनु, समुदायमा वित्तीय चेतनाको कमी हुनु जस्ता समस्याहरु छन् ।

चुनौती

बैंक तथा वित्तीय संस्थामा स्थानीयको पहुँच वढाउन, वित्तीय सेवा तथा सहकारी व्यवस्थापन सम्बन्धी क्षमता विकास गर्न, सहकारी तथा वित्तीय संस्थाको महत्व तथा उपयोगिता सम्वन्धमा जानकारी गराउन, सहकारी तथा वित्तीय संस्थालाई आय आर्जन तथा रोजगारीका अवसरसँग आवद्ध गर्न, सहकारी तथा वित्तीय संस्थाहरुलाई उत्पादन क्षेत्र तर्फ उन्मुख गराउन, सहकारी संस्थाहरूको नियमित नियमन तथा अनुगमन गर्न, अन्तर सहकारी समन्वय गर्न, कर्जामा सहज पहुँच स्थापना गर्न आदि प्रमुख चुनौती हुन् ।

### ४.३.३ सम्भावना र अवसर

सम्भावना

महिला बचत समुह तथा महिला सहकारीहरूको विकास तथा क्षमता अभिवृद्धि गर्न सकिने, अति विपन्न वर्गमा नियमित बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गर्न सकिने, ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि तथा महिला समुहहरू सक्रिय रहेका, उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको विस्तार गर्दै बैंक तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने, सहकारीको विकास मार्फत ग्रामीण अर्थतन्त्रको उचित विकास गर्न सकिने, अन्य बैङ्क तथा वित्तीय संस्थाहरूलाई आर्कषण गर्न सकिने, स्थानीय जनताको अग्रसरतामा माइक्रो फाइनान्स तथा सहकारीहरूको विकास र विस्तार गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

वित्तीय पहुँचको विस्तार हुनु, स-साना बचत परिचालन भई पुँजी निमार्णमा सहयोग पुग्नु, जनतामा सामुदायिक तथा सहयोगी भावनाको विकास हुनु, स्थानीय स्तरमा वित्तीय अन्तरसम्बन्ध कायम हुनु, गाउँपालिकासँगको वित्तिय सहकार्यमा कृषि तथा उद्योग क्षेत्रमा सहुलियत ऋण लगानी हुनु, रोजगारीका अवसरहरु अभिवृद्धि गर्न सकिने, सहकारीहरुलाई एकिकरणका माध्यमबाट थप शसक्त बनाउन, सहकारीलाई गाउँपालिकाले विकासको साझेदारका रुपमा लिनु आदि अवसर हुन् ।

### ४.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

बचत तथा लगानी अभिवृद्धि गरि उत्पादन, उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना गर्ने ।

उद्देश्य

- प्रतिस्पर्धात्मक तथा तुलनात्मक लाभका क्षेत्रहरुमा वित्त परिचालन गर्नु ।
- वित्तीय संस्थाहरुमा सबैको सहज पहुँच स्थापना गरी बचत तथा लगानी अभिवृद्धि गर्नु ।
- बैंक तथा वित्तीय एवं सहकारी मार्फत विपन्न तथा लक्षित वर्गलाई आर्थिक तथा सामाजिक क्षेत्रमा परिचालन गरी ती वर्गको क्षमता विकास गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उत्पादनशील क्षेत्रमा लगानी गर्न वित्तीय क्षेत्रलाई अभिप्रेरित गर्ने | • क्षेत्रगत लगानीका आधार र प्राथमिकता सहितको लगानी नीति तर्जुमा गरिनेछ<br>• सहकारी र स्थानीय उत्पादन समूहलाई कृषि तथा गैर कृषि उपजको बहु-उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण, कृषि प्रसार, पूर्वाधार विकास तथा स्थानीय स्रोत परिचालनको माध्यमको रूपमा विकास गरिनेछ ।<br>• नगदेबाली, फलफुल, तरकारी लगायत छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी परिचालन गर्न वित्तीय क्षेत्रलाई प्रोत्साहित गर्दै स्थानीय स्तरमा रोजगारी तथा आयआर्जनका अवसरहरु श्रृजना गरिनेछ ।<br>• विप्रेषणलाई नगदेबाली, छिटो नगद तथा पूँजी निर्माण हुने क्षेत्रहरुमा लगानी गर्न नीतिगत व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| बैंक तथा वित्तीय एवं सहकारीको गुणस्तर, क्षमता र विश्वसनियता अभिवृद्धि गर्ने | • सहकारी सञ्चालन र व्यवस्थापन सम्बन्धी आवश्यक नीतिगत र कानुनी व्यवस्था गरिनेछ ।<br>• छरिएर रहेका उत्पादन समूहलाई सहकारीमा आबद्ध गरी संस्थागत रूपमा क्रियाशिल हुन प्रोत्साहित गरिनेछ ।<br>• सहकारीमा कार्यरत जनशक्तिलाई क्षमता विकास तालिम र सहकारी शिक्षा विस्तारका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• सहकारी क्षेत्रको विकासमा अन्तरसरकार समन्वय र सहकार्य अभिवृद्धि गरिनेछ ।<br>वित्तीय पहुँच विस्तारमा वित्तीय संस्थालाई प्रोत्साहित गरिनेछ ।<br>• वित्तीय क्षेत्रको संस्थागत संस्कृति, क्षमता विकास र संस्थागत सुशासन प्रवर्द्धन गरिनेछ ।<br>• वित्तीय संस्थामा पारदर्शिता प्रवर्द्धन गरिनेछ ।<br>• वित्तीय क्षेत्रको बचत, लगानी उत्पादनको अनुगमन संयन्त्रको विकास गरिनेछ ।<br>• सूचना प्रविधिको उपयोग गरी सहकारी सूचना प्रणालीलाई प्रभावकारी बनाइनेछ । |
| वित्तीय संस्थाहरुको माध्यमबाट विपन्न तथा गरिब वर्गलाई सहयोग उपलब्ध गराउने | • लक्षित वर्ग तथा विपन्न वर्गको उत्थानको लागि वित्तीय क्षेत्रलाई सक्रिय सहभागी गराइनेछ ।<br>• विपन्न वर्गलाई सहकारीमा सङ्गठित गरी व्यावसायिकता तर्फ उन्मुख गर्न वित्तीय एवम् प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।<br>• महिला, दलित तथा अतिविपन्न वर्गको आर्थिक उत्थानमा सहयोग पु¥याउन व्यवसायको प्रकृति र आवश्यकताका आधारमा सहुलियतपूर्ण कर्जा वा अनुदान व्यवस्था गरिनेछ । |

### ४.३.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : सहकारी | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | क्षमता विकास तथा संस्थागत विकास कार्यक्रम | क्षमता अभिवृद्धि तालिम | २० | ४ | ४ | ४ | ४ | ४ | प्रदेश, स्थानीय तह |
| २ | लक्षित वर्गको उत्थानका लागि सक्रिय कार्यक्रम | | ५ | १ | १ | १ | १ | १ | स्थानीय तह |
| ३ | दुग्ध सहकारी स्थापना तथा व्यवस्थापन | | १० | | | ५ | ५ | | प्रदेश, स्थानीय तह |
| ४ | लेखा व्यवस्थापन तालिम | वित्तिय क्षमता विकास | ५ | | ५ | | | | स्थानीय तह |
| ५ | सहकारी सदस्य सिप विकास तालिम | | १० | ५ | ५ | | | | प्रदेश, स्थानीय तह |
| ६ | विषयगत सहकारी स्थापना | | २ | २ | | | | | स्थानीय तह |
| जम्मा | | | ५२ | १२ | १५ | १० | १० | ५ | |

### ४.३.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८० ⁄८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | टिप्पणि संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ ⁄८२ | २०८२ ⁄८३ | २०८३ ⁄८४ | २०८४ ⁄८५ | २०८५ ⁄८६ | | | |
| प्रभाव | बचत तथा लगानी अभिवृद्धि भई उत्पादन, उत्पादकत्व वृद्धि र रोजगारी सिर्जना भएको हुने | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | सुचारु वैंक तथा वित्तीय संस्था | संख्या | ४ | | ५ | | ८ | १० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसंग सहकार्य भएको हुने | २ |
| | आर्थिक रुपमा सक्रिय जनसंख्या (१५-६४) को वैंक खाता | संख्या | १५०० | २००० | २५०० | ३००० | ४००० | ५००० | " | वैंक, वित्तीय तथा सहकारी संस्थाहरु सँग सहकार्य भएको हुने | " |
| प्रतिफल | वचत तथा ऋण समेतको कूल सहकारी संस्था | संख्या | २ | | | | | ३ | " | सरकारको प्राथमिक प्राप्त क्षेत्रमा लगानी अभिवृद्धि भएको हुने | " |
| | महिलाद्वारा सञ्चालित सहकारी संख्या | संख्या | १ | | २ | | ३ | ४ | " | | " |
| | कृषि क्षेत्रका कूल सहकारी संस्था | संख्या | ० | १ | २ | ३ | ५ | ६ | " | | " |
| | सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | १७०० | १८०० | २००० | २२०० | २२५० | २५०० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहकारी संस्थाको ऋण कर्जावाट उद्योग, व्यापार व्यवसाय सञ्चालन गर्नेहरु | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | " | | " |

## ४.४ पर्यटन, संस्कृति तथा सम्पदा

### ४.४.१ पृष्ठभूमि

पर्यटन क्षेत्र अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो । अद्वितीय प्राकृतिक एवम् साँस्कृतिक सम्पदा र विविधताको कारण यस क्षेत्रमा तुलनात्मक लाभ रहेको छ । खासगरी, हिमाली प्राकृतिक सुन्दरता, महत्त्वपूर्ण धार्मिक पर्यटकीय गन्तव्य तथा मौलिक साँस्कृतिक तथा पुरातात्त्विक सम्पदा पर्यटन क्षेत्रमा प्रचुर सम्भावना बोकेका क्षेत्रहरु हुन् । यी स्थल र सम्पदाको संरक्षण, प्रवर्द्धन र विविधिकरण गर्दै पर्यटकीयस्थलको रुपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा यस क्षेत्रलाई विकसित गर्ने नीति नेपालको संविधानले अङ्गिकार गरेको छ । पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसर वृद्धि, गरिबी निवारण र जनताको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न यस क्षेत्रको महत्वपूर्ण योगदान रहने भएकोले पर्यटन अर्थतन्त्रको प्रमुख सम्बाहक पनि हो ।

बन्दुके वौला थुम्का (वडा १), हरेलो डाँडा (वडा २), रानी ढुङ्गा (वडा ३), गोरूजुरे (वडा ४), धार्मिक स्थल सभापोखरी (वडा ५), गडी डाँडा, डुम्सीकुर र त्रिवेणीधाम (वडा ६) को समग्र ठाउँको संयुक्त रूपमा सम्भावित पर्यटकीय स्थलहरू रहेता पनि पर्यटन विकास लक्षित पर्याप्त कार्य हुन सकेको छैन । गाउँपालिकामा अझ बढी पर्यटक भित्र्याई बढीभन्दा बढी मानिसहरुलाई पर्यटन व्यवसायमा संलग्न गराई गाउँपालिकाको आर्थिक उन्नति गर्न सकिने देखिन्छ । यसको लागि गाउँपालिका क्षेत्र भित्रका अन्य पर्यटकीय सम्भावनाका क्षेत्रहरुको पहिचान गर्ने, पर्यटकीय स्थलहरुसम्म पुग्नको लागि पहुँच मार्गको विस्तार गर्ने र त्यस्ता पर्यटकीय क्षेत्रहरुमा होमस्टे सञ्चालनको लागि आवश्यक पूर्वाधार विकास गर्दै जानुपर्ने देखिन्छ । गाउँपालिकाको समृद्धिको लागि पर्यटन एक प्रमुख माध्यम हुन सक्दछ ।

### ४.४.२ समस्या र चुनौती

समस्या

पर्यटकीय क्षेत्रमा गर्नुपर्ने नीतिगत कुराको ज्ञान नभएको, आन्तरिक तथा बाहिरी पर्यटकहरू आउँदा उनीहरूलाई गर्नुपर्ने स्वागत सत्कारको ज्ञानको कमी हुनु, सम्भावित रमणीय ठाउँ, भूगोल र अमूल्य वस्तुको पहिचान गरी संरक्षण गर्न नसक्नु, पर्यटकीय क्षेत्रमा लगानी गर्ने तथा ध्यान पुग्न नसक्नु, पालिकामा पर्यटकहरूका लागि आवश्यक पर्ने ठाउँ वस्तुको पहिचान गर्न नसक्नु, पर्यटन प्रवर्द्धन तथा प्रचार प्रसारको कमी हुनु, पर्यटकीय क्षेत्रहरुको विष्तृत गुरुयोजना तथा डिपिआर तयार नहुनु, पर्यटन क्षेत्रको विकासमा उद्यमशिलतालाई जोड्न नसकिनु, पर्यटकीय स्थलहरुमा यातायात सुविधाको अभाव हुनु, पर्यटन पूर्वाधारको कमी हुनु, पर्यटकीय उपजको विविधिकरण, पर्यटन क्षेत्रको अपेक्षित रुपमा विकास र विस्तार हुनु नसक्नु, पर्यटकीय पूर्वाधारका कार्यक्रमलाई विशेष प्राथमिकता नदिनु, पर्यटन सम्बन्धी स्थानीय नीतिगत तथा कानूनी व्यवस्थाको कमी हुनु, पर्यटन सूचना केन्द्रको अभाव हुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

स्थानीय संस्कृतिलाई पर्यटन विकाससँग आवद्ध गर्नु, पर्यटकीय उपजहरूको विविधिकरण गर्नु र गन्तव्यहरूको विकास गर्नु, पर्यटनमा नीजि क्षेत्रको लगानी आकर्षित गर्नु, पर्यटकीय पूर्वाधरको विकास गर्न, पर्यटकहरू यस क्षेत्रमा आउँदा बस्ने, खाने, हेर्ने र लाने वस्तुहरुको अव्यवस्थित वातावरण साथ सुरक्षाको चुनौती हुनु, पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्नु, पर्यटकीय सेवा सुविधाको गुणस्तर वृद्धि गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ४.४.३ सम्भावना र अवसर

सम्भावना

सभापोखरी गाउँपालिका प्राकृतिक हिसावले प्रचुर सम्भना भएको हुँदा यहाँ पर्यटकीय हिसाबले सबै क्षेत्रमा सरोकार राख्ने आन्तरिक एवं वाह्य पर्यटकहरू यस पालिकाको विभिन्न भुगोलहरूमा अवतरण गराई यहाँ आय आर्जनको बाटो खोल्न सकिने सम्भावित क्षेत्र रहेको, धार्मिक, ऐतिहासिक, साँस्कृतिक एवं प्राकृतिक पर्यटकीय धरोहरहरू जस्तै गडीडाँडा, गोरूजुरे, बन्दुके, दुम्सिकुर देउराली, देवलथान, गुफा, खोलानाला, डाँडाकाँडा, रमणीय वनस्पति, छाँगो, झरनाहरू, त्रिवेणी बजार, गाउँवस्ती, बहुल जातीय भेषभूषा, नाच गान बाजागाजा आदिले वाह्य तथा आन्तरिक पर्यटन आकर्षण गर्न सकिने, होम स्टे, ग्रामीण पर्यटनको सम्भावना हुनु, पर्यटन बजारको सम्भावना रहेको, पदमार्ग निर्माण लगायत पर्यटन पूर्वाधारहरु विकास गर्ने सकिने, पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गर्न सकिने, पर्यटकीय तथा धार्मिक स्थलहरुको फोहरमैला व्यवस्थापनको लागि सरकारी, गैरसरकारी संघ संस्थाहरुसँगको सहकार्य गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

सभापाखरी धार्मिक एवं पर्यटकीय क्षेत्र संरक्षण समितिद्वारा सभापोखरीको विकास, संरक्षण, प्रचारप्रसार तथा धार्मिक पर्यटकहरूलाई आवतजावत, बास, पूजापाठमा सहज भएकाले पर्यटकको संख्यामा वृद्धि भएको, खनीज, जडीवुटि, कृषि आदि प्रचुर मात्रामा हुनु, धार्मिक पर्यटक, कृषि पर्यटक अन्य अवलोकन गर्न सकिने सम्भावित क्षेत्रहरू हुनु, स्थानीय कला संस्कृति, रीतिरिवाजको प्रचार प्रसार गरी पर्यटक आवागमन बढाउन सकिने, धार्मिक, साँस्कृतिक, प्राकृतिक सम्पदाहरुको उपयोग गरी पर्यटकीय गतिविधि बढाउन सकिने, कृषि पर्यटनको सम्भाव्यता अध्ययन गर्न सकिने, पर्यटन विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न सकिने, पर्यटन गुरुयोजनाले निर्दिष्ट गरे बमोजिम पर्यटन पूर्वाधारहरु विकास गर्ने सकिने, पर्यटन क्षेत्रमा सहयोग आदान प्रदान गर्न आन्तरिक तथा बाह्य देशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गर्न सकिने, पर्यटकको लागि सम्बद्ध संघ सस्थाहरूसँग समन्वय गरी आवश्यक सुरक्षाको व्यवस्था गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

### ४.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सभापोखरी गाउँपालिका भित्र रहेको पवित्र धार्मिक पर्यटकीय साथै रमणीय स्थलहरूमा भौतिक पूर्वाधार संरचना निर्माण गर्दै प्रचार-प्रसार तथा प्रवर्द्धनद्वारा आर्थिक गतिविधि बढाउने ।

उद्देश्य

- गाउँपालिका भित्र रहेका महत्वपूर्ण क्षेत्रहरू जस्तै कृषि, धार्मिक, सांस्कृतिक, भौगोलिक रमणीय कुराहरुको दृश्य अवलोकन, भ्रमण गर्न आन्तरिक र बाह्य पर्यटकहरू अवतरण गराई रोजगारी श्रृजना गरी आय स्रोत बढाउनु ।
- आन्तरिक र बाह्य पर्यटक गरी ५ वर्ष भित्रमा ५ लाख पर्यटक भित्र्याउनु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पर्यटकीय क्षेत्र विकास, निर्माण गरि पर्यटक सङ्ख्या, बसाई अवधि र खर्च गराईमा वृद्धि गर्ने | • सम्भावित पर्यटकीय स्थलहरूको पहिचान गरी त्यस्ता ठाउँहरूको डि.पि.आर, गुरु योजना निर्माण गरी पर्यटकहरु ल्याउने वातावरण, श्रृजना गर्न कानूनी व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | • गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रहरूमा आवश्यक भौतिक पूर्वाधारहरूको विकास र विस्तार गरिनेछ ।<br>• पर्यटक सङ्ख्या, बसाई अवधि र खर्च गराईमा आय आर्जनमा वृद्धि गराइनेछ ।<br>• पर्यटकहरुका लागि आवश्यक पर्ने खान, बस्नको लागि सामुदायिक होमस्टे, निजी होमस्टे, होटल दर्ता प्रक्रियामा जोड दिइनेछ तथा यसको विकास र विस्तार गरिनेछ ।<br>• पर्यटकको लागि सम्बद्ध संघ सस्थाहरूसँग समन्वय गरी आवश्यक बजेट तथा सुरक्षाको व्यवस्था गरिनेछ ।<br>• पर्यटकको लागि सम्बद्ध संघ सस्थाहरूसँग समन्वयमा पर्यटन सम्बन्धी गोष्ठी, सेमिनार, तालिमको आयोजना गरी पर्यटन सम्बन्धी ज्ञान समुदायलाई जनचेतना दिइनेछ ।<br>• गाउँपालिकामा रहेका पर्यटकीय क्षेत्रहरुलाई पर्यटकीय सर्किटबाट जोडिनेछ ।<br>• पर्यटन विकासमा निजी क्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• पर्यटकहरुका लागि आकर्षक गन्तव्यको रुपमा विकास गर्न पर्यटकीय तथा धार्मिक स्थलहरुको फोहरमैला व्यवस्थापन गर्न सम्बन्धित संघ संस्थाहरुसँग सहकार्य गरिनेछ ।<br>• पर्यटन क्षेत्रमा सहयोग आदान प्रदान गर्न आन्तरिक तथा बाह्य देशका स्थानीय सरकारसँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ । |
| मौलिक कला तथा साँस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने | • मौलिक कला तथा साँस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गरिनेछ ।<br>• स्थानीय विशिष्ट पहिचान झल्किने खालका उत्पादनहरूको प्रवद्धन गर्दै आय आर्जनका लागि उपयुक्त स्थानहरूमा कोशेली घरको स्थापना गरिनेछ ।<br>• लोक भाषा, संस्कृति, कला, धार्मिक सांस्कृतिक स्थल आदिको संरक्षण र प्रवर्द्धन गरिनेछ ।<br>• स्थानीय बाटो एवम् पर्यटकीय पदमार्ग, विश्राम स्थल, होटल तथा होमस्टे साँस्कृतिक, धार्मिक स्थल आदिको पूर्ण सरसफाइ गरिनेछ । |

### ४.४.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र : पर्यटन विकास | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | पर्यटन प्रवर्द्धन कार्यक्रम | सांस्कृतिक सम्पदा को प्रचार प्रसार पर्यटकीय सुविधा को विस्तार | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह |
| २ | होमस्टे संचालन तथा व्यवस्थापन सुधार कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह |
| ३ | बन्दुके धार्मिक तथा पर्यटकीय क्षेत्र निर्माण | | ५१४ | ५० | ५० | ५० | ५० | ५० | संघ, प्रदेश |
| ४ | केलाङ साकेला पार्क निर्माण | | २५० | ५० | ५० | ५० | ५० | ५० | संघ, प्रदेश |
| ५ | मछिन्द्रनाथ संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | | ५० | १० | १० | १० | १० | १० | संघ, प्रदेश |
| ६ | बहुला थुम्का बहु सांस्कृतिक पार्क निर्माण योजना (वडा 1) | | ३३०४ | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश |
| ७ | गुराँस संरक्षण क्षेत्र (मौरे डाँडा, हरेलो जुरेडाँडा) पर्यटन स्थल विकास गर्ने (पैदल पदमार्ग समेत) (वडा 2) | | ५० | | २५ | २५ | | | प्रदेश, स्थानीय तह |
| ८ | रानी ढुँगा पर्यटकिय स्थल निर्माण (गौरवको योजना) (वडा 3) | | ५० | २५ | २५ | | | | प्रदेश, स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | फरेवा झर्ना पार्क र आम्लामा झरना पार्क निर्माण योजना (वडा 4) | | २९४ | ५० | ५० | ५० | ५० | ९४ | संघ, प्रदेश |
| १० | चित्रे, भन्ज्याङ्ग पर्यटकीय क्षेत्र स्थल निर्माण (वडा 5) | | ५० | | | | २५ | २५ | संघ, प्रदेश |
| ११ | दुम्सिकुर धार्मिक तथा पर्यटकीय स्थल निर्माण | | ६४० | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश |
| १२ | धुपु शेरा मन्दिर संरक्षण तथा व्यवस्थापन | | ५० | | २५ | २५ | | | प्रदेश, स्थानीय तह |
| १३ | पावा वास्तोला गुफा डाँडा पर्यटकीय क्षेत्र निर्माण | | १४२६ | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश |
| १४ | सिलसिले पार्क निर्माण | | १६६५ | १०० | १०० | १०० | १०० | १०० | संघ, प्रदेश |
| १५ | देउराली भ्यु स्टेशन निर्माण | | ३४३ | १०० | १०० | १०० | ४३ | ० | संघ, प्रदेश |
| १६ | रानी ढुङ्गा पर्ययटन क्षेत्र विकास | | ५०० | ५० | ५० | १०० | १०० | २०० | संघ, प्रदेश |
| **जम्मा** | | | ९२३६ | ७४५ | ७९५ | ८२० | ७३८ | ८३९ | |

### ४.४.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | धार्मिक एवम् पर्यटकीय साथै रमणीय स्थलहरूमा आर्थिक गतिविधि बढेको हुने | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल (यातायात, संचार, सुरक्षा, होटेल आदि) | संख्या | २ | ४ | ५ | ६ | ८ | १० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | २ |
| प्रतिफल | धार्मिक पर्यटन सञ्चालन स्थान | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | " | | " |
| | स्तरोन्नति गरिएका पर्यटकीय सम्पदाहरु | संख्या | २ | ४ | ८ | १० | १२ | १५ | | | " |
| | पुरातात्विक तथा ऐतिहासिक, साँस्कृतिक पर्यटकीय स्थानहरु | संख्या | २० | २२ | २४ | २६ | २८ | ३० | " | पर्यटन क्षेत्रमा लगानी गर्न निजी क्षेत्र आकर्षित भएको हुने | " |
| | उपलब्ध पर्यटकीय सेवा र सुविधाको प्रकार (१.पर्यटकीय क्षेत्र २.सूचना केन्द्र ३.गाइड ४.सुरक्षा ५.होमस्टे६.मुद्रा सटही ७.होटेल रेष्टुरेण्ट ८.यातायात ९.सपिङ, १०.एजेण्ट आदि) | संख्या | १ | २ | ४ | ६ | ८ | १० | " | संघ, प्रदेश र अन्तर पालिका वीच सहकार्य र समन्वय भएको हुने | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सञ्चालित तथा व्यवस्थित पदमार्गको लम्बाइ (कूल) | कि.मि. | ४ | ५ | ६ | ८ | १० | ११ | " | | " |
| | व्यवस्थित होमस्टे तथा पर्यटकीय गाउँ | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | " |
| | पालिका वाहिरका प्रसिद्ध पर्यटकीय गन्तव्यसंग जोडिएका पर्यटकीय स्थानहरु | संख्या | ४ | | | | | ४ | " | | " |
| | व्यवस्थित वनभोज, उद्यम, पार्क | संख्या | ० | | १ | | २ | ३ | " | | " |
| | तालिम प्राप्त टुर गाइड | संख्या | ० | | | २ | | ५ | " | | " |
| | तालिम प्राप्त कुक, वेटर | संख्या | २ | | ५ | | | १० | " | | " |
| | पर्यटनमा आधारित उद्योग व्यवसायहरु | संख्या | १ | | २ | ३ | ४ | ५ | " | | " |
| | सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटक | संख्या | १२०० | १५०० | २००० | ३००० | ४००० | ५००० | " | | " |
| | सालभरी भ्रमण गर्ने वाह्य पर्यटक | संख्या | ५०० | १००० | १५०० | २००० | २५०० | ३००० | " | | " |
| | भ्रमण गर्ने पर्यटकहरुको औषत वसाई | दिन | ५ | | | ६ | | ७ | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पर्यटकको औषतमा दैनिक खर्च प्रति व्यक्ति | रु.हजार | १.५ | १.६ | १.८ | २ | २.३ | २.५ | " | | " |

# ४.५ उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति

## ४.५.१ पृष्ठभूमि

नेपालको संविधानले अर्थतन्त्रको विकासका लागि उद्योगधन्दा र स्रोत- साधनको संरक्षण र प्रवर्द्धन गरी श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिने र राष्ट्रिय हित अनुकुल आयात व्यवस्थापन र निर्यात प्रवर्द्धक क्षेत्रमा वैदेशिक पुँजी तथा प्रविधिको लगानीलाई आकर्षित गर्दै औद्योगिक पूर्वाधार विकासमा प्रोत्साहन र परिचालन गर्ने नीति लिइएको छ । उद्योग, व्यापार र व्यवसाय विकासका लागि स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित साना उद्योगको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने हुन्छ । यसैगरी, उद्योगमा नयाँ प्रविधि प्रयोग गरी उत्पादन लागत कम गर्दै उत्पादन र उत्पादकत्व वृद्धि र रोजगारिका अवसर सिर्जना गर्नुपर्ने छ । सभापोखरी गाउँपालिकामा लघु, घरेलु तथा साना उद्योगहरु सञ्चालनमा छन् । होटल व्यवसाय, बहुउद्देशीय फर्म, एग्रीकल्चर फर्म, कृषि तथा पशुपालन फर्म, फ्रेस हाउस, वर्कशप, कन्सट्रक्सन तथा निर्माण सेवा, राईस मिल, क्याफे, फुड प्रडक्ट, एग्रो फर्म, टुर्स एण्ड ट्राभल्स, बुटिक, आदि दर्ता भएका छन् । यस गाउँपालिकामा रहेका व्यापार र व्यवसाय दर्ता ज्यादै न्यून रहेको छ । किराना पसल, सप्लायर्स, कम्यूनिकेशन, रेमिट्यान्स, कोल्ड स्टोर, भाडा पसल, फेन्सी, हार्डवेयर, मदिरा पसल, मिष्ठान भण्डार, एग्रो सेन्टर, काष्ठ सप्लायर्स, कपडा पसल, आदि वाणिज्य कार्यलयमा दर्ता गरी सञ्चालनमा छन् भने केही व्यापार व्यवसाय दर्ता नगरी सञ्चालनमा रहेका छन् । उद्योग, व्यापार र व्यवसायहरु न्यून मात्रमा दर्ता भएको हुनाले गाउँपालिकाको राजस्व कम मात्रामा सङ्कलन भईरहेको छ । तसर्थ पालिकाको आन्तरिक राजस्व सङ्कलनमा वृद्धिको लागि उद्योग, व्यापार र व्यवसाय दर्ता अभियान आयोजना गरी व्यवसायीहरुलाई राजस्वको दायरामा ल्याउन पहल गर्न अत्यन्त जरुरी देखिन्छ । पालिकाको सवल पक्षको रूपमा क्रसर उद्योग मिल, रूद्राक्ष माला, राडीपाखी, वेत वास उद्योग, खनिज उद्योग, फलाम, तामा, चुना उद्योगहरू सञ्चालनमा रहेका छन् ।

## ४.५.२ समस्या र चुनौती

समस्या

लगानी गर्न सहज वातावरण निर्माण गरी लगानी कर्ताहरू भित्र्याउन नसक्नु, लगानी कर्ताहरूलाई शान्ति सुरक्षाको उचित वातावरण श्रृजना गर्न नसक्नु, उद्योग संचालन गर्दा कानूनी अध्यन, नीति, विधि सहज तरिकाले गर्न झन्जटिलो हुनु, उद्योग संचालन गर्न आवश्यक पर्ने कच्चा पदार्थ उत्पादन गर्न कृषकलाई उचित, तालिम, ज्ञानका कुरा दिलाई उत्पादनमा विकास गर्न नसक्नु, उद्योग मार्फत उत्पादित वस्तुलाई बजारीकरण गर्दै व्यापार गर्नको लागि ढुवानीका साधन चल्न सक्ने बाटोको अवस्था कमजोर भएकाले समयमा पुर्याई विक्री गर्न नसकिने विद्यमान अवस्था रहेको, धेरै उद्योगहरु दर्ता/ नीतिगत दायरामा नआउनु, गाउँपालिकामा उद्योग र उद्यमशिलताको कमी हुनु, औद्योगिक पूर्वाधारको कमी हुनु, औद्योगिक ग्राम स्थापना नहुनु, व्यावसायिक दक्षताको अभाव हुनु, स्तरीय सडक यातायात, पूर्वाधार तथा बजारको व्यवस्था नहुनु, साना उद्यमी र व्यवसायीहरुको संरक्षण नहुनु, ठूला उद्योगहरु स्थापनाका लागि बाहिरी लगानी आउन नसक्नु आदि प्रमुख समस्या हुन् ।

चुनौती

आवश्यक उद्योग संचालन गर्न आवश्यक कच्चा पदार्थ संकलन गरी ल्याउन चुनौती हुनु, उद्योग संचालन गर्नको लागि औद्योगीक क्षेत्रको पहिचान गरी छुट्याउनु, वाहिरी खाद्य सामान आयात बढ्नु र निर्यात घट्नु, विश्व आर्थिक मन्दिले लगानी गर्न नसक्नु, उद्यमशिलता विकास गर्नु, स्थानीय उत्पादनको बजारीकरण गर्नु, यथोचित तथ्याङ्कको अभाव हुनु, कृषि, पशु विकास र जडिबुटीको व्यावसायिक उत्पादन गर्नु, सडक, विद्युत आदि भौतिक पूर्वाधारको

पहुँच वृद्धि गर्नु, बाह्य लगानी वातावरणको निर्माण गर्नु, प्रतिस्पर्धात्मक क्षमताको पहिचान र विकास गर्नु, युवा जनशक्तिलाई उद्यमशिलता तर्फ आकर्षित गराउनु, व्यापार व्यवसायको आकार सानो हुनु, साना उद्यमी र व्यवसायीहरुको संरक्षण गर्नु, दुर्लभ र महत्वपूर्ण जडिबुटीहरूको अव्यवस्थित सङ्कलन र प्रशोधन बिना निकासी हुनु आदि प्रमुख चुनौती हुन् ।

### ४.५.३ सम्भावना र अवसर

सम्भावना

सभापोखरी गाँपालिका भित्र विभिन्न किसिमका उद्योग खोल्न सकिने सम्भावना रहेको (जस्तै, जडिबुटी प्रशोघन उद्योग, अर्गेली नेपाली कागज उद्योग, काष्ठ उद्योग, मिनरल वाटर उद्योग, फुल फुलद्वारा जुस उद्योग, मौरीबाट उत्पादित मह प्रशोधित, प्याकेजिङ्ग उद्योग, वेत बास उद्योग, दुग्ध संकलन डेरी उद्योग), उद्योग, उर्जा, पर्यटन आदि क्षेत्रमा बाह्य लगानीको सम्भावना रहनु, उद्यमशिलतालाई प्रोत्साहन वा बढावा दिन सकिने, उद्योग ग्राम स्थापना गर्न सकिने, स्थानीय स्तरबाट हुने निर्यातमा आधारित लघु घरेलु तथा साना उद्योग स्थापना र सञ्चालन गर्न सकिने, सानो स्केलमा हुने उत्पादनको एकीकृत बजार प्रवर्द्धन गर्न सकिने, एक स्थानीय तह एक वाणिज्य बैंकको नीति रहनु, वैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त युवाको विप्रेषण आय, सीप र उद्यमशिलताको प्रयोग गर्न सकिने सम्भावना रहनु आदि प्रमुख सम्भावना हुन् ।

अवसर

स्थानीय कला संस्कृति, रीतिरिवाजको प्रचार प्रसार गरी पर्यटक आवागमन बढाउन सकिने, एक गाउँपालिका एक औद्योगिक ग्रामको केन्द्रिय नीति रहनु, लघु तथा घरेलु उद्योग दर्ता र नियमनको अधिकार स्थानीय तहमा रहनु, लघु तथा घरेलु उद्योग मार्फत स्थानीय रोजगारी सिर्जना गर्न सकिने, साना व्यवसाय र उद्यमीहरुलाई सहज नवीकरण र कर छुटको व्यवस्था गरी करको दायरामा ल्याई राजस्व सङ्कलनमा वृद्धि गर्न सकिने, विद्युतको राष्ट्रिय प्रसारण सबै स्थानीय तहमा पुयाउने राष्ट्रिय नीति रहनु र गाउँपालिका प्राथमिकतामा पर्नु आदि प्रमुख अवसर हुन् ।

### ४.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

लघु उद्यम तथा साना उद्योगको विकास र विस्तारद्वारा आन्तरिक राजश्वमा उद्योग व्यवसायको योगदान बढाउने

उद्देश्य

- उद्योग व्यवसायको उत्पादन एवम् प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरि आयात व्यवस्थापन गर्नु ।
- स्थानीय साधन स्रोत सीपको उपयोग गर्दै उद्योग व्यवसायको उत्पादन वृद्धि गरि आन्तरिक राजश्वमा उद्योग क्षेत्रको योगदान बढाउनु ।
- लगानीमैत्री वातावरणको सिर्जना गरी बजार व्यवस्थापन गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| लगानीमैत्री वातावरण तयार गर्न प्रविधि तथा औद्योगिक पूर्वाधार विकास गर्ने | • गाउँपालिका भित्र लघु र घरेलु उद्योग व्यवसाय स्थापनालाई प्रोत्साहन गर्न नीतिगत एवम् कानूनी व्यवस्था गरिनेछ ।<br>• कृषि, पर्यटन, खानी, जलस्रोत, नगदेवाली क्षेत्रसँग आवद्ध गर्ने गरी कार्यक्रम संचालन गरिनेछ । |

| | |
|---|---|
| | • उद्योग व्यवसाय सम्वद्ध भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्न नीजि क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।<br>• उद्योग व्यवसायको क्षमता अभिवृद्धि गर्न नयाँ प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ।<br>• स्थानीय स्तरका वन पैदावार र खनिज पदार्थ प्रसोधन गर्न उद्योग संचालनमा प्रोत्साहन गरिनेछ ।<br>• स्थानीय स्तरमा उद्यमशिलता विकासका लागि उपयुक्त व्यक्तिहरूको छनौट गरी सीप विकास एवम् उद्यमशिलता तालिम प्रदान गरी आय र रोजगारसँग आवद्ध गराइने छ ।<br>• परम्परागत रुपमा चलिरहेका स्थानीय पहिचान जन्य उद्योगहरूलाई नयाँ प्रविधिसँग आवद्ध गरी व्यवसायिक्ता अभिवृद्धि गरिनेछ । |
| तुलनात्मक क्षेत्रको आधारमा उद्योग व्यवसायको विकास गरी आयात व्यवस्थापनमा जोड दिने | • स्थानीय कच्चा पदार्थमा आधारित अलैंची, आलु, जडिबुटी, मसला, आदिलाई स्थानीय तहमा नै प्रशोधन, लेबलिङ, ब्राण्डिङ तथा प्याकेजिङ गरी बिक्री वितरण गर्न प्रोत्साहित गरिनेछ ।<br>• तुलनात्मक लाभ भएका उद्यम स्थापनामा प्राथमिकता दिइ अनुदानको व्यवस्थापन गरिनेछ ।<br>• स्थानीय स्तरमा लगानी वातावरण निर्माण गर्नका साथै सार्वजनिक निजी साझेदारीलाई प्रोत्साहित गरिनेछ ।<br>• स्थानीय स्तरबाट हुने निर्यातमा आधारित लघु घरेलु तथा साना उद्योग स्थापना र सञ्चालनमा ध्यान दिइने छ ।<br>• गैर आवासिय नेपालीको ज्ञान, सीप, पूँजी र प्रविधिलाई स्थानीय उद्योग, व्यापार व्यवसाय विकासमा उपयोग गरिनेछ। |
| उद्योग व्यवसायको विकास विस्तारका लागि क्षमता विकास, वित्तीय पहुँच र प्रवर्द्धनात्मक उपाय अबलम्वन गर्ने<br>व्यापार लागत कम गर्ने | • वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उद्योग व्यवसाय सञ्चालन गर्न वित्तीय पहुँच लगायत अन्य सहुलियत प्रदान गरिनेछ ।<br>• महिला उद्यमीहरूद्वारा सञ्चालित उद्यमलाई प्राथमिकता र प्रोत्साहन दिइने छ ।<br>• सहुलियत सहितको वित्तीय पहुँचमा सुनिश्चितता गरिनेछ।<br>• व्यापार व्यवसायको तथ्याङ्क सङ्कलन गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ ।<br>• स्थानीय उत्पादनलाई आन्तरिक बजारसम्म पहुँच बढाउन नियमित हाट बजारको व्यवस्था गरिनेछ ।<br>• मूल्यलाई व्यवस्थित गर्न मूल्य सूची राख्ने तथा नियमित अनुगमन र नियमन गरिनेछ ।<br>• अत्यावश्क बस्तुहररूको निर्वाध आपूर्तिको सुनिश्चितता गर्दै कृतिम अभाव, कालो बजारी जस्ता अनियमितता नियन्त्रण गरिनेछ ।<br>• खाद्य सुरक्षा र पोषणको प्रत्याभूति गराउन सहकारी तथा निजी क्षेत्र मार्फत स्थानीय उत्पादनलाई बढावा दिँदै नियमित आपूर्तिको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | • पोषण सुरक्षाका लागि खाद्य व्यवहारमा परिवर्तन गरी स्थानीय पोषण युक्त खाद्य पदार्थको उपयोगलाई प्रोत्साहित गरिनेछ ।<br>• सबै खालका व्यापार व्यवसायलाई करको दायरामा समेटिनेछ । |

## ४.५.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: उद्योग, व्यापार, व्यवसाय तथा आपूर्ति | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | उद्योग सञ्चालनमा नयाँ प्रविधिको प्रयोगमा जोड | उत्पादकत्व र आयमा वृद्धि | ५० | १० | १० | १० | १० | १० | | प्रदेश |
| २ | जडीबुटी संकलन प्रशोधन तथा व्यवस्थापन केन्द्र | रोजगार र आयमा वृद्धि उद्यमशिलता र उद्यमी सृजना | १०० | | ५० | २५ | २५ | | | संघ,प्रदेश |
| ३ | उद्यमशिलता विकास तालिम | | २५ | ५ | ५ | ५ | ५ | ५ | | स्थानीय तह |
| ४ | मह उत्पादन उद्योग | रोजगार तथा आयआर्जन | २५ | | १५ | १० | | | | स्थानीय तह |
| ५ | उद्योगग्राम स्थापना | स्थानिय स्रोत साधनको प्रयोग तथा आयआर्जन | २०० | | | ५० | ५० | १०० | | संघ |
| ६ | नेपाली कागज उद्योग | | २५ | २० | ५ | | | | | स्थानीय तह |
| जम्मा | | | ४२५ | ३५ | ८५ | १०० | ९० | ११५ | | |

## ४.५.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | स्थानीय साधन, स्रोतमा आधारित उद्योग, व्यवसायहरूको प्रवर्द्धन भएको हुने | | | | | | | | | | |
| असर | औपचारिक अनौपचारिक क्षेत्रका चालु लघु घरेलु तथा साना उद्योग (रु.१ करोड सम्मको) | संख्या | २ | ३ | ४ | ५ | ७ | ८ | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्र सँग सहकार्य भएको हुने | २ |
| | औपचारिक अनौपचारिक क्षेत्रका चालु मझौला उद्योग (रु.१५ करोड सम्मको) | संख्या | ० | | १ | | | २ | " | | " |
| प्रतिफल | कानुन अनुसार सम्वान्धित उद्योग व्यवसाय | संख्या | २ | ३ | ४ | ६ | ८ | १० | " | लगानी मैत्री वातावरण श्रृजना भएको हुने | " |
| | सुधारु व्यापार व्यवसाय | संख्या | १०० | १२० | १४० | १६० | १८० | २०० | " | | " |
| | स्थानीय सीप शैली, प्रविधिमा आधारित उद्योग व्यवसाय | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | " | सहकारी, निजी क्षेत्रसंग सहकार्य भएको हुने | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पालिकामा दर्ता र नियमित नवीकरण भई संचालित उद्योग व्यवसायहरु | संख्या | १०० | १२० | १४० | १६० | १८० | २०० | " | | " |
| | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | " | | " |
| | निकासीजन्य कच्चा पदार्थको उपलब्धता | मे.टन | २५० | २७५ | ३०० | ३५० | ४०० | ५०० | " | | " |
| | स्थानीय स्तरमा उपलब्ध जडिबुटीमा आधारित उद्योग व्यवसाय | संख्या | ० | | | १ | | २ | " | | " |
| | उद्यम श्रृजना, व्यवसायिक विकास सम्बन्धी तालिम प्राप्त उद्यमीहरु | संख्या | ३० | ३५ | ४० | ४५ | ५० | ६० | " | | " |
| | सीपमूलक व्यवसायिक तालिम आर्जन गर्ने व्यक्तिहरु | संख्या | १५० | १७५ | २०० | २२५ | २५० | ३०० | " | | " |
| | महिलाद्वारा सञ्चालित उद्योग व्यवसाय | संख्या | ४० | ४२ | ४५ | ५० | ५५ | ६५ | " | | " |
| | सुधारु औद्योगिक ग्राम | संख्या | ० | | | १ | | २ | " | | " |
| | रोजगारीमा गैरकृषि योगदान | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० | ७० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वौद्धिक सम्पत्ति संरक्षण अन्तर्गत अधिकारिक निकायमा दर्ता भई व्राण्डिङ गरिएका जडीवुटी, हस्तकला तथा अन्य उत्पादनहरु | संख्या | ० | | | | | १ | " | | " |
| | तरकारी, फलफुल, खाद्यान्न लगायत अत्यावश्यक उत्पादनहरुको नियमित आपूर्ति तथा विक्री वितरणका लागि संचालनमा रहेका वजार केन्द्रहरु | संख्या | १ | | | २ | | ३ | " | | " |
| | सहकारी संस्था मार्फत संचालित सुपथ मूल्यका पसलहरु | संख्या | ० | १ | २ | ३ | ४ | ६ | " | | " |
| | मूल्यसूची सहित संचालित पसल व्यवसाय | संख्या | ५ | १० | २० | ३० | ४० | ५० | " | | " |
| | सार्वजनिक, निजी एवं सहकारीको साझेदारीमा संचालित उद्योग व्यवसायहरु | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | " |
| | पालिका क्षेत्रभित्र संचालित उद्योग, व्यापार व्यवसायहरुमा भएको कूल लगानी | रु.करोड | २० | २५ | ३० | ३५ | ४० | ५० | " | | " |

## ४.६ श्रम तथा रोजगारी र सामाजिक सुरक्षा

### ४.६.१ पृष्ठभूमि

रोजगारी र श्रमलाई नेपालको संविधानको धारा ३३ र ३४ मा मौलिक हक मा समाहित गरिएको छ । यहि हक लाई कार्यन्वयन गर्न रोजगारी हक सम्बन्धित ऐन २०७५ रोजगारीको हक सम्बन्धित नियमावली २०७५, प्रधानमन्त्री रोजगार कार्यक्रम २०७५ तथा युवा रोजगारीका लागि रुपनान्तरण पहल कार्यविधि २०७६ तर्जुमा गरी स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना मार्फत बेरोजगार व्यक्तिको पहिचान गर्ने सूचिकरण गर्ने र सूचिकृत व्यक्तिलाई रोजगारी प्रदान गर्ने गरिन्छ । गरिबी निवारण र आर्थिक विकासमा उल्लेख्य प्रगति गर्न सकिने तथ्यलाई मध्य नजर गरी श्रम बजारको आवश्यकता अनुरुप सीपमुलक श्रम शक्तिको विकास गर्नु आजको आवश्यकता हो ।

सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरुको घट्दो रुचि लगायतका कारणले नेपाली युवाहरु वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रुपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुकको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गरिरहेको छ । विप्रेषण क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विगतका योजनाहरुले समेट्न नसकेको कुरा यथार्थ हो । हाल यस सभापोखरी गाउँपालिकामा वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवम् उपलब्धीमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई प्रभावकारी कार्यान्वयन गर्नु महत्वपूर्ण कार्य हुनेछ ।

सभापोखरी गाउँपालिकामा सबैजसो व्यक्तिहरु कृषि तथा पशुपालनमा आवद्ध रहेका छन् भने पर्यटक तथा धार्मिक क्षेत्रमा न्यूनतम सहभागिता रहेको छ । सडक, यातायात क्षेत्रतर्क पालिकाले विशेष जोड दिएको कारण यस क्षेत्रमा पनि रोजगारीको अवसर रहेको छ । शिक्षा, स्वास्थमा रोजगारीको विद्यमान अवस्था सवल रहेको छ । केहि न्यून मात्रामा सहकारी र वित्तीय संस्थाहरू रहेका छन् । उद्योग तथा मनोरञ्जन क्षेत्रबाट कम मात्र रोजगारी उपलब्ध रहेको छ । वैदेशिक रोजगारीको खोजिमा युवा जनशक्ति रहेको छ ।

### ४.६.२ समस्या र चुनौती

समस्या

भौगोलिक विकटता तथा प्रचार प्रसारमा समस्या हुनु र रोजगार प्रवर्द्धन गर्न कठिनाई हुनु, फराकिलो क्षेत्र र न्यून बजारको कारण सबै सडक सुदृढमा समस्या हुँदा रोजगारमा समस्या हुनु, रोजगार सम्बन्धी जनचेतनामा कमि तथा ठुलो औद्योगिक क्षेत्र नभएको, परम्परागत तथा ठुलो रोजगारी र उत्पादन नहुने क्षेत्रहरू भएको हुँदा दिर्घकालीन रोजगारीका लागि विदेशिनुपर्ने वाध्यता हुनु, प्राप्त सीप र पूँजिको न्यून परिचालन हुनु, बाहिरी लगानी आकर्षित हुन नसक्दा गाउँपालिका क्षेत्रमा न्यून आर्थिक गतिविधि हुनु, स्थानीय मानिसहरु श्रमको लागि अन्य शहर तथा वैदेशिक रोजगारीमा गएको, सरकारी, सहकारी, निजी तथा सामुदायिक क्षेत्रबीच समन्वय नहुनु, मर्यादित श्रम सहित रोजगार सुनिश्चित नहुनु, सामाजिक सुरक्षा योजनालाई सर्वब्यापी बनाउन नसक्नु, सामजिक सुरक्षा वितरण प्रणाली प्रभावकारी नहुनु, सामजिक सुरक्षा योजना तर्जुमा, लगानीको आँकलन, श्रोत माथिको दवाव अनुमान गर्न आवश्यक पर्ने सूचना तथा तथ्याङ्कको कमी हुनु, अल्पसङ्ख्यक तथा पिछडिएका समुदायहरुको सामाजिक सुरक्षामा कम पहुँच हुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

रोजगार क्षेत्रमा आधुनिक प्रविधिको प्रयोगमा चुनौती रहेको, दक्ष जनशक्तिको अभाव हुनु, घट्दो जनशक्ति र विश्वमहामारीलाई न्यूनिकरण गर्न, श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन नहुनु, बाह्य स्रोतलाई आकर्षित गरी आर्थिक गतिविधि बढाउनु, बढ्दो बसाईँसराइ र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारिक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको, पालिकामा बढिरहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो हुनु, आर्थिक रुपमा सक्रिय जनसङ्ख्यालाई स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्नु, अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरु बढ्नु, श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन मिलाउनु, गन्तव्य मुलुकहरुसँग द्विपक्षीय श्रम सम्झौता र त्यसको कार्यान्वय गर्नु, वैदेशिक रोजगारको दिगो विकल्प दिनु नसक्नु, पारिवारिक तथा सामाजिक पुनः एकीरकणका सवालहरु सम्बोधन नहुनु, तालिम प्राप्त जनशक्तिको निम्ति सही कामको उपलब्धता गराउनु, आर्थिक रुपमा सक्रिय जनसङ्ख्यालाई स्थानीय स्तरमा नै रोजगारीका अवसरहरु सिर्जना गर्नु, रोजगारीको अवसर सम्बन्धी सूचनामा रोजगारी चाहने मानिसको पहुँच स्थापित गर्नु, योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा स्थानीयको पहुँच स्थापित गराउनु, सामाजिक सुरक्षा संरक्षण सम्बन्धी योजनालाई वित्तिय रुपमा दिगो बनाउनु आदि प्रमुख चुनौती हुन् ।

### ४.६.३ सम्भावना र अवसर

सम्भावना

स्थानीय लघु घरेलु तथा साना उद्योगहरु स्थापना गरी यथेष्ट रोजगार सिर्जना गर्न सकिने, वैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त युवालाई स्थानीय श्रम तथा रोजगारीको सम्भावना हुनु, वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित, मर्यादित, उपलब्धीमुलक एवम् शोषण रहित बनाउन सुरक्षित आप्रवासन परियोजना ( सामी परियोजना) सञ्चालन गर्न सकिने, स्थानीय उत्पादनले बजार प्राप्त गरी कृषकहरुले उत्पादनको उचित मूल्य पाउन सकिने, अन्तराष्ट्रिय श्रम बजारको पहिचान गर्नु, विप्रेषणको उत्पादनमुलक क्षेत्रमा लगानी गरी आय आर्जन बढाउन सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

युवा र आर्थिक रुपले सक्रिय जनसङ्ख्याको बाहुल्यता रहेको हुनाले यसको परिचालन मार्फत गाउँपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रुपमा अगाडी बढाउन सकिने, विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थातथलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवम् रोजगारको अवसर समेत विस्तार हुने, सीपयुक्त जनशक्तिको परिचालनद्वारा समृद्धि हासिल गर्न सकिने, विदेशबाट फर्किएका मानिसहरुलाई परिचालित गरी नविनतम उत्पादन प्रकियाको थालनी गर्न सकिने, स्थानीय उत्पादनमा आधारित उद्योगहरुको स्थापना गरी रोजगारी सिर्जना गर्न सकिने, स्थानीय उत्पादनलाई ब्राण्डिङ गरी बढी मूल्य प्राप्त गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

### ४.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

उत्पादनशिल क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दरलाई न्यूनिकरण गर्ने ।

उद्देश्य

- सभापोखरी गाँउपालिका भित्र उत्पादनशील र मर्यादित रोजगारीका अवसर विस्तार गर्नु ।
- वैदेशिक रोजगारबाट आर्थिक लाभ वृद्धि हुनका साथै वैदेशिक रोजगारबाट उत्पन्न नकारात्मक प्रभावहरु पनि न्यूनिकरण गर्नु ।
- सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय तह देखि रोजगार कार्यक्रमलाई विस्तार गरी न्यूनतम रोजगारीको प्रत्याभूति गर्ने | • विद्यमान श्रम तथा रोजगार सम्बन्धी कानूनहरुको प्रभावकारी कार्यान्वयन र सामजिक सम्बादको माध्यमबाट असल औद्योगिक एवम् श्रम सम्बन्धको विकास गरिनेछ ।<br>• वाल श्रमलाई न्यूनिकरण गरिनेछ ।<br>• राष्ट्रिय रोजगार नीतिका आधारमा पालिकाकले रोजगारीको हक सम्बन्धी प्रावधान कार्यन्वयन गरिनेछ ।<br>• स्थानीय तहमा स्वरोजगार तथा रोजगार सिर्जना हने खालका कार्यक्रमहरू प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।<br>• सभापोखरी गाँउपालिका भिन्न रहेका अलैंची उत्पादन तथा रूद्राक्षलाई विस्तार गरी सोहि किसिमका क्षमता अभिवृद्धि कार्यक्रमहरु विस्तार गरिनेछ ।<br>• कृषि तथा पशुपालनका क्षेत्रहरूमा युवामुखि कार्यक्रम ल्याई वैदेशिक रोजगारीको मात्रामा न्यूनिकरण गरिनेछ ।<br>• साना, मझौला उद्योग धन्दा निजी तथा पालिकाको लगानीमा खोली रोजगारीको संभाव्य अवसरहरू खोजिनेछ ।<br>• बालबालिकाहरुलाई घरायसि कार्य तथा श्रममा लगाउने भन्दा पनि शैक्षिक क्षेत्रमा प्रेरित गरिनेछ ।<br>• आवश्यकताका आधारमा तालिम र सीप विकासद्वारा श्रमिकको दक्षता अभिवृद्धि गरिनेछ ।<br>• तीन तहका सरकारबीच रोजगारी सिर्जना र श्रम व्यवस्थापनमा प्रभावकारी समन्वय गरिनेछ ।<br>• रोजगारी सिर्जना गर्न एवम् विभिन्न निकायसँग समन्वय तथा रोजगारी सम्बन्धी कार्यको नियमन गर्न एक रोजगार समिति गठन गरिनेछ ।<br>• लघु, घरेलु तथा साना उद्योग, पर्यटन तथा कृषिमा लगानी विस्तार गरी रोजगारीका अवसरमा वृद्धि गरिनेछ ।<br>• सम्बन्धित सरोकारवालाहरुसँगको समन्वय तथा सहकार्यलाई बढावा दिई सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सेवाहरु प्रवाह गरिनेछ । |
| वैदेशिक रोजगारका चरणहरुलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र प्रतिफलदायक बनाउने | • विप्रेषणलाई पूर्वाधार विकास जस्ता उत्पादनशील क्षेत्रमा लगानी गर्न आवश्यक नीति र विश्वाशिलो संयन्त्र बनाईने छ ।<br>• वैदशिक रोजगारी जाने नागरिकहरुलाई सभापोखरी गाउँपालिकाबाट विमा र सुरक्षित लगानीका लागि आवश्यक पहल गरिनेछ । |

| | |
|---|---|
| | • वैदेशिक रोजगारमा जानेका निम्ति पालिकाबाट श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्व तालिमको व्यवस्था गरिनेछ ।<br>• वैदेशिक रोजगारमा जाने व्यक्तिहरुको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धीमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्बन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>• वैदेशिक रोजगारीलाई सुरक्षित र लाभप्रद बनाउन पालिकामा नियमित अनुगमनको व्यवस्था गरिनेछ ।<br>• वैदेशिक रोजगारबाट फर्किएर आएका व्यक्तिहरुको ज्ञान, सीप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ । |
| योगदानमा आधारित सामाजिक सुरक्षा योजनालाई औपचारिक क्षेत्रका साथसाथै अनौपचारिक क्षेत्रमा समेत विस्तार गरी सर्वव्यापी बनाउने | • एकीकृत सामजिक सुरक्षा योजना र योगदानमा आधारित सामजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि नीतिगत, कानुनी तथा अन्तर निकाय समन्वयात्मक सुधार गरिनेछ ।<br>• सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरिनेछ ।<br>• सामाजिक सुरक्षा संरक्षण मार्फत नागरिकको आर्थिक, सामाजिक, पर्यावरणीय र अन्य जोखिम कम गरिनेछ । |

### ४.६.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: रोजगार कार्यक्रम | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | क्षमता विकास कार्यक्रम | युवाहरु रोजगारीमा संलग्न | २५ | ५ | ५ | ५ | ५ | ५ | | स्थानीय तह |
| २ | बाल श्रम न्युनीकरण कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | | स्थानीय तह |
| ३ | रोजगारी बिमा | | ५० | १० | १० | १० | १० | १० | | प्रदेश |
| ४ | व्यवसायीलाइ सहुलियत कर्जा वितरण कोष | | १०० | ५० | २५ | २५ | | | | संघ,प्रदेश |
| जम्मा | | | २०० | ७० | ४५ | ४५ | २० | २० | | |

### ४.६.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | टिप्पणी संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | बेरोजगार न्यूनिकरण भएको हुने | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | उत्पादन (कृषि एवं उद्योग) एवं पूर्वाधार निर्माण क्षेत्रमा रोजगारीता श्रृजना | संख्या | ५ | १० | १५ | २० | २५ | ३० | गापा | अन्तर सरकार र निजी एवं सहकारी क्षेत्रसँग सहकार्य भएको हुने | २ |
| प्रतिफल | रोजगार सूचना प्रणालीबाट लाभान्वितहरु | संख्या | ५०० | ६०० | ७०० | ८०० | ९०० | १००० | " | | " |
| | सिटिइभिटीबाट प्राविधिक, सीपमूलक, व्यवसायिक तालिम लिएका दक्षजनशक्ति | संख्या | ५ | १० | १५ | २० | २५ | ३० | " | वैदेशिक रोजगार वोर्ड तथा तालिम संस्थाहरु संग सहकार्य भएको हुने | " |
| | उत्पादकत्व अभिवृद्धिका लागि परम्परागत तरिका र औजार उपकरणको आधुनिकिकरण भएका पेशागत क्षेत्रहरु | संख्या | - | १ | २ | ३ | ४ | ५ | " | | " |
| | रोजगारीताका आधारमा पालिकाले प्रदान गर्ने सेवा सुविधाबाट लाभान्वित उद्योग व्यवसायहरुको संख्या | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | " | वैङ्, वित्तिय संस्था तथा सुरक्षित आप्रवासन सम्बन्धी संस्थासँग सहकार्य भएको हुने | " |
| | वालश्रम एवं न्यून ज्यालादर जस्ता श्रम शोषणबाट प्रभावितहरु | प्रतिशत | ५० | ४० | ३० | २० | १० | ० | " | | " |
| | वैदेशिक रोजगारीमा जाने युवाहरु | संख्या | ५०० | ४५० | ४०० | ३५० | ३०० | २०० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्वान्धित क्षेत्रको सीपमूलक तालिम लिई वैदेशिक रोजगारीमा जाने | संख्या | - | २० | ४० | ६० | ८० | १०० | " | | " |
| | वैदेशिक रोजगारीका लागि तालिम प्रदान गर्ने संस्थाहरु | संख्या | - | | १ | | | २ | " | | " |
| | विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्ने घरपरिवार संख्या (कूल वैदेशिक रोजगारी भएका घरधुरीको) | प्रतिशत | ३ | ५ | ७ | ८ | ९ | १० | " | | " |
| | वैदेशिक रोजगारीताबाट फर्को स्वदेशमा उद्योग, व्यवसाय गर्ने | संख्या | ३ | ५ | ७ | १० | १५ | २० | " | | " |
| | विप्रेषण वित्तीय साक्षरता कार्यक्रमबाट लाभान्वित जनसंख्या (वैदेशिक रोगजारीमा जानेको) | प्रतिशत | - | १० | २० | ३० | ४० | ५० | " | | " |

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ स्वास्थ्य तथा पोषण

### ५.१.१ पृष्ठभूमि

संविधानको एकल तथा साझा अधिकार सूची अनुसार संघ, प्रदेश र स्थानीय तहलाई स्वास्थ्य सेवाको जिम्मेवारी दिँदै स्वास्थ्य नीति, मापदण्ड, गुणस्तर, अनुमगन, परम्परागत उपचार सेवा र सरुवा रोग नियन्त्रण लगायतको कार्य संघको अधिकार भित्र राखिएको छ । यसको प्रभावकारी कार्यान्वयनको लागि अन्तर मन्त्रालय समन्वय तथा सहकार्य अपरिहार्य रहेको छ । यस परिप्रेक्षमा नेपालले विभिन्न समयमा गरेको अन्तर्राष्ट्रिय प्रतिवद्धता, नेपाल सरकारका विद्यमान नीति एवम् स्वास्थ्य तथा पोषण क्षेत्रका प्रमुख समस्या, चुनौती तथा अवसरलाई समेत आधार बनाउँदै दिगो विकास लक्ष्य हासिल गर्ने राष्ट्रिय कार्यसूची रहेको छ । नागरिकलाई स्वस्थ्य बनाउन आधुनिक चिकित्सा, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा क्षेत्र, स्वास्थ्य सुशासन र अनुसन्धानमा लगानी बढाउन आवश्यक देखिएको छ । स्वास्थ्य क्षेत्रलाई प्रभाव पार्न अर्को महत्वपूर्ण सुचक खाद्य सुरक्षा हो । आफ्नो उत्पादनले बाह्र महिना खाद्यन्न पुग्ने परिवार सङ्ख्या र बाह्र महिना भन्दा कम समयको लागि खाद्यान्न पुग्ने घरपरिवर सङ्ख्याले पनि व्यक्तिको स्वस्थ्यगत अवस्थालाई निर्धारित गर्दछ ।

सुरक्षित मातृत्वको लागि आवश्यक खोप सेवा, गर्भावस्थाको जाँच र सुरक्षित प्रसुति जस्ता स्वास्थ्य सेवा लिने महिलाहरु न्यून रहेको छ भने गाउँपालिका भित्रका स्वास्थ्य केन्द्रबाट विभिन्न किसिमका खोप लिने बालबालिका सङ्ख्या सन्तोषजनक रहेको देखिन्छ । मातृशिशु सुरक्षाको अवस्था हेर्दा जीवित नवजात शिशु सङ्ख्याको दरमा वृद्धि भईरहेको छ । पहाडी क्षेत्र र सडकको कमजोर अवस्थाले गर्दा स्वास्थ्य सेवामा स्थानीयवासीहरुको पहुँच न्यून रहेको छ । गाउँपालिकास्थित स्वास्थ्य चौकीहरुमा दक्ष जनशक्ति, स्वास्थ्य उपकरण, ल्याब सेवा र पूर्वाधारहरुको अभाव रहेको छ ।

सभापोखरी गाउँपालिकामा आधारभूत अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, स्वास्थ्य इकाइ र खोप केन्द्र, प्रसुती केन्द्र रहेका छन् । साथै एम्वुलेन्स सेवा पनि प्रदान गरिएको छ । टोल टोलमा घुम्ति स्वास्थ्य सेवा रहेको छ ।

### ५.१.२ समस्या र चुनौती

समस्या

अस्पतालमा पर्याप्त सामाग्री नरहेको, जनशक्तिको अभाव, एक्सरे लगायत ल्यावको सामाग्रीको अभाव, भौतिक पूर्वाधार, जनशक्ति र सामग्रीको अभाव, यन्त्र उपकरण र दक्ष जनशक्ति अपर्याप्तता, एउटा मात्र एम्वुलेन्स पर्याप्त नभएको, सबै नागरिकहरुलाई स्वास्थ्य सेवाको पहुँचमा नल्याइएको, दीर्घ रोगी र असहायमुखि जनसंख्या भएको, अपाङ्गता भएका व्यक्ति तथा महिलाहरूको स्वास्थ्य चौकीको कमजोर पहुँच हुनु, निशुल्क तथा अत्यावश्यक औषधीको पर्याप्त मात्रामा उपलब्ध नहुनु, महिलाहरुमा पाठेघर क्यान्सर, आङ खस्ने, स्तन क्यान्सर रोगको समस्या हुनु, सबै स्वास्थ्य संस्थामा प्रसुति केन्द्र (बर्थिङ सेन्टर) को अभावले प्रसुति सेवामा कठिनाई हुनु, कुपोषण, श्वास प्रश्वास जन्य स्वास्थ्य समस्या रहनु, स्वास्थ्य र पोषण सम्बन्धी चेतनाको कमी हुनु, सबै घरपारिवरमा पोषण र खाद्य सुरक्षाको पहुँच नहुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

आधारभूत स्वास्थ्य सेवालाई सबैको पहुँच भित्र ल्याउनु, सबै सुत्केरी सेवालाई संस्थागत दायरामा ल्याउनु, निशुल्क, स्वास्थ्य संस्थामा आधारभूत तथा अत्यावश्यक औषधि सर्वयाम उपलब्ध गराउनु, स्वास्थ्य संस्थाहरूमा आधारभूत सुविधा युक्त (औजार/उपकरण, दक्ष जनशक्ति र पूर्वाधार) पुर्याउनु, स्वास्थ्य बीमालाई सबै नागरिकको दायरामा पुर्याउनु, आयुर्वेद तथा स्थानीय उपचार प्रणालीलाई स्वास्थ्य संस्थाको दायरामा ल्याई व्यवस्थित र गुणस्तरीय बनाउनु, खाद्य सेचतना तथा खाद्य व्यवहार सुधारलाई स्वास्थ्य प्रणालीको अङ्गको रुपमा विकास गर्नु । स्वास्थ्य सेवा बारे जनचेतना अभिवृद्धि गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ५.१.३ सम्भावना र अवसर

सम्भावना

स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न सकिने, स्वास्थ्य बीमा कार्यक्रम मार्फत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि हुने, स्थानीय तहको स्वास्थ्य सेवालाई थप व्यवस्थित तथा प्रभावकारी बनाउन सकिने, बालबालिकाको लागि पोषण कार्यक्रम सञ्चालन गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

आधारभूत स्वास्थ्य स्थानीय सरकारको अधिकारमा रहनु, १५ शैया सम्मको अस्पताल सबै स्थानीय तहमा खोल्ने सरकारी नीति रहनु, अधिकांश वडामा स्वास्थ्य संस्था र खोप केन्द्र उपलब्ध हुनु, राष्ट्रिय स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा रहनु, स्वास्थ्य सेवा गाउँपालिकाको प्राथमिकता र जनचासोको विषय रहनु, स्वास्थ्य सम्बन्धी काम गर्ने विभिन्न गैर सरकारी संस्थाको उपस्थिति हुनु, ग्रामीण स्वास्थ्य स्वयंसेविका र आमा समूहको क्रियाशीलता हुनु आदि प्रमुख अवसर हुन् ।

## ५.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

स्वास्थ्य सेवामा सबैको पहुँचमा स्थापित गरी स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय सेवा उपलब्ध गराउने ।

उद्देश्य

- स्वास्थ्य प्रणालीमा सुधार तथा सेवाको गुणस्तर अभिवृद्धि गर्नु
- आधारभूत स्वास्थ्य सेवामा निःशुल्क र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्वास्थ्य सेवाको गुणस्तर सुनिशिचित गर्ने | • स्वास्थ्य संस्थाहरूको सेवाको स्तर र मापदण्ड निर्धारण गरिनेछ ।<br>• स्वास्थ्य संस्थाजन्य फोहोर व्यवस्थापनका लागि आवश्यक कानुनी मापदण्ड निर्माण गरी व्यवस्थापित गरिनेछ ।<br>• स्वास्थ्य शिविर सञ्चालन गरी सबैलाई नसर्ने रोग लाग्नबाट बचाइनेछ ।<br>• स्वास्थ्य सम्बन्धि कानुन, नीति, रणनीति, मापदण्ड, प्रोटोकल, योजनाको निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनेछ । |

| | |
|---|---|
| | • स्वास्थ्य वानी, व्यवहार र अभ्यासहरूको प्रवर्द्धन गर्न सूचना र सञ्चार प्रविधिलाई अभियानको रूपमा सञ्चालन गरिनेछ ।<br>• स्वास्थ्य संस्था केन्द्रित विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।<br>• बाल, मातृ तथा शिशु स्वास्थ्य सम्बन्धी खोप कार्यक्रम प्रभावकारी बनाई लक्षित समूहलाई शत प्रतिशत पूर्ण खोपको दायरामा ल्याइनेछ ।<br>• स्वास्थ्य संस्थाहरूमा परिवार नियोजन तथा मातृ स्वास्थ्य आदि सेवा सुदृढ गरिनेछ ।<br>• महिलासँग सम्बन्धित रोगहरू पाठेघर जन्य समस्या, पाठेघरको मुखको क्यान्सर स्तन क्यान्सर, रक्त अल्पता आदि रोकथाम तथा नियन्त्रणका लागि विशेष स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।<br>• सीमान्तकृत स्वास्थ्य बीमा कार्यक्रम मार्फत स्वास्थ्य बीमाको पहुँच सबै घरपरिवारमा पुर्याइनेछ ।<br>• स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न आवश्यक पूर्वाधारको व्यवस्थापन गर्दै नतिजामा आधारित अनुगमन, मूल्याङ्कन, प्रोत्साहन प्रणाली लागु गरिनेछ ।<br>• स्वास्थ्य सेवामा संलग्न जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाहमा नविनता भित्र्याउन आवश्यक तालिम र संस्थागत क्षमता विकासका कार्यक्रमहर सञ्चालन गरिनेछ ।<br>• महिला स्वास्थ्य स्वयंसेविकाहरुको सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउनका लागि आवश्यक तालिम र थप प्रोत्साहनको व्यवस्था गरिनेछ ।<br>• स्वास्थ्य क्लिनिक लगायत निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूको प्रभावकारी अनुगमन र नियमन गरिनेछ । |
| स्वास्थ्य संस्था र सेवाहरूको विस्तार गर्ने | • जनताको आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन गाउँपालिकाभित्रका स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाइनेछ ।<br>• बालबालिकालाई "पूर्ण खोप सुनिश्चितता" गराउने कार्यक्रमलाई तीव्रता दिइनेछ ।<br>• विपन्न र वञ्चितिमा परेका समुदायको स्वास्थ्य सेवा प्राप्तिमा देखिएका अवरोधहरू हटाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन विशेष व्यवस्था गरिनेछ ।<br>• स्वास्थ्य संस्थामा आधारभूत औषधी, उपकरण र चिकित्सक सेवा उपलब्ध गराइने छ ।<br>• सुत्केरी आमा र शिशुका लागि न्यानो कपडा बितरण तथा सुत्केरी भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | • बालबालिकाहरुको कुपोषण निवारणका लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• ज्येष्ठ नागरिकहरुको निशुल्क उपचारको व्यवस्था मिलाइनेछ।<br>• स्वास्थ्य तथा पोषण क्षेत्रमा कार्यरत संस्था र निकायबीच समन्वय गरिनेछ ।<br>• ५ शैयाको अस्पताललाई पूर्णता दिएर सामग्री र जनशक्ति व्यवस्थापनमा विशेष जोड दिइनेछ ।<br>• विशेषज्ञ अस्पतालबाट पालिका अस्पताल केन्द्रित विशेषज्ञ घुम्ती सेवा सञ्चालन गरी रिफरल स्वास्थ्य सेवाको पहुँच बढाइनेछ ।<br>• डिजिटल हेल्थ तथा टेलिमेडिसिन सेवा सञ्चालनका लागि आवश्यक पहल तथा व्यवस्थापन गरिनेछ ।<br>• नियमित एम्बुलेन्स सेवा प्रवाहको सुनिश्चितता गरिनेछ ।<br>• आयुर्वेद चिकित्सा पद्धतिलाई स्वास्थ्य सेवा भित्र आवद्ध गरी एकिकृत स्वास्थ्य सेवा प्रदान गरिनेछ ।<br>• जडिबुटीमा आधारित परम्परागत स्वास्थ्य उपचार पद्धतिलाई आधुनिक आयुर्वेद प्रणालीसँग आवद्ध गरिनेछ । |
| स्वास्थ्य प्रवर्द्धन र स्वास्थ्य सम्बन्धि जनचेतना विस्तार गर्ने | • स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रमहरुलाई थप प्रभावकारी बनाइनेछ ।<br>• विद्यालय तहमा स्वास्थ्य तथा पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• समुदाय तहसम्म स्वास्थ्य र पोषण सम्बन्धी चेतना अभिवृद्धिको कार्यक्रम पुयाईनेछ ।<br>• विभिन्न खालका सरुवा रोगको प्रकोप सम्बन्धी चेतना अभिवृद्धि गरिनेछ ।<br>• आमा समूह र समुदायमा आधारित संघ संस्था, क्लब तथा गैर सरकारी संस्था समेतको सहकार्यमा खाद्य व्यवहार सुधार, पोषण तथा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ ।<br>• महिला स्वयंसेविकाहरूको क्षमता विकास गरी समुदाय केन्द्रित जनचेतना अभिवृद्धिका साथै स्वास्थ्य सेवा विस्तारमा परिचालन गरिनेछ ।<br>• गाउँपालिकामा अधिक रहेका सर्ने र नसर्ने) ब्लड प्रेसर, मधुमेह, मानसिक रोग, आदि (रोगको पहिचान गरी रोगहरूको कारण र प्रारम्भिक रोकथामका बारेमा व्यापक जनचेतना अभिवृद्धि गरिनेछ ।<br>• व्यायाम, योग जस्ता शारिरीक सुगठन तथा मानसिक स्वास्थ्य सम्बन्धी विषयलाई विद्यालय र समुदाय केन्द्रित बनाई अभियानको रुपमा शिविर सञ्चालन गरिनेछ । |

## ५.१.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र:आधारभूत स्वास्थ्य तथा पोषण | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षितलाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | पालिका आधारभूत अस्पताल (५ शैया) प्रभावकारी सञ्चालन | सबै नागरिकलाई गुणस्तरीय स्वास्थ्य र पोषणसम्बन्धी ज्ञान र सचेतना उपलब्ध भएको हुने<br>गाउँपालिका भित्रका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईहरुको स्तरोन्नति भएको हुने<br>स्वास्थ्य र रोकथाम सम्बन्धी कार्यक्रमलाई व्यापक रुपमा सञ्चालन भएको हुने | ७५० | २०० | २०० | २०० | १५० | | | संघ,प्रदेश |
| २ | निःशुल्क आधारभूत स्वास्थ्य सेवा प्रवाह | | २५ | ५ | ५ | ५ | ५ | ५ | | स्थानीय तह |
| ३ | धुपु स्वास्थ्य चौकी भवन निर्माण | | ४३२ | १०० | १०० | १३२ | १०० | | | संघ,प्रदेश |
| ४ | घरघरमा उपचार परीक्षण (ज्येष्ठ नागरिक र अशक्त) | | २५ | ५ | ५ | ५ | ५ | ५ | | स्थानीय तह |
| ५ | गरिव तथा पिछडिएका वस्तीमा वृहत स्वास्थ्य शिविर | | २० | ४ | ४ | ४ | ४ | ४ | | स्थानीयतह,संघ संस्था |
| ६ | सुत्केरी प्रोत्साहन तथा ज्वानोको झोल र म्याटर्निटी होम सञ्चालन | | ७.५ | १.५ | १.५ | १.५ | १.५ | १.५ | | स्थानीय तह |
| ७ | प्रभावकारी फिल्ड कार्यक्रम (आमा समुह,गाउँघर क्लिनिक) | | ६.३ | १.२६ | १.२६ | १.२६ | १.२६ | १.२६ | | स्थानीय तह |
| ८ | न्यूनतम सेवा मापदण्ड कार्यक्रम सञ्चालन तथा व्यवस्थापन | | २५ | ५ | ५ | ५ | ५ | ५ | | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | समुदायलाई क्षयरोग सम्बन्धी अभिमुखीकरण र घरदैलो खोज कार्यक्रम | | ४.५ | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | स्थानीय तह |
| १० | स्थानीय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सञ्चालन | | ५१.७५ | १०.३५ | १०.३५ | १०.३५ | १०.३५ | १०.३५ | संघ,प्रदेश |
| ११ | पोषण विशेष कार्यक्रम(सन्तुलित खानपान सम्बन्धी जनचेतना कार्यक्रम) तथा पूर्ण पोषितपालिका घोषणा तथा सुनिश्चितता | | ५० | १० | १० | १० | १० | १० | संघ,प्रदेश |
| १२ | स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम | | ५६.७ | ११.३४ | ११.३४ | ११.३४ | ११.३४ | ११.३४ | प्रदेश,स्थानीय तह |
| १३ | स्वास्थ्य बिमा कार्यक्रम (गरिब, असहाय,अनाथ परिवारलाई निःशुल्क) | | ३१.५ | ६.३ | ६.३ | ६.३ | ६.३ | ६.३ | प्रदेश,स्थानीय तह |
| १४ | एम्बुलेन्सको व्यवस्था (थप) | | २० | | | २० | | | प्रदेश |
| १५ | सामुदायिक स्वास्थ्य इकाई फाकुवा भवन निर्माण (वडा ५) | | ३०० | | | ५० | ५० | २०० | संघ,प्रदेश |
| १६ | सामुदायिक स्वास्थ्य इकाई पावा भवन निर्माण( वडा ३) | | ३०० | | | ५० | ५० | २०० | संघ,प्रदेश |
| **जम्मा** | | | २१०५.२५ | ३६०.६५ | ३६०.६५ | ५१२.७ | ४१०.६५ | ४६०.६५ | |

## ५.१.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८० /८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | विविध संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | | |
| प्रभाव | गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच भएको हुने | | | | | | | | | | |
| असर | नजिकको स्वास्थ्य संस्थामा (स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्र/ अस्पताल) पुग्न लाग्ने औषत समय | घण्टा | १ | १ | १ | १ | १/२ | १/२ | " | अन्तर सरकार समन्वय भएको हुने | ३ |
| प्रतिफल | गाउँघर क्लिनिकको संख्या | संख्या | ८ | ८ | ६ | ६ | ६ | ६ | " | अन्तर सरकार समन्वय र निजी क्षेत्रसँग सहकार्य भएको हुने | " |
| | सञ्चालनमा रहेको पालिका स्तरीय अस्पताल (वा जिल्ला अस्पताल) मा उपलब्ध शैया संख्या | संख्या | ५ | ५ | १० | १० | १० | १० | " | | " |
| | घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | १ | २ | २ | ३ | ३ | ३ | " | | " |
| | सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | ९९ | | | | | १०० | " | | " |
| | आधारभूत स्वास्थ्य सेवा उपलब्ध भएका वडाहरु | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | संख्या | ० | ० | ० | ० | ० | ० | " | | " |
| | प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | २ | ३ | ३ | ४ | ४ | ४ | " | | " |
| | क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका | संख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | " | | " |
| | महामारी, भाइरसको सङ्क्रमण, आपत्कालीन उपचारको अभावबाट मृत्यु | संख्या | ० | ० | ० | ० | ० | ० | " | | " |
| | महामारी, भाइरसको सङ्क्रमण, आपत्कालीन उपचारका लागि उपकरण एवं जनशक्ति सहितको क्वारेण्टीन, आइसोलेशन कक्ष तथा आश्रय स्थल | संख्या | ० | १ | १ | १ | १ | १ | " | | " |
| | नागरिक आरोग्य कार्यक्रम सञ्चालन | संख्या | १ | १ | १ | १ | १ | १ | " | | " |
| | सामुदायिक संस्थाको सहभागितामा सञ्चालित आरोग्य केन्द्र, योगा केन्द्र तथा व्यायामशाला | संख्या | ० | २ | ३ | ३ | ३ | ३ | " | | " |

## ५.२ शिक्षा, विज्ञान तथा नवप्रवर्द्धन

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेको छ । संविधानले आधारभूत तहसम्मको शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने, प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक प्रत्याभूत गरेको छ । साथै, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा, राज्यको लगानी अभिवृद्धि गर्दै निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने नीति अवलम्बन गरेको छ । कुनै पनि राष्ट्रको समृद्धि उक्त देशले अपनाएको विज्ञान प्रविधि तथा नवप्रवर्द्धन सम्बन्धी नीति, सो को समग्रतामा कार्यान्वयन, त्यसका लागि गरिएको राजनैतिक प्रतिवद्धता, अनुसन्धान तथा विकासमा गरिएको राज्यको लगानी र सो बाट प्राप्त सामाजिक आर्थिक प्रतिफलको आधारमा मापन गर्ने गरिएको तथ्य विकसित मुलुकको अनुभवले देखाएको छ ।

सभापोखरी गाउँपलिकामा पर्याप्त विद्यालय भवनहरु रहेका छन् ।विद्यार्थी भर्ना सबै क्षेत्रमा प्रभावकारी रहेता पनि विद्यालयमा भने विद्यार्थी संख्या न्यून छ र केन्द्रमा रहेको विद्यालयमा मात्र पर्याप्त विद्यार्थी संख्या रहेको देखिन्छ । प्राविधिक शिक्षालयको स्थापना र संचालन भएको, उच्च शिक्षाको लागि कलेज स्थापना गरिएको, आइ.सि.टि. को स्थापना गरी अगाडी बढेको अवस्था रहेको छ । शैक्षिक गुणस्तर सुधारको लागि प्रयोगशाला, पुस्तकालय, फर्निचर, दिवा खाजा, शिक्षकको व्यवस्था गरिएको छ । एक माध्यमिक विद्यालय एक स्टाफ नर्स शिक्षाको अवधारणाको सुरूवात भएको छ । विद्यालय भवनहरुमा खानेपानी, खेलमैदान तथा शौचालय भए पनि सबै विद्यालयमा उचित व्यवस्था भएको छैन । विद्यालय भवन र खेलमैदान सामान्य रहेको र भूकम्प प्रतिरोधी नरहेको अवस्था छ । मातृभाषामा पढाइ (लिम्वु) जातीको रहेको छ । शिक्षक तालिम, शिक्षक दरबन्दी व्यवस्था, आइ.सि.टि. सामाग्री बढाउनुपर्दछ । अपाङ्गता मैत्री विद्यालय भवनहरु बनाउनुपर्नेछ ।

### ५.२.२ समस्या र चुनौती

समस्या

सबै विद्यालय भवनहरू पक्की नभएको, ५०% वालवालिका वीचमै कक्षा छाड्ने प्रवृत्ति रहेको, जनशक्ति र भौतिक पूर्वाधारको अभाव, कलेजको निजी जग्गा, भवन र पर्याप्त जनशक्तिको अभाव, सवै विद्यालयमा आइ.सि.टि. स्थापना नहुनु, शैक्षिक गुणस्तर न्यून रहेको, स्टाफ नर्सको व्यवस्था पूर्ण रूपमा नभएको, छात्रावासको व्यवस्था नभएको, नमूना माध्यमिक विद्यालय नरहेको, विद्यार्थी संख्याको आधारमा खानेपानी, शौचालय, खेलमैदान पर्याप्त नरहेको, सबै विद्यालयमा विद्यालय घेराबारा नभएको, लिम्वु बाहेक अन्य जातीमा पढाइको सुरूवात नभएको, शैक्षिक तालिम र आइ.सि.टि. सामाग्री बाँडफाँड नभएको, विद्यालयका भौतिक पूर्वाधार अपाङ्ग मैत्री नहुनु, लक्षित समूहका बालबालिकाको विशेष शिक्षामा पहुँचको कमी हुनु, विद्यालयमा शैक्षिक सामग्रीको कमी तथा दरबन्दी पूर्ण रुपले पूर्ति नभएको, विज्ञान र प्रविधिका विकासका निम्ति नीतिगत कानुनी तथा संस्थागत पूर्वाधारको कमी हुनु, विज्ञान र प्रविधिका विकासमा निजी क्षेत्रसँगको सहकार्य प्रभावकारी हुन सक्नु आदि प्रमुख समस्या हुन् ।

चुनौती

समावेशी र गुणस्तरीय शिक्षाको पहुँचको सुनिश्चितता गर्नु, प्राविधिक शिक्षा र विशेष शिक्षाको पहुँच बढाउनु, शैक्षिक पूर्वाधारको विकास गर्नु, शिक्षण र सिकाई दरमा सुधार गर्नु, विषयगत शिक्षकलाई पुर्नताजगी तालिम प्रदान गर्नु, गुणस्तरीय र प्रतिस्पर्धात्मक शिक्षाको उपलब्धता बढाउनु, दरबन्दी अनुशासार शिक्षक पदपूर्ति गर्नु, स्थानीय स्तरमा नै गुणस्तरीय शिक्षाको अवसर बढाउनु, भौगोलिक अवस्थिति र सडक पूर्वाधारको अभावले विद्यालय पुग्ने औसत समय धेरै हुनु, विज्ञान प्रविधिको विकास तथा नविनतम प्रविधिको समग्रमा प्रयोग गर्ने वातावरण बनाउनु, वैज्ञानिक अनुसन्धान कार्यमा सघाउ पुयाउन सक्ने विभिन्न विधागत वैज्ञानिक, विज्ञ र दक्ष प्राविधिक जनशक्तिको विकास गर्नु, प्रविधि विकासलाई उद्यमशिलतामा र उद्यमशिलतालाई उत्पादनसँग जोड्नु, देशका दक्ष एवम् विज्ञ प्रतिभा पलायन रोक्नु आदि प्रमुख चुनौती हुन् ।

### ५.२.३ सम्भावना र अवसर

सम्भावना

गाउँ शिक्षा ऐनको लागि आवश्यक, नियमावली, कार्यविधि निर्माण गर्न सकिने, गुणस्तरीय शिक्षाको लागि अभिभावक अनुशिक्षण कार्यक्रम, शैक्षिक सुधार सम्बन्धी अन्तरक्रिया कार्यक्रम, विद्युतीय हाजिरी व्यवस्थापन, आइ.सि.टि. व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गर्न सकिने, सामुदायिक विद्यालयको गुणस्तर वृद्धिका लागि अंग्रेजी माध्यममा पठनपाठन गराउन सकिने, कृषि तथा भेटिरेनरी, सूचना प्रविधि र ईञ्जिनियरिङ लगायत प्राविधिक शिक्षालय स्थापना गर्न सकिने, स्थानीय सरकारले नियमित अनुगमनबाट विद्यालय शिक्षालाई समय सापेक्ष बनाउन सकिने, शैक्षिक जनशक्ति उत्पादन गरी स्थानीय जनशक्तिको मागलाई पूर्ति गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

शैक्षिक वातावरण, पूर्वाधार र सामाग्रीहरुको व्यवस्था गरी साक्षरता वृद्धि गर्न सकिने, परम्परागत तथा आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नति एवम् आधुनिकीकरण गर्न सकिने, विज्ञान तथा प्रविधिको विकास एवम् अधिकतम प्रयोग गर्न सकिने, आधारभूत शिक्षा मौलिक हकको रुपमा स्थापित हुनु, शिक्षा ३ तहको सरकारको प्राथमिकतामा पर्नु, माध्यमिक शिक्षासम्मको नीति तथा योजना बनाउने अधिकार स्थानीय तहमा हुनु, स्थानीय सरकारद्वारा शिक्षामा लगानी वृद्धि हुनु, शिक्षाप्रतिको जन अभिरुचि बढ्दै जानु, विज्ञान प्रविधिको विकास, नवप्रवर्तनको उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न सकिने, अनुसन्धान तथा विकासमा योग्य जनशक्ति परिचालन गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

### ५.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

दक्ष मानव संसाधनको निर्माण गरी गाउँपालिकाको समृद्धिको आधार तयार गर्ने ।

उद्देश्य

- गुणस्तरीय शिक्षामा सबै वर्ग एवम् समुदायको समतामुलक पहुँच पुर्याउनु ।
- प्राविधिक, व्यवसायिक, सिपयुक्त एवम् व्यवहारिक शिक्षाको विकास एवम् विस्तार गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने | • विद्यालय शैक्षिक विकासका लागि व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ । दरवन्दी अनुसार विषयगत शिक्षकहरुको पदपुर्ती गरिनेछ ।<br>• सबै विद्यालयलाई वालमैत्री तथा अपाङ्गमैत्री बनाइनेछ ।<br>• विद्यालय शिक्षालाई सूचना प्रविधिसँग आवद्ध गरी विद्यालय शिक्षालाई प्रविधीमैत्री बनाइनेछ ।<br>• खेलकुद मैदान, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, पुस्तकालय, पठन पाठन शैक्षिक सामाग्री, महिला र अपाङ्गमैत्री संरचना आदि जस्ता शैक्षिक पूर्वाधारको विकास गरिनेछ ।<br>• शिक्षाको गुणस्तर सुधार गर्न प्रत्येक विद्यालयमा अभिभावक अनुशिक्षण कार्यक्रम, शैक्षिक सुधार सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम, ई-हाजिरी, आइ.सि.टि. व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन गर्दै जाने छ ।<br>• सामुदायिक विद्यालयहरुको गुणस्तर वृद्धिका लागि अंग्रेजी माध्यममा पठनपाठन गराइनेछ ।<br>• विद्यालयहरु आवश्यकता अनुसार मर्ज गरी आवासीय विद्यालय स्थापना गरिनेछ । |
| शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने | • विद्यालय उमेरका सबै वालवालिकालाई विद्यालय शिक्षामा आवद्ध गर्न आमा समुह, नागरीक समान उन्मुख संघसंस्था, सामुदायिक संस्था, गैर सरकारी संस्था परिचालन गरिनेछ ।<br>• अभिभावकमा शैक्षिक चेतना विस्तार कार्यक्रम संचालन गरिनेछ ।<br>• वालिका शिक्षालाई प्रोत्साहित गर्न महिलामैत्री शौचालय, स्थानीरी प्याडको उपलब्धता र व्यवस्थापनको समुचित व्यवस्था गरिनेछ ।<br>• विपन्न दलित तथा पिछडिएका वर्ग तथा समुदायका वालवालिकाहरुलाई विद्यालयमा आकर्षण, टिकाउ र सिकाइमा सहयोग पुग्ने गरी पोशाक, दिवा खाजा, छात्रावृत्ती, शैक्षिक सामाग्री लगायतका विशेष उत्प्रेरणात्मक कार्यक्रम संचालन गरिनेछ ।<br>• बाल विकास केन्द्रलाई औपचारिक शिक्षा प्रणालीमा आवद्ध गरिनेछ । |
| शिक्षण सिकाई दर बढाउने | • शिक्षक तालिम र पुनर्ताजगी तालिम उपलब्ध गराइनेछ ।<br>• शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोग बढाइनेछ ।<br>• शिक्षण सिकाइमा सहयोग पुग्ने अतिरिक्त कृयाकलाप र प्रयोगात्मक शिक्षालाई बढावा दिइनेछ ।<br>• शिक्षण सिकाइको अभिवृद्धि गर्न शिक्षक उपस्थिती, शिक्षण शैली, सिकाइ परीक्षण, सिक्ने र सिकाउने वातावरण जस्ता पक्षहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ। |

| | |
|---|---|
| | • शिक्षाको स्तर उन्नतीको लागि अंग्रेजी भाषालाई प्राथमिकतामा राखेर अध्यापन गराइनेछ । |
| प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र विस्तार गर्ने | • विद्यालय शिक्षामा जिवनोपयोगी व्यवहारिक ज्ञान सिकाउने शैक्षिक कार्यक्रमहरु आवद्ध गरिनेछ ।<br>• विद्यालय शिक्षा पुरा नगरेका, किशोर किशोरीहरूलाई विद्यालय केन्द्रित व्यावसायिक शिक्षाका कार्यक्रम संचालन गरिनेछ।<br>• डिजिटल साक्षरताको नीति अवलम्बन गरिनेछ।<br>• प्राविधिक शिक्षा सञ्चालन भएका विद्यालयको व्यवस्थापन र सुदृढीकरणमा जोड दिइनेछ । |

## ५.२.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: शिक्षा, विज्ञान प्रविधि | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | प्राविधिक विषय (कृषि तथा भेटेरिनरी, सूचना प्रविधि र ईञ्जिनियरिङ) पठनपाठन | विद्यार्थीको स्वास्थ्य तथा सिकाई<br>शिक्षाको विकास<br>भौतिक व्यवस्था<br>प्रविधिको प्रयोग<br>विद्यालय सञ्चालन क्षमता अभिवृद्धि<br>दक्ष जनशक्ति उत्पादन | १०० | २० | ८० | | | | संघ, प्रदेश, स्थानीय तह |
| २ | शिक्षाको गुणस्तर सुधार गर्ने प्रत्येक विद्यालयमा **अभिभावक अनुशिक्षण कार्यक्रम**, शैक्षिक सुधार सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम, ई-हाजिरी, ICT व्यवस्थापन लगायतका कार्यक्रम सञ्चालन | | २५ | ५ | ५ | ५ | ५ | ५ | प्रदेश, स्थानीय तह |
| ३ | उत्तम नतिजा प्राप्त गर्ने सफल विद्यालय र शिक्षकलाई सम्मान तथा प्रोत्साहन | | १० | २ | २ | २ | २ | २ | प्रदेश, स्थानीय तह |
| ४ | शिक्षण सिकाइ पद्धतिलाइ प्रविधिमैत्री बनाउन स्मार्ट कक्षा व्यवस्थापन तथा सञ्चालन | | ५ | १ | १ | १ | १ | १ | प्रदेश |
| ५ | गाउँ शिक्षा पाठ्यचित्र, स्थानीय पाठ्यक्रम निर्माण गर्ने | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | स्थानीय मातृ भाषामा पठनपाठन कार्यको थालनी गर्ने | | १० | | ५ | ५ | | | स्थानीय तह |
| ७ | गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | स्थानीय तह |
| ८ | विद्यालय भर्ना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गर्ने | | ५ | १ | १ | १ | १ | १ | स्थानीय तह |
| ९ | विद्यालय छाड्ने बालबालिका दरलाई घटाउन थप दिवा खाजा तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ |
| १० | शिक्षक, शिक्षा उपसमिति र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गर्ने | | १० | २ | २ | २ | २ | २ | प्रदेश, स्थानीय तह |
| ११ | सामुदायिक विद्यालयहरूको गुणस्तर वृद्धिका लागि **अंग्रेजी माध्यमा** पठनपाठन संचालन गर्दै जाने | | ५० | १० | १० | १० | १० | १० | संघ |
| १२ | दरबन्दी अनुसार शिक्षक पदपूर्ति गर्ने | | | | | | | | |
| १३ | सूचना प्रविधि तथा कम्प्युटर ल्याब स्थापना गर्ने | | २५ | ५ | ५ | ५ | ५ | ५ | संघ, स्थानीय तह |
| १४ | विज्ञान र नवप्रवर्तनका क्षेत्रमा गाउँपालिकाले सहयोग उपलब्ध गराउने | | ५ | १ | १ | १ | १ | १ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १५ | अनुसन्धान तथा विकासमा योग्य जनशक्ति परिचालन गर्ने | | ५ | १ | १ | १ | १ | १ | स्थानीय तह |
| १६ | परम्परागत तथा आधुनिक ज्ञान तथा प्रविधिको स्तरोन्नति एवम् आधुनिकीकरण गर्ने | | १० | २ | २ | २ | २ | २ | प्रदेश, स्थानीय तह |
| १७ | विद्यार्थी अभिमुखीकरण (करियर काउन्सेलिङ) कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | स्थानीय तह |
| १८ | विद्यालय पूर्वाधार व्यवस्थापन (खानेपानी र शौचालय) | | ५० | १० | १० | १० | १० | १० | संघ |
| **जम्मा** | | | ३८० | ७४ | १३९ | ५९ | ५४ | ५४ | |

## ५.२.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | डिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | प्राविधिक एवं गुणस्तरीय शिक्षामा सबैको पहुँच अभिवृद्धि भई दक्ष जनशक्ति उत्पादन भएको हुने | | | | | | | | | | |
| असर | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी | प्रतिशत | ५० | | | ६० | | ६५ | गापा | अन्तर सरकार समन्वय भएको हुने | ४ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय वाहिर ५-१५वर्ष उमेर समूहका बालबालिका | प्रतिशत | ५ | | | २ | | ० | " | | " |
| प्रतिफल | छात्रवृती पाउने विद्यार्थी | संख्या | ११२७ | | | १२०० | | १३०० | " | शिक्षा सम्बन्धी सामाजिक संस्था, गैसस लगायत निजी क्षेत्रसंग समन्वय र सहकार्य भएको हुने | " |
| | दिवा खाजा खुवाउने विद्यालय | संख्या | २८ | | | | | २८ | " | | " |
| | नियमित अध्ययन गर्ने अवसर नमिलेका विद्यार्थीका लागि माध्यमिक तह सम्मको खुला शिक्षा वा अनौपचारिक दिने विद्यालय | संख्या | - | | | | | १ | " | | " |
| | विषयगत तालिम प्राप्त शिक्षक | प्रतिशत | ३५ | ३७ | ४० | ४२ | ४५ | ५० | " | | " |
| | सिटिइभिटिवाट सम्वर्द्धनमा सञ्चालित प्राविधिक विद्यालय | संख्या | १ | | | | | २ | " | | " |
| | सामुदायिक विद्यालयमा प्राविधिक धार अध्यापन गराउने विद्याल | संख्या | १ | | | | | २ | " | | " |
| | वालवालिकामैत्री, अपाङ्गता मैत्री र भूकम्प प्रतिरोधात्मक संरचना भएको विद्यालय | संख्या | ११ | | १२ | | १३ | १४ | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आइसिटी सेवा उपलब्ध विद्यालय | संख्या | ७ | | ८ | | ९ | १० | " | | " |
| | कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | ४ | ८ | १० | १२ | १४ | १५ | " | | " |
| | व्यवस्थित विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | ७ | | ८ | | ९ | १० | " | | " |
| | सेनिटरी प्याड सहित नर्स सेवा उपलब्ध विद्यालय | संख्या | १ | | | | | २ | " | | " |
| | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३६२ | ३७५ | ४०० | ४२५ | ४५० | ५०० | " | | " |
| | बालक्लब क्रियाशील भएका विद्यालय | संख्या | ११ | | १२ | | १४ | १५ | " | | " |
| | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | १ | | | | | २ | " | | " |
| | राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट लाभान्वित विद्यालय | संख्या | १२ | १४ | १६ | १८ | २० | २२ | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या बनोट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजन तथा एकीकरण विद्यालय | संख्या | - | | | | | १ | " | | " |
| | पालिका स्तरीय विज्ञान मेला, प्रदर्शनी एवं श्रृजनात्मक प्रतियोगिता | संख्या | - | | | १ | | २ | " | | " |
| | युवा वैज्ञानिकहरुसंग साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने विद्यालय | संख्या | - | | १ | | | २ | " | | " |
| | विज्ञान र प्राविधिको क्षेत्रमा अध्ययन, अनुसन्धानका लागि पालिकाबाट सहयोग प्राप्त युवा शोधकर्ताहरु | संख्या | १ | | | २ | | ३ | " | | " |
| | विद्यालय स्तरमा विज्ञान र प्रविधि सम्बन्धित विविध क्रियाकलापहरु संचालन गरी पालिकाबाट पुरष्कृत उत्कृष्ट विद्यालय | संख्या | - | १ | | २ | | ३ | " | | " |

## ५.३ खानेपानी तथा सरसफाइ

### ५.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ मानव जीवनयापनको अत्यावश्यक आधार हो। स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय स्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राखेको छ। खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । साथै, अन्तर्राष्ट्रिय रुपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्यहरु निर्धारण गरेको छ । यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकले समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा अनुकुल सुधार गर्न योगदान पुगेको छ । यस गाउँपालिकामा स्वच्छ खानेपानीको कार्यक्रम अगाडी बढेको, पाइपहरू वितरण भएका छन्। साना साना पानीको मुहान भएको र संरक्षण गरी संवर्द्धन गर्न आवश्यक छ । बजार क्षेत्रमा सरसफाइका कार्यक्रम हुने गरेको  छ ।

### ५.३.२ समस्या र चुनौती

समस्या

स्वास्थ्य मापदण्ड अनुसारको खानेपानी व्यवस्था सबै घरधुरीमा नहुनु, पानीको मुहानको संरक्षण पर्याप्त नहुनु, बजार क्षेत्रमा फोहोर व्यवस्थापनका लागि उपयुक्त व्यवस्था नहुनु, खानेपानी स्रोत संरक्षण तथा सरसफाइमा जनचेतनाको कमि हुनु, सरसफाइमा त्यति धेरै चासोको विषय नहुनु, स्वच्छ खानेपानीको व्यवस्था नहुँदा पानी जन्य रोगहरू बढ्नु, व्यक्तिगत तथा सामुदायिक सरसफाइको अभ्यास कमजोर हुनु, फोहोर उत्सर्गन गर्ने ठूला उद्योगहरु र बजारकेन्द्रहरु नहुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

"एक घर एक धारा र एक घर एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन गर्नु, स्वच्छ पानीको वितरण गर्नु, खानेपानीका मुहानहरुको संरक्षण गर्नु, खानेपानी प्रणालीको दीगो व्यवस्थापन गर्नु, सरसफाइको अभ्यास बढाउनु आदि प्रमुख चुनौती हुन् ।

### ५.३.३ सम्भावना र अवसर

सम्भावना

"एक घर एक धारा र एक घर एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन भई सबै घरधुरीमा खानेपानीको पहुँच स्थापित हुन सकिने, खानेपानी सुविधा नपुगेका स्थानहरुमा खानेपानी योजना सञ्चालन गर्न सकिने, स्वच्छ पानीको वितरण हुने, खानेपानीका मुहानहरुको संरक्षण गर्न सकिने, खानेपानी प्रणालीको दीगो व्यवस्थापन हुने, सरसफाइको अभ्यास बढ्न सक्ने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

गाउँपालिकामा प्रशस्त पानीका मुहान र खोलानालाहरु हुनु, अधिकांश परिवारमा खानेपानीको पहुँच पुग्नु, खानेपानी सुविधा नपुगेका स्थानहरुमा खानेपानी योजना सञ्चालन गर्न प्रदेश सरकार र केन्द्र सरकारसँग समन्वय गर्न सकिने, खानेपानीमा विभिन्न सरकारी, निजी तथा गैससहरूको सहकार्य हुनु, स्वच्छ खानेपानी तथा सरसफाइको

कारण जनस्वास्थ सुधारमा सहयोग पुग्ने, स्वच्छ, सफा, हराभरा गाउँपालिका स्थापित हुन सक्ने, पानीको स्रोहरुको संरक्षण गरी प्राकृतिक स्रोतको सदुपयोग गर्न मद्दत पुग्ने, आदि प्रमुख अवसर हुन् ।

### ५.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

स्वस्थ्य र सफा गाउँपालिका बनाउने ।

उद्देश्य

- स्वच्छ खानेपानी र सरसफाइद्वारा सभापोखरीवासीको जीवनस्तरमा सुधार ल्याउनु ।
- सम्पूर्ण घरधुरीमा स्वच्छ खानेपानी पहुँच सहज बनाउनु ।
- गाउँपालिका क्षेत्रभित्र नियमित सरसफाइको व्यवस्था गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| एक घर एक धाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने | • खानेपानी तथा सरसफाइ गुरु योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• प्रत्येक वडाहरू र वडा भित्रका भौगोलिक बनावट अनुसार स्वस्थ्य, स्वच्छ खानेपानीको मुहान खोजी गरी संरक्षण गरिनेछ ।<br>• स्वच्छ खानेपानीका निमित्त प्रत्येक टोल, भुगोलमा अध्ययन गरी खानेपानीका संरचनाहरुको स्तरोन्नति र नयाँ संरचनाहरूको निर्माण गरिनेछ र सो कार्यमा श्रमदानलाई प्रोत्साहन गरिनेछ ।<br>• खानेपानी सुविधा नपुगेका स्थानहरुको पहिचान गरी पाइप वा लिफ्टिङ माध्यमबाट खानेपानी सञ्चालन गर्न प्रदेश सरकार र केन्द्र सरकारसँग विशेष पहल गरिनेछ ।<br>• खानेपानीको नयाँ स्रोत वा मुहान खोजी गरी खानेपानी सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• स्वच्छ खानेपानी वितरणका लागि मुहान सुधारका साथै पानी वितरण पूर्व प्रशोधन गरिनेछ ।<br>• एक घर एक धाराको व्यवस्था गरिनेछ ।<br>• खानेपानी प्रणालीको दिगो व्यवस्थापनको लागि प्रणालीगत रुपमा व्यवस्थापन समिति गठन गरी नियमित मर्मत सम्भारको लागि जिम्मेवार बनाइनेछ ।<br>• खानेपानीको उपभोगको मात्रा अनुसार महसुल उठाई मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ ।<br>• खानेपानी तथा सरसफाइ सम्बन्धी काम गर्ने सरकारी, निजी, गैसस र सामुदायिक सस्थाहरुसँग सहकार्य गरिनेछ ।<br>• खानेपानी व्यवस्थापन समितिका पदाधिकारी र खानेपानी मर्मत सम्भार कार्यकर्तालाई तालिम र पुनर्ताजगी तालिम नियमित रुपमा दिइनेछ । |
| चर्पीको व्यवस्था तथा सरसफाइको अभ्यास बढाउने | • सार्वजनिक शौचालयहरुलाई स्थानीय संघ संस्था तथा समुदायबाट सञ्चालन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाइनेछ ।<br>• प्रमुख वस्ती र बजार केन्द्रहरूमा सार्वजनिक शौचालयको व्यवस्था गरी समुदायलाई सञ्चालनको जिम्मेवारी दिइनेछ । |

| | |
|---|---|
| | • अति विपन्न परिवारलाई चर्पी बनाउन अनुदानको व्यवस्था गरिनेछ ।<br>• पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न सरसफाइ अभियान, चेतना अभिवृद्धि, फोहोर विसर्जन, बास्केट तथा कन्टेनर र व्यवस्थित कम्पोष्टिङ आदिको व्यवस्था गरिनेछ ।<br>• प्रत्येक वडाहरूमा समूह बनाई सरसफाई सम्बन्धी जिम्मेवारी प्रदान गरिनेछ<br>• सरसफाई सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । उत्पादित फोहोरलाई वर्गिकरण गरी व्यवस्थित विसर्जन गरिनेछ ।<br>• फोहोर व्यवस्थापनको लागि डम्पिङ्ग साइट खोजी गरिनेछ ।<br>• प्लाष्टिक मुक्त पालिका घोषणा गरिनेछ । |

## ५.३.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र:खानेपानी तथा सरसफाई | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | एक घर एक धारा अभियान | शुद्ध पिउने पानीको व्यवस्थापन<br><br>सरसफाइको उचित प्रबन्ध | २०० | ५० | ५० | ५० | २५ | २५ | | संघ,प्रदेश,स्थानीयतह |
| २ | सुरक्षित खानेपानी योजना/मर्मत संभार | | १०० | २५ | २५ | २५ | १० | १५ | | संघ,प्रदेश |
| ३ | सार्वजानिक शौचालय निर्माण (मठ मन्दिर, मेला स्थल) | | २० | ४ | ४ | ४ | ४ | ४ | | प्रदेश,स्थानीय तह |
| ४ | फोहोर वर्गीकरण:विसर्जन गर्ने व्यवस्थापन | | ४० | ८ | ८ | ८ | ८ | ८ | | प्रदेश,स्थानीय तह |
| जम्मा | | | १६० | ३७ | ३७ | ३७ | २२ | २७ | | |

## ५.३.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८० /८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | डिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | | |
| प्रभाव | गुणस्तरीय र सुरक्षित खानेपानीको सर्वसुलभ एवं सरसफाई गाउँपालिका भएको हुने | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | सुरक्षित खानेपानीमा पहुँच भएको जनसंख्या | प्रतिशत | ० | १० | २० | ३० | ४० | ५० | गापा | अन्तर सरकार समन्वय भएको हुने | ६ |
| | निजी पाइपलाइन धारा जडान भएका घरधुरी | प्रतिशत | ४८.७८ | ५० | ६० | ७० | ८० | १०० | " | | " |
| प्रतिफल | कुवा,मुल,ढुङ्गेधाराको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | १०.३७ | | | ५ | | ० | " | | " |
| | नदी,खोला,कुलोको पानी उपभोग गर्ने घरधुरी | प्रतिशत | ०.१२ | | | | | ० | " | | " |
| | खानेपानीका लागि नजिकको धारा,कुवा वा पानीको श्रोतमा पुग्न लाग्ने औषत समयावधि | घण्टा | १ | | | ०.५ | | ० | " | | " |
| | सक्रिय खानेपानी र सरसफाइ उपभोक्ता समिति | संख्या | ३ | | | ४ | | ५ | " | | " |
| | खुल्ला दिसामुक्त घोषणा गरिएका वडा | संख्या | ६ | | | | | ६ | " | | " |
| | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरधुरी | प्रतिशत | १.६ | | | १ | | ० | " | | " |
| | स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ९१.८६ | | | ९५ | | १०० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | ६.३८ | ५ | ४ | ३ | २ | ० | " | | " |
| | सार्वजनिक शौचालयहरु | संख्या | १ | | | २ | | ३ | " | | " |
| | फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | | | | | | | " | | " |
| | घरआँगन,शौचालय वाट निष्कृत फोहोर लाई व्यवस्थित गर्ने घरपरिवार | प्रतिशत | | | | | | | " | | " |

## ५.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ५.४.१ पृष्ठभूमि

सबै लिङ्ग, वर्ग र समूहको सहभागिता र अपनत्व बोध सहितको समावेशीताले राज्य प्रणालीलाई सुदृढ गर्नुका साथै समृद्धिको आकांक्षा परिपूर्ति गर्न ठूलो मद्दत गर्दछ । संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरेको छ ।

यस आवधिक योजनाले महिला, बालबालिका तथा लक्षित समूहलाई प्राथमकिताका साथ सम्बोधन गर्ने गरी कार्ययोजना प्रस्ताव गरेको छ । पिछडिएका समुदायलाई विकासको मूल प्रवाहमा ल्याउनु नै यस आवधिक योजनले परिलक्षित गरेको छ ।यस गाउँपालिकामा बाल उद्यान पार्क र ज्येष्ठ नागरिक चिन्तन चौतारीको सम्भावना रहेको छ । महिला, बालबालिका तथा लक्षित वर्ग सीपमूलक तालिम प्रदान गरिएको छ ।

### ५.४.२ समस्या र चुनौती

समस्या

शिक्षा, स्वास्थ्य लगायत सेवामा महिला र लक्षित वर्गको पहुँचमा कमी हुनु, महिलाको भूमिका औपचारिक आर्थिक क्रियाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित हुनु, महिला, अपाङ्गता तथा बाल मैत्री पूर्वाधारको कमी हुनु, लक्षित वर्गमा सचेतनाको अभाव हुनु, लक्षित वर्गहरु आर्थिक रुपमा अत्यन्तै पछाडी पर्नु, लक्षित वर्गको समाजमा देखिएका सामाजिक कुरीति, जातीय, लैङ्गिक, भाषिक, धार्मिक, विभेद अन्त्य गर्नका लागि राज्य तथा सम्बन्धित निकायहरु औपचारिकतामा मात्र सीमित रहनु, बजार क्षेत्रमा बाल उद्यान पार्क र चिन्तन चौतारी निर्माणको लागि जग्गा छनौट नहुनु, तालिम प्राप्त दक्ष जनशक्तिहरूले व्यवहारिक रुपमा कार्य नगर्नु, महिला तथा लक्षित वर्गमा लागि न्यून कार्यक्रमहरु हुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

स्थानीय तहमा समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहिकरण गर्न ज्ञान, दक्षता र क्षमता भएका जनशक्तिको उचित व्यवस्थापन गर्नु, अन्तर निकाय र समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु, लक्षित वर्गको शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा पहुँच स्थापित गर्नु, महिला तथा लक्षित वर्ग समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिता र निर्णयमा पहुँच स्थापित गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ५.४.३ सम्भावना र अवसर

सम्भावना

महिला, बालबालिका तथा लक्षित वर्गहरु समेत गाउँपालिकाको प्राथमिकतामा रहँदै आएको, विकासमा लक्षित वर्ग र समुदायलाई परिचालित गर्ने सम्भावना रहेको, स्थानीय सरकारमा लक्षित वर्गको सम्मानजनक उपस्थित तथा उनीहरुको सहभागिता हुनु आदि प्रमुख सम्भावना हुन् ।

अवसर

संविधानका मौलिक हकमा समावेशीकरणलाई प्राथमिकता अनुसार विभिन्न हक सुरक्षित हुनु, दलित तथा सीमान्तकृत समुदाय लक्षित विशेष कार्यक्रम सञ्चालनमा आउनु, गाउँपालिकाको निर्णय प्रक्रियामा महिला, दलित तथा अल्पसङ्ख्यकको प्रतिनिधित्वले गर्दा सम्बन्धित वर्ग र समुदायको मुद्दा समेटिदै जानु, स्थानीय जनजाति समुदायको घरायसी निर्णय प्रक्रियमा महिलाको भूमिका प्रभावकारी हुनु, समावेशी र समानतामूलक समाज निर्माण गर्न सकिने, लक्षित वर्गको सामाजिक र आर्थिक उत्थान गर्न सकिने, विकास निर्माणमा महिला तथा लक्षित वर्गहरुको समावेशी सहभागिता सुनिश्चित गर्ने सकिने आदि प्रमुख अवसर हुन् ।

## ५.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, जनजाती, सिमान्तकृत, समुहविपन्न वर्गलाई सामाजिक समावेशीकरण, लक्षित वर्गको क्षमता विकास, लैङ्गिक समानताको आधारमा निर्णय तहमा पहुँच अभिवृद्धि गरी समान समाज विकास गर्ने ।

उद्देश्य

- महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण र सामाजिक समावेशीकरण गर्नु ।
- ज्येष्ठ नागरीक सम्मान, संरक्षण, सुरक्षा गर्नु ।
- बालवालिकाहरुको उचित संरक्षण, विकास र सशक्तिकरण गर्न वालमैत्री वातावरण सिर्जना गर्नु ।
- जनजाति, सिमान्तकृत समुह, अल्पसंख्यकहरुका लागि निर्णय तहमा मुल प्रवाहिकरण गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| समानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने | • महिला, दलित, जनजाति, अपाङ्ता भएका व्यक्तिहरूको सशक्तिकरण र सामाजिक समावेशीकरण नीति तर्जुमा गरिनेछ ।<br>• तथ्याङ्क/सूचना/अभिलेखको थालनी गरिनेछ ।<br>• महिला, बालबालिका र लक्षित वर्गको अधिकारसँग सम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• समानता र सामाजिक समावेशीकरण सूचकहरु तयार गरि अनुगमन र मुल्याङ्कन प्रभावकारी बनाईनेछ । |
| महिलाहरुको सशक्तिकरण र समावेशीकरणमा जोड दिने | • महिला सञ्जाल सञ्चालन, कार्यविधि तयार गरी कार्यन्वयन गरिनेछ ।<br>• लैङ्गिक समता प्राप्तिको लागि महिला पुरुषको सक्रिय भूमिका रहने व्यवस्था गरिनेछ ।<br>• एकल, विधवा तथा विपन्न महिलारहरुको जीवनस्तर उकास्न आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• महिलाहरुको राजनीतिक, सामाजिक, आर्थिक सशक्तिकरणमा प्रभावकारी सहभागिता बढाउँदै लगिनेछ । |

| | |
|---|---|
| | • महिला हिंसा, यौन हिंसा/शोषण तथा ज्यादतिमा परेका महिलाहरुलाई संरक्षण दिई यस्ता घटना अन्त्यका लागि स्थानीय तह शसक्त रुपमा लगिनेछ । |
| लक्षित वर्ग, र सिमान्तकृत समुदायको सशक्तिकरण र विकास गर्ने | • दलित, जनजाति, विपन्न र सिमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• सामाजिक विभेद, जातीय छुवाछुत अन्त्यका लागि गाउँपालिका, नागरिक समाज र सरोकारवाला निकायहरुसँग सहकार्य गरिनेछ ।<br>• सिमान्तकृत समुह र अल्पसंख्यकहरुका लागि निर्णय तहमा पहुँच बढाउनको लागि ऐन कानून, जवाफदेहीता वित्तिय श्रोत परिचालन गरिनेछ ।<br>• लक्षित वर्गको समान अवसर, समान पहुँच, समृद्धिको लागि सिपमुलक तालिम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• लक्षित वर्गहरुको समुन्नतीको लागि कार्यक्रमहरू ल्याउँदा वितरणमुखी नभएर क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• अपाङ्गता भएका व्यक्तिहरूको पहुँच विकासमा अपाङ्गता मैत्री संरचना निर्माण गरिनेछ ।<br>• जनजाति, सिमान्तकृत समुह, अल्पसंख्यकहरुको निर्णय तहमा मुल प्रवाहिकरण गराउन वित्तिय स्रोत परिचालन गरिनेछ ।<br>ज्येष्ठ नागरिकहरूको सम्मान तथा संरक्षणका लागि संरक्षण केन्द्र तथा चिन्तन चौतारी निर्माण गरिनेछ । |
| बालबालिका, किशोर किशोरीको श्रृजनशीलताको विकास गर्ने | • स्वास्थ्य तथा पोषण सम्बन्धी कार्यक्रमसँग आवद्ध गरी मातृ स्वास्थ्य, गर्भ संरक्षण बाल तथा मातृ पोषण जस्ता बाल बचाउका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>• वालमैत्री पालिका घोषणा गरी बालबालिका सम्बन्धी ऐन निर्माण तथा कार्यन्वयन गरिनेछ । |

## ५.४.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र:लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | व्यवसायिक सिप तथा उद्यमशिलता तालिम सञ्चालन | विविध विषयमा क्षमता विकास जनचेतना, अभिमुखीकरण भावनात्मक आत्म सम्मान जिवनयापन सहज | १५ | ३ | ३ | ३ | ३ | ३ | | स्थानीय तह |
| २ | अपाङ्ग तथा लक्षित वर्गलाइ कार्यक्रम बनाई व्यवसाहिक तालिम प्रदान | | १५ | ३ | ३ | ३ | ३ | ३ | | स्थानीय तह |
| ३ | लैङ्गिक हिंसा तथा घरेलु हिंसा सम्बन्धी सचेतना कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | | प्रदेश,स्थानीय तह |
| ४ | बालविवाह असर तथा प्रभावहरु सम्बन्धी सचेतना कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | | प्रदेश,स्थानीय तह |
| ५ | किशोर किशोरी शिक्षा (बिहे बारी २० पारी अभियान) | | १५ | ३ | ३ | ३ | ३ | ३ | | स्थानीय तह |
| जम्मा | | | ९५ | १९ | १९ | १९ | १९ | १९ | | |

## ५.४.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८० /८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | | |
| प्रभाव | सबै क्षेत्रमा समान सहभागिता एवं अवसरहरुको उपयोग गर्दै विभेद रहित समाज निर्माण भएको हुने | | | | | | | | | | |
| असर | महिलाको औषत आयु | वर्ष | ७१.३ | | | ७१.५ | | ७२ | गापा | | ३ |
| प्रतिफल | लक्षित वर्गका लागि बजेट विनियोजन (महिला बालबालिका, पिछडिएका, विपन्न वर्ग) | प्रतिशत | ३५ | ३७ | ३९ | ४१ | ४३ | ४५ | " | अन्तर सरकार समन्वय भएको हुने | " |
| | राष्ट्रपति महिला उत्थान कार्यक्रमबाट लाभान्वित महिला | संख्या | ५० | ६० | ७० | ८० | १०० | १२५ | " | भाषा आयोग, संस्कृतिसँग सम्बन्धित निकाय बीच अन्तर सरकार सम्बन्ध भएको हुने | " |
| | सामाजिक सुरक्षाबाट लाभान्वित जनसंख्या | प्रतिशत | ११२४ | ११५० | १२०० | १२५० | १३०० | १३५० | " | | " |
| | सम्पत्ति माथिको स्वामित्व भएका महिला | प्रतिशत | ५.६ | ८ | १० | १२ | १४ | १५ | " | जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदाय सँग समन्वय भएको | " |
| | व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | २०० | २२५ | २५० | ३०० | ३५० | ४०० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला उद्यमशीलता, क्षमता तथा सीप विकास कार्यक्रमका लागि वजेट व्यवस्था | रु. लाख | १० | १३ | १५ | १८ | २० | २५ | " | | " |
| | महिला सहकारी संस्था | संख्या | १ | | २ | | | ३ | " | | " |
| | महिला सहकारी संस्थामा आवद्ध सदस्य | संख्या | १२०० | १३०० | १५०० | १७०० | १८५० | २००० | " | | " |
| | महिला सञ्जाल तथा आमा समूहहरु | संख्या | ७ | | | | | ७ | " | | " |
| | व्यवसायिक सीप तथा क्षमता विकास भएका अपाङ्गता | संख्या | १५० | १७५ | २०० | २३० | २६० | ३०० | " | | " |
| | परिचय पत्र प्राप्त ज्येष्ठ नागरिक | संख्या | ७७ | ८० | १०० | १२० | १३५ | १५० | " | | " |
| | लैङ्गिक हिंसा निवारण कोषमा जम्मा भएको रकम | रु. लाख | ०.५ | ०.७५ | १ | १.५ | २ | ३ | " | | " |
| | क्रियाशील वालक्लव, वालसञ्जालहरु | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | " | | " |

## ५.५ युवा तथा खेलकूद

### ५.५.१ पृष्ठभूमि

राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, साँस्कृतिक र आर्थिक अधिकारहरुको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तिकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ। उद्यमशील युवा मुलुकको विकासका संवाहक हुन्। खेलकुद शारीरिक तथा मानसिक विकासको महत्वपूर्ण माध्यम हो ।त्यसैले युवा तथा खेलकुदको विकास बिना गाउँपालिकामा विकास निर्माण र नविनतम कार्यहरु सम्भव हुँदैन ।
गाउँपालिकाभित्र रहेका सबै वडाहरूमा युवा क्लबहरुको गठन गरिएको छ । यस्ता क्लबहरु खेलकुद तथा सामाजिक गतिविधिहरुमा संलग्न रहेका छन् । गाउँपालिकामा स्थानीय विद्यालयमा भएका खेल मैदान र गाउँपालिकामा रहेका खुल्ला चौरहरु नै खेलकुदका मुख्य पूर्वाधारहरु हुन् । यी खेलमैदानहरुको स्तरोन्नति गरी पूर्वाधार निर्माण गर्न जरुरी छ । पालिका स्तरिय खेलमैदानको आवश्यकता रहेको छ भने तेक्वान्दो, भलिवल, फुटवल, ब्याडमिन्टनको व्यवस्था गरिएको छ ।

### ५.५.२ समस्या र चुनौती

समस्या

युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु, युवामा दक्षता र क्षमताको कमीका साथै उनीहरूलाई उद्यमशील, रोजगारीमूलक र स्वरोजगार बनाउन नसक्नु, युवाहरुको क्रमागत विदेश पलायन हुनु, खेलकुदको विकासका लागि पूर्वाधारको अभाव हुनु, क्लव तथा खेलकुदसँग सम्बन्धित संस्थाको आयस्रोतमा कमी हुनु, खेलकुद प्रशिक्षण तथा व्यावसायिक खेलकुदको कमी हुनु, राष्ट्रिय मापदण्ड अनुसारको खेलमैदान नहुनु, कराते, उसु, वास्केटवल लगायत इन्डोर खेलहरू नहुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

युवा क्षमताको विकास गर्नु, युवा प्रतिभा पलायन रोक्नु, युवामा सकारात्मक सोचको निर्माण नहुनु, स्थानीय स्तरमा सिर्जना गर्न सकिने रोजगारीका सम्भावनाहरूमा युवाहरूको आकर्षण गराउनु, खेलकुद पूर्वाधारको निर्माण गर्नु, खेलकुद प्रतियोगिताहरु नियमित रुपमा आयोजना गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ५.५.३ सम्भावना र अवसर

सम्भावना

खेलकुदको विकास गरी युवा क्षमताको विकास गर्न सकिने, स्थानीय स्तरमा खेलकुदको नियमित कार्यक्रम गरी स्थानीय खेल प्रतिभाहरुको पहिचान र विकास गर्न सकिने, युवा लक्षित आय आर्जन कार्यक्रम सञ्चालन गरी युवाहरुलाई रोजगारीमा आवद्ध गराउन सकिने, स्थानीय बेरोजगार युवाहरुलाई उद्यमशील रोजगारीको सुनिश्चितता गर्न सकिने, स्थानीय स्तरमा खेलकुदलाई विकास र विस्तार गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

खेलकुद एकेडेमीको निर्माण गरी स्थानीय स्तरमा नै राष्ट्रिय खेलाडी उत्पादन गर्न सकिने, खेलकुद पूर्वाधार विकास गर्न स्थानहरु उपलब्ध हुन सकिने, स्थानीय खेल प्रतिभाहरुको माध्यमबाट गाउँपालिकाको पहिचानमा थप योगदान हुने, स्थानीय युवायुवातीहरुलाई स्वस्थ्य र स्फूर्त गराउन सकिने, दक्ष तथा तालिम प्राप्त युवाहरुलाई गाउँपालिकाले

परिचालित गर्न सकिने, युवा विकासका लागि संवैधानिक व्यवस्था हुनु, रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनु, युवा संलग्न स्थानीय संरचना रहनु, खेलकुद क्षेत्रको एकीकृत विकास रणनैतिक योजना निर्माण गर्ने गाउँपालिकाको नीति तथा कार्यक्रम रहेको, पालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुद गतिविधि अगाडी बढाउन सकिने आदि प्रमुख अवसर हुन् ।

### ५.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

स्वास्थ्यका लागि खेलकुद, युवाका लागि खेलकुद भन्ने अवधारण विकास गरी युवा शक्तिलाई सशक्त बनाउने

उद्देश्य

- युवा शक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु ।
- स्वास्थ्य युवा एवं दरिलो जनशक्ती निर्माण गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने | • स्थानीय बेरोजगार युवाहरुलाई उद्यमशील रोजगारीको लागि युवा उद्यमी कार्यक्रम सञ्चालन गर्न युवा उद्यमी कोष स्थापना गरिनेछ ।<br>• युवाहरूलाई उनीहरूको अभिरुचि अनुसारको सीपमूलक तालिम दिईनेछ ।<br>• युवाहरूलाई उद्यम व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तीय संस्थाहरूसँग सहजिकरण गरिनेछ ।<br>• युवाहरूको दक्षता र क्षमताका आधारमा उद्यमशील, रोजगारमुलक र स्वरोजगारीमा आवद्ध गराइनेछ ।<br>• युवाहरूलाई दुर्व्यवसनीबाट रोकी उत्पादनशील कार्यमा संलग्न गराउन प्रोत्साहित गरिनेछ ।<br>• सामाजिक विकासका कामहरूमा युवाहरूको सहभागिता गराइनेछ । |
| खेलकुद पूर्वाधारको विकास गर्ने | • भौगोलिक बनावट अनुसार प्रत्येक वडामा खेलमैदान जग्गाको खोजी खेल मैदान निर्माण गरिनेछ ।<br>• राष्ट्रिय मापदण्ड बमोजिम फुटवल एवं इन्डोर खेलमैदान खोजी खेल मैदान निर्माण गरिनेछ ।<br>• टेक्वान्दो, उसु, कबड्डी, भलिवल, फुटवल जस्ता खेलहरूमा प्रोत्साहित गरी उत्कृष्ट खेलाडीहरूलाई प्रोत्साहित गरिनेछ र राष्ट्रिय अन्तर्राष्ट्रिय जगतमा परिचित गराइनेछ ।<br>• विद्यालय स्तर देखि नै खेलकुद विकासका लागि हरेक विद्यालयमा खेल मैदानको व्यवस्था गर्न सहयोग गरिनेछ ।<br>• अन्तर विद्यालय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ ।<br>• वडा स्तरिय, पालिका स्तरिय तथा जिल्ला स्तरियमा खेलकुद प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।<br>• सबै वडामा खेलकुद प्रशिक्षणको लागि पहल गरिनेछ । |

### ५.५.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र:युवा तथा खेलकुद | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षितलाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | पब्लिक जिम सेन्टर स्थापना संचालन | युवाहरुकोक्षमता अभिवृद्धि<br>खेलकुद विकासका लागि पूर्वाधार निर्माण | २० | १० | १० | | | | | संघ,स्थानीय तह |
| २ | कब्डि हल निर्माण (धुपु) | | ३० | | | ३० | | | | संघ,प्रदेश,स्थानीय तह |
| ३ | वडा स्तरीय खेल मैदान निर्माण | | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ,स्थानीय तह |
| ४ | श्री त्रिवेणी माध्यमिक विद्यालयखेल मैदानलाई पालिका स्तरीय बनाउने | | २०० | | ५० | ५० | ५० | ५० | | संघ,प्रदेश,स्थानीय तह |
| ५ | खेलाडी पहिचान तथा प्रशिक्षण कार्यक्रम | | १० | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| ६ | पालिका तथा वडा स्तरीय खेलकुद प्रतियोगिता | | १० | २ | २ | २ | २ | २ | | प्रदेश,स्थानीय तह |
| जम्मा | | | २९५ | १९ | ६९ | ८९ | ५९ | ५९ | | |

## ५.५.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | युवाहरूमा क्षमता विकास एवं उद्यमशीलता विकासबाट स्व-रोजगारितामा वृद्धि भएको हुने | | | | | | | | | | |
| असर | शिक्षित युवा बेरोजगारी | संख्या | ४०० | ३५० | ३०० | २०० | १०० | ० | गापा | अन्तर सरकार समन्वय भएको हुने | ३ |
| | व्यवसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा | संख्या | ११० | १२० | १३० | १४० | १५० | १६० | " | | " |
| प्रतिफल | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रबाट लाभान्वित युवा | संख्या | - | | २५ | ५० | ७५ | १०० | " | प्रधानमन्त्री रोजगार कार्यक्रम,स्वरोजगार कोष, उद्योग वाणिज्य,तालिम संस्था तथा निजी क्षेत्रसँग समन्वय भएको हुने | " |
| | युवा स्वरोजगार कोष अन्तर्गतको कर्जाबाट लाभान्वित युवा | संख्या | - | | २५ | ५० | ७५ | १०० | " | | " |
| | स्थानीय तहको संरचनामा युवाहरूको संलग्नता | प्रतिशत | १५ | १७ | १८ | २० | २२ | २५ | " | | " |
| | क्रियाशील युवा क्लबहरू | संख्या | ७ | | ८ | | ९ | १० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवसायिक युवा खेलाडी | संख्या | १० | १२ | १५ | २० | २५ | ३० | " | | " |
| | खेल अभ्यास प्रशिक्षण केन्द्र (कभर्डहल) | संख्या | १ | | | | | २ | " | | " |
| | खेलकुद मैदानहरु | संख्या | २० | २२ | २४ | २६ | २८ | ३० | " | | " |
| | पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | १ | | २ | | ३ | ४ | " | | " |
| | राष्ट्रिय अन्तर्राष्ट्रिय खेलमा प्रतिनिधित्व गर्ने खेलाडीहरु | संख्या | १ | | २ | | ३ | ४ | " | | " |

## ५.६ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण

### ५.६.१ पृष्ठभूमि

कला, भाषा, धर्म, सस्कृति, ऐतिहासिक सम्पदा नेपालको मौलिक राष्ट्रिय पहिचान हुन् । संविधानमा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्रका रूपमा परिभाषित गरेको छ । नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको रूपमा अबलम्वन गर्दै आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको सम्बर्धन र संरक्षण गर्ने हक प्रदान गरेको छ । यसैगरी ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, सम्बर्धन र विकासका लागि अध्ययन अनुसन्धान, उत्खनन तथा प्रचारप्रसार गर्ने, राष्ट्रिय सम्पदा, कला, साहित्य र सङ्गितको विकासमा जोड दिने नीति अवलम्बन गरेको छ । बहुभाषिक, सांस्कृतिक, बहुजातीय मानिसको वसोवास रहेको यस गाउँपालिकामा लिम्बु भाषामा कक्षा सञ्चालन गरिएको छ ।

### ५.६.२ समस्या र चुनौती

समस्या

सम्भावित भाषाको थप कक्षा सञ्चालनमा नरहेको, संग्राहलय भवन निर्माण नहुनु, लोपोन्मुख संस्कृतिको उत्थानमुलक कार्य नभएको, अव्यवस्थित समाधिस्थलहरू रहेको, सवैलाई मान्य हुने समाधिस्थलहरुको निर्माण नभएको, साहित्य, सम्पदा, कला, भाषा र संस्कृति संरक्षणको प्रयास खासै नहुनु र लोप भएर जान सक्ने, खोज तथा अनुसन्धान नहुनु, मौलिक संस्कृतिलाई जगेर्ना गर्दै पुस्तान्तरण गर्न नसक्नु, राष्ट्रिय पहिचान र गौरवका रूपमा भाषा, संस्कृति, सम्पदा तथा साहित्यको विकास गर्न नसक्नु, स्वरोजगार, आयआर्जन र स्थानीय विकासको स्रोतको रूपमा यसलाई प्रयोग गर्न नसक्नु, आदि प्रमुख समस्या हुन् ।

चुनौती

विभिन्न मातृभाषा र लिपिको अभाव तथा मानकीकरण गर्नु, लोपोन्मुख भाषा, कला साहित्य, संस्कृतिको तथा सम्पदा संरक्षण गर्नु; वैदेशिक एवं आयातित संस्कृति, भेषभुषा प्रति युवाहरुको वढ्दो आकर्षणलाई निरुत्साहित गर्नु, स्थानीय भाषा, संस्कृति, चाडपर्वहरु लोपोन्मुख र पुस्ता हस्तान्तरण गर्नु, भाषा, कला साहित्य, संस्कृति तथा सम्पदा र आर्थिक सामाजिक विकासको अन्तरसम्बन्ध स्थापित गरी विकास निर्देशित गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ५.६.३ सम्भावना र अवसर

सम्भावना

सांस्कृतिक बाजाहरू प्रचलनमा रहेको, विविध समुदायहरूको मानवशास्त्रीय अध्ययनका लागि शैक्षिक पर्यटनको गन्तव्यस्थल बनाउन सकिने, विविध सांस्कृतिक सम्पदाहरू रहेकोले सांस्कृतिक सङ्ग्रहालय तथा सांस्कृतिक केन्द्रहरूको रूपमा विकास गर्ने पहल भएको, गाउँपालिकालाई मौलिक संस्कृति र सभ्यताको केन्द्रको रूपमा विकास गरी सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्न सकिने, गाउँपालिका क्षेत्रका सर्जक तथा कलाकारको उत्थान र वृत्ति विकास गर्न सकिने, गाउँपालिका क्षेत्रमा रहेका विभिन्न धार्मिक तथा सांस्कृतिक स्थलहरूको विकास गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धनका लागि संवैधानिक निर्देशन रहनु, अद्वितीय मौलिक संस्कृतिको प्राचुर्यता रहनु, भाषा, कला एवम् संस्कृतिको पर्यटन लगायतका क्षेत्रसँग आबद्धता गरी आय र रोजगारी

वृद्धिको सम्भावना रहनु, पर्याप्त सांस्कृतिक विविधता तथा कला र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै सांस्कृतिक पहिचान कायम राख्नु, गाउँपालिकाको सबै वडामा भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदाको संरक्षण र प्रवर्द्धनको प्रचार प्रसार गरी विस्तार गर्नु, आदि प्रमुख अवसर हुन् ।

### ५.६.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

कला, भाषा, साहित्य, संस्कृति एवम् ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन गर्ने ।

उद्देश्य

- बहुभाषिक, बहुसंस्कृतिक, बहुजातीय वसोवासी भएकाले सम्पूर्ण क्षेत्रलाई संरक्षण एवम प्रवर्द्धन गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| भाषा, लिपि, संस्कृति, कला तथा धार्मिक सम्पदाको संरक्षण र संवर्द्धन गर्ने | • सम्भावित मातृभाषामा कक्षा संचालन संभाव्यताको अध्ययन गरी मातृभाषा संचालन गरिनेछ ।<br>• जातिय संस्कार अनुसारको समाधी स्थलको खोजी गरी निर्माण गरिनेछ ।<br>• भाषा, लिपि, संस्कृति, कला तथा धार्मिक सम्पदा संरक्षण र संवर्द्धन सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• धार्मिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाको दिगो विकास एवम् व्यवस्थापनका लागि गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।<br>• स्थानीय भाषा, साहित्य एवम् सम्पदा संरक्षण र संवर्द्धनका लागि संघीय र प्रादेशिक तथा संघ संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।<br>• सम्पूर्ण जातजातीको भाषा, कला, संस्कृति साहित्यलाई संवोधन हुने गरी संरक्षण र संवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• हरेक जातजाती समेटिने बहुसांस्कृतिक पार्क, केलाङ साकला पार्क निर्माण गरिनेछ ।<br>• कला, संस्कृति संरक्षणका लागि संग्राहलय निर्माण गरिनेछ ।<br>• सबै जात जातिको सांस्कृतिक पहिचान झल्काउने मुख्य पूजाआजा, धर्म, धार्मिक शक्तिपीठ, धाम तथा मठमन्दिरको संरक्षण, संवर्द्धन गर्दै धार्मिक पर्यटन स्थलको रूपमा विकास गरिनेछ ।<br>• स्थानीय सम्पदा, संस्कृतिलाई विद्यालयको पाठ्यक्रममा समावेश गरी पठनपाठनको व्यवस्था मिलाइनेछ । |

## ५.६.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र:कला,भाषा,साहित्य संस्कृति | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षितलाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | बहु जातियसंग्राहलय निर्माण योजना | सम्पदासंरक्षण, कला संस्कृतिको जर्गेना | ४०० | | | १०० | १५० | १५० | संघ,प्रदेश,स्थानीय तह |
| २ | बौद्व छ्योलिङ्ग गुम्बा निर्माण तथा व्यवस्थापन | | ५० | | २५ | २५ | | | प्रदेश,स्थानीय तह |
| ३ | सांस्कृतिक मेला आयोजना | | २५ | ५ | ५ | ५ | ५ | ५ | स्थानीय तह |
| ४ | जनजातिसङ्ग्रहालय भवन | | २०० | ५० | ५० | ५० | ५० | | संघ,प्रदेश,स्थानीय तह |
| जम्मा | | | ६७५ | ५५ | ८० | १८० | २०५ | १५५ | |

## ५.६.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगिल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | कला, भाषा, साहित्य, संस्कृति एवम् ऐतिहासिक सम्पदाको संरक्षण र संवर्द्धन भएको हुने | | | | | | | | | | |
| असर | स्थानीय कला,भाषा र साहित्यलाई पेशाको रुपमा ग्रहण गर्ने | संख्या | - | | | १ | | २ | गापा | अन्तर सरकार समन्वय भएको हुने | ११ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कला, संस्कृति, भाषा र साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व गर्ने स्रष्टा | संख्या | ३ | | | ४ | | ५ | " | | " |
| प्रतिफल | संरक्षित कला, संस्कृति र सम्पदाका प्रकार | संख्या | ५ | | | ६ | | ७ | " | भाषा आयोग, संस्कृति संग सम्बन्धित निकाय बीच अन्तर सरकार सम्बन्ध भएको हुने | " |
| | संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व | संख्या | ९ | | | १० | | ११ | " | | " |
| | स्थानीय लोपोन्मुख भाषाहरु | संख्या | २ | | | | | ० | " | जनजाति प्रतिष्ठान र अन्य विषयगत आयोग, स्थानीय समुदाय संग समन्वय भएको हुने | " |
| | बोलीचालीका स्थानीय भाषाहरु | संख्या | ६ | | | | | ७ | " | | " |
| | स्थानीय भाषा, कला, संस्कृति, सम्पदा, साहित्यमा आधारित नियमित प्रकाशन | संख्या | - | | | १ | | २ | " | | " |
| | स्थानीय भाषा, कला, संस्कृति झल्किने सामुदायिक सांस्कृतिक केन्द्र (संग्रहालय) | संख्या | - | | | १ | | २ | " | | " |

# परिच्छेद ६ : पूर्वाधार क्षेत्र

## ६.१ वस्ती, आवास भवन तथा सार्वजनिक निर्माण

### ६.१.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐनले प्राप्त तथा प्रदेश कानूनको अधीनमा रहि सुरक्षित वस्ती विकास र भवन निर्माण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन गर्ने तथा सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाई दिएको छ । बजार क्षेत्रहरुमा केही निर्माण संरचनाहरु पक्की भएता पनि अधिकांश क्षेत्रमा कच्ची संरचना नै रहेको छ । तीव्र शहरीकरण नहुँदा अब निर्माण गरिने सार्वजनिक निर्माण तथा शहरीकरणलाई व्यवस्थित गर्न सहज भने हुने देखिन्छ । भवनहरु पनि अधिकांश परम्परागत माटोले जोडिएका भवनहरु छन् । गाउँपालिका क्षेत्रमा शहरी सेवा सुविधाहरूको वितरणको अवस्था विश्लेषण गर्दा हालको शहरी पूर्वाधार अपर्याप्त रहेको देखिन्छ । नयाँ सडकको निर्माण बढेको भएता पनि धेरै जसो सडकको अवस्था सुदृढिकरण गर्नुपर्ने देखिन्छ । खानेपानी, विद्युत तथा सञ्चारको अवस्था सन्तोषजनक रहेको छ । अन्य पूर्वाधार जस्तै ढल निर्माण, बसपार्क तथा हाट बजार व्यवस्थापन, फोहोर व्यवस्थापनका साथै गाउँपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने तर्फ पनि तत्काल ध्यान केन्द्रित हुन आवश्यक छ ।
यस गाउँपालिकामा हाल सम्म कार्यपालिका तथा प्रशासकीय भवन बनेको छैन भने सबै वडा कार्यलय भवन निर्माण भएको छ । सबै वडामा आधारभूत स्वास्थ्य केन्द्रहरू रहेका छन् । वडा नं १, ३, ६ मा स्वास्थ्य चौकी रहेका छन् । वडा नं. २ मा ५ शैयाको पालिका स्तरीय प्राथमिक अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ । पालिका स्तरीय खेलमैदान त्रिवेणी माध्यमिक विद्यालयको खेलमैदानमा प्रयोग भइरहेको छ । पालिका भित्र २५ प्रतिशत मात्र भूकम्प प्रतिरोधी विद्यालय भवन रहेको छ । वाहविसे बजार क्षेत्र र डके बजार क्षेत्रमा वस्ती विस्तार उच्च र अन्य क्षेत्रमा कम रहेको छ । सार्वजनिक निर्माणमा भवन निर्माण संहिता तथा न्यूनतम मापदण्ड लागु भएको छ । फुसको छानो विस्थापित गर्ने कार्यक्रम तिव्र गतिमा रहेको छ ।

### ६.१.२ समस्या र चुनौती

समस्या
योजनावद्ध वस्ती विकास गर्न नसकिएको, भवन संहिता पूर्ण रुपले लागु हुन नसकेको, ग्रामीणयुक्त छरिएर रहेको वस्ती भएकोले पूर्वाधार सेवा विस्तार गर्न कठिन । भौगोलिक बनावटको कारण सडक सञ्जालको कमी, प्रशासकीय भवन नभएकोले प्रशासनीय काम काजमा कठिनाइ हुनु, वडा कार्यलय भएता पनि पर्याप्त कक्षकोठा नहुनु, जनशक्ति, उपकरण र उपयुक्त स्वास्थ्य केन्द्र नभएकोले उपचारमा कठिनाइ हुनु, पालिका स्तरीय खेलकुद निर्माणमा कठिनाइ फलस्वरूप खेल क्षेत्र विकासमा कठिनाइ हुनु, बाल उद्यान, वृद्धश्रम, अपाङ्गमैत्री सार्वजनिक पुस्तकालय जस्ता भौतिक संरचना नहुनु, कतिपय विद्यालय भवन पुरानो र जीर्ण भएको, खाद्यपदार्थ संरक्षण गर्ने चिस्यान केन्द्र नभएको, जडिवुटी, रुद्राक्ष, अम्लिसो लगाएत वस्तु सम्बन्धी घरेलु उद्योग स्थापना नभएको, वडा स्तरीय खेलमैदान नभएको आदि प्रमुख समस्या हुन् ।
चुनौती
योजना तथा निर्माण मापदण्ड कार्यान्वयन गरी सुरक्षित वस्ती विकास गर्नु, जोखिमयुक्त वस्तीहरु सुरक्षित स्थानमा स्थानान्तरण गर्नु ।नयाँ घरहरु निर्माण गर्दा मौलिकता लोप हुँदै गएको, व्यवस्थित आवास, वस्ती विकास तथा

सार्वजनिक निर्माणमा जग्गा प्राप्त गर्न ।छरिएर रहेका वस्तीहरुमा सेवा सुविधा विस्तार गर्न आदि प्रमुख चुनौती हुन् ।

### ६.१.३ सम्भावना र अवसर

सम्भावना

व्यवस्थित वस्ती विकास गरी शहरीकरणलाई व्यवस्थित गर्न सकिने, तीव्र शहरीकरण भई नसकेको हुँदा पूर्वाधार विकासलाई सहज हुने, सुरक्षित स्थानहरु पहिचान गरी सुरक्षित वस्ती तथा आवास निर्माण गर्न सकिने, भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्यवयन गर्ने सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

आवास तथा सार्वजनिक निर्माणमा स्थानीय सामाग्रीहरु प्रयोग गर्न सकिने, भूकम्प प्रतिरोधी घर निर्माण गर्न सचेतना कार्यक्रम सञ्चालन गरी व्यवस्थित र भूकम्प प्रतिरोधात्मक भवन निर्माण र वस्ती विकास गर्न सकिने, असुरक्षित र जोखिमयुक्त वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती विकास गर्न सकिने, स्थानीय निर्माण व्यवसायी तथा कामदारहरुलाई दक्ष कालिगढको तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्ने, भवन तथा संरचनाहरुको अभिलेखिकरण र नक्सा पास गरी आन्तरीक आय वृद्धि गर्न सकिने, नयाँ घरहरु निर्माण गर्दा स्थानीय मौलिकता कायम राख्न सकिने आदि प्रमुख अवसर हुन् ।

### ६.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सुरक्षित आवस तथा वस्ती विकास गरी बसोवासलाई सहज बनाउने ।

उद्देश्य

- सबै वर्ग, क्षेत्र र तहका मानिसहरुको आवासमा पहुँच सुनिश्चित गर्नु ।
- गुणस्तरीय, व्यवस्थित, सुरक्षित र किफायती आवास तथा भवन निर्माण गर्नु ।

रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आवास, वस्ती विकास र भवन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने | • जोखिमयुक्त वस्तीहरूको पहिचान तथा नक्साङ्कन गरिनेछ ।<br>• पालिका क्षेत्र निर्माण हुने सम्पूर्ण घरहरुको निर्माण कार्यलाई भूकम्प प्रतिरोधी बनाई नक्सा पास कार्यलाई अनिवार्य बनाइनेछ ।<br>• आवास, वस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• भू-उपयोग नीति अनुसार प्रदेश सरकार र नीजि क्षेत्र समेतको सहकार्यमा आवास तथा वस्ती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• भवन निर्माण कार्यलाई व्यवस्थित गर्न सडकको मापदण्ड पूर्ण रुपले लागू गरिनेछ ।<br>• न्यून आय हुने वर्गका लागि सुलभ आवासको व्यवस्था गर्न नीजि क्षेत्रसँग सहकार्य गरिनेछ । |

| | |
|---|---|
| | • सुरक्षित वस्ती विकासका कार्यक्रम संचालन गरिनेछ । |
| सुरक्षित आवास तथा भवनहरू निर्माण गर्ने | • स्थानीय आवश्यकता अनुसारको भवन संहिता तर्जुमा गरी लागु गरिनेछ ।<br>• बाल उद्यान, मनोरञ्जनात्मक वृद्धाश्रम निर्माण गरी हेरचाहमा सुधार गर्ने वर्ग विभाजन गरी जनता आवास कार्यक्रम संचालन गरिनेछ ।<br>• फुसको छाना विस्थापन कार्यक्रम वडा नं. ४, ५ र ६ मा संचालित कार्यक्रमलाई निरन्तरता दिइनेछ<br>• वर्ग विभाजन गरी प्रत्येक वडामा तथाङ्क संकलन गरी प्राथमिकतामा आधारित जनता आवास कार्यक्रम लागु गरिनेछ<br>• साथै सिमान्तकृत र लोपन्मुखलाई पहिलो प्राथमिकता दिइनेछ<br>• पालिकाभित्र वाहविसे क्षेत्रमा एक शित भण्डार, तत्काल निर्माण कार्य थालनी गरी प्रत्येक वडामा विस्तार गर्दै लगिनेछ<br>• पालिका मित्र कम्तीमा २ स्थान छनोट गरी बाल उद्यान र वृद्धश्रम निर्माणको कार्य थालनी गरिनेछ<br>• बजार क्षेत्र वाहविसे, डकेमा व्यवस्थित सार्वजनीक शौचालय निर्माणमा जोड दिइनेछ ।<br>• आर्थिक वर्ष २०८०/०८१ मा कार्य प्रारम्भ गरिएको प्रशासनीक भवन २ आर्थिक वर्ष भित्र पूरा गरिनेछ ।<br>• वाहविसे प्रहरी चौकीलाई इलाकामा विस्तार गरी तत्काल कार्य प्रारम्भ गरिनेछ ।<br>• प्रत्येक वडा तथा टोल क्षेत्रमा साझेदारी (समुदाय र सरकार बीच) गरी सामुदायिक भवन निर्माण गर्ने निति बनाई कार्यन्वयन गरिनेछ ।<br>• सामुदायिक भवनहरू निर्माणमा जोड दिइनेछ ।<br>• सरकारी तथा सार्वजनिक भवनहरू बाल, महिला तथा अपाङ्गमैत्री बनाइनेछ ।<br>• सुरक्षित र व्यवस्थित वस्ती विकासको लागि योग्य र अयोग्य भूमिको पहिचान गरिनेछ ।<br>• जोखिममा रहेको वस्तीहरुको सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ ।<br>• सार्वजनिक जग्गा र नदि किनार लगायतका क्षेत्र अतिक्रमण गरी गरिने वस्ती विकास लगायतका कार्यक्रमहरुलाई निरुत्साहित गरिनेछ । |

## ६.१.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | प्रहरीचौकी स्तरोन्नति भवन निर्माण | पहुँच वृद्धि | ४०० | | ३०० | ५० | ५० | | संघ, प्रदेश |
| २ | फुस्को छाना विस्थापन कार्यक्रम | | १०० | २५ | २५ | ५० | | | प्रदेश, स्थानीय तह |
| ३ | बहुउद्देश्यीय पार्क (वृद्ध विश्राम, बाल उद्यान) | सुरक्षित र व्यवस्थित संरचना | २०० | | | ५० | ५० | १०० | संघ, प्रदेश, स्थानीय तह |
| ४ | सार्वजनिक शौचालय (देवालय) | | १५ | १५ | | | | | स्थानीय तह |
| जम्मा | | | ७१५ | ४० | ३२५ | १५० | १०० | १०० | |

## ६.१.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | आवासमा पहुँच र सेवा सुविधा तथा अवसरयुक्त गाऊँको निर्माण भएको हुने | | | | | | | | | | |
| असर | एकीकृत भौतिक सेवा सुविधा उपलब्ध बजार क्षेत्र | संख्या | २ | ३ | ४ | ५ | ५ | ५ | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ९ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | " |
| | व्यवस्थित बसपार्क तथा बस स्टेशन | संख्या | ० | १ | २ | २ | २ | २ | " | पालिकाको वार्षिक प्रतिवेदन<br>पालिका जोखिम मूल्याङ्कन प्रतिवेदन | " |
| | बजार क्षेत्रमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ३० | ३० | ३० | ३५ | ३५ | ४० | " | | " |
| | सुविधा सम्पन्न (खानेपानी, शौचालय, बिजुली,सञ्चार) सामुदायिक भवन (महिला, ज्येष्ठ नागरिक भवन) तथा सभाहल | संख्या | ० | २ | ३ | ४ | ५ | ६ | " | | " |
| | जोखिममुक्त बस्तीहरु | संख्या | ५ | ७ | ९ | ११ | १४ | १६ | " | | " |
| | जोखिम क्षेत्रबाट स्थानान्तर गरिएका बस्तीहरु | संख्या | ० | १ | १ | २ | २ | २ | " | | " |
| | सुरक्षित तथा प्रवर्द्धन गरिएका आवास क्षेत्र तथा बस्ती (निजी क्षेत्रको समेत) | संख्या | ० | १ | १ | २ | २ | ३ | " | | " |
| | जनता आवास कार्यक्रमबाट लाभान्वित घरपरिवार | संख्या | १० | २० | ३० | ४० | ५० | ६० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | २५ | ३० | ३५ | ४० | ४५ | ५० | " | | " |
| | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति | संख्या | ० | १० | २० | ३० | ४० | ५० | " | | " |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु | प्रतिशत | ३ | ५ | ७ | ९ | ११ | १३ | " | | " |
| | आफ्नै स्वामित्वको घरमा वसोवास गर्ने परिवार | प्रतिशत | ९० | ९५ | ९७ | ९९ | १०० | १०० | " | | " |
| | महिलामैत्री, वालमैत्री, अपाङ्गतामैत्री सार्वजनिक संरचना | संख्या | ० | १ | ३ | ४ | ५ | ६ | " | | " |

## ६.२ सडक पूर्वाधार तथा यातायात

### ६.२.१ पृष्ठभूमि

स्थानीय तहहरुको सामाजिक, आर्थिक र भौतिक विकासमा सडक पूर्वाधार तथा यातायातको महत्वपूर्ण भूमिका हुने गर्दछ । सडक र यातायताको विकाससँगै स्थानीय उत्पादनहरुले बजारसम्मको सहज पहुँच पाउँछन् भने वरिपरिका अन्य बजार केन्द्र, शहर र पालिकाहरुसँग समेत सामाजिक आर्थिक अन्तरसम्बन्ध स्थापित हुन्छ । त्यसैले सडक र यातायात जस्ता भौतिक पूर्वाधारहरुलाई स्थानीय विकास प्रणालीबाट अलग्याएर हेर्न सकिंदैन । विकास प्रणालीलाई वेवास्था गरेर बनाईने पूर्वाधारको उपयोगिता रहँदैन भने गुणस्तरीय सडक र यातायात प्रणाली बिना स्थानीय विकास र जनविजन पनि सहज र सबल हुँदैन । सडक तथा यातायात प्रणालीमा गरिने लगानीले आर्थिक विकासलाई समेत सहयोग पुयाईरहेको हुन्छ ।

खादवारी-वाह्रविसे र चैनपुर-वाह्रविसे कच्ची ठूलो सडक तथा पालिका केन्द्रबाट प्रत्येक वडा क्षेत्रमा पुग्ने सडक सञ्जाल रहेको छ । प्रत्येक आर्थिक वर्षमा बजेट रकम अनुसार सडक स्तरोन्नती गरिएको छ । सडक यातायातका साधनको आंशिक प्रयोग भएको देखिनछ । खादवारी-वाह्रविसे सडक खण्डमा पाङ्ठा खोला, सभाखोलामा पक्की पुल र भोटी खोला तथा वडा नं. ६-४ जोड्ने सडक पुल निर्माणाधिन रहेको छ । पुलको सहयोगले आवतजावतमा सहज भएको छ ।

### ६.२.२ समस्या र चुनौती

समस्या

धुलाम्मे र हिलाम्मेको कारण वार्है महिना सडक सुचारूमा कठिनाई हुनु, भाडादर, निर्माण सामाग्रीको मूल्य, उपभोग्य वस्तुको मूल्य उच्च हुनु, विरामीको समयमा नै उपचार हुन नसकी मृत्यु सम्म हुने गरेको, बढी वर्षाको कारण तत्काल बाटो अवरुद्ध हुने गरेको, बजार तथा वस्ती क्षेत्र संरक्षण सम्बन्धी ग्याविङ वालको कमजोर कार्यक्रमले विपतको संभावना उच्च रहेको, अपेक्षित रुपमा सडक स्तरोन्नति नहुनु, सडक सञ्जालको गुणस्तरको कारण ग्रामीण भेगहरुमा आर्थिक गतिविधिहरुको कम हुनु, सडक निर्माणसँग नाली तथा ढल निर्माण नहुनु, अध्ययन ईञ्जिनियरिङ डिजाईन बिनै सडकहरुको ट्र्याक खोल्नु, सडक अधिकार क्षेत्र अनुसार सडक लगत कट्टा गर्नु आदि प्रमुख समस्या हुन् ।

चुनौती

सडक निर्माणको लागि लगानीको जुटाउनु, सडक निर्माणको लागि भौगोलिक कठिनाईले गर्दा सडक निर्माणमा कठिनाइ हुनु, पहाडी भू-भाग भएकोले सडक निर्माणमा अत्यधिक लगानी आवश्यक पर्ने, गाउँपालिकाको न्यून आन्तरिक आय भएको हुँदा सडक पूर्वाधारमा लगानी बढाउनु आदि प्रमुख चुनौती हुन् ।

### ६.२.३ सम्भावना र अवसर

सम्भावना

डिजाईन अनुसार गुणस्तरीय सडक निर्माण गर्न सकिने, स्थानीय बजार र बस्तीहरुलाई सडक सञ्जालसँग जोड्न सकिने, नयाँ सडक निर्माण कार्यलाई निरुत्साहित गरी सडक स्तरोन्नतिलाई प्राथमिकता दिन सकिने, सडक निर्माण कार्यलाई व्यवस्थित गर्न सड़क अधिकार क्षेत्रभित्र पर्ने जग्गाहरुको लगत कट्टा गर्न सकिने, सडक निर्माण र

विस्तार गर्न स्थानीय सडक सम्बन्धी कानून निर्माण गरी कार्यान्वयन गर्न सकिने, सडक निर्माण गर्दा वातावरणलाई न्यून क्षति गरेर काम गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

सडक सञ्जालको विस्तार तथा स्तरोन्नति गरी पर्यटन तथा आर्थिक गतिविधि बढाउन सकिने, पूर्वाधारमा लगानी केन्द्रित गरी स्तरीय सडकहरु बनाउन सकिने, विभिन्न संघ संस्थाहरुले स्थानीय पुल, पुलेसाहरु र झोलुङ्गे पुल निर्माणमा सहयोग पुर्याउनु आदि प्रमुख अवसर हुन् ।

### ६.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सडक सञ्जालको विकास र विस्तार गरी जनताको पहुँचमा विकास गर्ने ।

उद्देश्य

- गाउँपालिकाको वस्तीहरुमा बाह्रै महिना चल्ने सडक यातायातको पहुँच बढाई आवतजावतमा सहज बनाउनु
- सडक स्तरोन्नति, पुल पुलेसा निर्माण गरी दैनिक उपभोग्य वस्तु र निर्माण सामाग्रीको उपभोग र उपयोग सहज गर्नु।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सडक तथा यातायातको पहुँच सुधार गर्ने | • गाउँपालिका केन्द्रबाट सबै वडा केन्द्र जोड्ने सडकहरूलाई उच्च प्राथमिकतामा राखी सडक सञ्जाल विस्तार गरी सर्वयाम बनाइनेछ ।<br>• मुख्य सडक कालोपत्र गरिनेछ भने सहायक सडकहरू ग्राभेल गरिनेछ<br>• गाउँ यातायात गुरुयोजना अनुसार सम्पूर्ण सडकहरुको अधिकार क्षेत्र निर्धारण गरी दीर्घकालीन रुपमा वस्तीहरुको विकास र सडक निर्माण कार्य गरिनेछ ।<br>• सडक निर्माण कार्यलाई व्यवस्थित गर्न सडक अधिकार क्षेत्रभित्र पर्ने जग्गाहरुको लगत कट्टा गर्ने व्यवस्था मिलाईनेछ ।<br>• निर्माणाधिन पुल पूर्ण गरी थप आवश्यकतानुरूप सडक पुलको विकास गरिनेछ<br>• खादवारी-वाह्रविसे तथा चैनपुर-वाह्रविसे सभापोखरी खण्ड कालोपत्रे गर्न आवश्यक बजेट व्यवस्था मिलाइनेछ ।<br>• गाउँपालिकाको वस्ती जोड्ने क्षेत्रमा झोलुङ्गे पुल निर्माण गर्न अध्ययन गरी निर्माणको लागि सहकार्य र साझेदारी गरिनेछ ।<br>• गाउँपालिका स्तरीय सडकको सडक अधिकार क्षेत्र उल्लेख्य गरी राजपत्रमा प्रकाशित गरिनेछ । |
| सडक तथा यातायात प्रणालीलाई व्यवस्थित गर्ने | • सडक तथा यातायात सम्बन्धी नीति, कानुन र मापदण्ड तयार गरिनेछ ।<br>• दिगो तथा वातावरण मैत्री सवारी साधनको प्रयोगका लागि नीतिगत व्यवस्था गरिनेछ ।<br>• सार्वजनिक यातायात सञ्चालनमा स्थानीय सहकारी र नीति क्षेत्रसँग सहकार्य गरिनेछ ।<br>• सडक सुरक्षा सम्बन्धी जनचेतनाको विकास गरिनेछ ।<br>• सडकलाई व्यवस्थित गरी एम्बुलेन्स सेवालाई व्यवस्थित गरिनेछ । |

| | |
|---|---|
| मौजुदा सडकहरूको स्तरोन्नति नियमित र मर्मत सम्भार गरी सर्वयाम सुचारु गर्ने | • गाउँपालिकाभित्रका सम्पूर्ण सडकहरु बाह्रै महिना सञ्चालनमा आउन सक्ने गरी स्तरोन्नति गरिनेछ ।<br>• सञ्चालित सडकहरू स्तरोन्नति र नियमित मर्मत सम्भारको व्यवस्था गरिनेछ ।<br>• सडक मर्मत सम्भार कोष खडा गरी स्थानीय सडक यातायात शुल्क र सडक बोर्डबाट प्राप्त रकम समेत यसमा जम्मा गरिनेछ ।<br>• सडकको दायाँ वायाँ फलफूल, अम्लिसो, डाले घाँस आदि वायो ईञ्जिनियरिङ प्लाण्ट लगाई स्थानीय समुदायको आयआर्जनसँग आवद्ध गराइनेछ । |

## ६.२.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र:सडक,यातायात,तथा पुलपुलेसा | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षितलाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | यातायात (सडक) गुरुयोजना अद्यावधिक गर्ने | सहजता अभिवृद्धि<br>पहुँचमा अभिवृद्धि | १५ | १५ | | | | | | प्रदेश,स्थानीय तह |
| २ | पालिका केन्द्रदेखि वडा जोड्ने सडक स्तरोन्नति | | ६०० | १०० | १०० | १०० | १५० | १५० | | संघ,प्रदेश |
| ३ | भित्री सडक स्तरोन्नति | | १००० | २०० | २०० | २०० | २०० | २०० | | प्रदेश,स्थानीय तह |
| ४ | वाहविसे-वाना- चैनपुर - सडक (३६ कि.मि) | | ३०० | ५० | १०० | १०० | ५० | | | संघ,प्रदेश |
| ५ | सभापोखरी तीर्थस्थल जाने सडक स्तरोन्नति | | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | | संघ,प्रदेश |
| ६ | लुडुदु - भाडटार - पैरेनी पावा स्तरोन्नति | | २०० | ० | ५० | ५० | ५० | ५० | | प्रदेश |
| ७ | वत्तिसे कोचे झोलुङ्गे पुल | | ५० | ६० | | | | | | प्रदेश |
| ८ | सभाखोला सडक पुल ( बाहबिसे नयाँ बस्ती वडा ३ र ६ जोड्ने) | | ५०० | ३०० | २०० | | | | | संघ,प्रदेश |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ओख्रडखोला सडक पुल सभापोखरी २ र चिचिला ५ जोड्ने | | ५०० | | ३०० | २०० | | | संघ,प्रदेश |
| १० | माङ्जुवा खोला सडक पुल वडा ६ र ५ | | ५०० | | ३०० | २०० | | | संघ,प्रदेश |
| ११ | साङ् खोला सडक पुल वडा ६ | | ५०० | | | | २०० | ३०० | संघ,प्रदेश |
| १२ | दिङ्लुवा खोला सडक पुल वडा ५ | | ५०० | | | | ३०० | २०० | संघ,प्रदेश |
| १३ | फकुवा खोला सडक पुल वडा ५ | | ५०० | | | | २०० | ३०० | संघ,प्रदेश |
| १४ | मसाने -सभाखोला झोलुङ्गे पुल (वडा १) | | ५० | ५० | | | | | प्रदेश |
| १५ | ठगुवा खोला सडक पुल वडा ३ | | ४० | | ४० | | | | प्रदेश |
| १६ | पैरेनी -जलुकेनी झोलुङ्गेपुल (वडा 4) | | ४५ | ४५ | | | | | प्रदेश |
| १७ | ठूलोगाउँ - खानीगाउँ झोलुङ्गे पुल - गिद्धेखोला (वडा ५) | | ५० | | ५० | | | | प्रदेश |
| १८ | वाह्रकिसे - चिचिला सडक (वडा २) | | १००० | ० | २०० | २०० | २०० | २०० | संघ,प्रदेश |
| १९ | हाडदुवा - पाँचखपन (चालिसे) सडक (वडा 6) | | १५० | | | | ५० | १०० | संघ,प्रदेश |
| २० | पिखुवा खोला सडक पुल (वडा ३) | | ५०० | | २०० | २०० | १०० | | संघ,प्रदेश |
| २१ | इथुम्बु - वाक्सीदा झोलुङ्गे पुल(वडा ३) | | ४० | | ४० | | | ० | प्रदेश |
| २२ | डकेकल्छे खाँदवारी सडक (वडा १) | | ३०० | ५० | ५० | ५० | ५० | ५० | संघ,प्रदेश |
| २३ | पालिका स्तरीय बसपार्क निर्माण | | ४०० | | | १०० | १०० | २०० | संघ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २४ | डुके वरडाँडा बर्खे सडक स्तरोन्नति | | ५० | २० | १५ | १५ | | | प्रदेश,स्थानीय तह |
| २५ | गैरीगाउँसादी सडक स्तरोन्नति | | ३० | १० | १० | १० | | | प्रदेश,स्थानीय तह |
| २६ | शाखा सडक ट्र्याक खोल्ने (पालिका भरि आवश्यकता अनुसार) | | १००० | १०० | १०० | १०० | १०० | १०० | प्रदेश,स्थानीय तह |
| २७ | पैरेनी तोक्लुङ सडक झिखुवा सडक निर्माण | | ५०९३ | १०० | १०० | २०० | २०० | १०० | संघ,प्रदेश |
| २८ | सातबिसे दिदिङबेसी झोलुङ्गे पुल (वडा ६ र ३) | | ५० | ५० | | | | | प्रदेश |
| **जम्मा** | | | १५९६३ | १५५० | २४५५ | २१२५ | २३५० | २३५० | |

## ६.२.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८० /८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | हिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | | |
| प्रभाव | सडक सञ्जालको विस्तार एवं स्तरोन्नति भई सुरक्षित, भरपर्दो एवं सहज यातायात सेवाको विकास भएको हुने | | | | | | | | | | |
| असर | ३० मिनेटको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ९० | ९५ | १०० | १०० | १०० | १०० | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ९ |
| प्रतिफल | कालोपत्रे सडकको लम्बाइ | किमि | ० | ५ | १० | १५ | २० | २७ | " | | " |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ग्राभेल सडकको लम्वाइ | कि.मि | ७ | १५ | २५ | ३५ | ४५ | ५० | " | संघ प्रदेश र अन्तर सरकार तथा आन्तर पालिका वीच समन्वय भएको हुने | " |
| | धुले सडक लम्वाइ | कि.मि | १८५ | १९५ | २१० | २५० | ३०० | ५०० | " | | " |
| | आसोसेढलान भएका सडकको लम्वाइ | किमि | १.५ | १.६ | १.७ | १.८ | १.९ | २.० | " | | " |
| | सहायक नदीमा झोलुङ्गे पुल | संख्या | १६ | १८ | २० | २२ | २४ | २६ | " | | " |
| | सडकको मापदण्ड अनुसार निर्मित कूल सडकको लम्वाइ | किमि | ५ | १५ | २० | २५ | ३० | ३५ | " | | " |
| | सडक फर्निचर ट्राफिक चिन्ह सहितको व्यवस्थित सडकको लम्वाइ | किमि | ० | ५ | १० | १५ | २० | २५ | " | | " |
| | खोला, नदी कोरिडरमा निर्मित सडक लम्वाइ | किमि | १५ | २० | २५ | ३० | ३५ | ४० | " | | " |
| | पालिका केन्द्रवाट वडा कार्यालय सम्म जोडिएको सडक | संख्या | ६ | ६ | ६ | ७ | ७ | ८ | " | | " |
| | सडक सञ्जालवाट नजोडिएका वस्तीहरु | संख्या | १५ | १३ | १० | ७ | ५ | ० | " | | " |
| | नजिकको पिच सडकमा पुग्न लाग्ने औषत समयावधि | मिनेट | ० | १० | १० | १० | ८ | ८ | " | | " |
| | वार्षिक सडक दुर्घटनाको संख्या | संख्या | ६ | ५ | ४ | ३ | २ | ० | " | | " |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सडक नालीको सडक लम्बाइ | किमि | १० | २० | ३० | ५० | ८० | १०० | " | | " |
| | सडक छेउ निर्मित यूटिलिटि कोरिडरको लम्बाइ | किमि | ० | ५ | १० | १२ | २० | २५ | " | | " |
| | नियमित मर्मत संभार भएको सडकको लम्बाइ | किमि | १०० | ११० | १२० | १४० | १५० | १८५ | " | | " |
| | बायो इन्जिनियरिङ प्रविधि र सडक छेउ वृक्षारोपण | किमि | ० | ५ | १० | १५ | २० | २५ | " | | " |
| | जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको सडक सञ्जाल | संख्या | ३ | ३ | ४ | ४ | ४ | ५ | " | | " |
| | अन्तरपालिका सडक सञ्जाल संख्या | संख्या | ३ | ३ | ४ | ४ | ४ | ५ | " | | " |

## ६.३ सिंचाई

### ६.३.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सङ्कलन सम्बन्धी व्यवस्थापन गर्न सकिन्छ । तसर्थ भूमिमा बाह्रै महिना सिंचाई सुविधा पुयाई कृषिको उत्पादकत्व बढाउन सिंचाईको दिगो व्यवस्था गर्न आवश्यक छ ।सभापोखरी गाउँपालिका जलस्रोतमा नेपालकै दोस्रो ठूलो जिल्ला संखुवासभामा अवस्थित रहेको, तल्लो भेग, पहाडको खोंचमा पानीको प्रर्याप्त उपलब्धता भएको, सभा खोला, लङ्खुवा खोला, ऐक्सुवा, ठकुवा, भोटे खोला, पिखुवा खोला आदि खोलाहरू भएकाले सिंचाई तथा खानेपानी प्रचुर मात्रा पुर्याउन सकिने ठाउँहरू रहेका छन् ।
गाउँपालिकामा कृषि उत्पादन र उत्पादकत्व बढाउन परम्परागत सिंचाई प्रणालीको मर्मत सम्भार र नयाँ प्रविधिमा आधारित सिंचाई प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार गर्नुपर्ने आवश्यकता देखिन्छ । सिंचाई पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिंचाई संघबाट, मझौला सिंचाई प्रदेशबाट र साना सिंचाई स्थानीय तहबाट लगानी परिचालन गर्ने व्यवस्था मिलाउन आवश्यक छ । सिंचाई प्रणालीको निर्माण पछिको मर्मत सम्भार, व्यवस्थापन एवम् सञ्चालनमा उपभोक्ता समुदायको सक्रिय सहभागिता थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ । सिंचाईको थप पूर्वाधार विकास र सम्पन्न सिंचाई प्रणालीको सुदृढीकरण गरी व्यवस्थित बनाउन लगानी वृद्धि गर्न आवश्यक छ ।

### ६.३.२ समस्या र चुनौती

समस्या
सिंचाई र निकासको अवस्था नहुनु, पहाडी भू-भाग भएकोले लिफ्टिङ्ग सिंचाई गर्न महंगो पर्नु, जलस्रोत धनी भएको ठाउँ भएता पनि उचित सदुपयोग गर्न नसकेको, भौगोलिक विकटता भएको ठाउँहरु रहेको, वर्षायाममा बाढी, पहिरो आदि प्रकोपले गर्दा खोलामा पानी बढ्ने, बाढि आउने र भूक्षय हुने, परम्परागत सिंचाई कुलोहरुको आवश्यक मर्मत सम्भार हुन नसक्नु, सिंचाई क्षेत्रमा न्यून बजेट बिनियोजन हुनु आदि प्रमुख समस्या हुन् ।
चुनौती
नयाँ प्रविधिमा आधारित सिंचाई आयोजना विस्तार गर्नु, परम्परागत कुलोहरुको नियमित मर्मत सम्भार गर्नु, सिंचाई आयोजना तोकिएको समय र लागतमा सम्पन्न नहुनु, सिंचाई पूर्वाधार विकासका लागि लगानीको प्राथमिकता निर्धारण गर्नु, पानीजन्य प्रकोप नियन्त्रण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ६.३.३ सम्भावना र अवसर

सम्भावना
विद्यमान नदी, खोलाबाट सिंचाई सुविधा उपलब्ध गर्न सकिने, सिंचाई मार्फत स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने, यातायातको विस्तारसँगै सिंचाई पूर्वाधार विकास गर्न सहज हुनु, परम्परागत कुलोहरुको आवश्यक मर्मत सम्भार गरि सिंचाई सुविधा बढाउन सकिने, कृषि उत्पादन र उत्पादकत्व बढाई व्यवसायिकरणका लागि पर्याप्त सिंचाई सुविधा उपलब्ध गराउन सकिने आदि प्रमुख सम्भावना हुन् ।
अवसर

सिंचाईको लागि पर्याप्त खोलानाला उपलब्ध हुनु, सिंचाई विकास र व्यवस्थापनमा कृषक उपभोक्ताको पहुँच र सहभागिता बढ्दै जानु, स्थानीय कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने, कृषिमा बाह्य ज्ञान सीपको उपयोग तथा बाह्य लगानी भित्र्याउन सकिने, कृषि विधिधिकरणद्वारा रोजगारी सिर्जना गर्न सकिने, युवा पुस्तालाई कृषिमा आकर्षित गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

### ६.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

कृषियोग्य भूमिमा दिगो, भरपर्दो सिंचाई सुविधा विकास गरी उत्पादनमा वृद्धि ल्याउने ।

उद्देश्य

- कृषियोग्य जमिनमा सिंचाई सुविधा पुर्याइ खेती वाली लगाउन, उत्पादन गर्न सहज बनाउनु ।
- उपयुक्त प्रविधि मार्फत कृषियोग्य भूमिमा सिंचाई सेवा विस्तार गरी उपभोग्य वस्तु तथा आयआर्जनमा सुधार ल्याउनु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| परम्परागत तथा नयाँ सिंचाई प्रणालीको विकास गरी कृषियोग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्ने । | • सिंचाईको दीर्घकालीन गुरुयोजना/रणनीतिक योजना निर्माण गरिनेछ ।<br>• ठूला सिंचाई, साना सिंचाई, थोपा सिंचाई र प्लाष्टिक पोखरी निर्माण तथा सुधारका योजनालाई प्राथमिकता दिइनेछ ।<br>• खेती योग्य जमिनको पहिचान गरी स्थानीय स्तरका पानीका श्रोतका आधारमा सिंचाई सुविधा उपलब्ध गराइनेछ ।<br>• प्रत्येक वडाका टोलहरूमा साना तथा ठूला सिंचाई आयोजना विभाजन गरी कुलो निर्माणमा सहयोग पुर्याइनेछ ।<br>• स्थानीय नदी तथा खोलाहरूबाट सम्भाव्यताका आधारमा सतह सिंचाई संरचनाहरु क्रमशः निर्माण गर्दै सिंचाई सुविधा बढाउँदै लगिनेछ । |
| स्थानीय वासीहरुसँग साझेदारी गरी सिंचाईको विकास गर्ने | • सिंचाई आयोजना निर्माणमा स्थानीय श्रोत, साधन र सीप प्रयोगलाई प्राथमिकता दिइनेछ ।<br>• सिंचाई आयोजना निर्माण र व्यवस्थापनमा स्थानीय उपभोक्ता समितिको क्षमता विकास गरी सक्रिय बनाइनेछ ।<br>• सिंचाई प्रणालीलाई एजेन्सी म्यानेज्ड इरिगेशन सिस्टमबाट किसानद्वारा व्यवस्थापन गर्ने प्रणाली (फारमर्श म्यानेज्ड इरिगेशन सिस्टम) मा क्रमिक रुपमा हस्तान्तरण गरिनेछ । |

## ६.३.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: सिंचाइ | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षितलाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | प्रत्येक वडामा सिंचाइ विस्तार योजना | उत्पादकत्वमा वृद्धी र सहज जीवनयापन | ५०० | १०० | १०० | १०० | १०० | १०० | | संघ,प्रदेश |
| २ | सभाखोलाथुम्का लिफ्टिङ | | ५०० | | | | २०० | ३०० | | संघ,प्रदेश |
| ३ | फरेवा खेवारीङ्ग पक्की कुलो निर्माण | | १०० | ५० | ५० | | | | | प्रदेश,स्थानीय तह |
| ४ | भाडटार सिंचाइ योजना (वडा १) | | २० | १० | १० | | | | | स्थानीय तह |
| ५ | खनी लुकिम्बा सिंचाई दिङ्ला खोला वडा ५ | | १०० | ५० | ५० | | | | | संघ,प्रदेश |
| ६ | साङ्खोला — तल्लो स्वाची वृहत सिंचाई आयोजना वडा ६ | | १०० | | ५० | ५० | | | | संघ,प्रदेश |
| जम्मा | | | १३२० | २१० | २६० | १५० | ३०० | ४०० | | |

## ६.३.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | भरपर्दो एवं दिगो सिंचाइ सेवा उपलब्धताबाट खाद्यान्नको उत्पादन र उत्पादकत्वमा अभिवृद्धि आउने | | | | | | | | | | |
| असर | खेतीयोग्य जमिन मध्ये सिंचित भूमि | हेक्टर | ४२३ | ४५० | ५०० | ५२५ | ५५० | ६०० | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | २ |
| | वर्षाको आकाशे पानीमा निर्भर सिंचाइ भूमि | हेक्टर | ७९० | ७५० | ७०० | ६०० | ५०० | ४०० | " | | " |
| | खोला तथा मुहानहरुबाट सिंचित भूमि | हेक्टर | ५०० | ४५० | ४०० | ३५० | ३०० | २५० | " | | " |
| | वर्षभरी नियमित सिंचित क्षेत्र | हेक्टर | २०० | २२५ | २५० | २७५ | ३०० | ३२५ | " | | " |
| प्रतिफल | स्तरोन्नति तथा मर्मत संभार भएका पानी कुलो | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | " | | " |
| | लिफ्ट प्रणालीबाट लाभान्वित भूमि | हेक्टर | - | | | | | ५०० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सिंचाइका लागि प्रयोगमा आएको आकासेपानी संकलन तथा प्लाष्टिक पोखरी | संख्या | - | १ | २ | ३ | ४ | ५ | " | | " |
| | प्रयोगमा आएका सिंचाइ प्रविधि (सतह, पोखरी, ड्रिप, स्प्रिङ्कलर) | संख्या | - | | | | | १ | " | | " |

# ६.४ जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा

## ६.४.१ पृष्ठभूमि

संविधानले साना जल विद्युत र वैकल्पिक उर्जा स्थानीय सरकारको अधिकार सूचीमा राखेको छ । आम नागरिकको जीवनलाई सरल र सहज बनाउन र आर्थिक तथा सामाजिक विकास गर्न विद्युत तथा उर्जाको महत्वपूर्ण स्थान छ ।

स्थानीय सभाखोला लघु जलविद्युत आयोजना स्थानीय वासीको लगानीमा करीव ४० किलोवाटको संचालनमा रहेको छ । जल विद्युत आयोजना संचालनका प्रचुर सम्भावना भएको छ । विभिन्न हाइड्रोपावर कम्पनीबाट १ वटा संचालनमा र बाँकी ३ वटा निर्माणाधिन रहेको छ । विपन्न घर धुरीलाई सोलार प्यानल वितरण, सुधारिएको चुलो निशुल्क मिटर वक्स वितरण गरिएको छ । सडक बत्ती जडानको कार्यक्रम अगाडी बढाएको छ । लगभग ९० प्रतिशत जनताले विद्युत उपयोग गरेको छ । गाउँपालिकामा लघु जलविद्युतको पहुँच बढेसँगै बिजुलीबाट खाना पकाउने घरहरुको सङ्ख्या पनि क्रमश बढ्दै गईरहेको छ । विद्युत नपुगेका ठाउँमा विद्युतिकरण गर्नु, काठे पोल भएका स्थानमा फलामे पोलको व्यवस्था, नाङ्गो तारलाई प्लाष्टिकको तारमा परिणत गर्नुपर्ने देखिन्छ ।

## ६.४.२ समस्या र चुनौती

समस्या

१००% विद्युत सेवा पुर्याउन नसकिएको, पालिकाको पूर्ण स्वामित्वमा जलविद्युत आयोजना संचालनमा नरहेको, हाइड्रोपावरलाई नियमन निगमन सम्बन्धी स्पष्ट ऐन, कानुन बन्न नसकेको, विपन्न वर्ग विभाजन गरी गरीब लक्षित कार्यक्रम संचालन नहुनु, खोला तथा पर्याप्त पानीको श्रोत भएर पनि यसको अधिकतम उपयोग हुन नसकेको, लघु जलविद्युतमा अपेक्षित रूपमा वाह्य लगानी आकर्षित हुन नसक्नु, आदि प्रमुख समस्या हुन् ।

चुनौती

इन्धनको श्रोतको रुपमा दाउराको प्रयोगले गर्दा वनमा अत्याधिक चाप परेको, स्थानीय लघु जलविद्युत आयोजना निर्माण गरी बिजुली उत्पादन गर्नु, स्थानीय घरधुरीहरुमा विद्युत खपत बढाउनु, विद्युतीकरणको लागि बजेटको व्यवस्था गर्नु, स्थानीयवासीलाई लघु जलविद्युतमा वाह्य लगानी आकर्षित गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ६.४.३ सम्भावना र अवसर

सम्भावना

प्रशस्त खोलानालाहरु रहेकोले लघु जलविद्युत उत्पादन गर्न सकिने, छिमेकी पालिकाबाट विद्युत नपुगेका स्थानमा विद्युत विस्तार गर्न सकिने, गाउँपालिकामा वैकल्पिक ऊर्जाको सम्भावना समेत प्रसस्त रहेको, सिंचाईमा विद्युतको प्रयोग गरी कृषि उत्पादन बढाउन सकिने, विद्युत उत्पादनको लागि जलश्रोतको उपलब्धता आदि प्रमुख सम्भावना हुन् ।

अवसर

स्थानीय लघु जलविद्युतबाट उत्पादित बिजुली निर्यात गर्न सकिने, स्थानीय लघु तथा घरेलु उद्योगहरुको प्रवर्द्धनबाट विद्युत खपत बढाउन सकिने, कृषिमा विद्युतीकरण गरी कृषि उत्पादन र उत्पादकत्व बढाउन सकिने, वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

## ६.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

विद्युत तथा वैकल्पिक उर्जा विकास गरी जीवन शैलीमा सुधार गर्ने ।

उद्देश्य

- पालिका भित्रका सबै घरधुरीमा विद्युत सेवा पुर्याई जीवन शैलीमा सहज ल्याउनु ।
- गाउँपालिकाको जलस्रोतको संरक्षण र उपयोग गरी लघु/घरेलु उद्योगहरुमा उर्जाको पहुँच स्थापित गराउनु।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| विद्युत उत्पादन क्षमता बढाउने | • प्राप्त र प्रादेशिक सरकार तथा नीजि क्षेत्रको समन्वय र सहकार्यमा लघु जलविद्युत उत्पादनको सम्भाव्यता अध्ययन गरिनेछ ।<br>• सञ्चालित लघु जलविद्युत आयोजनाहरुलाई पूर्ण क्षमतामा सञ्चालन गरिनेछ ।<br>• दाउराको विकल्पको रुपमा विद्युतको प्रयोगलाई बढाउन प्रोत्साहन गरिनेछ ।<br>• स्थानीय जनताको लगानीमा विद्युतमा सभापोखरी आत्मनिर्भर बनाइनेछ ।<br>• सभाखोलाको पानी जनताको लगानी कार्यक्रम संचालन गरिनेछ ।<br>• विभिन्न कम्पनीबाट संचालन हाइड्रोपावर (एक वाट सर्वे नागरिकलाई हित हुने घरेलु उद्योगसँग संम्बन्धित कार्यक्रम संचालन गरिनेछ ।<br>• पालिका भित्र संचालित हाइड्रोपावरहरुमा जनताका आवश्यकता जोडी जनताको जीवन स्तर सुधार हुने कार्यक्रम संचालन गरिनेछ ।<br>• ५ वर्ष भित्रमा पालिका भित्रका सबै घरधुरीमा विद्युत सेवा उपलब्ध गराउने कार्यक्रम पूर्ण रूपमा लागु गरिनेछ । |
| गाउँपालिकाका सबै वडाहरुमा उर्जालाई भरपर्दो र सुलभ बनाउने | • विद्युत वितरण लाईन बढाउन गाउँपालिका, वडा कार्यालय, प्रदेश र नीजि क्षेत्रहरुसँग सहकार्य गरिनेछ ।<br>• बिजुलीको पहुँच नपुगेका टोल र वस्तीहरुमा वितरण लाईनको विस्तार गर्न सहयोग गरिनेछ ।<br>• वैकल्पिक उर्जालाई प्रर्वद्रन गर्न प्रदेश सरकार र नीजि क्षेत्र र संघ संस्थाहरुसँग सहकार्य गरिनेछ । |
| उर्जाको बृहत प्रयोगमा जोड दिने | • स्थानीय नागरिकहरुको जङ्गल माथिको दवाव (दाउरा ) घटाउन विद्युत तथा वैकल्पिक उर्जाको प्रयोगलाई जोड दिइने छ ।<br>• प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गरी यातायात, कृषि तथा उद्योगको आधुनिकीकरणमा विद्युतको उपयोग गर्ने नीति अवलम्वन गरिनेछ ।<br>• आधारभूत स्वास्थ्य, गरिबी निवारण जस्ता उद्देश्यसँग गाँसिएका खानेपानी, लिफ्ट सिंचाई, लघु/घरेलु उद्योग लगायतको क्षेत्रमा हुने बिजुलीमा सहुलियत प्रदान गर्न व्यवस्था गरिनेछ । |

## ६.४.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: विधुत तथा वैकल्पिक ऊर्जा | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षितलाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | विद्युतको केन्द्रिय प्रशारण लाइन विस्तार तथा वितरण | सहजता | २५ | ५ | ५ | ५ | ५ | ५ | | प्रदेश,स्थानीय तह |
| २ | सभाखोला लघु जलविद्युत आयोजना स्तर उन्नती व्यवस्थापन | | १० | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| ३ | सडक वस्ती विस्तार | | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ,स्थानीय तह |
| ४ | चिप्डे खोला लघु जलविद्युत आयोजना स्तर उन्नती व्यवस्थापन | | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ,स्थानीय तह |
| जम्मा | | | ८५ | १७ | १७ | १७ | १७ | १७ | | |

## ६.४.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | विद्युतीय श्रोतहरूको अधिकतम सदुपयोग भई उत्पादनशील क्षेत्रमा विद्युत खपतमा अभिवृद्धि भएको हुने | | | | | | | | | | |
| असर | केन्द्रीय विद्युत लाइन प्रसारणबाट लाभान्वित घरधुरी | संख्या | २३०० | २३२५ | २३५० | २४०० | २४५० | २५०७ | गापा | अन्तर सरकार समन्वय र सहकार्य भएको हुने | ७ |
| | विद्युत सेवामा पहुँच प्राप्त घरधुरी | संख्या | २४५० | | | २४७५ | | २५०७ | " | | " |
| प्रतिफल | सोलार प्रणालीमा आवद्ध घरधुरी | संख्या | ६० | ५५ | ५० | ४० | ३० | २० | " | | " |
| | खाना पकाउन एलपि ग्याँस प्रयोग गर्ने घरधुरी | संख्या | ११०० | १०५० | १००० | ९०० | ८०० | ७०० | " | | " |
| | सुधारिएको वा धुँवा रहित चुल्हो जडान भएका घरधुरी | संख्या | २१०० | २१५० | २२०० | २२५० | २३२५ | २४५० | " | | " |
| | खाना पकाउन एलपि ग्याँसको सट्टामा विद्युतीय ऊर्जा (इन्डक्सन) प्रयोग गर्ने घरधुरी | संख्या | ० | ५० | १०० | १५० | २२५ | ३०० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वैकल्पिक उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ११ | १० | ९ | ८ | ६.५ | ५ | " | | " |
| | प्रतिव्यक्ति प्रतिवर्ष विद्युत उपभोग | किलोवाट घण्टा | ५५ | ६० | ७० | ८० | ९० | १०० | " | | " |
| | सडकको किनारा तथा सार्वजनिक स्थानमा जडित सडक बत्ती | संख्या | १६० | १८० | २०० | २२५ | २५० | ३०० | " | | " |
| | स्थानीय स्तरमा विद्युत उत्पादन | कि.वा | ५५ | | | | | ५५ | " | | " |
| | स्थानीय स्तरमा जल विद्युत र लघु जल विद्युतको उत्पादन गर्ने संस्था | संख्या | ३ | ४ | ५ | ६ | ७ | ८ | " | | " |

## ६.५ सूचना, सञ्चार तथा प्रविधि

### ६.५.१ पृष्ठभूमि

सूचना, सञ्चार तथा प्रविधिमा भएको विकासले गर्दा आधुनिक विश्व नै एक ठाँउमा रुपान्तरण भएको छ । दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्बन गरिएका रणनीतिहरुको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि रहँदै आएको छ । सूचना तथा सञ्चार मानव जीवनको अभिन्न अङ्गको रुपमा स्थापित भएको छ । संविधानले समेत सूचना सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्थित गरेको छ । यसको प्रयोग मार्फत प्राप्त हुने अन्य लाभका अतिरिक्त यो प्रविधिको प्रयोगबाट गाउँपालिकामा सुशासनको प्रत्याभूत गर्नुका साथै पारदर्शी एवम् प्रभावकारी सार्वजनिक व्यवस्थापनको लागि यथेष्ठ पूर्वाधार निर्माण गर्न सकिन्छ । सूचना प्रविधि र सूचना प्रविधिमा आधारित विभिन्न सेवाहरु लगायत अन्य उद्योग एवम् सेवाजन्य व्यवसायको वृद्धिद्वारा गाउँपालिकाको मात्र नभएर बृहत्तर राष्ट्रिय लक्ष्यहरु हाँसिल गर्नमा समेत सहायक हुने देखिन्छ ।
गाउँपालिका तथा वडा कार्यलयहरूमा आइ.सि.टि. जडान भएको, विद्यालयहरुमा करीव ३०% क्षेत्रमा आइ.सि.टि. जडान भएको, नेट, इन्टरनेट मार्फत कार्यक्रम सुचारू भएको, बजार क्षेत्रमा सि.सि. क्यामेरा जडान गरिएको, स्थानीय एफ.एम रेडीयो संचालन नभएको, सूचना तथा संचार विमुख घरपरिवारको संख्या उच्च रहेको छ । गाउँपालिकामा समेत सक्षम प्राविधिक जनशक्तिको कमी हुँदा सेवालाई चुस्त दुरुस्त बनाउन सकिएको छैन ।

### ६.५.२ समस्या र चुनौती

समस्या

आइ.सि.टि., इन्टरनेट जडान भएता पनि पटक पटक अवरोध भइरहने गरेको, भौगोलिक विकटता वितरित वस्तीको कारण सूचना तथा संचार विद्युत सेवामा सुधार दिन नसकिएको, सबै सामाजिक संस्थामा इन्टरनेटको पहुँच नभएकोले प्रभावकारी कार्यक्रम संचालन गर्न नसकिएको, जडान भएका सामाग्रीहरूमा पटक पटक मर्मत संभार गर्दा बढी लागत भइरहने, आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव हुनु, आवश्यक कानुन र नीतिगत व्यवस्थाको अभाव हुनु, नीति अनुरुप संस्थागत हुन नसक्नु, महंगो पर्ने भएकोले सबैको पहुँच हुन नसक्ने, आवश्यक बजेट नहुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

मोबाईल टावरहरु विस्तार गर्नु, ईन्टरनेट र वाईफाईको गुणस्तर र पहुँच बढाउनु, आवश्यक जनशक्ति र प्राविधिक ज्ञान बढाउनु, नीति अनुरुप संस्थागत हुनु, प्रयोगसँगै साईबर सुरक्षाको चुनौती हुनु, बौद्धिक सम्पतिको संरक्षण तथा सुरक्षा संवेदनशिलता रहनु, आवश्यक कानुन र नीतिगत व्यवस्था गर्नु, सामाजिक सञ्जालको बढ्दो प्रयोगबाट आउने चुनौती र विकृतिहरु नियन्त्रण गर्नु, सूचना तथा सञ्चार प्रविधिका क्षेत्रमा विभिन्न परियोजना तर्जुमा तथा कार्यान्वयनमा चुनौती आदि प्रमुख चुनौती हुन् ।

### ६.५.३ सम्भावना र अवसर

सम्भावना

सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासका लागि ठूला सञ्चार गृहसँग समन्वय र सहकार्य गर्न सकिने, सूचना प्रविधिको प्रयोगले पालिकाको सेवा प्रवाहलाई सरल, चुस्त गर्न सकिने, प्रेस गृह, मेडिया सेन्टर, टेलि सूचना केन्द्र, अनलाईन मेडिया हाउस छिटो र सहज रुपमा सूचना जनमानसमा पुयाउन सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

नेपालको संविधानले प्रदान गरेको सूचना, सञ्चार, प्रकाशन र प्रसारण सम्बन्धी हकहरुको सुनिश्चितता हुने, गाउँपालिकाका सबै वडा, टोल र वस्तीहरुसम्म ल्याण्डलाईन, मोबाईल सेवा र ईन्टरनेट सेवाको पहुँच स्थापित हुने, गाउँपालिकाबाट प्रवाह हुने सेवाहरु सरल, सहज र पारदर्शी हुने, गाउँपालिकाका काम कारवाही र भुक्तानी प्रणाली पारदर्शी हुने, समय र पैसाको बचत हुने आदि प्रमुख अवसर हुन् ।

### ६.५.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सूचना तथा संचार प्रविधिको विकास गरी आधुनिक प्रविधिको विकास गर्ने ।

उद्देश्य

- भरपर्दो सूचना तथा सञ्चार सेवा र सुविधा विस्तार गरी प्रविधिमैत्री वातावरण निर्माण गर्नु ।
- मोबाईल र टेलिफोन सेवाको पहुँच सबै नागरिकमा सुनिश्चित गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सबै प्रकारका सञ्चार सुविधाको सम्पूर्ण वडा, बजार केन्द्र र वस्तीहरुसम्म विस्तार गर्ने । | • सबैको पहुँच पुग्ने गरी मोबाईल, इन्टरनेट र वाईफाईको लागी टावर तथा अन्य पूर्वाधारको निर्माण गर्न पहल गरिनेछ ।<br>• गाउँपालिका तथा सबै शाखा र वडा कार्यालयहरुसम्म विद्युतीय सूचना पूर्वाधारको व्यवस्था गरिनेछ ।<br>• सञ्चार क्षेत्रको प्रवर्द्धन र विकासका लागि ठूला सञ्चार गृहसँग समन्वय र सहकार्य गरिनेछ ।<br>• स्थानीय स्तरमा प्रेस गृह, मिडिया सेन्टर, टेलि सूचना केन्द्र स्थापना र सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।<br>• गाउँपालिकामा सामुदायिक एफ. एम. रेडियो, अनलाईन मिडिया हाउस स्थापना तथा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।<br>• गाउँपालिकाको विद्युतीय शासन क्षमता विकास गर्न व्यवसायिक योजना बनाई कार्यान्वयन गरिनेछ ।<br>• सभापोखरी, वौला थुम्कामा एक टेलिफोन टावर थप गरिने र सभापोखरी ६ गढी डाँडामा रहेको टेलिफोन टावर साझेदारी निकायसँग समन्वय गरि स्तर उन्नती गरिनेछ ।<br>• प्रत्येक वडामा युवा वर्ग पहिचाहन गरी आधारभुत कम्प्युटर तालिम प्रत्येक आर्थिक वर्षमा कम्तीमा २० जनालाई दिँदै लगिनेछ । |

## ६.५.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र:सूचना तथा सञ्चार प्रविधि | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | सूचना,संचार तथा प्रविधि तालिम | सहजता विकास | १० | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| २ | वडाबाट हुने सेवा सुविधालाइ प्रविधियुक्त बनाउने | | ६ | | ३ | ३ | | | | स्थानीय तह |
| ३ | गाउँपालिका,वडा कार्यालय, स्वास्थ्य संस्था,विद्यालयहरुमा प्रभावकारी इन्टरनेट तथा सि.सि क्यामारा जडान | | ३० | १० | १० | १० | | | | स्थानीय तह |
| जम्मा | | | ४६ | १२ | १५ | १५ | २ | २ | | |

## ६.५.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | टिप्पणी संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | सूचना तथा सञ्चार प्रविधिको प्रयोग वृद्धि गरी जीवनयापन सहजता भएको हुने | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ९१ | ९३ | ९५ | ९७ | ९९ | १०० | गापा | अन्तरसरकार | ९ |
| | ल्याण्डलाइन टेलिफोन वितरण | संख्या | ३५ | ३७ | ४० | ४३ | ४६ | ५० | " | समन्वय र सहकार्य भएको हुने | " |
| | इण्टरनेट सेवा उपलब्ध हुन नसकेका क्षेत्र (घरधुरी) | प्रतिशत | ८६.५ | ८० | ७५ | ७० | ६० | ५० | " | दूरसञ्चार प्राधिकरण संग समन्वय र | " |
| प्रतिफल | स्थानीय केवल नेटवर्क तथा इण्टरनेट सेवा प्रदायक संस्थाहरु | संख्या | ० | | | | | १ | " | सहकार्य भएको हुने | " |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाइ उपलब्ध भएका क्षेत्रहरु | संख्या | ० | १ | २ | ४ | ६ | ८ | " | निजी क्षेत्र (इण्टरनेट प्रदायक) संग सहकार्य भएको | " |
| | विद्युतीय प्रणालीमा आधारित पालिकाका सेवाहरु (अनलाइन सेवा) | संख्या | ७ | ८ | ९ | १० | १२ | १४ | " | हुने | " |
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा सुचारु इन्टरनेट सेवा | संख्या | ३४ | ३५ | ३६ | ३७ | ३८ | ४० | " | | " |
| | सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | संख्या | ३० | ३२ | ३५ | ४० | ४५ | ५० | " | | " |

# परिच्छेद ७: वन, वातावरण तथा विपद् व्यवस्थापन

## ७.१ वन तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

वन क्षेत्र एक महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता समेट्ने यो क्षेत्र प्रत्येक्ष रुपमा पर्यापर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडिबुटीमा आधारित पर्यटनको विस्तार समृद्धिका आधार हुन् । स्वच्छ पर्यावरण, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्यवस्थापनमा महिला, आदिवासी तथा स्थानीय समुदायको सहभागिता एवम् पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण सुखी नेपालीका महत्वपूर्ण सूचक हुन् । नेपालमा उपलब्ध वानस्पतिक स्रोत तथा जडिबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै मुलुकभित्र मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिन सकिने प्रचुर सम्भावना रहेको छ । वन तथा जल सम्पदा जैविक विविधताको भण्डार मात्र होईनन्, यी सम्पदाहरु मानव, जीवजन्तु लगायत समग्र पर्यावरणीय सन्तुलनको आधार हुन् । यी सम्पदाहरु कृषि, उर्जा, जल तथा उद्योग धन्दाको लागि कच्चा पदार्थको स्रोत, बहुसङ्ख्याक जनसङ्ख्याको जीविकाको आधार र पर्यटकीय हिसाबले मनोरञ्जनको माध्यम पनि हुन् । यिनै विविध कारणले गर्दा नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र र जैविक विविधताको संरक्षण गर्न राज्यले प्राथमिकता दिनु पर्ने प्रावधान गरेको छ । वन र जैविक विविधतालाई सन्तुलन राख्नको लागि प्राप्त सरकाले वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ तयार गरी हरेक स्थानीय तहलाई आफैले वातावरण तर्जुमा योजना निर्माण गर्न पाउने प्रावधान तय गरेको छ । यसले स्थानीय तहको वन व्यवस्थापन, जलाधार संरक्षण तथा जैविक विविधता संरक्षणमा ठूलो टेवा पुग्ने छ ।

सभापोखरी गाउँपलिकामा सामुदायिक वन २९ वटा रहेको र सबैमा उपभोक्ता समिति गठन भएको छ भने सबै वन क्षेत्रमा आगलागीको संभावना बढी रहेको छ । नर्सरी विरूवा उत्पादन तथा वितरण नभएको अवस्था रहेको छ । वृक्षारोपण तथा चराचुरूङ्गीको अभिलेख तथा प्रोफाइल निर्माण भएको छैन । चिडियाखानाको आवश्यकता जनताले बुझेता पनि स्थापना हुन नसकेको अवस्था छ । वन्य जनावर (बाँदर)बाट बालीनालीमा क्षति पुगेको छ र हिसांत्मक जनावरबाट मानवीय क्षतिको पनि अवस्था रहेको छ ।यस गाउँपालिकामा जडीबुटीको उपलब्धता (अलैंची) प्रचुर मात्रामा रहेको छ ।

### ७.१.२ समस्या र चुनौती

समस्या

वन क्षेत्र सिमाङ्कनमा विवाद हुनु, भिरालो भू-भाग हुनु र वन संरक्षण प्रति जनचेतनाको कमी, प्राविधिक ज्ञानको कमी तथा आर्थिक समस्या हुनु, नर्सरी विरूवा उत्पादन गर्न प्राविधिक ज्ञान तथा पूर्वाधारको अभाव हुनु, वन संरक्षण तथा जैविक विविधता संवर्द्धन कार्यविधिको अभाव हुनु, वन्यजन्तु र जनावर संख्यात्मक वृद्धि हुनु, वस्ती नजिकै वन जंगल भई आहाराको समस्या हुनु, वनमा रहेका जडिबुटीहरुको संरक्षण हुन नसकेको, उपलब्ध जडीबुटीको उचित प्रसोधन र बजार व्यवस्थापन नभएको, वनको दिगो व्यवस्थापन हुन नसकेको, वन पैदावार, भू-क्षय, आगलागी जस्ता प्राकृतिक प्रकोप रहेको, वन फडानीको कारण पानीका स्रोत र मुहानहरुको संरक्षण नभएको, डढेलो र वन जथाभावी फडानी नियन्त्रण नभएको आदि प्रमुख समस्या हुन् ।

चुनौती

विकास र वातावरण बीच सन्तुलन कायम गर्नु, वन तथा वातावरण संरक्षणलाई आर्थिक क्रियाकपालसँग आवद्ध गर्नु, डढेलो नियन्त्रण र जथाभावी वन फडानी नियन्त्रण गर्नु, वन पैदावार र वन्यजन्तुहरुको संरक्षण गर्नु, दाउरा, घर निर्माण र फर्निचरको लागि वन फडानी रोक्नु, वन, वातावरण तथा जैविक विविधता सम्बन्धी जनचेतनामा वृद्धि गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ७.१.३ सम्भावना र अवसर

सम्भावना

विद्यमान प्राकृतिक स्रोतहरुको समुचित प्रयोग गरी आय आर्जन बढाउन सकिने, जैविक विविधता संरक्षण गरी पर्या पर्यटनको विकास हुने, वातावरणीय सरसफाइ तथा हरियाली प्रवर्द्धन हुने, सामुदायिक वनहरुमा जङ्गल पार्कको अवधारणा लागू गरी आय श्रोत वृद्धि गर्न सकिने, वन संरक्षणको लागि सामुदायिक वन उपभोक्ता समितिहरुलाई थप जिम्मेवार बनाउन सकिने, सामुदायिक वन उपभोक्ता समिति र वन उपभोक्ताहरुलाई वन संरक्षण सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गर्न सकिने, समुदायको संलग्नतामा वृद्धि भई वातावरण प्रति जनतालाई उत्तरदायी बनाउने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

वनको दिगो व्यवस्थापन भई स्थानीयवासीहरुको जीवनस्तरमा सकारात्मक प्रभाव पर्ने, भू-स्खलन नियन्त्रण तथा वन पैदावार, वन्यजन्तु र जैविक विविधताको संरक्षण हुने, भू-क्षय, पहिरो, आदिको प्रकोप न्यूनिकरण हुने, पानीका स्रोत र मुहानहरुको संरक्षण हुने, वनमा रहेका जडिबुटीहरुको संरक्षण हुने, डढेलो र वन जथाभावी फडानी नियन्त्रण हुने आदि प्रमुख अवसर हुन् ।

### ७.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

वन क्षेत्र सिमाङ्कन गरी जनचेतना जगाई समन्वय मार्फत कार्यविधिबाट जडिबुटी प्रशोधन तथा व्यवस्थापन गर्ने।

उद्देश्य

- वैज्ञानिक वन व्यवस्थापन मार्फत वन पैदावारको उत्पादनमा वृद्धि तथा वन, वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| वन, जैविक विविधताको संरक्षण एवम् विकास गर्ने | • वन संरक्षण तथा प्रवर्द्धनका लागि कानून निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>• एक घर एक बिरुवा रोपन कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ<br>• वन क्षेत्रको खाली जमिन र बुट्यान क्षेत्रमा वृक्षरोपण गरी वनको क्षेत्रफल संरक्षण गरिनेछ ।<br>• वन्य जन्तु नियन्त्रण सम्बन्धी साथै वनक्षेत्र व्यवस्थापन सम्बन्धी कार्यनिती तयार गरी गोष्ठी सञ्चालन गरिनेछ ।<br>• विभिन्न तह र संघसंस्थासँग समन्वय गरी सचेतनामुलक कार्यक्रम - गोष्ठी, सेमिनार मार्फत जनचेतना अभिवृद्धि गरिनेछ ।<br>• अमिनको व्यवस्थापन गरी वन क्षेत्रको सिमाङ्कन गरिनेछ । |

| | |
|---|---|
| | • वन, जैविक विविधताको संरक्षणका निमित्त आवश्यक दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ ।<br>• प्रभावित क्षेत्रका सरोकारवाला सबै पक्षहरूसँग समन्वय गरी बजेट व्यवस्थापन गरिनेछ ।<br>• सरोकारवाला पक्षहरूसँग समन्वय गरी आवश्यक कार्यविधी तयार वन्य जन्तु नियन्त्रण र जडीबुटी प्रसोधन एवं बजार व्यवस्थापन गरिनेछ । |
| वन जङ्गल, जडिबुटी तथा वातावरण विकास एवम् संरक्षणलाई आय र रोजगारीसँग आवद्ध गर्ने | • सामुदायिक वनमा जन सहभागिता र स्वामित्व वृद्धि गरी प्रभावकारी व्यवस्थापन र उपयोगबाट पशुपालन, काठ तथा काष्ठ जन्य औद्योगिक उत्पादन आदिमा उपभोक्ताहरूलाई प्रोत्साहित गरिनेछ ।<br>• कवुलियती वनको विकास गरी अति विपन्न परिवारको आय आर्जनको आधारको रुपमा विकास गरिनेछ ।<br>• निजी जग्गामा बढी आयमूलक काठ, जडिबुटी, डाले घाँस तथा फलफूलको विरुवा लगाई आय आर्जनमा संलग्न हुन किसानहरूलाई प्रोत्साहित गरिनेछ ।<br>• स्थानीय काष्ठजन्य उत्पादनलाई प्रोत्साहन गरिनेछ ।<br>• सामुदायिक वनहरुमा जङ्गल पार्कको अवधारणा लागू गरी स्थानीय आय स्रोत वृद्धि गरिनेछ ।<br>• वन, वातावरण, जैविक विविधता आदि प्राकृतिक विविधता र सुन्दरतालाई पर्यटन प्रवर्द्धनसँग आवद्ध गरी स्थानीय आय र रोजगारीमा वृद्धि गरिनेछ । |
| वातावरण विनास, चोरी शिकारी, नियन्त्रण गर्ने | • वातावरण र विकास बीच सन्तुलन कायम राखी पूर्वाधार निर्माण कार्यक्रममा हुने वातावरणीय क्षतिलाई कम गर्ने उपयहरुलाई अवलम्वन गरिनेछ ।<br>• वन पैदावार तथा वन्यजन्तु चोरी निकासी जस्ता गैरकानुनी र वातावरण विनास गर्ने डढेलो, चरिचरण जस्ता कार्यमाथि नियन्त्रणको लागि कार्य योजना बनाई लागू गरिनेछ । |

## ७.१.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: वन तथा जैविक विविधता | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | वन क्षेत्रसीमाङ्कन | स्थानीयप्राकृतिक श्रोत र साधनको उच्चतम प्रयोग र संरक्षण<br>आय आर्जनमा वृद्धि<br>रोजगारीको अवसर सृजना | १४.५ | २.५ | २.५ | २.५ | २.५ | ४.५ | | प्रदेश,स्थानीय तह |
| २ | नर्सरी विरुवा उत्पादन केन्द्र | | १० | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| ३ | बाँदर नियन्त्रण कार्यविधि तथा नियन्त्रण | | ६ | २ | १ | १ | १ | १ | | संघ,प्रदेश,स्थानीय तह |
| ४ | जडिबुटी पहिचान,अध्ययन,प्रशोधन केन्द्र स्थापना र संचालन | | ५० | | | २५ | २५ | | | संघ,प्रदेश,स्थानीय तह |
| ५ | सामुदायिक वन कार्ययोजना नविकरण | | १० | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| ६ | हरित उद्यमस्थापना | | २० | ४ | ४ | ४ | ४ | ४ | | प्रदेश,स्थानीय तह |
| ७ | सामुदायिक वन तथा खुल्ला क्षेत्रमा फलफुल खेती कार्यक्रम | | २० | ४ | ४ | ४ | ४ | ४ | | प्रदेश,स्थानीय तह |
| जम्मा | | | १३०.५ | १६.५ | १५.५ | ४०.५ | ४०.५ | १७.५ | | |

## ७.१.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | सुरक्षित र विपद उत्थानशील गाउँपालिका भएको हुने | | | | | | | | | | |
| असर | जैविक संरक्षणका लागि मिचाहाप्रजाति नियन्त्रण, वृक्षारोपण, रिचार्ज पोखरी, अग्नी रेखा, झाडी सफाइ कार्यहरूको प्रकार | प्रकार संख्या | ३ | ५ | ७ | १० | १५ | २० | गापा | अन्तर सरकार सहकार्य भएको हुने | १५ |
| | जैविक विविधता संरक्षण सम्बन्धी जनचेतनामूलक अभिमुखी कार्यक्रमहरु संचालन | संख्या | ५ | ७ | १० | १२ | १५ | २० | " | | " |
| प्रतिफल | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | ४७७३.४३ | | | | | ५००० | " | अन्तर सरकार, प्रदेश सरकार, अन्तर पालिका बीच समन्वय र सहकार्य भएको हुने | " |
| | वन्यजन्तुबाट अन्नबालीमा पुगेको वार्षिक क्षति | रु.लाख | ५ | | | | | ० | " | | " |
| | वृक्षारोपण गरिएको क्षेत्र | हेक्टर | १०० | २०० | ३०० | ४०० | ५०० | ६०० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संरक्षित चरन क्षेत्र | संख्या | ५ | | | ६ | | ७ | " | | " |
| | वन जङ्गलको कूल क्षेत्रफल (कूल भूमिको) | प्रतिशत | ८८ | ८९ | ९० | ९१ | ९२ | ९३ | " | | " |
| | जडीबुटीमा आधारित उद्योग र रोजगारी | संख्या | - | | १ | | २ | ३ | " | | " |
| | गैरकाष्ठ वन पैदावारको व्यवसायिक खेती क्षेत्र | हेक्टर | १५०० | | १५५० | | १६०० | १६५० | " | | " |
| | वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदीजन्य पदार्थको उत्खनन | संख्या | - | | | | | १ | " | | " |
| | प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन गरी सञ्चालित उद्योग व्यवसाय | संख्या | - | | | | | १ | " | | " |

## ७.२ भू-संरक्षण तथा जलाधार व्यवस्थापन

### ७.२.१ पृष्ठभूमि

यो गाउँपालिका पहाडी भूगोल भएको कारण यहाँ पहिरो र भू-क्षयको समस्या रहेको छ । भू-क्षयको प्रत्यक्ष सम्बन्ध जलाधारसँग जोडिएको छ । दिगो प्राकृतिक श्रोत व्यवस्थापन र स्थानीय जनताको जिविकोपार्जनको लागि जलाधार व्यवस्थापन एउटा यस्तो पद्धति हो जसले सबै विषयहरू जस्तै वन, कृषि, चरन आदिलाई समाहित गरेको हुन्छ । यस पद्धतिले जलाधार क्षेत्रको दुवै माथिल्लो तटिय र तल्लो तटिय क्षेत्रमा रहेका बहुसरोकारवालाहरूको बीचमा अन्तरक्रिया र सहयोग गराउँदछ । स्थानीय जनताहरूको जीविकोपार्जनमा सुधार ल्याउन, जलाधार क्षेत्रको माथि र तल दुबै क्षेत्रको पर्यावरण र अवस्थालाईसँगै लैजान र जलाधारका स्रोतहरूको दिगो व्यवस्थापन गर्न विभिन्न नीति निर्माता, अनुभवी व्यक्तिहरू र समुदायको बीचमा नियमित बहस, अन्तरक्रिया र छलफल गर्ने पद्धतिको विकास गर्नु अपरिहार्य छ ।
सभापोखरी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र भू-संरक्षण, जलाधार व्यवस्थापन, पहिरो तथा भू-क्षय नियन्त्रणलाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद् व्यवस्थापन कोषको गठन गर्ने नीति लिएको छ । पहिरो र भू-क्षय पहिरो यहाँका प्रमुख विपद्हरु भएतापनि यस्ता विपद्हरुबाट विगतका वर्षहरुमा गाउँपालिकामा ठूलो क्षति भएको छैन । गाउँपालिकाले पहिरो तथा भू-क्षय नियन्त्रणको लागि सडक लगायत विकास निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरिनु पर्दछ । साथै पहिरो तथा भू-क्षय नियन्त्रणको लागि स्थानीय परम्परागत प्रविधिको प्रयोगलाई समेत जोड दिनुपर्दछ ।
हाल यस सभापोखरी गाउँपालिकामा नदी किनारमा वृक्षारोपण नभएको, सडक छेउमा ड्रेनवाल निर्माण आंशिक मात्रामा भएको, पोखरी तथा ताल संरक्षण (सभापोखरी) पूर्ण रूपमा नभएको, भू-क्षय लगायत संवेदनशील क्षेत्र पहिचान तथा नक्साङ्कन नभएको, बाढी पहिरोबाट मानवीय क्षति भएको, सिमसार तथा पोखरी क्षेत्रहरू संरक्षण तथा वैज्ञानिक व्यवस्थापन नभएको, जथाभावी सडक निर्माण भएको र बाढी पहिरोमा वृद्धि भएको, नदी किनारमा आंशिक तटवन्धन भएको अवस्था छ ।

### ७.२.२ समस्या र चुनौती

समस्या
पहाडी भू-भाग भएकोले भौगोलिक समस्याका कारण भू-क्षय र पहिरोको जोखिम हुनु, पहिरो तथा भू-क्षय नियन्त्रणको लागि गाउँपालिकासँग पर्याप्त बजेट (आर्थिक कठिनाई) प्रविधि र यन्त्र उपकरण नभएको, आवश्यक प्राविधिक तथा दक्ष जनशक्तिको अभाव हुनु, पहिरो तथा भू-क्षय सम्बन्धी जनचेतनाको अभाव हुनु र स्थानीय तहको ध्यान कम हुनु, अव्यवस्थित बसोबास र भौगोलिक बनावटको समस्या हुनु, पहिचान नगरी जथाभावी सडक निर्माणको कारण बाढी पहिरोको समस्या भएको, कमजोर सडक पूर्वाधारको कारण पहिरो र भू-क्षयबाट हुने मानवीय जोखिम न्यूनीकरण गर्न कठिन हुने आदि प्रमुख समस्या हुन् ।
चुनौती
बिपद्मा परेका घरपरिवार तथा समूहलाई तत्काल राहतको व्यवस्था गर्नु, बर्षातको समयमा हुने पहिरो तथा भू-क्षयलाई नियन्त्रण गर्न पर्याप्त बजेट, प्रविधि र यन्त्र उपकरणको व्यवस्था गर्नु, जलवायु परिवर्तनको कारण विपद् व्यवस्थापनलाई समय अनुकुल परिमार्जित र व्यवस्थित गर्न नसक्नु आदि प्रमुख चुनौती हुन् ।

### ७.२.३ सम्भावना र अवसर

सम्भावना

वन र कृषि दुबै क्षेत्रको संरक्षण गर्दै आयआर्जनमा जोड दिन सकिने, जलाधार क्षेत्रमा विभिन्न जलचरहरु पाइने, जलस्रोत तथा जलाधार क्षेत्रको उच्चतम प्रयोग गरी कृषि, उद्योग, पर्यटन आदिको विकास गरी आर्थिक समृद्धि हासिल गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

जोखिम क्षेत्र पहिचान गरी वस्ती विकासलाई सुरक्षित र व्यवस्थित गर्न सकिने, भू-क्षय नियन्त्रण गरी प्राकृतिक स्रोतको संरक्षण गर्न सकिने, दिगो विकासको बाटोमा पालिकालाई डोर्याउन सकिने, सबै प्रकारका विपद्को सामना गर्न आधुनिक प्रविधि संरचना, मापदण्ड र आवश्यक दक्ष जनशक्तिको विकास गर्न सकिने, पहिरो र भू-क्षय नियन्त्रणको लागि अन्तर सरकार र दातृ निकायहरुसँग समन्वय र सहकार्य गर्न सकिने आदि प्रमुख अवसर हुन्।

### ७.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

भू-क्षय र बाढि, पहिरो नियन्त्रण गरी स्वच्छ र हरीयाली वातावरण तयार गर्ने ।

उद्देश्य

- वृक्षारोपण तथा तटवन्धन गरी पहिरो तथा भू-क्षयबाट हुने मानवीय तथा अन्य क्षतिमा न्यूनीकरण गर्नु ।
- दक्ष जनशक्ति मार्फत भू-पहिचान गरी सुरक्षित स्थानमा एकीकृत वस्ती बसाउनु ।
- गाउँपालिका क्षेत्रको जलाधार व्यवस्थापन गरी स्वच्छ, हरियाली सुरक्षित वातावरण तयार गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पहिरो तथा भू-क्षय रोकथाम तथा नियन्त्रण गर्ने | • पहिरो तथा भू-क्षयका सम्भावित जोखिमयुक्त स्थानहरुको पहिचान र नक्साङ्कन गरी रोकथाम तथा नियन्त्रण गरिनेछ ।<br>• स्थानीय सरोकारवालाहरुसँग समन्वय गरी नाङ्गा डाँडा, सडक किनार, नदी किनारमा वृक्षारोपण गरिनेछ ।<br>• जोखिमयुक्त स्थानमा दीर्घकालिन योजना गरी तटवन्धन गरिनेछ ।<br>• भू-पहिचान गरेर मात्र सडक निर्माण गरिनेछ ।<br>• पहिरो तथा भू-क्षय नियन्त्रणको लागि स्थानीय प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>• जोखिमयुक्त स्थानहरुको पहिचान गरी स्थायी तटबन्ध निर्माण र ग्यावियन वाल निर्माण गरिनेछ ।<br>• प्रभावित तथा जोखिमयुक्त स्थानबाट सुरक्षित स्थानमा वस्ती स्थानान्तरण गरिनेछ<br>• आवश्यक यन्त्र उपकरणहरु खरिद गरिनेछ ।<br>• सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ । |
| पूर्व सुचना प्रणालीको व्यवस्था गर्ने | • जोखिमयुक्त स्थानहरुमा विपद् पूर्व सूचना प्रणालीको व्यवस्था गरिनेछ । |

| | |
|---|---|
| | • स्थानीय सञ्चार माध्यम र सामाजिक सञ्जालबाट जोखिमको पूर्व सूचना प्रचार प्रसार गरी मानवीय र भौतिक क्षति न्यूनिकरण गरिनेछ । |
| एकीकृत जलाधार व्यवस्थापन योजना तर्जुमा, जलाधार क्षेत्रको संरक्षण विकास र व्यवस्थापन गर्ने | • जलाधार विकास मार्फत स्थलिय तथा जलिय जैविक विविधता संरक्षणको लागि एकीकृत जलाधार व्यवस्थापनको योजना तर्जुमा गरिनेछ ।<br>• पानीको मुहान संरक्षण, मुहान आसपास जङ्गल फडानी रोकथाम र मुहान वरिपरि रुख बिरुवा लगाउने कार्यलाई प्रोत्साहन गरिनेछ ।<br>• जलस्रोत क्षेत्रको अध्ययन, अनुसन्धान, तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखीकरण, नियमन तथा संरक्षणको लागि पालिका मातहतमा आवश्यकता अनुरूप शाखाको व्यवस्था गरिनेछ ।<br>• जलस्रोतको व्यावसायिक उपयोग गरे बापत उपयोगकर्ताले तिर्नुपर्ने शुल्कलाई कानून मार्फत व्यवस्थित गरिनेछ । |

## ७.२.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: भू संरक्षण तथा जलाधार व्यवस्थापन | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | नदी किनारमा र सडक किनारमा वृक्षारोपण | स्वच्छ खानेपानी संरक्षण, जलाधार स्रोतहरुको संरक्षण | ५ | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| २ | भूक्षयबाट जोखिमयुक्त क्षेत्र पहिचान | | ३.७ | १ | १.२ | १.५ | ० | ० | | स्थानीय तह |
| ३ | रिचार्जपोखरी निर्माण | | २५ | ५ | ५ | ५ | ५ | ५ | | प्रदेश, स्थानीय तह |
| जम्मा | | | ३३.७ | ७ | ७.२ | ७.५ | ६ | ६ | | |

## ७.२.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्टयाइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिगो विकास लक्ष्य संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | भू तथा जलाधार क्षेत्रको दिगो संरक्षण र संवर्द्धन भएको हुने | | | | | | | | | | |
| असर | संरक्षित पानी मुहान क्षेत्र | संख्या | १०० | ११० | १२० | १३० | १४० | १५० | गापा | | १३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिफल | भूक्षय नियन्त्रणका लागि प्रयोगमा ल्याइएको बायोइञ्जिनियरिङ (घाँसपात, झार तथा वनस्पति रोपण) गरिएका क्षेत्रहरु | संख्या | १० | १५ | २० | ३० | ४० | ५० | " | अन्तर सरकार सहकार्य भएको हुने | " |
| | संरक्षित गल्छी तथा पहिरोहरु | संख्या | २० | २५ | ३० | ३५ | ४० | ५० | " | | " |
| | पहिरो नियन्त्रणका लागि निर्मित रिटेनिङवालहरु | संख्या | ५० | ६० | ७० | ८० | ९० | १०० | " | | " |
| | भूक्षय नियन्त्रणका लागि वृक्षारोपण गरिएका उजाड डाँडा पाखाहरु | संख्या | २० | २२ | २४ | २६ | २८ | ३० | " | | " |
| | जलउत्पन्न प्रकोप, नदी कटानबाट प्रभावित भएका बस्तीहरु | संख्या | ३ | | | | | २ | " | | " |
| | संरक्षित तालतलैया, पोखरी र सिमसार क्षेत्र | संख्या | ० | १ | २ | ३ | ४ | ५ | " | | " |
| | खोला नदीमा निर्माण गरिएको तटबन्ध को संख्या र कूल लम्बाई | संख्या /किमि | ०.५ | | | १ | | २ | " | | " |
| | खोला तथा नदीको दुवै किनारामा गरिएको वृक्षारोपणले ओगटेको भूमि | हेक्टर | ५ | ८ | १० | १२ | १५ | २० | " | | " |
| | सडक किनारामा गरिएको वृक्षारोपणले ओगटेको भूमि | किमि | ३० | ४० | ५० | ६५ | ८० | १०० | " | | " |
| | संरक्षित जलाधार क्षेत्रहरु | संख्या | ० | | | १ | | २ | " | | " |

## ७.३ वातावरण तथा फोहरमैला व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

मानवीय क्रियाकलाप र प्राकृतिक वातावरण बिचको अन्तरक्रिया र अन्तरसम्बन्धलाई सन्तुलित गर्ने कार्य नै वातावरण व्यवस्थापन हो । नेपालको संविधानले हरेक नागरिकले स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ । फोहोरमैला व्यवस्थापन गर्ने कानुनी दायित्व र अधिकार स्थानीय सरकारलाई तोकेको छ । फोहोरमैला व्यवस्थापन ऐन, २०६८) शंसोधन २०७४ को परिच्छेद २ को दफा ३ मा व्यवस्था भए बमोजिम फोहोरमैलाको सङ्कलन, अन्तिम विसर्जन तथा प्रशोधनको लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ लेखिएको छ । यसैगरी दफा ११ प्रारम्भिक चरणमा सङ्कलन भएको फोहोरमैला व्यवस्थित गर्न कुनै स्थानलाई स्थानान्तरण केन्द्रको रुपमा तोक्नुपर्ने व्यवस्था गरेको छ भने दफा १२ मा फोहोरलाई स्थायी विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानुनको अधिनमा रही फोहोरमैला व्यवस्थापन स्थल तोक्न सक्ने छ भनि उल्लेख गरेको छ । त्यसैले फोहोरमैला व्यवस्थापनको प्रबन्ध मिलाउने जिम्मेवारी स्थानीय तहको हुनेमा दुईमत छैन तसर्थ कानुनी आधारमा टेकेर स्थानीय सरकारले फोहोरको व्यवस्थापन गर्न निर्देशिका बनाई त्यसको माध्यमबाट स्थानीय स्तरमा नै विविध योजना र कार्यक्रमहरू बनाई त्यसको प्रभावकारी कार्यान्वयन मार्फत नगारिकलाई सुसूचित गर्ने जिम्मेवारी स्थानीय निकायको हो ।

यस गाउँपालिकामा घरभित्रको वायु प्रदुषण न्युनीकरणको आंशिक मात्रामा मात्र प्रयास भएको छ ।हरित पार्क तथा एक वडा एक उद्यान निर्माण भएको छैन । ढुङ्गा तथा वालुवाको व्यवस्थित उत्खनन नभएको अवस्था देखिन्छ । खुल्ला दिशामुक्त क्षेत्र घोषणा भएको तर कार्यान्वयन नभएको अवस्था छ । वातावरण संरक्षण कार्ययोजना बनेको छैन । ल्याण्डफिल साइटको पहिचान र व्यवस्थापन भएको छैन । घरबाट निस्कने फोहोरको आंशिक व्यवस्थापन भएको देखिन्छ । सार्वजनिक स्थलका शौचालय एवं डस्टविनको निर्माण आंशिक मात्रामा रहेका छन् ।

### ७.३.२ समस्या र चुनौती

समस्या

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी स्थानीय तहमा आवश्यक कानुनी व्यवस्था तथा कार्यविधि नभएको, साथै स्थानीय तह र विभिन्न संघसंस्थासँग समन्वयको अभाव हुनु, वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनको जनचेतनाको अभाव हुनु र स्थानीय तहको प्राथमिकतामा नपर्नु, उचित फोहोरमैला व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल साईटको पूर्वाधार नभएको, बजार क्षेत्रमा फोहोरको मात्रा बढ्दै गरेको, प्लाष्टिक झोलाहरुको प्रयोगमा वृद्धि हुनु, गाउँपालिकाबाट फोहोर सङ्कलनको उचित व्यवस्थाको कमी हुनु, वातावरण संरक्षणमा अत्यन्त न्यून बजेटको व्यवस्था हुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

वस्ती विस्तारसँगै फोहरमैला व्यवस्थापन गर्न, फोहरको श्रोतमै कुहिने र नकुहिने अनि पुनः प्रयोगमा ल्याउन सकिने गरि वर्गिकरण गरि उचित व्यवस्थापन गर्ने, प्लाष्टिक जन्य फोहोरको नियन्त्रण र व्यवस्थापन गर्न, फोहरमैला व्यवस्थापन सम्बन्धी जनचेतना वृद्धि गर्ने, प्राकृतिक वातावरण र मानवीय वातावरण विच सन्तुलन बनाई राख्न आदि प्रमुख चुनौती हुन् ।

### ७.३.३ सम्भावना र अवसर

सम्भावना

प्रदेशमा उद्योग, वन तथा वातावरण मन्त्रालयको गठन हुनु र यसले वातावरण संरक्षणमा तदारुकता देखाउनु, फोहोरलाई ऊर्जा रुपमा प्रयोग गर्न सक्ने प्रविधिको विकास हुनु, वातावरण संरक्षणको क्षेत्रमा दक्ष जनशक्ति उत्पादन हुन सक्ने, वातावरण संरक्षणमा गैरसरकारी संस्थाहरुको परिचालन गर्न सकिने, तीव्र शहरीकरण भई नसकेकोले शहरलाई व्यवस्थित गर्दै वातावरण संरक्षण गर्न सकिने, फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि भई फोहोरलाई स्रोत मै व्यवस्थापन गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

वातावरण, फोहोर व्यवस्थापन र प्रदूषण नियन्त्रण क्षेत्रमा स्थानीय सरकार, विकास साझेदार तथा अन्य सरकारी/ गैरसरकारी संस्थाहरु, उपभोक्ता समितिहरु र नागरिकको चासो बढ्दै जानु, प्रदेश तथा सङ्घीय सरकारको फोहोर व्यवस्थापनको नीति, रणनीति र निर्देशिकाहरु निर्माण हुनु, वातावरण संरक्षण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरी स्थानीयवासीहरुलाई परिचालन गर्न सकिने, वातावरण संरक्षणमा पर्याप्त बजेटको व्यवस्था गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

### ७.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

वातावरणीय संरक्षण तथा फोहोरको दिगो व्यवस्थापन गरी स्वच्छ तथा सफा वातावरण तयार गर्ने ।

उद्देश्य

- जनचेतना जगाई घरभित्र र घरबाहिरको वातावरण सफा र स्वच्छ राखु ।
- अव्यवस्थित ढुङ्गा तथा वालुवा उत्खननमा रोक लगाउनु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| वातावरण स्वच्छ हरियाली बनाउने | • प्रदुषणका कारक तत्वहरुको पहिचान गरी त्यस्ता कारक तत्वहरुलाई हटाउन / कम प्रयोग गर्ने / न्यूनिकरण गर्ने नीति ल्याईने छ ।<br>• आफ्नो वरपरको वातावरणीय सरसफाइ नियमित गर्ने ।<br>• प्लाष्टिक निषेधित अभियान सञ्चालन गरिनेछ ।<br>• सार्वजनिक शौचालयहरुलाई स्थानीय संघ संस्था तथा समुदायबाटै सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।<br>• मानव स्वास्थ्यमा पार्ने असरको नियन्त्रण र यसले अन्य क्षेत्रमा पार्ने असर सित अनुकुलित हुँदै यसबाट उत्पन्न लाभ र जलवायु कोष र संयन्त्रबाट हुने लाभको अधिकतम उपयोग गर्नु ।<br>• एक घर एक धाराको व्यवस्था गरिनेछ ।<br>• प्रत्येक घरमा आधुनिक चुलो निर्माण तथा एक घर एक विरूवा रोपिनेछ ।<br>• सार्वजनिक ठाउँमा सौचालय तथा डस्टविनको निर्माण गरिनेछ ।<br>• हरित पार्क, र एक वडा एक उद्यान निर्माण गरिनेछ ।<br>• अव्यवस्थित ढुङ्गा तथा वालुवा उत्खनन सम्वन्धी कार्यविधी बनाइनेछ । |

| | |
|---|---|
| वातावरण व्यवस्थापन सम्वन्धी जनचेतना जगाउने<br>र फोहोरमैला व्यवस्थापन तथा सुरक्षित रुपमा विसर्जन गर्ने | • ल्याण्डफिल्ड साइटको व्यवस्थापन गरिनेछ ।<br>• घरको फोहरलाई व्यवस्थापन गर्न तालिमको व्यवस्था गरिनेछ ।<br>• कुहिने र नकुहिने गरी छुट्टाछुट्टै सङ्कलन गरी कुहिने फोहरलाई कम्पोष्ट मल बनाउन प्रयोग गरिनेछ ।<br>• गाउँपालिका भित्रका प्रत्येक वडा र टोलहरुबाट फोहोरमैला नियमित सङ्कलन गर्ने व्यवस्था गरिनेछ ।<br>• फोहोरमैला व्यवस्थापन तथा सरसफाइ प्रवर्द्धन गर्न जनचेतना अभिवृद्धि गरी जनसहभागितामा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । |

## ७.३.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: वातावरण तथा फोहोर व्यवस्थापन | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | |
| १ | ढुङ्गा तथा बालुवाको उत्खनन कार्यविधि | प्रदुषण न्यूनिकरण | २ | २ | ० | ० | ० | ० | स्थानीय तह |
| २ | ल्याण्ड फिल्ड साइट निर्माण | वातावरण स्वच्छ,सफा र हराभरा | १०० | २५ | २० | २० | २० | १५ | संघ,प्रदेश,स्थानीय तह |
| जम्मा | | | १०२ | २७ | २० | २० | २० | १५ | |

## ७.३.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्टयाइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | स्वच्छ एवं सन्तुलित पर्यावरण भएको हुने | | | | | | | | | | |
| असर | निष्काशित फोहोरमैलाको औषतमा वार्षिक परिमाण | मे.टन | २० | २५ | ३० | २५ | ४० | ५० | गापा | | १५ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | श्रोतमै फोहोर न्यूनीकरण, वर्गीकरण (जैविक र अजैविक) गरी व्यवस्थापन गर्ने घरधुरी | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | " | अन्तर सरकार सहकार्य भएको हुने | " |
| प्रतिफल | फोहोर संकलन एवं पृथकीकरणका लागि फरकफरक रंगका डष्टबिनहरु राखिएका सार्वजनिक स्थलहरु | संख्या | ३ | ४ | ५ | ७ | ८ | १० | " | | " |
| | फोहोरमैला न्यूनीकरण तथा व्यवस्थापन सम्वन्धी चेतना मूलक कार्यक्रम संचलित | संख्या | ६ | | | १२ | | १२ | " | | " |
| | कम्पोष्ट-बिन तथा गार्वेज-पिट प्रयोग गर्ने परिवार | प्रतिशत | ९० | | | ९२ | | ९५ | " | | " |
| | फोहोरलाई व्यवस्थित ढंगबाट विसर्जन हुने स्थानहरु (ल्याण्डफिल साइट) | संख्या | १ | | | | | १ | " | | " |
| | ढल निकास व्यवस्था भएको वजार क्षेत्र | संख्या | - | | १ | | २ | ३ | " | | " |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ७५ | ७० | ६५ | ६० | ५५ | ५० | " | | " |
| | घरभित्रको धुवाँबाट मुक्त घरधुरी ( सुधारिएको चुल्हो समेत) | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | " | | " |
| | मनोरञ्जन स्थल, पार्क र हरित क्षेत्र | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | " | | " |

## ७.४ विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन तथा जलवायु उत्थानशिलता

### ७.४.१ पृष्ठभूमि

नेपाल विपद्को अत्यधिक जोखिममा रहेको देश हो । यहाँ प्रत्येक वर्ष बाढी, पहिरो, चटयाङ, आगलागी, सडक दुर्घटना र महामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक प्रकोपहरुका कारण जनधनको ठूलो क्षति तथा नोक्सानी हुने गरेको छ । मुलुक विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका कारण भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चटयाङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, हुरी बतास, वन डढेलो लगायतका प्राकृतिक प्रकोपहरुबाट प्रभावित छ । जलवायु परिवर्तनले पारेको असरलाई कम गरी जिविकोपार्जन, वातावरण र पारिस्थितिक प्रणालीलाई साविक प्राकृतिक अवस्थामा वा सो भन्दा सवल अवस्थामा लैजान गरिने कार्यलाई उत्थानशिलता भनिन्छ। (स्थानीय अनुकुलन कार्ययोजना खाका, २०७६) गाउँपालिकाको विपद्हरुमा पहिरो, भू-क्षय, बाढी, हावाहुरी, चटयाङ, आगलागी, आदि रहेका छन्। त्यसैगरी जलवायु परिवर्तनको जल्दो बल्दो समस्या र यसले पार्ने असर पनि गाउँपालिका भित्र विद्यमान छन् । गाउँपालिकाले विपद् व्यवस्थापनलाई गाउँपालिका स्तरीय र वडा स्तरीय विपद् समिति गठन गरेको छ। त्यसैगरी विपद् व्यवस्थापन योजनाले जलवायू अनुकूलन र प्रकोप जोखिम न्यूनीकरण, जोखिम सम्वेदनशील भू-उपयोग योजना तयार गर्ने र कार्यान्वयन गर्ने, एकीकृत जलाधार व्यवस्थापन र कार्यान्वयन र जलस्रोत संरक्षणको आवश्यकतामा जोड दिएको छ । गाउँपालिकाले विपद् न्यूनीकरणको लागि सडक लगायत विकास निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई अनिवार्य गरेको छ । वन जङ्गलको संरक्षणको लागि सामुदायिक वन उपभोक्ता मार्फत सचेनतामुलक कार्यक्रम गरेको छ ।

### ७.४.२ समस्या र चुनौती

समस्या

विपद् व्यवस्थापन तथा न्यूनीकरण सम्बन्धी कार्यविधि नभएको, विपद् व्यवस्थापन तथा न्यूनीकरणको लागि यन्त्र उपकरणको अभाव हुनु, विपद् तथा महामारी सम्बन्धी सचेतनाको अभाव हुनु साथै स्थानीय तहमा प्राविधिक ज्ञानको अभाव हुनु, स्थानीय तहको उक्त क्षेत्रमा ध्यान नपुगेको, भौगोलिक, आर्थिक तथा प्राविधिक कठिनाई रहेको र विकल्पको खोजी तथा अवधारणा नबनाएको, आपतकालिन प्रतिकार्य सञ्चालन र राहत सामाग्रीको व्यवस्था नभएको, रक्त संचार केन्द्रको व्यवस्था नभएको, दमकलको व्यवस्था नभएको, आपतकालिन खुल्ला क्षेत्रको व्यवस्था नभएको, जोखिमयुक्त स्थानबाट वस्ती स्थानान्तरण नभएको, जलवायु परिवर्तनबाट अन्नबालीमा पुगेको क्षतिको तथ्याङ्क अद्यावधिक नभएको, बाली विमा नभएको आदि प्रमुख समस्या हुन् ।

चुनौती

भू-क्षय र पहिरोजन्य प्रकोप व्यवस्थापन गर्नु, झाडा पखाला लगायत स्वास्थ्यजन्य माहामारी रोक्नु, जोखिमयुक्त बसोबास क्षेत्र पहिचान गरी सुरक्षित स्थानमा वस्ती स्थानान्तरण गर्नु, प्रकोप तथा महामारी बारे जनचेतना वृद्धि गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ७.४.३ सम्भावना र अवसर

सम्भावना

गाउँपालिका स्तरीय तथा वडा स्तरीय विपद् प्रतिकार्य योजना निर्माण गरी गाउँपालिका स्तरीय र वडा स्तरीय विपद् समितिलाई सक्रिय बनाउन सकिने, जोखिम बारेमा स्थानीयवासीलाई सचेत गराई समयमा जोखिम व्यवस्थापन गर्ने सकिने, भर्खरै मात्र शहरीकरण प्रारम्भ भएकोले सुरक्षित आवासको विकास गरी शहरीकरणलाई व्यवस्थित गर्न सकिने, गाउँपालिकामा संक्रमणजन्य रोगहरुको प्रकोपबाट बच्न नागरिकहरु अभ्यस्त हुँदै गएकोले सचेतना वृद्धि हुँदै गएको आदि प्रमुख सम्भावना हुन् ।

अवसर

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति र रणनीतिक कार्ययोजना कार्यान्वयनमा रहनु, गाउँ विपद् व्यवस्थापन समिति गठन भएको, नेपाल रेडक्रस सोसाईटी, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल नेपालसँग समन्वय गरी वपद् पूर्व तयारी र उद्धार सम्बन्धी तालिमको व्यवस्था गर्न सकिने, स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्नु र प्राथमिकताको विषय बन्नु, विपद् व्यवस्थापन कार्यमा सङ्घीय एवम् प्रदेश सरकारकारको सहयोग रहनु आदि प्रमुख अवसर हुन्।

### ७.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

जलवायु परिवर्तत र विपदबाट आइपर्ने समस्यालाई न्यूनीकरण गर्ने ।

उद्देश्य

- जलवायु परिवर्तन अनुकुलका उपायहरु अवलम्वन गर्नु ।
- प्रतिरोधात्मक भौतिक संरचनाहरू निर्माण गर्नु ।
- आपत्कालीन उद्धार व्यवस्थाबाट मानवीय तथा भौतिक सम्पत्तिहरूको क्षति न्युनिकरण गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| जलवायु परिवर्तन सम्बन्धी जनचेतना वृद्धि गर्ने | • मौसम पूर्व अनुमान प्रणाली र तथ्याङ्क सङ्कलन पद्धतिलाई सङ्घीय र प्रदेश सरकारसँग समन्वय र सहकार्य गरी स्वचालित विपद सूचना प्रणाली जडान गरिनेछ ।<br>• जलवायु परिवर्तनको असर न्यूनिकरणको लागि स्थायी कोषको व्यवस्था गरिने छ ।<br>• जलवायु परिवर्तनबाट फैलिन सक्ने रोगव्याधी र सो नियन्त्रणको लागि सम्बन्धित सरोकारवालाहरुको अभिमुखिकरण एवम् क्षमता विकास गरिनेछ । |
| प्राकृतिक तथा गैर प्राकृतिक विपद्को प्रभावकारी व्यवस्थापन गर्ने | • विपद् तथा महामारी व्यवस्थापन सम्बन्धी स्थानीय, नीति, कानून र योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• विपद् तथा महामारी पूर्व तयारी, प्रतिकार्य योजना तथा पूर्व सूचना प्रणाली प्रभावकारी बनाइ पूर्वतयारी सुदृढीकरण गरिनेछ ।<br>• विपद् व्यवस्थापनमा संलग्न विभिन्न संघ संस्थाहरूसँग प्रभावकारी समन्वय र सहकार्य गरिनेछ । |

| | |
|---|---|
| | • विपद्को बेला उद्धार कार्यका लागि युवा स्वयंसेवी, सामाजिक संघ संस्थाहरू, सुरक्षा निकाय आदिलाई तयारी अवस्थामा राखिनेछ ।<br>• विपद् व्यवस्थापन कोष गठन गरिनेछ र उक्त रकम विपद् व्यवस्थापनमा मात्र खर्च गरिनेछ ।<br>• विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाइनेछ ।<br>• समुदायमा आधारित विपद् व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ ।<br>• आगलागी स्वास्थ्यजन्य प्रकोप, खोला, नदीनाला नियन्त्रण, भू-क्षय, पहिरो नियन्त्रण आदि कार्यलाई प्रभावकारी बनाइनेछ ।<br>• आपतकालीन उद्धार नमुना अभ्यास मार्फत जनचेतना जगाइनेछ । |
| विपद् बाट हुने भौतिक र मानवीय क्षति न्यूनिकरण गर्ने | • जोखिमयुक्त क्षेत्र पहिचान गरी विपद् जोखिम नक्साङ्कन गरिनेछ ।<br>• विपद् जोखिम अध्ययन गरी विपद् प्रतिरोधी संरचनाहरूको निर्माण गरिनेछ ।<br>• आवश्यक कार्यविधी बनाई सुरक्षित स्थानमा एकीकृत वस्ती बसाइनेछ<br>• विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरू निर्माण गरिनेछ<br>• हरेक क्षेत्रगत नीति तर्जुमा गर्दा विपद् प्रतिरोधी पक्षलाई हेरिनेछ।<br>• विपद् बाट बच्ने बारेमा सचेतना कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ । |

## ७.४.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: विपद जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलन | | | | | | | | | | जिम्मेवारी (स्थानीय तहआफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | जलवायु परिवर्तनबाट अनुकुलीको क्षति अद्यावधिक गर्ने | जलवायु जोखिम न्यूनिकरण<br>जनशक्ति विकास<br>उद्धारमा सहजता | २.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | ०.५ | | स्थानीय तह |
| २ | आपत्कालीन प्रतिकार्य सञ्चालन र राहत सामग्रीको व्यवस्था | | १० | २ | २ | २ | २ | २ | | संघ,स्थानीय तह |
| ३ | वडा विपद् व्यवस्थापन कोष स्थापना/परिचालन | | १०० | २० | २० | २० | २० | २० | | स्थानीय तह |
| ४ | सार्वजनिक क्षेत्र पहिचान तथा संरक्षण | | २५ | ५ | ५ | ५ | ५ | ५ | | प्रदेश,स्थानीय तह |
| जम्मा | | | १३७.५ | २७.५ | २७.५ | २७.५ | २७.५ | २७.५ | | |

## ७.४.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८० /८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | | |
| प्रभाव | जैविक विविधताको दिगो संरक्षण र संवर्द्धन भएको हुने | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असर | विपद्को समयमा आश्रय लिन सक्ने संरक्षित खुल्ला स्थान | संख्या | १२ | १३ | १४ | १६ | १८ | २० | गापा | अन्तर सरकार सहकार्य भएको हुने | ११ |
| | आपत्कालीन उद्धार गर्ने तालिम प्राप्त स्वयंसेवक | संख्या | ५ | १० | १५ | २० | २५ | ४० | " | | " |
| प्रतिफल | विपद व्यवस्थापन स्थानीय कोषमा भएको रकम | रु. लाख | २० | २५ | ३० | ३५ | ४२ | ५० | " | | " |
| | विपद व्यवस्थापनमा क्रियाशील संघ/संस्था | संख्या | ५ | ७ | १० | १२ | १५ | २० | " | | " |
| | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | " | | " |
| | विपद प्रतिकार्यका लागि आपत्कालीन नमूना अभ्यास | संख्या | - | | १ | | २ | ३ | " | | " |
| | प्राकृतिक, गैरप्राकृतिक विपद व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु संचालन | संख्या | ६ | १० | २० | ३० | ४० | ५० | " | | " |
| | विपद व्यवस्थापनका लागि परिचालन गरिने कर्मचारी तथा स्वयंसेवकहरुका लागि क्षमता विकास कार्यक्रम | संख्या | ५ | ६ | ७ | ८ | ९ | १० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आगो निभाउने उपकरण (इष्टिङ्गिसिर) भएका घरधुरी | संख्या | - | २ | ५ | ७ | १० | १२ | " | | " |
| | आपत्कालीन उद्धारका लागि एम्बुलेन्स तथा वारुणयन्त्रको व्यवस्था | संख्या | १ | | | | | २ | " | | " |
| | विपदका सम्भावित कारक र न्यूनीकरणका उपाय विषयमा भएका अध्ययन अनुसन्धान | संख्या | - | | | १ | | २ | " | | " |
| | जलवायु परिवर्तन न्यूनीकरणका उपायहरु (वनफडानी, डढेलो, बाढी पहिरो नियन्त्रण) सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | संख्या | १ | ५ | १० | १५ | २० | २५ | " | | " |
| | जमिनमुनी पानी रिचार्ज हुने उपायहरु (आकाशेपानी संकलन, कुवा, पोखरी, इनार निर्माण) सम्बन्धी कार्यान्वयन भएका कार्यक्रमहरु | संख्या | - | १ | २ | ३ | ४ | ५ | " | | " |

**परिच्छेद ८ : संस्थागत विकास तथा सुशासन क्षेत्र**

## ८.१ सुशासन ऐन, कानुन र जवाफदेहिता

### ८.१.१ पृष्ठभूमि

संविधानले सार्वजनिक प्रशासनमा सुशासनको प्रत्याभूति गर्ने, मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने, राष्ट्रिय सुरक्षा प्रणालीको विकास गरी शान्ति सुरक्षाको व्यवस्था गर्ने, भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने नीति लिएको छ । स्थानीय तह नागरिकका निकटका सरकार हुन् । राज्यका तर्फबाट स्थानीय स्तरमा गरिने सेवा प्रवाह स्थानीय तहको प्रमुख जिम्मेवारी हो । स्थानीय तहमा सुशासन स्थापना भएमा मात्र नागरिकले परिवर्तन र लोकतन्त्रको अनुभूति गर्ने अवसर प्राप्त गर्न सक्दछन् । यसका निमित्त स्थानीय तहहरु सक्षम, पारदर्शी, भ्रष्टाचार मुक्त, उत्तरदायी र सभागितामूलक हुन आवश्यक छ । संस्थागत सुशासन कायम भई चुस्त तथा दुरुस्त आर्थिक प्रशासन, पारदर्शी, गुणस्तरीय, छिटोछरितो सेवा प्रवाह, सामाजिक सुरक्षाको प्रत्याभूति, स्थानीय निकायहरु तथा अन्य विकास सरोकारवाला संस्थाहरुको क्षमता अभिवृद्धि, कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन सूचनामुलक, सहभागितामूलक हुनुको साथै स्थानीय तहमा आवाधिक योजना अनुसार विकास कार्यक्रम सञ्चालन, सबै कार्यक्रमहरु पारदर्शी तथा सूचना माथि सेवाग्राहीहरुको पहुँच अभिवृद्धि भई सुशासनको प्रत्याभूति, सबै सरोकारवालाहरु बीच प्रभावकारी समन्वय र विकास कार्यको प्रभावकारी अनुगमन तथा मुल्याङकन जस्ता कुराहरु सँगै गुणस्तरीय सेवा प्रवाह योजनावद्ध विकास हुने अपेक्षा योजनाले गरेको छ ।

सभापोखरी गाउँपालिकामा ऐन-१५, नियमावली-४, निर्देशीका-७, कार्यविधी-२९, कानुन-१, मापदण्ड-१, आचारसंहिता-१ निर्माण भएका छन्र । ऐन, नियम, कानुनहरू यस गाउँपालिकाको राजपत्रमा प्रकाशित हुने गरेको छ ।सार्वजनिक सुनुवाई हुने गरेको, सामाजिक परीक्षण नियमित रुपमा संचालन भएको, सुचना पाटी भएको, गुनासो अधिकृतको व्यवस्था भएको साथै गुनासो पेटीकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरूमा व्यवस्था भएको, नागरिक अभिमत लिने नगरेको, सेवाग्राहीमा सहायत कक्षको व्यवस्था नभएको, बालमैत्री, अपाङ्गता मैत्री तथा वातावरण मैत्री संरचना निर्माण भएको अवस्था छ ।

### ८.१.२ समस्या र चुनौती

समस्या

गाउँपालिकाको आफ्नै सर्वाजनिक खरिद ऐन, नियमावली नहुनु, निर्माण भएका ऐन, नियम कानुन कार्यान्वयनमा समस्या हुनु, सरोकार वाला पक्षसँग अन्तक्रीया भई ऐन कानुन निर्माण नभएको, सार्वजनिक सुनुवाई प्रभावकारी ढंगले संचालन नभएको, डिजिटल सूचना पाटी तथा राम्रो व्यवस्थापन नभएको, गुनासो सुनुवाई सुरक्षित तथा व्यवस्थित नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन कार्यविधि, ऐन नियमावली नहुनु, अनुगमन मुल्याङ्कन सम्बन्धी ऐन कार्यविधि नहुनु, स्थानीय सडक वयवस्थापन सञ्चालन तथा नियमन सम्बन्धी ऐन, नियम नहुनु, जनप्रतिनिधि कार्मचारी आचरसंहिता नहुनु, कार्य सञ्चालन निर्देशिका नहुनु, सार्वजनिक सुनुवाई नियमित नहुनु, जे.सी.परिक्षण नहुनु, धेरै आयोजनाहमा नागरिक अभिमत नलिनु, नागरिक समाज तथा समुदायको आधारित संस्थाहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन नहुनु, सामाजिक जवाफदेहिता अभिवृद्धी गर्ने सम्बन्धी कार्यक्रम कम हुनु, स्थानीय संस्थाहरुको सक्रिय परिचालन नहुनु साथै प्रोफाईल तयार नहुनु, सबै तिर सञ्चार

सुविधा प्रभावकारी हुन नसक्नु, गाउँपालिकाको सेवाको गुणस्तरियता परिक्षण हुन नसक्नु आदि प्रमुख समस्या हुन् ।

चुनौती

अन्तरनिकाय समन्वय प्रभावकारी बनाउनु, सबै सार्वजनिक निकाय तथा संघ संस्थाहरुको सेवा प्रवाहलाई पारदर्शिता, उत्तरदायित्व, जवाफदेहिता विकास गर्नु, सुशासनयुक्त समाज तथा संस्कार विकास गर्नु, गाउँपालिकाको कार्यक्षेत्र सुस्पष्ट गर्दै बुझाइमा एकरूपता निर्माण गर्नु, संस्थागत क्षमता अभिवृद्धि गर्नु, उत्तरदायी प्रशासनिक प्रणालीको विकास गर्नु, गुणस्तरीय, भरपर्दो, विश्वसनीय एवम् सेवाग्राहीमैत्री सार्वजनिक सेवा प्रवाहको सुनिश्चितता गर्दै गाउँपालिका प्रतिको विश्वसनीयता अभिवृद्धि गर्नु, नागरिक समाज र समुदायमा आधारित संस्थाहरुको क्षमता विकास कार्यक्रम सञ्चालन गर्न, सामाजिक जवाफदेहिता अभिवृद्धि गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गर्न, स्थानीय स्तरमा रहेका संस्थाहरु परिचालन गरि प्रोफाइल तयार गर्न, उपभोक्ता हित प्रवर्द्धन तथा खाद्य वस्तुमा मिसावट कम गर्न लगायत समस्या न्युनिकरण गर्न, गाउँपालिकाको सेवाप्रवाह गुणस्तरियताको परिक्षण तथा सेवा प्रवाहको अवरोधमा सुधार ल्याउन, गाउँपालिकाका विकासका गतिविधिलाई पालिकावासी सामु सुसुचित गर्न तथा सुशासनलाई प्रवर्द्धन गर्न गराउन आदि प्रमुख चुनौती हुन् ।

### ८.१.३ सम्भावना र अवसर

सम्भावना

स्थानीय निकायको लागि स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था हुनु, सेवा प्रवाहलाई नतिजामूलक र प्रविधिमैत्री बनाउन सकिने, स्थानीय न्याय सम्पादन प्रक्रियालाई प्रभावकारी र व्यवस्थित बनाउन कार्यविधि, नीति निर्माण र संस्थागत संरचना खडा गर्न सकिने, विद्युतीय सुशासनलाई प्रवर्द्धन गर्न डिजिटल सरकार निर्माण गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

स्थानीय तहको एकल अधिकार भित्रका कानुन निर्माण गरी जनशक्ति परिचालन गर्ने अधिकार हुनु, आर्थिक कार्य प्रणाली व्यवस्थित गर्ने सम्बन्धी आर्थिक ऐन र अन्य ऐन कानुनहरु तर्जुमा हुनु, समावेशी प्रतिनिधित्व सहित निर्वाचित प्रतिनिधिबाट स्थानीय तहको सञ्चालन हुनु,स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरु क्रियाशील हुनु, स्थानीय सरोकारवालाहरु, विपक्षीय लगायत राजनीतिक दलहरु रचनात्मक, सहयोगि हुनु, विकास निर्माण एवम् स्रोतसाधनको बाँडफाँटमा अन्तरसरकार सहकार्य र साझेदारीको सम्भावना रहनु आदि प्रमुख अवसर हुन् ।

### ८.१.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

सभापोखरी गाउँपालिकालाई सुशासन कायम गरी कानूनी पालिका बनाउने ।

उद्देश्य

- स्थानीय ऐन, नियम तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वयनमा स्थानीय सवै सरोकारवालाहरुको सहभागिता र सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासवाट सार्वजनिक सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना र कार्यान्वयन गर्ने | • सुशासन तथा जवाफदेहिता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।<br>• नीति, कानुन, कार्यविधि एवम् मापदण्ड तर्जुमा गर्दा सरोकारवाला समेतको सहभागितामूलक प्रक्रियाद्वारा समावेशी लोकतान्त्रिक मूल्य र मान्यताको अवलम्बन गरिनेछ ।<br>• नीति, कानुन तथा मापदण्ड सम्वन्धित सवै सरोकारवालाहरुको सहमतिमा र विज्ञहरुसँगको परामर्शको आधारमा निर्माण गरिनेछ ।<br>• ऐन, कानुन निर्माणको लागि विषयगत समितिलाई सक्रिय बनाइनेछ ।<br>समय समयमा विधायन समितिको बैठक बसी ऐन, कानुन सम्बन्धि छलफल गरी आवश्यक संसोधन गरिनेछ र आवश्यक ऐन, कानुन निर्माण गरिनेछ<br>• योजना छनोट गर्दा कार्यविधिको आधारमा छनोट गरिनेछ ।<br>• सुसाशन कायम गर्न कानुनले व्यवस्था गरेको विधि, नियम भन्दा बाहिरका योजना कार्यक्रम तथा सेवा प्रभाहलाई निरूत्साहित गरिनेछ ।<br>• ऐन, कानुनले व्यवस्था नगरेका कार्यलाई रोकी कानुन बमोजिम कार्य सञ्चालन गर्न मौखिक निर्णयलाई निरुत्साहित गरिनेछ ।<br>• कानुनले व्यवस्था गरे भन्दा फरक क्रियाकलाप बन्देज गराइनेछ ।<br>• लक्षित वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई समतामूलक सहभागिताको आधारमा बजेट व्यवस्थापन गरिनेछ । |
| सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे अनुसारका समिति एवं कार्य प्रकृतिका आधारमा बन्ने समितिहरुलाई पूर्णता दिँदै कार्यक्षेत्रको स्पष्टताका साथ कार्यसम्पादनमा प्रभावकारी ल्याइनेछ ।<br>• संविधान एवं स्थानीय सरकार सञ्चालन ऐनमा गरिएको प्रावधान अनुसारको कार्यसम्पादनका लागि आवश्यक सवै प्रकारका ऐन, नियम, कार्यविधि एवं मापदण्डहरु बनाई राजपत्रबाट सार्वजनिकीकरण गर्दै कार्यान्वयनमा ल्याइनेछ ।<br>• गाउँपालिकाको नीति कार्यक्रम, निर्णय तथा प्रगति समीक्षाहरुका बारेमा सर्वसाधारण सबैलाई वेवसाइट एवं अन्य प्रकाशनहरु मार्फत जानकारी गराइनेछ ।<br>• जवाफदेहिता एवं पारदर्शिता अभिवृद्धिका लागि क्षतिपूर्ति सहितको नागरिक वडापत्र लगायत सामाजिक जवाफदेहिताका औजारहरुलाई अभ्यासमा ल्याइनेछ ।<br>• सूचनाको हक सम्बन्धी ऐनलाई कार्यान्वयनमा ल्याइनेट र गाउँपालिकामा सूचना अधिकृत र गुनासो सुन्ने अधिकृतको व्यवस्था मिलाइनेछ ।<br>• वडाबाट प्रवाह गरिने सार्वजनिक सेवामा सजह पहुँच अभिवृद्धिका लागि वडाहरुको क्षमता अभिवृद्धि गरिनेछ । |

| | |
|---|---|
| | • सुशासन प्रवर्द्धनका लागि गाउँपालिकामा जनप्रतिनिधि एवं कर्मचारीहरुका लागि आचार संहिता (कोड अफ कण्डक) तयार पारिनेछ र यसलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।<br>• लक्षित वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई क्षमतामुलक सहभागिताको आधारमा जवाफदेही र जिम्मेवार बनाइनेछ ।<br>• मानव संसाधानको क्षमता विकास गरिनेछ ।<br>• सर्वसाधरणहरुको जनगुनासो प्रभावकारी ढंगबाट संचालन र सम्बोधन गरिनेछ ।<br>• न्यायिक समितिलाई जनपक्षीय र न्यानपूर्ण बनाइनेछ । |

## ८.१.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: सुशासन, ऐन, कानुन तथा न्यायिक व्यवस्था | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | ऐन, नियम निर्माण (खरिद, आन्तरिक नियन्त्रण, अनुगमन मुल्याङ्कन, स्थानिय सेवा, पूर्वाधार, कृषि आदि) | स्थानीय ऐन, नियम तथा मापदण्डहरूको निर्माण तथा कार्यान्वय<br><br>सार्वजनिक प्रशासन चुस्त दुरूस्त पारदर्शी | ३ | १ | १ | १ | | | | स्थानीय तह |
| २ | सार्वजनिक सुनुवाई कार्यक्रम | | ५ | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ३ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति | | १० | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| ४ | गाउँपालिका डिजिटल प्रोफाइल तयार गर्ने | | २० | २० | | | | | | प्रदेश, स्थानीय तह |
| ५ | प्राविधिकसहित बजार अनुगमन | | ५ | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| जम्मा | | | ४३ | २५ | ५ | ५ | ४ | ४ | | |

## ८.१.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | सिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | सुशासन तथा जवाफदेहिता कायम भएको हुने | | | | | | | | | | |
| असर | स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रक्रिया नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु | संख्या | ३ | | | ४ | | ५ | गापा | अन्तर सरकार सहकार्य भएको हुने | १६ |
| | नियमावली बनाई पालिका सभाले गठन गरेका समितिहरु (विधायन, सुशासन, लेखा आदि समितिहरु) | संख्या | २ | | ३ | | ४ | ५ | " | | " |
| | नियमावली बनाई कार्यपालिकाले गठन गरेका समिति, उपसमितिहरुको संख्या | संख्या | ७ | | | | | ८ | " | | " |
| प्रतिफल | नागरिक वडापत्र अनुसार सेवा प्रवाहमा क्षतिपूर्ति गरिएको | संख्या | ० | १० | २५ | ५० | ७५ | १०० | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभ्यास भएका सामाजिक जवाफदेहिताका औजारका प्रकारहरु | संख्या | ० | | १ | | २ | ३ | " | | " |
| | वर्षभरीमा भएका सार्वजनिक सुनुवाई | संख्या | २ | ३ | ४ | ५ | ६ | ८ | " | | " |
| | हेल्प डेष्कबाट लाभान्वित सेवाग्राही | प्रतिशत | ० | | | २० | | ५० | " | | " |
| | पालिकामा पेश भएका सेवा प्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछ्र्यौट | प्रतिशत | ० | | | ५० | | १०० | " | | " |
| | कुल दर्ता मध्ये न्यायिक समितिबाट फछ्र्यौट भएका मुद्दाहरु | प्रतिशत | ५० | | | ७५ | | १०० | " | | " |

# ८.२ संस्थागत विकास, मानव संसाधन विकास तथा सेवा प्रवाह

## ८.२.१ पृष्ठभूमि

गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन, व्यवस्थित गर्न तथा विकासको प्रतिफल आम गाउँवासीहरुलाई समानुपातिक रुपमा उपलब्ध गराउन समेत गाउँपालिकाको संगठन विकास योजना र जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । प्रत्येक कर्मचारीको कार्य विवरण प्रष्ट हुने गरी तयार गरी लागु गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको कार्यवोझलाई वडा समितिहरुमा क्रमशः हस्तान्तरण गर्दै लैजानु पर्ने देखिन्छ । यसरी गाउँपालिकाले विकेन्द्रीकरणको रणनीति अवलम्बन गर्दै संस्थागत विकासमा महत्वपूर्ण भूमिका खेल्नुपर्ने हुन्छ । यसका लागि गाउँपालिकाले आवश्यक नीति तर्जुमा गर्दै समयानुकुल परिवर्तन गर्दै लैजानु पर्दछ र आवश्यक जनशक्ति परिपूर्ति गर्नु पर्दछ । गाउँपालिकाको लागि शहरी योजनाकार, भूगोल विद्व, तथ्याङ्कविद, समाजशास्त्री लगायतका जनशक्ति हुनु आवश्यक भएता पनि यो अवस्था हालसम्म यस गाउँपालिकामा हुन सकेको देखिन्न । यसले गर्दा प्राविधिक काम लगायत अन्य काम समयमा सहज रुपले सम्पन्न गर्न कठिनाई भएको देखिन्छ भने गाउँपालिकामा आवश्यक पर्ने तथ्याङ्क समेत अभाव रहेको देखिन्छ जसले गर्दा नीतिगत व्यवस्था लगायत मुख्य आवश्यकता पहिचानमा समेत समस्या परिरहेको देखिन्छ । संस्थागत विकास योजना सम्बन्धित सरोकारवालाहरूको क्षमता सुदृढीकरण गर्दै दक्ष र बौद्धिक संगठनात्मक संरचनाको स्थापना गरी विकास कार्यहरुलाई तीव्र र व्यवस्थित गर्ने तर्फ केन्द्रित छ । यस अन्तर्गत पूर्वाधार विकास र क्षमता अभिवृद्धि कार्यक्रमहरू समावेश गरिएको छ ।

## ८.२.२ समस्या र चुनौती

समस्या

गाउँपालिकाको आफ्नै भवन तथा सभाहल नहुनु, कर्मचारीहरूलाई वृत्ति विकास, प्रोत्साहन तथा पुरस्कारको अभ्यास नहुनु, सबै वडा कार्यालय, सबै विद्यालय, सबै स्वास्थ्य संस्था लगायत पालिका भित्रका सबै निकायहरुमा भरपर्दो इन्टरनेट जडान तथा सिसी क्यामरा नहुनु, कार्यपालिका पदाधिकारी सदस्य तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन नहुनु, सेवा प्रवाहमा प्राथमिकता तथा सेवाग्राहीका लागि सहायता कक्ष नहुनु, स्वीकृत दरबन्दी अनुसारको कर्मचारी नहुनु र सरुवा भएर जाने प्रवृत्ति हुनु, बालमैत्री अपाङ्गता मैत्री, लैङ्गिक मैत्री, ज्येष्ठ नागरिक मैत्री आवश्यक पूर्वाधारहरु नहुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

गाउँपालिकाको कार्य जिम्मेवारी अनुसार आवश्यक प्रशासनिक संरचनाको निर्माण तथा संगठनात्मक पुनर्संरचना गर्नु, कर्मचारीको पदपूर्ति गरी सबै वडा तथा विषयगत शाखाहरुमा दरबन्दी अनुसारको कर्मचारी पदपूर्ति गर्न, संघीय सरकारबाट खटिने कर्मचारीहरुमा स्थायित्व ल्याउन, समायोजित कर्मचारीहरुलाई स्थानीय सेवा अनुसार सञ्चालन गरी व्यवस्थित गर्न, सार्वजनिक सेवालाई गुणस्तरीय, छिटोछरितो, न्यून लागत र समयमा सेवा प्रवाह प्रदान गर्नु, सेवाग्राहीहरुको सन्तुष्टि अभिवृद्धि तथा सेवा प्रवाहलाई पारदर्शि एवं उत्तरदायि बनाउनु, स्थानीय स्तरमा रहेका केन्द्रिय, प्रादेशिक निकाय÷कार्यक्रम तथा गैरसरकारी संस्थासँग प्रभावकारी समन्वय कायम गर्न जस्ता चुनौतीहरु छन् ।

### ८.२.३ सम्भावना र अवसर

सम्भावना

गाउँपालिका कार्यालय तथा वडा कार्यालयका कर्मचारीहरूको आचार संहिता बनाएर लागू गर्न सकिने, विद्यमान सूचना प्रविधिको सदुपयोग गरी अन्य स्थानीय सरकारले गरेका उत्कृष्ट अभ्यासहरूको अनुशरण गर्न सकिने, वडा कार्यालयहरू तथा गाउँपालिकाको भवन निर्माण गर्न जग्गा व्यवस्थापन र निर्माण कार्य अगाडि बढाउन सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

निर्वाचित जनप्रतिनिधिहरुको सक्रियता वढदो रहनु, स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरुको रचनात्मक सहयोग रहनु, विषयगत समिति तथा उप-समितिहरु गठन र क्रियाशील हुनु, गाउँपालिका केन्द्र एवं वडाहरुमा इन्टरनेट लगायत विद्युतीय उपकरणहरुको व्यवस्था हुन थाल्नु, जनप्रतिनिधि एवं कर्मचारीहरु क्षमता अभिवृद्धि तालिमबाट लाभान्वित हुँदै जानु, पेपरलेस सरकारलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको सम्पूर्ण कार्य प्रणालीलाई अनलाइन सिस्टममा आवद्ध हुँदै जानु, गाउँपालिकाको आर्थिक केन्द्र, बजार क्षेत्र र बैंकसँग सहकार्य गरी नगद रहित कारोबारलाई प्रोत्साहन गर्न आदि प्रमुख अवसर हुन् ।

### ८.२.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

दक्ष जनशक्ति र चुस्त सेवा प्रवाह भएको हुने ।

उद्देश्य

- प्रभावकारी संगठन संरचना निर्माण तथा दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।
- सेवा प्रवाहको पहुँच बढाउनु र ढिला सुस्ती हताउनु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| संस्थागत सुदृढीकरण गर्ने | • गाउँपालिकाको प्रशासनिक भवन निर्माण गरिनेछ ।<br>• वडा कार्यालय भवनहरुको मर्मत संभार तथा स्तरोन्नती गरिनेछ ।<br>• विधि र कानुनहरुको निर्माण गरी संस्थागत कार्यप्रणालीको स्थापना गरिनेछ ।<br>• विषयगत समिति एवं न्यायिक समितिको क्षमता विकास गरी कार्यसम्पादन स्तरमा अभिवृद्धि ल्याइनेछ ।<br>• संगठन तथा व्यवस्थापन (O&M) सर्भेक्षण अनुसारको कर्मचारी व्यवस्था गरिनेछ । पालिकामा लैङ्गिकमैत्री एवं समावेशीताका आधारमा कर्मचारी दरबन्दी निर्धारण गरिनेछ ।<br>• कार्यवोझ विश्लेषणको आधारमा जनशक्ति व्यवस्थापन गरी कार्यसम्पादन स्तरलाई चुस्त दुरुस्त बनाइनेछ र कार्यसम्पादन करार प्रणाली लागु गरी कार्य उपलब्धिका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरिने प्रणाली अवलम्बन गरिनेछ । |

| | |
|---|---|
| मानव संशाधन विकास गर्ने | • लोकसेवाबाट छनौट भएका कर्मचारी मात्र कामकाजमा खटाउने र करार कर्मचारी नियुक्ती गर्दा निष्पक्ष ढंगबाट गरिनेछ ।<br>• परिक्षा संचालन गरी कर्मचारी छनोट गरिनेछ ।<br>• कर्मचारीहरूलाई कामकाजमा उत्प्रेरित गरी सेवाग्राही प्रति उत्तरदायी र जवाफदेही बनाइनेछ ।<br>• रिक्त रहेको दरबन्दीमा दक्ष जनशक्तीलाई मात्र पदपूर्ति गरिनेछ ।<br>• विद्यमान जनशक्तिहरूलाई क्षमता विकासको लागि आवश्यक तालिम तथा अभिमुखिकरण गरिनेछ ।<br>• कर्मचारीहरुलाई वैज्ञानिक ढंगबाट कार्य विभाजन गर्न लगाई सोही बमोजिम खटाइनेछ ।<br>• कार्यभार बढी भएको खण्डमा प्रोत्साहन भत्ता लगायतका अन्य सेवा सुविधा दिई सवोप्रवाह प्रभावकारी चुस्त दुरूस्त गर्न गराइनेछ ।<br>• कर्मचारीलाई अनुसाशित र व्यवहारीक बनाइ जनसेवामा थप थप प्रभावकारी बनाइनेछ ।<br>• पालिका अन्तर्गतका विद्यालय, विषयगत कार्यालय एवं सरकारी कार्यालयहरुमा कार्यरत कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गरिनेछ र नियमित मूल्याङ्कनका मापदण्ड निर्धारण गरी मापदण्डका आधारमा उत्कृष्टलाई पुरस्कृत गर्ने अभ्यासको थालनी गरिनेछ ।<br>• पालिका अन्तर्गतका सहकारी, गैसस, नागरिक समाज, सामुदायिक संस्था, निजी क्षेत्रमा कार्यरत कर्मचारीहरुलाई तालिम, अभिमुखीकरण मार्फत क्षमता अभिवृद्धि गरी दक्ष, सबल, सक्षम जनशक्ति विकास गरिनेछ ।<br>• जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्ने र महिला तथा दलित वडा सदस्यको क्षमता विकासमा जोड दिइनेछ ।<br>• पालिका कार्यक्रमहरुमा लक्षित समूहको प्रतिनिधित्वलाई सुनिश्चित गरिनेछ र क्षमता विकास कार्यक्रमहरुमा सहभागी छनौट गर्दा महिला, दलित, जनजाति र अपाङ्ता भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।<br>• कर्मचारीहरुको वृत्ति विकासको सुनिश्चित गरिनेछ । यसका लागि आवश्यकताका आधारमा उच्च शिक्षा हासिल, राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका तालिम, सेमिनारहरुमा सहभागि गराइनेछ ।<br>• कार्यसम्पादन मूल्याङ्कनका आधारमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ । यसका लागि कार्यसम्पादन कार्यविधि निर्माण गरिनेछ । |
| सेवा प्रवाह प्रभावकारी बनाउने | • गाउँपालिकाको वेवसाइट नियमित रुपमा अध्यावधिक गरिनेछ ।<br>• स्थानीय विकास संरचना तथा सेवा प्रवाहको मापदण्डहरु तयार गरी कार्यान्वयन गरिनेछ ।<br>• सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलब्ध बनाउन सम्भव भएका सेवा सुविधाहरु अनलाइन, वडा कार्यालय एवं |

| | |
|---|---|
| | सेवा केन्द्रबाट उपलव्ध गराउँदै वडा कार्यलयहरुलाई भौतिक श्रोत साधन सुविधायुक्त बनाइनेछ ।<br>• सेवा प्रवाहसँग सम्वन्धित विषयगत शाखाहरुको आवश्यकतानुसार वडा स्तरसम्म पुनः संरचना गरिनेछ ।<br>• नागरिक वडापत्रलाई अध्यावधिक गरी डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याइनेछ ।<br>• गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी बनाइनेछ<br>• बजेट, कार्यक्रम तथा कार्यप्रगतिहरुको नियमित रुपमा सार्वजनिक गरिनेछ । |

## ८.२.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: मानव संशाधन, संस्थागत विकास तथा सेवा प्रवाह | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | पदाधिकारी तथा कर्मचारी क्षमता विकास तालिम | सार्वजनिक प्रशासनको भौतिक व्यवस्थापन तथा क्षमता अभिवृद्धि<br>मानव संशाधनको कार्यदक्षता अभिवृद्धि<br>सार्वजनिक सेवा प्रवाह पारदर्शी र प्रभावकारी | ५ | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| २ | कर्मचारी स्थायित्व कायम गर्ने थप सुविधा सहितको प्रोत्साहनसम्बन्धी कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | | स्थानीय तह |
| ३ | सेवा प्रवाह, विकास निर्माण, नीति निर्माण तथा नविनतम कार्य लगायतका विषयमा सफल अनुभवहरु आदनप्रदान गर्दै सहकार्य गर्न जनप्रतिनिधि तथा कर्मचारी अन्य स्थानिय तह तथा अन्य देशको अवलोकन भ्रमण | | १० | २ | २ | २ | २ | २ | | स्थानीय तह |
| ४ | गाउँपालिकाको सेवा प्रवाहको गुणस्तरियताको परिक्षण | | १५ | ३ | ३ | ३ | ३ | ३ | | स्थानीय तह |
| ५ | गाउँपालिकाको सम्पूर्ण सेवालाइ अनलाइन प्रणाली आवद्ध गर्ने | | १५ | ३ | ३ | ३ | ३ | ३ | | स्थानीय तह |
| ६ | मध्यमकालिनखर्च संरचना निर्माण | | ५ | ५ | | | | | | प्रदेश, स्थानीय तह |
| जम्मा | | | ७५ | १९ | १४ | १४ | १४ | १४ | | |

## ८.२.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | प्रभावकारी संगठन संरचना निर्माण तथा दक्ष जनशक्तिको व्यवस्थापन भएको हुने | | | | | | | | | | |
| असर | पालिका अन्तर्गत क्रियाशील शाखा, उपशाखा, इकाइ, सेवा केन्द्रहरु | संख्या | १३ | | | १४ | | १५ | गापा | | ४ |
| | पालिकामा कार्यरत कूल जनशक्ति :अधिकृत तह र सोभन्दा मुनी | संख्या | २९० | | | | | ३२५ | " | | " |
| प्रतिफल | पालिकामा कार्यरत प्राविधिक जनशक्ति (स्थायी र अस्थायी) | संख्या | ३७/१६, १९/६ | | | | | ४०,२० | " | संस्थागत संरचना प्रभावकारी भएको हुने | " |
| | कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी | संख्या | १३३ | १३५ | १३८ | १४० | १४५ | १५० | " | | " |
| | संगठन तथा व्यवस्थापन सर्भेक्षण अनुसार पदपूर्ति गर्नुपर्ने र पदपूर्ति भएका कर्मचारी | संख्या | ११/१३३ | १५ | २० | २५ | ३० | ३५ | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रति एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि | मिनेट | २० | | | १८ | | १५ | " | | " |
| | क्षमता विकास कार्यक्रमबाट लाभान्वित जनप्रतिनिधि र कर्मचारी | संख्या | ३४/८७ | | | ३६/९२ | | ४०/१०० | " | | " |
| | क्षमता विकास कार्यक्रमबाट लाभान्वित सरोकारवाला, संघसंस्था, गैसस | संख्या | ६ | ७ | ८ | ९ | १० | १२ | " | | " |
| | संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्राप्ताङ्क | प्राप्ताङ्क | ७६.२५ | ८० | ८५ | ९० | ९५ | १०० | " | | " |
| | उत्कृष्ट कार्यसम्पादन गरेवापत पुरष्कृत कर्मचारी | संख्या | ० | २ | ४ | ६ | ८ | १० | " | | " |
| | पालिका केन्द्र तथा वडा कार्यालयको आफ्नै भवन | संख्या | ६ | | | | | ७ | " | | " |

## ८.३ वित्तिय श्रोत परिचालन

### ८.३.१ पृष्ठभूमि

सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखा परीक्षण मार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु स्थानीय सरकारको दायित्व हो । सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरुपता कायम गरी प्रभावकारी बनाउँदै लैजानको लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिदै राजश्व व्यवस्थापन सूचना प्रणालीको विकास गरिएको छ । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न सरकारी निकायका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको समेत विकास भएको छ ।
सेवा प्रदायक सबै सरकारी निकाय, स्थानीय निकायहरुमा मानवीय तथा भौतिक श्रोत साधनको व्यवस्था, प्रभावकारी रुपमा आन्तरिक श्रोतहरुको पहिचान, परिचालन र व्यवस्थापन हुनुपर्छ। वित्तीय विकास योजनाले राजस्व सुधार गर्ने योजनालाई समावेश गरी स्थानीय आम्दानीका स्रोत वृद्धि गर्ने, कर प्रशासन प्रणालीमा सुधार र निजी क्षेत्र तथा नागरिक समाजको प्रवद्धनका लागि रणनीति एवम् कार्यक्रमहरु समावेश गरेको छ ।सभापोखरी गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१को कुल वार्षिक बजेट ३६,७३,१८,२९६.९१ रहेको छ ।

### ८.३.२ समस्या र चुनौती

समस्या
गाउँपालिकाको वित्तीय व्यवस्थापन गर्ने निकायको सुदृढिकरण नहुनु, गाउँपालिकामा आउने वार्षिक बजेट केन्द्रीकृत हुनु, विकास खर्च कम हुनु, चालु खर्च समयमा भएपनि पुँजिगत खर्च पूर्ण रुपमा हुन नसक्नु, वित्तिय साक्षरता कार्यक्रम सञ्चालन नहुनु, बेरुजु फछ्र्योट सम्बन्धी ध्यान नपुग्नु, सम्झौता अघि काम गर्ने र सम्झौता अघिको बिल ल्याउने प्रवृतिमा सुधार नहुनु, पर्याप्त मात्रमा राजश्वका स्रोतहरु नहुनु, राजश्व संकलन र परिचालन क्षमतामा वृद्धि नहुनु, राजश्व अध्ययन सुधार कार्ययोजना कार्यन्वयन नहुनु, विकास आयोजनाहरुको ठेक्का पट्टा निर्धारित समयमा नहुनु, विद्युतीय वोलपत्रको व्यवस्था नहुनु, खरिद् प्रकृया नियमसंगत, व्यवस्थित र पारदर्शी हुन नसक्नु, विद्युतीय आर्थिक कारोवार व्यवस्थित नहुनु र आर्थिक व-र्षको अन्त्यमा आएर मात्र खर्च गर्ने परिपाटी कायम रहनु आदि यस क्षेत्रका समस्याहरु हुन् ।
चुनौती
लेखा परीक्षण गर्ने क्रममा आवश्यक तयारी पुग्न गाह्रो, लेखाको क्रममा सुत्र सिस्टमको प्रयोग गर्नुपर्नेमा केही कारोबारहरु सिस्टम भन्दा बाहिर गर्ने प्रवृति हुनु, गाउँपालिकाबाट विभिन्न शिर्षकमा गर्ने खर्चहरुमा प्रभावकारिता, मितव्ययीता र नियमितता कायम गर्न, संघ र प्रदेशवाट प्राप्त अनुदान समयमा नै निकासा भई विकास आयोजनाहरु निर्धारित समयमा ठेक्का पट्टा गरी सम्पन्न गर्न, वार्षिक राजश्व र व्ययको अनुमान यथार्थ परक बनाई कार्यान्वयन गर्न, राजश्व संकलन र परिचालनलाई पारदर्शी र प्रभावकारी बनाउन, खरिद प्रकृया नियमसंगत, व्यवस्थित र पारदर्शी, नियमित र व्यवस्थित गर्न, सम्पूर्ण आर्थिक कारोवारलाई विद्युतीय माध्यमद्धारा सञ्चालन गर्न, विकास खर्चमा वृद्धि गरी आर्थिक वर्षको प्रथम चौमासिकदेखि बजेट निकासा गरी कार्यक्रम सञ्चालन गर्न जस्ता चुनौतीहरु रहेका छन् ।

### ८.३.३ सम्भावना र अवसर

सम्भावना

विकास साझेदार संस्था एवं निजी क्षेत्रसंग सहकार्य हुन सक्ने, आन्तरिक आय श्रोत अभिवृद्धिको सम्भावना हुनु, आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी लागू गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

संघ र प्रदेश सरकारवाट अनुदानहरु प्राप्त हुनु, आन्तरिक आय श्रोत अभिवृद्धिको सम्भावना हुनु, वेरुजु फछ्र्यौटमा उल्लेख्य प्रगति हुनु, लक्षित वर्ग तथा लैङ्गिक उत्तरदायी वजेटको अभ्यास हुनु, लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न सकिने, विकास साझेदार संस्था एवं निजी क्षेत्रसंग सहकार्य गर्न सकिने, राजश्व सङ्कलन, लेखा अभिलेखीकरण कम्प्युटराइज हुनु जस्ता अवसरहरु रहेका छन् ।

### ८.३.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

बजेट आकारमा वृद्धि र प्रभावकारी वित्तिय स्रोत परिचालन गर्ने ।

उद्देश्य

- आन्तरिक स्रोत र बाह्य स्रोतको खोजी गरी बजेट आकारमा वृद्धि र वित्तीय सुशासन कायम गर्नु ।
- उत्पादनमुखी र आर्थिक समृद्धिसँग सभापोखरी गाउँपालिकालाई अगाडी बढाउने गरी वित्तीय स्रोत परिचालन गर्नु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| वित्तीय सुशासन प्रवर्द्धन गर्ने | • गाउँपालिकाको आर्थिक ऐनका प्रावधानहरुलाई कडाइका साथ कार्यान्वयनमा ल्याइनेछ ।<br>• लेखा प्रणालीलाई आइसिटिमा जोड्दै आन्तरिक लेखा परीक्षण तथा वित्तीय प्रशासनलाई सक्षम, प्रभावकारी बनाइनेछ ।<br>• आर्थिक प्रशासन प्रणालीलाई प्रभावकारी एवं भरपर्दो बनाइनेछ ।<br>• वार्षिक खरिद योजना बनाउँदै सार्वजनिक खरिदलाई पारदर्शिता, ई-विडिङ्ग तथा प्रक्रियागत ढङ्गबाट खरिद गर्ने व्यवस्था मिलाइनेछ ।<br>• नियमित लेखापरीक्षण, पेश्की तथा वेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाई वित्तीय जोखिम न्यूनीकरण गरिनेछ ।<br>• निश्चित अवधि (मासिक, चौमासिक, वार्षिक) मा भएको आर्थिक कारोवारहरुलाई वेवसाइट तथा प्रकाशनहरु मार्फत आम नागरिकहरुलाई जानकारी हुनेगरी सार्वजनिकीकरण गरिनेछ ।<br>• बाह्य स्रोत वृद्धि गर्न आवश्यक मापदण्डहरूमा राम्रो अंक प्राप्त गर्ने वा जिम्मवारी पूरा गरिनेछ ।<br>• आर्थिक ऐनमा आन्तरिक स्रोतका शिर्षकहरू थप गरी वैज्ञानिक प्रणाली लागू गरिनेछ ।<br>• राजस्व संकलनमा नियमन अनुगमन बढाइनेछ । |

| | |
|---|---|
| | • बाह्य स्रोत संघ र प्रदेशको बजेट वृद्धि गर्ने औजारहरू खोजी गरी त्यसमा सुधार ल्याइनेछ ।<br>• अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाहरुँग सहकार्य र समन्वय गरी योजना आयोजना पालिका भित्र भित्र्याइनेछ । |
| वित्तीय श्रोत परिचालन गर्ने र यस सम्बन्धी स्थानीय नीति निर्माण गर्ने | • वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, नियमन गरिनेछ ।<br>• प्रभावकारी अनुगमन, सुपरिवेक्षण र स्टमेटको आधार बजेट विनियोज गरी त्यसलाई परिणाममुखी ढंगबाट वित्तीय स्रोत परिचालन गरिनेछ ।<br>• आन्तरिक श्रोत परिचालनका लागि राजश्व सुघार कार्ययोजना तयार पारी गाउँपालिकाको आन्तरिक आय श्रोतमा वृद्धि ल्याइनेछ ।<br>• स्थानीय राजश्व परामर्श समितिको क्षमता अभिवृद्धि गरी राजश्व सुधार कार्य योजना लागु गरिनेछ ।<br>• आन्तरिक स्रोत वृद्धि गर्न करका दायरामा वृद्धि विकास गरिनेछ ।<br>• सार्वजनिक खर्चलाई पूँजी निर्माण (आय आर्जन) का क्षेत्रमा लगानी गरी आन्तरिक आयलाई सुदृढ पारिनेछ ।<br>• सम्भावित करदाताहरुको पहिचान गर्दै कर शिक्षा कार्यक्रमहरु सञ्चालन गरी कर तिर्ने अभ्यासलाई प्रोत्साहन गरिनेछ । करको दरमा वृद्धि गर्ने भन्दा पनि दायरामा विस्तार ल्याइनेछ ।<br>• उपभोक्ता समितिहरुसँग लागत सहभागितामा आयोजनाहरु सञ्चालन गरी गाउँपालिकाको लागत भारलाई न्यून गरिनेछ ।<br>• गाउँपालिकाको चल अचल सम्पत्तिहरु परिचालन गरी सेवा शुल्क सङ्कलन गरिनेछ ।<br>• सबै वडाहरूमा वातावरण अध्ययन गरी वातावरण अनुकुल, दुग्ध उत्पादनको लागि गाई, भैंसी पालन र मासु उत्पादनको लागि सुगुर, कुखुरा, राँगा, भैंसी, खसी, बाख्रा र भेडा लगायतका पशुपालन व्यवसायलाई स्थानीय तहले बजेट व्यवस्थापन गरी यस क्षेत्रबाट राजस्व बढाइनेछ ।<br>• प्रत्येक वडामा वातावरण अनुकूल कृषि क्षेत्र घोषणा गरी उत्पादकत्व वृद्धि गरी यस क्षेत्रबाट राजस्व बढाइनेछ । |

## ८.३.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: वित्तीय स्रोत परिचालन | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै,प्रदेशसँग समन्वयमा गर्ने,नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षितलाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | आन्तरिक आयको दायरा फराकिलो बनाउने | क्षमता वृद्धि | ५ | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| २ | पालिका र वडा कार्यालयहरु बीच कम्प्युटराइज सञ्जाल विकास गर्ने | संस्थागत विकास | २० | ४ | ४ | ४ | ४ | ४ | | स्थानीय तह |
| ३ | राजस्व संकलनमा संलग्न कर्मचारी तथा जनशक्तिलाई तालिमको व्यवस्था | | १० | २ | २ | २ | २ | २ | | प्रदेश, स्थानीय तह |
| जम्मा | | | ३५ | ७ | ७ | ७ | ७ | ७ | | |

## ८.३.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८०/८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | | |
| प्रभाव | प्रभावकारी वित्तिय स्रोत परिचालन भएको हुने | | | | | | | | | | |
| असर | पालिकाको कूल वार्षिक वजेट | रु.करोड | ३६.६९ | ४०.३६ | ४४.४० | ४८.८४ | ५३.७२ | ५९.०९ | गापा | | १६ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिव्यक्ति बजेट खर्च (विकास तर्फ) | रु.हजार | ३६.८० | ४०.४८ | ४४.५२ | ४८.९८ | ५३.८८ | ५९.२७ | " | संस्थागत संरचना प्रभावकारी भएको हुने | " |
| प्रतिफल | कूल बजेटको वास्तविक खर्च | प्रतिशत | ८५ | ८७ | ९० | ९२ | ९५ | ९९ | " | सामुदायिक संस्था गैसस, तथा नागरिक समाजसंग सहकार्य भएको हुने | " |
| | कूल बजेटको पूँजीगत खर्च | प्रतिशत | ४० | | ४५ | | | ५० | " | | " |
| | लैङ्गिक उत्तरदायी बजेट विनियोजन | प्रतिशत | २ | ५ | ७ | ८ | ९ | १० | " | | " |
| | कूल बजेटमा वाह्य श्रोतको हिस्सा | प्रतिशत | ८९ | | | ८५ | | ८० | " | | " |
| | आन्तरिक राजस्व अभिवृद्धि हुने क्षेत्रमा भएको लगानी (कूल बजेटको) | प्रतिशत | - | | | २ | | ५ | " | | " |
| | कूल बेरुजुमध्येको फछ्यौट रकम | प्रतिशत | १५ | | ५० | | | ९९ | " | | " |
| | संघीय सरकारबाट राजस्व बाँडफाड प्राप्त रकम | रु. लाख | २३७४ | २६११ | २८७२ | ३१५९ | ३४७५ | ३८२३ | " | | " |
| | प्रदेश सरकारबाट राजस्व बाँडफाडबाट प्राप्त रकम | रु. लाख | १७० | १८७ | २०६ | २२७ | २५० | २७५ | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संघीय सरकारवाट वित्तीय समानीकरणबाट प्राप्त अनुदान | रु. लाख | ८९० | ९७९ | १०७६ | ११८४ | १३०३ | १४३३ | " | | " |
| | प्रदेश सरकारवाट वित्तीय समानीकरणबाट प्राप्त अनुदान | रु. लाख | ५४ | ५९ | ६५ | ७१ | ७९ | ८६ | " | | " |
| | आयोजना कार्यान्वयनमा उपभोक्ता समूहको योगदान हिस्सा (वार्षिक कूल खर्चमा) | प्रतिशत | २० | २२ | २५ | ३० | ३२ | ३५ | " | | " |
| | निजी क्षेत्रसंगको सहकार्यमा भएको लगानी | रु. लाख | - | | | ५ | | १० | " | | " |
| | सहकारी संस्था तथा सामुदायिक संस्था संगको सहकार्यमा भएको लगानी | रु. लाख | - | | | ५ | | १० | " | | " |
| | सम्भावित करदाताहरु मध्येमा नियमित कर भुक्तानी गर्ने करदाता संख्या | संख्या | ५०० | ६०० | ७०० | ८०० | ९०० | १००० | " | | " |

## ८.४ योजना व्यवस्थापन

### ८.४.१ पृष्ठभूमि

विकास प्रयासलाई व्यवस्थित र प्रणालीगत रुपमा सञ्चालन गरी अपेक्षित उपलब्धि हाँसिल गर्न योजनावद्ध विकासको आवश्यकता पर्दछ । भरपर्दो तथ्याङ्क कार्यान्वयनयोग्य योजनाको आधार हो । स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहले आफ्नो क्षेत्राधिकारका विषयमा योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने व्यवस्था गरेको छ । यसैगरी ऐनले स्थानीय तथ्याङ्क र अभिलेख व्यवस्थापन, पाश्र्वचित्र तथा श्रोत नक्सा अद्यावधिक बनाउने, सूचना तथा अभिलेख केन्द्र सञ्चालन गर्ने, जनशक्तिको तथ्याङ्क संकलन गर्ने आदि कार्य स्थानीय तहको काम, कर्तव्य र अधिकारको दायरामा राखेको छ । यस गाउँपालिकाले घरधुरी सर्वेक्षण वस्तुगत विवरण तयार गरेको छ ।

योजना तर्जुमा सम्वद्ध समितिहरु गठन भई कार्यरत छन् । आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिहरुको सहभागिता हुँदै आएको पाइन्छ तापनि स्थानीय संस्थाहरु, गैसस लगायत निजी क्षेत्रसँगको सहकार्य प्रभावकारी हुन सकेको देखिदैन । आयोजनाहरु कार्यान्वयन पश्चात सहभागितामूलक अनुगमन मूल्याङ्कन गर्ने अभ्यास हुँदै आएको छ । सबै विषयक्षेत्रगत गुरु योजनाहरु तर्जुमा हुन सकेको छैन । केहि विषय क्षेत्रगत योजना रहेको, केहि विषय क्षेत्रगत गुरु योजना बनेको, वार्षिक योजनाहरु नियमित बनेको, पूर्वाधारमा धेरै आयोजनाहरु भएको (सडक ट्रयार खोल्ने काम), आयोजनाहरु अनुगमन हुने गरेको, टुक्रे आयोजना मार्फत काम हुने गरेको, लाभान्वित को अनुकुल केहि योजना बन्ने गरेको पाइन्छ । सार्वजनिक परीक्षण र सामाजिक परीक्षण हालसालै आरम्भ भएका छन् ।

यस सभापोखरी गाउँपालिकाको आवधिक योजनाले वडा तहसम्म पुगेर स्थानीयवासीको माग, प्राविधिक अध्ययन र सम्भाव्यताका आधारमा गाउँपालिका स्तरीय र वडा स्तरीय योजना तथा कार्यक्रमहरुको आयोजना बैंक तयार गरेकोले गाउँपालिकाले उक्त आयोजना बैंकमा भएका आयोजनाहरुलाई क्रमैसँग कार्यान्वयन गर्दै लानु पर्ने छ । साथै आवधिक योजनाले तयार गरेको गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक, वातावरणीय आदि विषयसँग सम्बन्धित तथ्याङ्कहरुलाई समेत आगामी विकास निर्माणको लागि उपयोग गर्न सकिन्छ । गाउँपालिकामा विकास निर्माण र अन्य सामाजिक कार्यहरुमा जनसहभागिता भने उत्साहप्रद हुने गरेको छ ।

### ८.४.२ समस्या र चुनौती

समस्या

कृषि, पर्यटन, यातायात, वातावरण जस्ता अग्रणी क्षेत्रहरुको दीर्घकालीन गुरुयोजना तर्जुमा हुन नसक्नु, आयोजनाहरुको दिगोपना, व्यवस्थित तथा मर्मत सम्भारका लागि लाभान्वितबाट उपभोग शुल्क सङ्कलन हुन नसक्नु, नतिजामा आधारित अनुगमन मूल्याङ्कन अभ्यास नहुनु, आयोजना र योजनाहरु योजनावद्ध ढंगबाट विकास नहुनु, आयोजनाहरु छनौट गर्दा पर्याप्त सरोकारवालाहरुसँग समन्वय नहुनु एवं योजना बमोजिम कार्यन्यन नहुनु, समावेशी तथा सहभागितामुलक योजना र्तजुमा नहुनु, आयोजनाहरु बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री, जेष्ठ नागरिकमैत्री नहुनु, धेरै आयोजनाहरु नागरिक स्तरमा प्रभावकारी नहुनु आदि प्रमुख समस्या हुन् ।

चुनौती

तथ्याङ्कलाई व्यवस्थित गरी विद्युतीय प्रणालीमा आबद्ध गर्न, तथ्याङ्क तथा वस्तुगत विवरणलाई वार्षिक रुपमा अध्यावधिक गर्न, योजना र तथ्याङ्क बीच तादात्म्यता कायम गर्न, पूर्व सम्भाव्यताका आधारमा आयोजनाहरुको छनौट र कार्यान्वयन गर्न, दामासाहीमा आधारित बजेट वितरणको कार्यलाई योजना अनुशासनमा ल्याउन, संघीय

र प्रादेशिक योजना कार्यक्रमको स्थानीय तहसँग समन्वय मिलाउन र योजनागत दोहोरोपना हटाउन, योजना अभिलेख व्यवस्थापन अध्यावधिक गर्न, नियमित अनुगमन गरी निर्धारित समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्न, आयोजनाहरुमा गुणस्तरीयता कायम राख्दै निर्धारित समयमै सम्पन्न गर्नु, आयोजनाहरुको दिगोपना, मर्मत सम्भार र स्थानीयहरुको अपनत्व श्रृजना गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ८.४.३ सम्भावना र अवसर

सम्भावना

योजना तर्जुमामा स्थानीय सरोकारबाला, निकाय, गैर सरकारी संस्था, सामुदायिक संस्था र नागरिक समाजहरुको सहभागिता गर्न सकिने, आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिको सहभागिता प्रभनवकारी गर्न सकिने, सञ्चार माध्यम मार्फत् गाउँपालिकाका काम र विकास निर्माणका योजना सुसूचित गर्न सकिने, दीर्घकालीन गुरुयोजना निर्माण गर्न सकिने, बालश्रम र महिला हिंसा नियन्त्रणको योजना बनाई नियन्त्रण गर्न सकिने आदि प्रमुख सम्भावना हुन् ।

अवसर

वार्षिक नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुनु, आवधिक योजना, गौरव आयोजना, मध्यमकालीन खर्च संरचना तर्जुमा हुने क्रममा रहेको, आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिको सहभागिता हुनु, योजना तर्जुमामा स्थानीय सरोकारवाला, निकाय, गैसस, सामुदायिक संस्था र नागरिक समाजहरुको सहभागिता हुनु, सार्वजानिक संरचानहरु लैङ्गिक मैत्री बनाउने कार्यको थालनी हुनु, सहभागिता मुलक तथा प्रभावकारी ढँगबाट हुने अभ्यास हुनु, प्रत्येक नागरिकले सबै आयोजनामा आफ्नो भाव सृजना गर्न र स्वामित्व ग्रहण गर्न सकिने, लाभान्वित मार्फत सहभागिताको सुनिश्चित तथा योगदान गर्न सकिने आदि प्रमुख अवसर हुन् ।

### ८.४.४ उपक्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम तथा आयोजना

लक्ष्य

नतिजामुखी योजना निर्माण, अपनत्व र संरक्षण भएको हुने ।

उद्देश्य

- वित्तिय अनुशासन कायम गरी योजना सफल बनाउनु ।
- निर्माण भएका र भइरहेको योजना आयोजना सफल र दिर्घकालीन बनाउनु ।

रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| योजना तर्जुमा प्रक्रिया सुदृढीकरण गर्ने | • योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण गरिनेछ ।<br>• योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन गरिनेछ ।<br>• आवधिक योजनाको कार्यान्वयनका लागि वार्षिक कार्ययोजना बनाइनेछ ।<br>• आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक योजना बीच तादत्म्यता स्थापित गरिनेछ । |
| योजना तर्जुमामा सहभागिता अभिवृद्धि गर्ने | • आवश्यकताका आधारमा सरोकारवालाहरुको वृहत सहभागितामा विषयक्षेत्रगत गुरुयोजनाहरु बनाई कार्यान्वयनमा ल्याइनेछ ।<br>• निर्माणधिन र निर्माण भइसकेका संरचनाहरूको रेखदेख र संरक्षण गरिनेछ । |

| | |
|---|---|
| | • टोल विकासबाट योजना संकलन गर्दा अवाधिक योजना र गाउँपालिकाको नीति तथा कार्यक्रम बमोजीम योजनाहरू छनोट तथा प्राथमिकीकरण गरिनेछ ।<br>• विषयगत समितिको व्यापक छलफल पश्चात मात्र बजेट विनियोजन तथा बाँडफाँड गरिनेछ ।<br>• सहभागितामूलक र समावेशी योजना तर्जुमाका निर्दिष्ट चरण र प्रक्रिया अवलम्वन गर्दै वस्ती स्तरबाटै वार्षिक योजना तर्जुमा गरिनेछ ।<br>• उपभोक्ता समितिमा लक्षित वर्गहरुको सहभागितालाई अर्थपूर्ण बनाउन प्रोत्साहन गरिनेछ ।<br>• निर्माण भइसकको संरचनाहरूको संरक्षणका लागि सम्बन्धित क्षेत्रका समिति वा उपभोक्ता र वडा समितिलाई जिम्मेवारी दिइनेछ । |
| योजना कार्यान्वयनमा प्रभावकारीता कायम गर्ने | • गाउँपालिकाका आयोजनाहरुको लागत अनुमान स्वीकृती र सम्भाव्यता अनुमान सहित आयोजना बैंकमा समावेश गर्दै बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ ।<br>• योजना कार्यान्वयनमा उपभोक्ता र सरोकारवाला निकायहरूलाई प्रत्यक्ष सहभागी गरिनेछ ।<br>• योजनाहरु कार्यान्वयनमा उपभोक्ता समूहको लागत सहभागितामा सम्पन्न गर्दै आयोजनको मर्मत सम्भार र दिगोपनमा अपनत्व श्रृजना गराइनेछ ।<br>• आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि लैङ्गिक तथा समावेशी संयन्त्र एवं बिषयक्षेत्रगत सूचक निर्धारण गरी सूचकका आधारमा नियमित अनुगमन गरिनेछ ।<br>• उपभोक्ता समितिमा महिलाहरुको सहभागितालाई अर्थपूर्ण गराउन योजना तर्जुमा सम्बन्धी क्षमता विकास मार्फत सशक्तीकरण गरिनेछ ।<br>• गाउँपालिका अन्तर्गतका क्षेत्रमा विद्यमान विकास साझेदार, गैर सरकारी संघ संस्था, नागरिक समाज, सामुदायिक संस्थाहरु परिचालनका लागि कार्यविधि तर्जुमा गर्दै विकास आयोजनाहरुको कार्यान्वयनमा सहकार्य गरिनेछ ।<br>• योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी रुपमा परिचालनका लागि गाउँपालिकामा योजना शाखालाई साधन सम्पन्न बनाइनेछ । |
| तथ्य र तथ्याङ्कमा आधारित योजना प्रणाली स्थापित गर्ने | • वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरुको पहुँच सहितको श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ ।<br>• वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ ।<br>• गाउँपालिकामा सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ ।<br>• भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङ्गिक लगायता विषय क्षेत्रका खण्डिकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गरिनेछ । |

## ८.४.५ विस्तृत कार्यक्रम

| विषयगत उपक्षेत्र: योजना व्यवस्थापन | | | | | | | | | | जिम्मेवारी (स्थानीय तह आफै, प्रदेशसँग समन्वयमा गर्ने, नेपाल सरकारको समन्वयमा गर्ने) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजना तथा कार्यक्रम | अपेक्षित लाभ तथा उपलब्धि | अनुमानित कूल लागत रकम (रु.लाखमा) | | | | | | | |
| | | | कूल लागत | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | | |
| १ | योजना निर्माणका चरणहरूबारे नागरिकहरूलाई अभिमुखीकरण कार्यक्रम | जनसहभागिता एवं सरोकारवालाहरूको सहभागितामा योजनाहरूको तर्जुमा<br>प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन | १५ | ३ | ३ | ३ | ३ | ३ | | प्रदेश, स्थानीय तह |
| २ | साझेदारी कार्यक्रम संचालन सम्बन्धी कार्यविधि निर्माण तथा संचालन | | ५ | १ | १ | १ | १ | १ | | स्थानीय तह |
| ३ | सामाजिक समानता तथा सशक्तिकरण कार्यक्रम | | २५ | ५ | ५ | ५ | ५ | ५ | | संघ, स्थानीय तह |
| ४ | योजनास्तरीय र वडास्तरीय अनुगमन समिति संचालन सम्बन्धी कार्यविधि निर्माण गरी संचालन गर्ने | | ७ | ५ | ० | ० | २ | ० | | स्थानीय तह |
| ५ | कार्यालयको सेवा प्रवाह तथा विकास निर्माणको प्रभाव मुल्याङ्कनकोलागी संयन्त्र निर्माण तथा परीचालन | | १७ | ५ | ३ | ३ | ३ | ३ | | संघ, स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | निति तथा कार्यक्रममाथीको नियमित समिक्षा कार्यविधि निर्माण र प्रभावकारी कार्यन्वयन | | १० | २ | २ | २ | २ | २ | स्थानीय तह |
| **जम्मा** | | | ७९ | २१ | १४ | १४ | १६ | १४ | |

## ८.४.६ नतिजा खाका

| नतिजा तह | सूचक | इकाई | आधार वर्ष २०८० /८१ सम्मको | लक्ष्य परिमाण | | | | | पुष्ट्याइएको आधार | जोखिम पक्ष तथा अनुमान | लिंकिङ संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ | २०८४ /८५ | २०८५ /८६ | | | |
| प्रभाव | आयोजना सफल र दिर्घकालिन भएको हुने | | | | | | | | | | |
| असर | आयोजना बैंकमा समावेश भएका कुल आयोजनाहरु डिपिआर हुन बाँकी समेत | संख्या | - | २ | ५ | ७ | ८ | १० | गापा | गैसस, तथा नागरिक समाज संग सहकार्य भएको हुने | १६ |
| | तर्जुमा भएका विषय क्षेत्रगत गुरुयोजना (कृषि, पर्यटन, यातायात गुरुयोजना...) | संख्या | १ | २ | ४ | ६ | ७ | १० | " | | " |
| | श्रोत नक्शा सहित खण्डीकृत वस्तुगत विवरण (प्रोफाइल) तयारी तथा अद्यावधिक भएको विषयगत क्षेत्र | संख्या | - | | १ | | २ | ३ | " | सामुदायिक संस्था गैसस, तथा नाग रिक समाजसंग सह कार्य भएको हुने | " |
| प्रतिफल | कार्यान्वयन भएका स्थानीय गौरव आयोजनाहरु | संख्या | - | १ | २ | ३ | ४ | ५ | " | | " |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वार्षिक नीति कार्यक्रम अनुसार पालिकाको आन्तरिक आयमा अभिवृद्धि ल्याउन सक्ने आयोजनाहरु | संख्या | - | १ | २ | ३ | ४ | ५ | " | | " |
| | सम्पन्न भएका पूँजीगत तर्फका कूल आयोजनाहरु | प्रतिशत | ९० | ९१ | ९३ | ९५ | ९७ | ९९ | " | | " |
| | कूल आयोजना मध्ये उपभोक्ता समिति वाट कार्यान्वयन भएका आयोजना | प्रतिशत | ८० | ८८ | ७५ | ७० | ६५ | ६० | " | | " |
| | निर्धारित समय वा सो अगावै सम्पन्न आयोजनाहरु | प्रतिशत | ३० | ४० | ५० | ६५ | ८० | ९९ | " | | " |
| | सहभागितामुलक योजना तर्जुमा तथा प्रक्रियामा लक्षित वर्ग/ समुदायको प्रतिनिधित्व | प्रतिशत | ३३ | | | | | ५० | " | | " |
| | तेस्रो पक्षवाट भएको आयोजनाहरुको अनुगमन तथा मूल्यांकन | संख्या | - | २ | ५ | ७ | १० | १५ | " | | " |
| | निजी क्षेत्रसंगको सहकार्यमा सम्पन्न आयोजनाहरु | संख्या | १ | | | | | २ | " | | " |
| | सार्वजनिक, निजी र सहकारीको सहकार्यमा सम्पन्न आयोजनाहरु | संख्या | - | | १ | | २ | ३ | " | | " |
| | अन्तरपालिका समन्वय र सहकार्यमा सम्पन्न आयोजनाहरु | संख्या | - | | | १ | | २ | " | | " |

# परिच्छेद ९: योजना कार्यान्वयन व्यवस्था

## ९.१ पृष्ठभूमि

गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक बजेटको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी प्राथमिकतामा रहनु जरुरी छ । अनुगमन कार्यलाई सामान्य स्थलगत निरीक्षण एवम् बजेट खर्चसँगको तादात्म्यतासँग मात्र जोडेर हेर्ने गरेको पाइन्छ । केही योजना तथा कार्यक्रमहरुको हकमा प्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा अनुगमन हुने गरेको एवम् चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा गर्नुका साथै स्पष्ट ढङ्गले कार्यतालिका तयार गरी सूचकहरूको आधारमा अनुगमन गरिनुपर्दछ । अनुगमन तथा मूल्याङ्कन कार्य योजना चक्र व्यवस्थापनमा महत्वपूर्ण कार्यको रूपमा ग्रहण गर्ने तथा यसका लागि बजेट विनियोजन समेत हुने गरेको परिस्थिति विद्यमान छ ।

गाउँपालिकाको समग्र विकास योजनाको कार्यान्वयन एउटा महत्वपूर्ण चुनौतीको विषय हो । विकासका लागि प्रस्ताव गरिएका कार्यक्रमहरुको सफल कार्यान्वयन गाउँपालिकाको आन्तरिक क्षमता र आगामी वर्षहरुमा सरोकारवालाबाट प्राप्त हुने सहयोग र सहकार्यमा भर पर्दछ । यस आवधिक योजना तर्जुमा गर्दा गाउँपालिकाले योजना अवधिमा आफ्नो वित्तीय तथा संस्थागत अवस्था सुदृढ गरेको हुनेछ भन्ने मान्यता लिएको छ भने यसले संघ, प्रदेश, निजी क्षेत्र, गैरसरकारी संघ संस्थाहरु र समुदायबाट यथेष्ट विश्वास, सहयोग र सहभागिता प्राप्त गर्नेछ भन्ने समेत विश्वास लिइएको छ । प्रस्तुत योजनामा यिनै मान्यताका आधारमा प्रस्तावित विकास योजना र कार्यक्रमहरुका लागि बहुक्षेत्रगत लगानी कार्ययोजना प्रस्ताव गरिएको छ । योजना अनुगमन तथा मूल्याङ्कन पद्धति समेतको प्रस्ताव यसै परिच्छेदमा समेटिएको छ ।

यस आवधिक योजनाको प्रस्तावमा आधारित भई वार्षिक योजना तथा बजेट तर्जुमा गरी योजनाको कार्यान्वयन गरिनुपर्दछ । यसरी वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा आवधिक योजनाको समग्र लक्ष्य, रणनीति तथा प्राथमिकता, विषय क्षेत्रगत उद्देश्य तथा कार्यक्रमलाई आधार लिईनेछ। आवधिक योजनाको स्वीकृती पछि गाउँ कार्यपालिकाले सबै विषयगत समिति एवम् शाखा र सबै वडा कार्यालयहरुलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमा प्रयोजनका लागि पठाईनेछ। अनुमानित बजेट एवम् योजना तर्जुमा मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया मार्फत वार्षिक योजनाको तर्जुमा गरी आवधिक योजनाको कार्यान्वयन सुनिश्चित गरिनेछ ।

## ९.२ संस्थागत व्यवस्था तथा मानव संसाधन योजना

गाउँपालिकामा दक्ष जनशक्तिको अपर्याप्तता, भौतिक पूर्वाधार तथा प्रविधिको अपर्याप्तता, विषयगत समितिहरूको न्यून सक्रियता, अपाङ्गतामैत्री, बालमैत्री र महिलामैत्री पूर्वाधारको अपर्याप्तता, लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको अभाव, जनप्रतिनिधिहरूसँग विषयगत ज्ञानको अपर्याप्तता यहाँको प्रमुख चुनौतीहरु हुन्। संस्थागत सुधारको लागि गाउँपालिका तथा वडा कार्यालयको संस्थागत क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्दै जानुपर्ने देखिन्छ ।

## ९.३ विषय क्षेत्र अनुसार अनुमानित बजेट

यस आवधिक योजनाले प्रस्ताव गरेको क्षेत्रगत विकास पूँजीगत तर्फ (समष्टिगत, आर्थिक, सामजिक, भौतिक, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास तथा सुशासन) योजनाको लागि कूल रकम रु २ अर्व ९० करोड ६७ लाख ९५ हजार विनियोजन गर्नुपर्ने देखिन्छ । जसमध्ये पहिलो आ.व. मा ४६ करोड ९९ लाख ६५ हजार, दोस्रो आ.व. मा ६४ करोड ८४ लाख ८५ हजार, तेस्रो आ.व. मा ६२ करोड २८ लाख १५ हजार,

चौथो आ.व. मा ५८ करोड १५ लाख ६५ हजार र पाँचौं आ.व. मा ५८ करोड ३९ लाख ६५ हजार खर्च गर्नुपर्ने देखिन्छ ।

आवधिक विकास योजना तर्जुमा कार्यशालाको क्रममा निर्धारण गरिएको आवधिक लक्ष्य अर्थात् प्रभाव तहको नतिजा, वृहत उद्देश्य तथा क्षेत्रगत उद्देश्य अर्थात् असर तहको नतिजा र विषय क्षेत्र तथा उप क्षेत्रगत उद्देश्य र लक्ष्य परिमाण हासिल प्रस्ताव गरिएका मुख्य मुख्य कार्यक्रमहरु अन्तर्गत आर्थिक क्षेत्र विकास तर्फ रु. ५७ करोड १७ लाख, सामाजिक क्षेत्र विकास तर्फ रु ३७ करोड १० लाख २५ हजार, पूर्वाधार क्षेत्र विकास तर्फ रु. १ अर्ब २९ करोड ९६ लाख, वन, वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु. ४ करोड ३ लाख ७० हजार र सुशासन तथा संस्थागत विकास तर्फ रु. २ करोड ३२ लाख खर्च हुने देखिएको छ । प्रस्तावित क्षेत्रगत विकास योजनाको अतिरिक्त आवधिक योजनामा समावेश मुख्य कार्यक्रम तथा योजनाहरु (योजना बैंक) एवम् वडागत योजनाहरु समेत अनुसूचीमा प्रस्ताव गरिएको छ ।

तालिका १६ पञ्च वर्षीय आयोजनाको अनुमानित बजेट (रु. लाखमा)

| क्षेत्र | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
|---|---|---|---|---|---|---|
| **समष्टिगत** | १२००.०० | १५५०.०० | १३५९.०० | १०२५.०० | ८७५.०० | **६००९.००** |
| **आर्थिक** | ९५६.०० | १०४८.०० | १३८०.०० | ११९७.०० | १२१६.०० | **५७९७.००** |
| **सामानजिक** | ५६४.६५ | ७०४.६५ | ८९६.६५ | ७६९.६५ | ७७४.६५ | **३७१०.२५** |
| **पुर्वाधार** | १८२९.०० | ३०७२.०० | २४५७.०० | २७६९.०० | २८६९.०० | **१२९९६.००** |
| **वातावरण** | ७८.०० | ७०.२० | ९५.५० | ९४.०० | ६६.०० | **४०३.७०** |
| **सुशासन** | ७२.०० | ४०.०० | ४०.०० | ४१.०० | ३९.०० | **२३२.००** |
| **जम्मा** | **४६९९.६५** | **६४८४.८५** | **६२२८.१५** | **५८१५.६५** | **५८३९.६५** | **२९०६७.९५** |

तालिका १७ योजना संख्या, कूल लागत र पञ्च वर्षीय लागत (रु. लाखमा)

| विषय क्षेत्र | योजना संख्या | कूल लागत | पञ्च वर्षीय लागत | प्रतिशत | |
|---|---|---|---|---|---|
| **आर्थिक विकास** | ६० | ११०१६ | ५७१७ | २५% | |
| कृषि विकास | १४ | ८४३ | ८४३ | | |
| पशुपन्छी पालन | १४ | २६० | २६० | | |
| पर्यटन विकास | १६ | ९२३६ | ३९३७ | | |
| उद्योग, व्यापर, व्यवसाय तथा आपूर्ति | ६ | ४२५ | ४२५ | | |
| सहकारी | ६ | ५२ | ५२ | | |
| रोजगार कार्यक्रम | ४ | २०० | २०० | | |
| **सामाजिक विकास** | ५३ | ३७१०.२५ | ३७१०.२५ | १६% | |
| शिक्षा, विज्ञान प्रविधि | १८ | ३८० | ३८० | | |
| आधारभूत स्वास्थ्य तथा पोषण | १६ | २१०५.२५ | २१०५.२५ | | |
| युवा तथा खेलकुद | ६ | २९५ | २९५ | | |
| लक्षित वर्ग तथा सामाजिक समावेशीकरण | ५ | ९५ | ९५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| कला, भाषा, साहित्य संस्कृति | ४ | ६७५ | ६७५ | | |
| खानेपानी तथा सरसफाई | ४ | १६० | १६० | | |
| **पूर्वाधार विकास** | ४५ | १८१२९ | १२९९६ | ५६% | |
| सडक, यातायात, तथा पुलपुलेसा | २८ | १५९६३ | १०८३० | | |
| सिंचाइ | ६ | १३२० | १३२० | | |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण | ४ | ७१५ | ७१५ | | |
| विधुत तथा वैकल्पिक ऊर्जा | ४ | ८५ | ८५ | | |
| सूचना तथा सञ्चार प्रविधि | ३ | ४६ | ४६ | | |
| **वन वातावरण तथा विपद् व्यवस्थापन** | १६ | ४०३.७ | ४०३.७ | २% | |
| वन तथा जैविक विविधता | ७ | १३०.५ | १३०.५ | | |
| भू संरक्षण तथा जलाधार व्यवस्थापन | ३ | ३३.७ | ३३.७ | | |
| वातावरण तथा फोहोर यवस्थापन | २ | १०२ | १०२ | | |
| विपद जोखिम न्यूनिकरण तथा जलवायु परिवर्तन अनुकुलन | ४ | १३७.५ | १३७.५ | | |
| **सुशासन तथा संस्थागत विकास** | २१ | २३२ | २३२ | १% | |
| सुशासन, ऐन, कानुन तथा न्यायिक व्यवस्था | ५ | ४३ | ४३ | | |
| मानव संशाधन, संस्थागत विकाश तथा सेवा प्रवाह | ६ | ७५ | ७५ | | |
| वित्तीय स्रोत परिचालन | ३ | ३५ | ३५ | | |
| योजना व्यवस्थापन | ७ | ७९ | ७९ | | |
| **विषयगत जम्मा** | १९५ | ३३४९०.९५ | २३०५८.९५ | १००% | ७९% |
| **समष्टिगत क्षेत्र** | १० | १०४३० | ६००९ | | २१% |
| **जम्मा** | २०५ | ४३९२०.९५ | २९०६७.९५ | | |

## ९.४ श्रोत परिचालन रणनीति

आवधिक योजना अनुसार विषय क्षेत्रगत ५ बर्षको बजेट कुल बजेट अनुमान गरिएको छ । गत दुई वर्षको यथार्थ र चालू आ.व. २०८०/८१ को अनुमानित सहित आगामी ५ वर्षको आय अनुमान गरिएकोमा नपुग श्रोत रकमको परिचालनका लागि देहाय अनुसारको रणनीति अख्तियार गरिनेछ ।

आन्तरिक श्रोत (राजस्व) अभिवृद्धिका रणनीतिहरु

- गाउँपालिकाको एकीकृत सम्पत्ति कर कार्यान्वयन गर्न व्यवस्थित नीति तथा कार्यक्रम बनाई कार्यान्वयन गर्दै लगिने छ ।
- गाउँपालिकामा सञ्चालित होटल, रेष्टुरेन्ट, मनोरञ्जन लगायतका अन्य उद्योग तथा व्यवसायिक क्रियाकलापहरुको अभिलेखीकरण गर्ने, रजिष्ट्रेशन गर्ने र करको दायरामा ल्याइने छ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक श्रोतहरुको उपयोग बापत प्राप्त हुने रोयल्टीमा साझेदारी गरिनेछ ।
- वन पैदावार व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्न वनसँग समन्वय गरी कर तथा रोयल्टी वृद्धि गरिनेछ ।
- गाउँपालिकाले पर्यटनमा हरित शुल्क लगाई आय आर्जन गर्ने रणनीति अवलम्बन गरिनेछ ।
- भूमि बैंकको स्थापना गरी यसको परिचालनबाट आय वृद्धि गर्दै लगिने छ ।

- केन्द्र र प्रदेश सरकारबाट प्राप्त हुन सक्ने अनुदान (समपूरक अनुदान र विशेष अनुदान ) प्राप्त गर्न विस्तृत परियोजना प्रतिवेदन तयार गरी पहल कदमी गरिनेछ ।
- गाउँपालिकाले सम्भाव्य ठूला परियोजनाहरु विद्युत, पर्यटन विकास, प्राकृतिक श्रोतमा आधारित उद्योग, आदिमा लागत सहभागिता कार्यक्रम मार्फत आयवृद्धि गरिनेछ ।

सार्वजनिक खर्चमा वित्तिय अनुशासनका रणनीतिहरु

- गाउँपालिकाभित्र हुने सबै प्रकारका खर्च सार्वजनिक खरिद ऐन अनुसार गरिनेछ ।
- केन्द्र र प्रदेश सरकारका ससर्त अनुदान, समपुरक अनुदान तथा विशेष अनुदानका कार्यक्रमहरु उनीहरुको खर्च नीति र कार्यविधिसँग समन्वय गरी खर्च गरिनेछ ।
- सार्वजनिक खर्चमा मितव्ययितालाई सबै क्षेत्रमा कडाईका साथ लागू गरिनेछ ।
- गाउँपालिकालाई दीर्घकालीन आर्थिक भार तथा दायित्व वृद्धि हुने गरी चालु प्रकृतिका खर्च बढ्ने कुनै नयाँ निर्णय गर्नु परेमा गाउँपालिकाको संयुक्त प्रकृयाबाट गरिनेछ ।
- आर्थिक ऐन र खरिद ऐनको अधिनमा रही ठूला आयोजनाहरु ठेक्का पट्टा गरी र सानातिना योजनाहरु मात्र नगद सहभागितामा उपभोक्ता समिति मार्फत गरिनेछ ।
- वार्षिक खर्च विनियोजनमा क्षेत्रगत र सामाजिक समावेशितालाई जोड दिइने छ ।
- गाउँपालिकाले खर्च व्यवस्थापन सम्बन्धी आफ्नै ऐन, नियम र कार्यविधिहरु बनाउने र तिनीहरुको कडाइका साथ कार्यान्वयन गरिनेछ ।
- आवधिक/वार्षिक योजनाहरुको मध्यावधि मूल्याङ्कन ढाँचा अनुरुप खर्च व्यवस्थापन गर्दै लगिनेछ ।
- आवधिक योजनाका विषयगत क्षेत्रहरुमा तोकिएको बजेटबाट अन्य क्षेत्रमा रकमान्तर नगर्ने, गर्ने परे विषयगत क्षेत्रभित्र मात्र गर्ने प्रकृयाको अवलम्बन गरिनेछ ।
- गाउँपालिकाबाट हुने सबै खर्च र लगानीको विद्युतीय र बैंकिङ प्रकृयाबाट भुक्तानी गर्ने पद्धति कडाईका साथ लागू गरिनेछ ।

## ९.५ आवधिक योजना कार्यान्वयन

यस आवधिक योजना कार्यान्वयनमा सरकारी, निजी, सार्वजनिक सबै क्षेत्रको भूमिका अहम् हुन आउँछ । योजना बनाएर मात्र हुँदैन, त्यसको सफल कार्यान्वयन र कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन हुँदै जानु पर्दछ । योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको मुख्य जिम्मेवारी गाउँपालिका के हुन आउँछ । यसको लागि तल प्रस्ताव गरिए बमोजिमका निकायहरुको भूमिका देहाय बमोजिम हुने छ ।

### ९.५.१ कार्यान्वयन योजना

यस आवधिक योजनालाई कार्यन्वयनका लागि गाउँपालिकाले देहाय बमोजिम गर्नुपर्दछ;

क) प्रारम्भिक सम्भाव्यता अध्ययन

पहिचान भएका आयोजना र कार्यक्रम मध्ये उपयुक्त आयोजनाहरु छनौट गर्न आर्थिक, वातावरणीय, प्राविधिक र सामाजिक दृष्टिले छन् छैनन् भन्ने कार्यको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन विशेषज्ञहरुबाट गराउने । प्रारम्भिक सम्भाव्यताबाट उपयुक्त देखिएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानी योजनामा समावेश गर्ने विस्तृत सम्भाव्यता सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु वार्षिक कार्यक्रम तथा लगानी योजनामा समावेश गर्ने ।

ख) विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने

दीर्घकालीन प्रकृतिका र सार्वजनिक खरिद ऐनले तय गरेको मापदण्डमा पर्ने ठूलो लगानीका परियोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन विशेषज्ञहरुबाट गराउने ।

ग) वार्षिक कार्यक्रम तथा लगानी योजना तर्जुमा गर्ने

वार्षिक कार्यक्रम र योजना तर्जुमा गर्दा प्रारम्भिक सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनका आधारमा संघ र प्रदेश तथा गाउँपालिका स्तरीय र वडा स्तरीय कार्यक्रमहरुको प्राथमिकीकरण गर्ने । प्राथमिकीकरण र योजना निर्माण जनसहभागिताको आधारमा गर्ने ।

घ) बजेट अनुमान (निर्माण)

विभिन्न स्तरका आयोजना तथा कार्यक्रमहरु मध्ये संघ र प्रदेशमा समन्वय गर्नुपर्ने र विभिन्न अनुदानमा आधारित (ससर्त, समानीकरण, समपूरक एवम् विशेष) आयोजना वर्गीकरण गरी प्रदेश र प्राप्त सरकारका बजेटहरु ल्याउन पहल गर्ने ।

(ङ) वित्तीय सन्तुलन र अनुशासन कायम गर्ने

पालिका तथा वडा स्तरका कार्यक्रम र आयोजनाहरु प्रत्येक वर्षको बजेटमा क्रमशः प्राथमिकताका आधारमा विनियोजन गर्दा गाउँपालिकाको आयश्रोत र जनसहभागितालाई उपयुक्त अनुपातमा व्यवस्थापन गर्ने ।

च) मध्यमकालीन खर्च संरचना अवलम्बन गर्ने

यस आवधिक योजनाको कार्यान्वयनका क्रममा योजनाले निर्धारण गरेका कार्यक्रम कूल बजेटको आकार र सीमा समेतको पुनरावलोकन गरी मध्ययमकालीन खर्च संरचना तयार गरी आवधिक योजनालाई परिणाममुखी बनाउने ।

छ) योजनाको अनुगमन तथा मूल्याङ्कन

प्रत्येक क्षेत्रगत योजनाहरुको कार्यान्वयनको अवस्थालाई निरन्तर अनुगमन र मूल्याङ्कनको व्यवस्था गरी प्रभावकारी कार्यान्वयनको परिपाटी विकास गर्ने ।

### ९.५.२ योजना कार्यान्वयन विधि

आवधिक योजनामा परेका आयोजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले आवधिक योजना कार्यान्वयन कार्यविधि तयार गर्न सक्ने छ । यस्तो कार्यविधिले योजना कार्यान्वयनको प्रकृयाको स्पष्ट रुपरेखा मार्गदर्शन गर्ने छ । साथै कार्यविधिमा कार्यान्वयन संयन्त्र, समन्वय समिति, विशेषज्ञ समिति आदिको गठन, अधिकार र कर्तव्य स्पष्ट गर्नुपर्ने छ ।

क) योजना कार्यान्वयन संयन्त्र

आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न गाउँपालिका स्तरमा योजना कार्यान्वयन संयन्त्र गाउँपालिका प्रमुखको संयोजकत्वमा गठन गर्नुपर्ने छ । यस्तो संयन्त्र समावेशी र सहभागितामूलक हुनेछ । कार्यान्वयनको समग्र उत्तरदायित्व उक्त संयन्त्रको हुनेछ ।

ख) वडा स्तरीय समन्वय समिति

स्तरका विकास कार्यहरुको समन्वयका लागि वडा अध्यक्षको संयोजकत्वमा आयोजना तथा कार्यक्रमहरु कार्यान्वयन समन्वय समिति गठन गर्नुपर्ने छ । यो समिति पनि समावेशी प्रकृतिको हुनुपर्ने छ ।

ग) विशेषज्ञ समिति

प्राविधिक प्रकृतिका विकास आयोजनाहरुको कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि गाउँपालिकाले आवश्यकता अनुसारका विभिन्न विशेषज्ञ समितिहरु गठन गर्न सक्ने छ । योजना कार्यान्वयन संयन्त्रले यस्ता समितिहरुको प्राविधिक सुझाव आवश्यकता अनुसार लिन सक्ने छ ।

## ९.६ अनुगमन तथा मुल्याङ्कन योजना

योजनाहरुको सफल कार्यान्वयनको लागि नीति, कार्यक्रम तथा आयोजनाहरु के कति सान्दर्भिक, लाभदायी र प्रभावकारी छन् तथा के कस्ता उपलब्धी एवम् प्रभावहरु हासिल भएका छन् भन्ने कुराको आन्तरिक वा बाह्य मूल्याङ्कनकर्ताबाट उदेश्यपूर्ण र व्यवस्थित तरिकाले लेखाजोखा गर्ने कार्य अनुगमन तथा मूल्याङ्कन हो । गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका भईरहेका तथा हुने सबै विषयगत तथा क्षेत्रगत योजनाहरूको निर्धारित गुणस्तर र समय सिमाको सुनिश्चितता गर्न, सम्भावित जोखिम र त्यसले भविष्यमा पार्न सक्ने असरका बारेमा लेखाजोखा गरी समयमा नै क्षति न्यूनीकरणमा पूर्वतयारी गर्न, विकास निर्माणसँग सम्बन्धित सबै सरोकारवालालाई अनुशासित, मर्यादित, जिम्मेवार र कर्तव्यनिष्ठ बनाउने कार्यको लागि आयोजनाको नियमित अनुगमन तथा मूल्याङ्न गर्नुपर्ने हुन्छ । सँगसँगै यस आवधिक योजनाले पहिचान र प्राथिमिकीकरण गरेका आयोजनाहरुको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन यकिन गर्न र आयोजनाको कार्यान्वयनबाट अपेक्षित वर्गले फाईदा पायो पाएन भनेर नियमित रुपमा अध्ययन तथा विश्लेषण गर्नुपर्ने हुन्छ ।

योजनाका उपलब्धी र प्रभाव तहका सूचकमा के कति परिणाममा परिवर्तन आयो भन्ने जानकारी मूल्याङ्कनबाट हुने हुँदा गाउँपालिकाले आवश्यक्ता र आयोजना वा कार्यक्रमको प्रकृति अनुसार उल्लेखित दुबै तहमा तेस्रो पक्षबाट पनि मूल्याङ्कन गर्नु/गराउनुपर्ने छ । त्यसको लागि योजना तर्जुमासँग सम्बन्धित समितिहरू लगायत गाउँ कार्यपालिकालाई आवश्यक पृष्ठपोषण दिनका लागि स्थानीय सरकार सञ्चालन ऐन र अन्य प्रचलित ऐनमा व्यवस्था भए बजोमिम गठन भएका पालिका तथा वडा स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिहरु मार्फत आयोजनाको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्न प्रस्ताव गरिएको छ ।गाउँ सभाबाट स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन योजना बनाई सकेपछि सञ्चालन गरिने क्रियाकलापहरूको आधारमा अनुगमन योजना समेत बनाई उपाध्यक्षको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ । यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन नियमित रुपमा प्राप्त गर्ने परिपाटी निर्माण गरिनेछ । उपाध्यक्षको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गरी योजनाको अनुगमन तथा कार्यालयको समष्टि भौतिक र वित्तीय प्रगति एवम् समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा गरिनेछ ।

### ९.६.१ अनुगमन तथा मूल्याङ्कनको आवश्यकता

गाउँपालिकाले तर्जुमा गर्ने वार्षिक बजेटको कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने परिपाटी प्राथमिकतामा खासै रहेको देखिएको छैन । अनुगमन कार्यलाई सामान्य स्थलगत निरीक्षण एवम् बजेट खर्चसँगको तादात्म्यतासँग मात्र जोडेर हेर्ने गरेको पाइन्छ । केही योजना तथा कार्यक्रमहरुको हकमा प्रतिनिधि तथा कर्मचारीहरु समेतको सहभागितामा अनुगमन हुने गरेको एवम् चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ । तथापि स्पष्ट ढंगले कार्यतालिका तयार गरी सूचकहरूको आधारमा अनुगमन हुने गरेको भने देखिंदैन । अनुगमन तथा मूल्याङ्कन कार्य योजना चक्र व्यवस्थापनमा महत्वपूर्ण कार्यको रूपमा ग्रहण गर्ने तथा यसका लागि बजेट विनियोजन समेत हुने गरेको परिस्थिति विद्यमान छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ बमोजिम उपप्रमुखको संयोजकत्वमा अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ । जस अनुसार यस गाउँपालिकामा समेत उपप्रमुखको अध्यक्षतामा अनुगमन समितिको गठन भएको देखिन्छ । त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले गाउँपालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने विकास योजनाको अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा

कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ ।

गाउँपालिकाको संस्थागत संरचना तथा मानव संसाधनको विकास पर्याप्त भई नसकेको वर्तमान अवस्थामा नियमित अनुगमन प्रभावकारी हुन सकिरहेको छैन । अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील नहुनु तथा गाउँपालिकाका विभिन्न विषयगत कार्य जिम्मेवारीहरू अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, चुनौतीको रूपमा रहेको छ । कार्यक्रम अनुसार आयोजना चक्रको प्रत्येक चरणमा अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन प्रभावकारी अनुगमन प्रणाली स्थापित हुन आवश्यक देखिन्छ । आवधिक योजना अनुगमन र मूल्याङ्कनले आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित भई संस्थागत भएको हुनेछ । साथै यसको रणनीति देहाय बमोजिम हुनेछ ।

- आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धी र नतिजा सूचकहरूको विकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ ।
- आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ ।
- अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको विकास गरी तद् अनुसार क्षमता विकासका साथै बजेटको व्यवस्था गरिनेछ ।
- अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने तथा नियमित बैठकमा छलफल गरी देखिएका समस्या समाधान गरिनेछ ।
- अनुगमनको प्रतिवेदन गाउँपालिकाको वेभसाइटमा राखी सार्वजनिक गरिनेछ ।

## ९.६.२ अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी

आवधिक योजना कार्यान्वयनको अनुगमन तथा मुल्याङ्कनको जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

**क) पालिका स्तरीय समिति**

गाउँपालिकाले गाउँ स्तरमा आवधिक योजना कार्यान्वयनको मूल्याङ्कनको लागि देहाय बमोजिमको सदस्य रहने गरी गाउँपालिका स्तरीय निर्देशक समिति गठन गर्ने छ ।

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | संयोजक |
| प्रमुखले तोकेको एक जना महिला सहित कार्यपालिका सदस्यहरु मध्येबाट २ जना | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख ईन्जिनियर | सदस्य |
| योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य |

**ख) वडास्तरीय समिति**

गाउँपालिकाले वडा स्तरमा आवधिक योजना कार्यान्वयनको मूल्याङ्कनको लागि देहाय बमोजिमको सदस्य रहने गरी गाउँपालिका स्तरीय समिति गठन गर्नेछ ।

| | |
|---|---|
| सम्बन्धित वडाका वडा अध्यक्ष | संयोजक |
| वडा सदस्यहरु | सदस्य |
| सम्बन्धित वडाका प्राविधिक वा कार्यक्रम सञ्चालन गर्ने कर्मचार | सदस्य |
| वडा सचिव | सदस्य सचिव |

### ९.६.३ अनुगमन तथा मूल्याङ्कन प्रकृया

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहाय अनुसार रहने छ ।

- स्थलगत अनुगमन ।
- कार्ययोजना लक्ष्य र प्रगति बीच तुलना ।
- नागरिक अनुगमन ।
- सहभागितामूलक मध्यावधि समीक्षा ।
- सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन)

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया देहाय बमोजिम हुने छ :

तालिका १८ अनुगमन तथा मूल्याङ्कन प्रक्रिया

| के अनुगमन गर्ने? | कसरी अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? |
|---|---|---|---|
| कार्यक्रम वा योजना कार्यान्वयन | सुपरीवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने,<br>• चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने |
| प्रतिफल अनुगमन | गाउँ कार्यपालिका, सुपरीवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | • स्थलगत अनुगमन गर्ने<br>• वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक मध्यावधि र अन्तिम वर्ष | • सहभागितामूलक छलफल गर्ने,<br>• नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>• नमूना सर्वेक्षण गर्ने |
| प्रभाव तह अनुगमन | सुपरीवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | • नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>• सहभागितामूलक छलफल गर्ने,<br>• अध्ययन तथा सर्वेक्षण गर्ने |

# अनुसूची १ : वडागत आयोजनाहरू

**वडा नं. १**

| **आर्थिक विकास -** |
|---|
| कृषि |
| १. माटो परिक्षण गरी व्यवसायिक रूपमा बहुवर्षिय खेती संचालन गर्ने (सुन्तला, रूद्राक्ष, कागती, अदुवा, बेसार, केरा, आँप, लिची, उखु, निबुवा, ड्रागन फुट, महुरी पालन, तोरी, सूर्यमुखी, कफि, च्याउ)<br>२. व्यवसायिक तरकारी खेती गर्ने (आलु, कोपी, टमाटर, भण्टा, भिण्डी वोडी, लसुन, प्याज, तिते करेला, तोरी, अकबरे, खुर्सानी)<br>३. फलफूल संकलन केन्द्र (शित भण्डारण) भवन निर्माण |
| पशुपालन |
| १. व्यवसायिक रूपमा गोठ व्यवस्थापन सहित गाई, मैसी, बाखा, खसी, बंगुर, कुखुरा, माछा पालन कार्यक्रम<br>२. अम्लिसो कुचो व्यवस्थापन गर्ने<br>३. परम्परागत पशुपालन व्यवस्था गर्ने |
| उद्योग |
| १. दुग्ध संकलन तथा प्रशोधन केन्द्र<br>२. सखर उद्योग<br>३. तेल उत्पादन उद्योग (खानेतेल) |
| पर्यटन |
| १. बौला थुम्का बहु सांस्कृतिक पार्क निर्माण योजना<br>२. वन्दुके त्रिवेणी धाम धार्मिक स्थल निर्माण<br>३. देउराली मानव पाइला ढुंगा संरक्षण योजना<br>४. बहु साँस्कृति रुपमा होमस्टे संचालन<br>५. टाँसी छोलिङ्ग गुम्बा पर्यटन प्रवर्द्धन योजना |
| सहकारी |
| १. दुग्ध सहकारी स्थापना तथा व्यवस्थापन<br>२. बहु उद्देश्य कृषि सहकारी संस्था स्थापना मार्फत उत्पादित वस्तु संकलन एवं वितरण योजना |

| **सामाजिक विकास -** |
|---|
| शिक्षा |
| १. श्री जनज्योति माध्यमिक विद्यालयमा आधारभूत व्यवस्थापन सहित भवन तथा ICT सामाग्री व्यवस्थापन गर्ने/छात्र-छात्रावास भवन निर्माण<br>२. श्री कालिका आधारभुत विद्यालय, श्री जनता आधारभुत विद्यालय, जनजागृति आधारभुत विद्यालय भवन तथा शौचालय निर्माण योजना<br>३. श्री कालिका आधारभुत विद्यालयमा कक्षा थप योजना<br>४. शिक्षक तालिम र शैक्षिक सामाग्री व्यवस्थापन |
| स्वास्थ्य |
| १. स्वास्थ्य मापदण्ड सहित भवन निर्माण योजना (धुपु स्वास्थ्य चौकी) |

| |
|---|
| २. प्रसुती गृहमा आवश्यक उपकरण र दक्ष जनशक्ति व्यवस्थापन |
| खानेपानी |
| १ वडा स्तरीय वृहत खानेपानी योजना निर्माण विस्तार योजना |
| सरसफाई |
| १. वडा स्तरीय फोहर मैला व्यवस्थापन (डम्पिङ्ग साइट निर्माण)<br>२. डके बजार ढल निकाश व्यवस्थापन योजना |
| सामाजिक समावेशीकरण |
| १. बाल उद्यान केन्द्र निर्माण/व्यवस्थापन<br>२. ज्येष्ठ नागरीक चिन्तन पार्क निर्माण |
| युवा तथा खेलकुद |
| १. पब्लिक जिम सेन्टर स्थापना संचालन<br>२. वडा स्तरीय खेल मैदान निर्माण<br>३. कबर्ड हल निर्माण |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य |
| १. बहु जातिय सांस्कृतिक संग्राहलय भवन निर्माण<br>२. स्थानिय भाषा संरक्षण तथा व्यवस्थापन योजना<br>३. नेपाल मगर संघ सांस्कृतिक भवन निर्माण<br>४. टासि छयोलिङ गुम्बा निर्माण<br>५. एन्दरघ्याङ छयोलिङ गुम्बा निर्माण |
| सुरक्षा |
| १. प्रहरी चौकी धुपुलाई कम्पाउण्ड/घेरावारा निर्माण<br>२. प्रहरी चौकी धुपुलाई इलाका प्रहरी कार्यालयमा स्तर वृद्धि गर्ने |

| **पूर्वाधार विकास** |
|---|
| सडक |
| १. खाँदवारी - धुपु - बाह्रविसे मूल सडक कालो पत्रे गर्ने (प्रहरी चौकी जिरी पोष्ट देखि)<br>२. मुख्य सडकदेखि स्वास्थ्य चौकी जाने सडक ढलान योजना<br>३. डके वरडाँडा सडक स्तर उन्नती<br>४. गैह्री गाउँ - आले - सादी सडक निर्माण<br>५. खानीगाउँ - सिक्री सडक निर्माण<br>६. लुङ्गेली गाउँ - डाँडा गाउँ सडक निर्माण<br>७. खरवारी - रातमाटे सडक निर्माण<br>८. झ्याप्टेऑप - फिलुङ्गेडाँडा निर्माण<br>९. गोरुकुवा गोरेटो ढलान |
| पुल |
| १. मसाने सभाखोला झोलुङगे पुल निर्माण<br>२. डुम्रे - आहालेडाँडा पाङ्ठा खोला झोलुङ्गे पुल निर्माण |

| सिंचाई |
|---|
| १. आपटारी राजकुलो मर्मत योजना<br>२. भाङ्टार सिंचाई निर्माण<br>३. देउराली राजकुलो समेत योजना<br>४. धाप्रेखोला सिंचाई योजना<br>५. सभाखोला थुम्का लिफ्टिङ्ग योजना<br>६. सार्के देउराली कुलो मर्मत |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण |
| १. विपन्न १०० घरधुरी आवास/व्यवस्थापन योजना |
| विद्युत तथा वैकल्पिक उर्जा |
| १. विजुली पोल (स्टील पोल) परिवर्तन गर्ने<br>२. वडा स्तरमा विजुली पुग्न बाँकी घरधुरीमा विद्युत विस्तार |
| सूचना तथा प्रविधि |
| १. वडा स्तरमा दिने सेवा प्रभाहलाई डिजिटल बनाउने<br>२. वडा स्तरीय ई-लाईब्रेरी व्यवस्थापन योजना |

| **वन वातावरण तथा विपद् व्यवस्थापन** |
|---|
| वन तथा जैविक विविधता |
| १. हर्रो, वर्रा, तितेपानी, टिमुर, कुरीलो, अमला संरक्षण, गांजा खेती |
| भूमी तथा जलाधार व्यवस्थापन |
| १. सादी तिनतले पहिरो नियन्त्रण योजना<br>२. सुखुरेडाँडा पहिरो नियन्त्रण योजना<br>३. देउराली पहिरो संरक्षण |
| वातावरण तथा स्वच्छता |
| १. प्लाष्टीक तथा सिसामुक्त वडा निर्माण योजना/अर्गानिक पेय पदार्थले केमिकलयुक्त पेय पदार्थको विस्थापन<br>२. वृक्षारोपन योजना (वातावरण स्वच्छ बनाउने विरूवाहरू)<br>३. सार्वजनिक स्थलमा वरपिपल लगाउने |
| विपद् व्यवस्थापन |
| १. वडा स्तरीय विपद् कोषमा आवश्यक सामाग्री व्यवस्थापन |

**वडा नं. २**

| **आर्थिक विकास** |
|---|
| कृषि |
| १. व्यवसायिक रूपमा वहुवर्षिय खेती गर्ने (कफि, सुन्तला, कागती, चिया, अलैंची, अम्रिसो, रुद्राक्ष, एभोकाडो, किवी, अदुवा, बेसार, अकबरे, दाँते ओखर)<br>२. तरकारी व्यवसायिक खेती गर्ने (कुरिलो, आलु, टमाटर, कोपी, बन्दा मुला, गाँजर, लसुन, प्याज, च्याउ खेती, माहुरी पालन, धनिया, ज्वानो, सिन्कौल)<br>३. तरकारी तथा फलफूल पकेट क्षेत्र हुँदै जोन क्षेत्रमा विस्तार योजना |

| |
|---|
| ४. फलफूल संकलनका लागि कोल्ड स्टोर स्थापना |
| पशुपालन |
| १. व्यवसायिक पशुपालन उन्नत (बाख्रा, भैंसी, गाई, बंगुर, माछा, भेडा, कुखुरा)<br>२. आधारभूत व्यवस्थापन सहित गोठ सुधार योजना |
| उद्योग |
| १. दुग्ध संकलन तथा प्रशोधन केन्द्र<br>२. मह संकलन तथा प्रशोधन केन्द्र<br>३. कागज उद्योग स्थापना<br>४. जडीवुटी संकलन तथा प्रशोधन |
| पर्यटन |
| १. गुराँस संरक्षण क्षेत्र (मौरे डाँडा, हरेलो जुरेडाँडा) पर्यटन स्थल विकास गर्ने (पैदल पदमार्ग समेत)<br>२. कालिका थान गढी संरक्षण योजना<br>३. शिवालय, राम मन्दिर, राधाकृष्ण मन्दिर पर्यटन क्षेत्र विस्तार योजना |
| सहकारी |
| १. वडा स्तरीय सहकारी तथा व्यवस्थापन योजना |

| **सामाजिक विकास** |
|---|
| शिक्षा |
| १. आधारभूत व्यवस्थापन सहित शारदा आधारभुत विद्यालय र सिंहखरी आधारभुत विद्यालय भवन निर्माण/ मंगला देवी आधारभुत विद्यालय समेत भवन निर्माण<br>२. पञ्चज्योति आधारभुत विद्यालय कम्पाउण्ड तथा घेरावारा<br>३. आधारभूत तहमा सामुदायिक विद्यालयहरु अंग्रेजी माध्यम कक्षा संचालन योजना |
| स्वास्थ्य |
| १. आधारभूत स्वास्थ्य इकाईलाई स्तर वृद्धि गरी स्वास्थ्य चौकी बनाउने<br>२. आधारभूत स्वास्थ्य इकाई भवन कम्पाउण्ड/घेरावारा योजना<br>३. वडा स्तरीय एम्बुलेन्स खरीद योजना<br>४. हुत्तिखिम गाउँघर क्लिनीक भवन निर्माण |
| खानेपानी |
| १. वडा स्तरीय खानेपानी योजना व्यवस्थापन तथा विस्तार |
| सरसफाई |
| १. बडा स्तरीय फोहोरमैला व्यवस्थापन (डम्पिङ साइट निर्माण योजना) |
| सामाजिक समावेशीकरण |
| १. ज्येष्ठ नागरिक चिन्तन चौतारी/पार्क निर्माण<br>२. वडा स्तरीय बाल उद्यान निर्माण योजना<br>३. वृद्ध आश्रम निर्माणमा जोड |
| युवा तथा खेलकुद |
| १. वडा स्तरीय खेल मैदान निर्माण<br>२. वडा स्तरी खेलाडी उत्पादन तथा प्रोत्साहन कार्यक्रम |

| |
|---|
| ३. टोल स्तरीय भलिबल खेल मैदान तथा व्यवस्थापन योजना |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य |
| १. बहु साँस्कृतिक पार्क (हरेलो डाँडा) निर्माण<br>२. बहु जातिय सांस्कृतिक संग्राहलय निर्माण |
| सुरक्षा |
| १. अस्थाई प्रहरी चौकी स्थापना योजना |

| **पूर्वाधार विकास** |
|---|
| सडक |
| १. बाह्रविसे - वितलव -हरेलो - वर्खेडाँडा सडक निर्माण/स्तरउन्नती<br>२. माथिल्लो धुपु - गोठ गाउँ - वर्खेडाँडा सडक निर्माण<br>३. धुपुखोला - हुत्तिखिम - बगैंचा सडक स्तरउन्नती<br>४. वितलव- धुपुसेरा सडक योजना |
| पुल |
| १. चाम्लिङ्गटार- बगैंचा (सभाखोला) झोलुङ्गे पुल निर्माण<br>२. नागदह - ओलाङ्गा (मधुमा खोला) झोलुङ्गे पुल निर्माण |
| सिंचाई |
| १. पाङ्सुले खोला सिंचाई योजना (गोठ गाउँ क्षेत्र)<br>२. धुपुसेरा सिंचाई निर्माण<br>३. खहरेखोला सिंचाई योजना (ज्यामिरे क्षेत्र)<br>४. काल्ची खोला विर्ता सिंचाई योजना |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण |
| १. वडा स्तरीय आधारभुत व्यवस्थापन सहितको सामुदायिक भवन निर्माण<br>२. वडा कार्यालय कम्पाउण्ड घेरावारा योजना<br>३. वितलव बहुउद्देश्य भवन स्तर उन्नती<br>४. फोक्चुवा लिम्बुटार (सामुदायिक भवन निर्माण) |
| विद्युत तथा वैकल्पिक उर्जा |
| १. हुत्तिखिम धुपुसेरा थ्रि - फेज तार विस्तार योजना<br>२. वडा स्तरीय केवल तार विस्तार योजना<br>३. धुपुसेरा टोलमा ट्रान्सफर्मर स्थापना |
| सूचना तथा प्रविधि |
| १. वडा स्तरीय इन्टरनेट व्यवस्थापन योजना |

**वन वातावरण तथा विपद् व्यवस्थापन**

| वन तथा जैविक विविधता |
|---|
| १. लालीगुराँस, चाँप, टिमुर संरक्षण योजना<br>२. वन्यजन्तु संरक्षण योजना (मृग, लुइचे) |

| |
|---|
| ३. वर पिपल (चौतारा) संरक्षण योजना<br>४. वडा स्तरमा पाइने जडीवुटी संरक्षण योजना |
| भूमी तथा जलाधार व्यवस्थापन |
| १. माथिल्लो धुपु गैरी गाउँ, गोठ गाउँ, पर्धेरे खोल्सी, तल्लो वितलव, ज्यामिरे, आइतबारे खोल्सी, हुत्तिखिम पैरे डाँडे, मिमसेन डाँडा संरक्षण योजना<br>२. ओलाङ्गा सिमल डाँडे पहिरो संरक्षण योजना |
| वातावरण तथा स्वच्छता |
| १. वडा स्तरीय फोहोरमैला व्यवस्थापनका लागि डस्टबिन व्यवस्थापन योजना |
| विपद् व्यवस्थापन |
| १. वडा स्तरीय विपद व्यवस्थापन तथा परिचालन योजना<br>२. बाँदर नियन्त्रण योजना तथा परिचालन |

**संस्थागत**

१. वडा स्तरीय सेवा प्रदायक कार्यालयबाट हुने सेवा प्रवाहका विषयमा पारदर्शिता र सुशासन कायम योजना निर्माण तथा कार्यन्वयन गर्ने

**वडा नं. ३**

| **आर्थिक विकास** |
|---|
| कृषि |
| १. आधारभूत व्यवस्थापन सहित बहुवर्षिय खेती (अलैंची, रुद्राक्ष, कफि, चिराइतो, सुन्तला, कागती, एभोकाडो, लिची, अल्लो, किवी, लोक्ता, भुई स्याउ)<br>२. व्यवसायिक तरकारी खेती (आलु, लसुन, प्याज, अदुवा, टमाटर, जौं, गहुँ, तोरी, बेसार) संचालन योजना<br>३. बेमौसमी तरकारी तथा फलफूल खेती संचालन योजना |
| पशुपालन |
| १. व्यवसायिक पशुपालन व्यवसाय (गाई, भैसी, भेडा, कुखुरा, माछा बाख्रा, बंगुर, हाँस, कालिज) |
| उद्योग |
| १. अल्लो उत्पादन तथा प्रशोधन उद्योग<br>२. भेडा ऊन प्रशोधन केन्द्र<br>३. अग्रेली लोक्ता संकलन तथा प्रशोधन<br>४. डेरी उद्योग संचालन<br>५. वेतबाँस सामाग्री उत्पादन उद्योग |
| पर्यटन |
| १. रानी ढुंगा पर्यटकिय स्थल निर्माण (गौरवको योजना)<br>२. गोरुजुरे डाँडा पर्यटक स्थल निर्माण र पदमार्ग (सभापोखरीमा)<br>३. होमस्टे संचालन तथा व्यवस्थापन योजना (थुम्कीडाँडा)<br>४. त्रिवेणी धाम विकास वृहत योजना संचालन (गौरवको योजना)<br>५. पावा - वास्तोला गुफा डाँडा पर्यटन विस्तार योजना (गौरवको योजना)<br>६. सिलसिले पार्क निर्माण (गौरवको योजना) |

| सहकारी |
|---|
| १. वडा स्तरी सहकारी तथा कृषि सहकारी संचालन तथा व्यवस्थापन योजना |
| **सामाजिक विकास** |
| शिक्षा |
| १. सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यम कक्षा संचालन गर्ने<br>२. कैलाश माध्यमिक विद्यालयमा स्टाफ नर्स दरवन्दी व्यवस्थापन गर्ने<br>३. रानी ढुंगा आधारभुत विद्यालय भवन निर्माण<br>४. सिलापत्थर आधारभुत विद्यालय भवन निर्माण<br>५. श्री त्रिवेणी माध्यमिक विद्यालयलाई नमूना माध्यमिक विद्यालयको रूपमा स्तर वृद्धि गर्ने |
| स्वास्थ्य |
| १. स्वास्थ्य इकाई पावालाई स्तर वृद्धि तथा भवन निर्माण गर्ने |
| खानेपानी |
| १. वडा स्तरीय वृहत् खानेपानी योजना व्यवस्थापन तथा विस्तार |
| सरसफाई |
| १. फोहोरमैला व्यवस्थापन लागि डम्पिङ्ग साईट निर्माण<br>२. त्रिवेणी बजार ढल निकास योजना<br>३. बाह्रबिसे साप्ताहिक बजार बिस्तार तथा व्यवस्थापन |
| सामाजिक समावेशीकरण |
| १. ज्येष्ठ नागरिक चिन्तन चौतारी पार्क निर्माण |
| युवा तथा खेलकुद |
| १. पावा खेल मैदानलाई वडा स्तरिय खेल मैदानमा स्तर उन्नती योजना<br>२. टोल स्तरीय खेल मैदान निर्माण/स्तर उन्नती<br>३. श्री त्रिवेणी माध्यमिक विद्यालय खेल मैदानलाई पालिका स्तरीय बनाउने |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य |
| १. स्थानिय कला, संस्कृति संरक्षणका लागि सामुदायिक भवन निर्माण योजना |
| सुरक्षा |
| १. प्रहरी चौकी बाह्रविसेलाई स्तर उन्नती गरी ईलाका प्रहरी कार्यालय बनाउने |

| **पूर्वाधार विकास** |
|---|
| सडक |
| १. बाह्रविसे - खिलिङ्ग - पावा - फुकाम — सडक निर्माण<br>२. पिखूवा — अलैंचे — फुकाम — ईथुम्बु सडक निर्माण योजना<br>३. बाह्रविसे — दिदिङवेसी नोक्लुङ्ग सडक निर्माण योजना<br>४. फुकाम - इथुम्बु- भाटभटेनी सडक योजना<br>५. अलैंचे खिलिङ्ग सडक योजना<br>६. दिदिङबेसी — खिलिङ सडक निर्माण |

| पुल |
|---|
| १. सभाखोला पक्की पुल योजना (३ नं. र ६ नं. जोड्ने)<br>२. दिदङ्ग वेंसी - सातविसे जोड्ने सभाखोला झोलुङ्गे पुल<br>३. इथुम्वु वाग्सीदा जोड्ने लंखुवा खोला झोलुङ्गे पुल<br>४. पिखुवा खोला सडक पुल निर्माण<br>५. ठगुवा खोला सडक पुल निर्माण |
| सिंचाई |
| १. अलैंचे पिखुवा सिंचाई योजना<br>२. खिलिङ्ग सिंचाई योजना<br>३. पुरानो गाउँ सिंचाई योजना<br>४. पावा सिंचाई योजना |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण |
| १. वडा स्तरीय बहु आयमिक व्यपारीक तथा प्रशासनिक सामुदायिक भवन निर्माण<br>२. बाह्रविसे सोमबारे साप्ताहिक हटिया व्यवस्थापन तथा पूर्वाधार योजना |
| विद्युत तथा वैकल्पिक उर्जा |
| १. कटहरे, सुनाम्ला लगाएत वडा स्तरीय छुट घरधुरीमा विद्युत विस्तार |
| सूचना तथा प्रविधि |
| १. टेलिकम टावर विस्तार योजना (थुम्कीडाँडा) |

| **वन वातावरण तथा विपद् व्यवस्थापन** |
|---|
| वन तथा जैविक विविधता |
| १. लालीगुराँस, चाँप, सतुवा, चिराइतो, टिमुर, जिम्बु संरक्षण |
| भूमी तथा जलाधार व्यवस्थापन |
| १. त्रिवेणी बजार संरक्षण र सभाखोला र लंखुवा खोला किनार तटवन्धन योजना<br>२. सुनाम्ला पहिरो संरक्षण योजना<br>३. इथिम्वु/पावा सिम्ले पहिरो संरक्षण योजना |
| वातावरण तथा स्वच्छता |
| १. प्लाष्टीक मुक्त बाह्रविसे बजार व्यवस्थापन योजना |
| विपद् व्यवस्थापन |
| १. वडा स्तरीय विपद् व्यवस्थापन कोष स्थापना तथा परिचालन |

**वडा नं. ४**

| **आर्थिक विकास** |
|---|
| कृषि |
| १. आधारभूत परिक्षण सहित बहु वर्षिय खेती (सुन्तला, अलैंची, अम्रिसो, स्याउ, एभोकाडो, रूद्राक्ष, कफी, चिया, बुद्धचित्त) संचालन<br>२. तरकारी खेती (आलु, टमाटर, प्याज, लसुन, अदुवा, बेसार, हरियो अंगुर, खोर्सानी, अकबरे)<br>३. मकै, धान उत्पादन योजना/चिराइतो खेती |

| |
|---|
| ४. भाङ्टार झरना कृषि वस्तु संकलन भवन निर्माण |
| पशुपालन |
| १. बाख्रा, भैंसी, गाई, भेडा, बंगुर, कुखुरा, माछा पालन योजना<br>२. मौरी पालन व्यवसाय |
| उद्योग |
| १. मह उत्पादन उद्योग<br>२. जडीवुटी संकलन तथा प्रशोधन योजना<br>३. लोक्ता, अग्रेंली, अलैंची, सतुवा संकलन केन्द्र |
| पर्यटन |
| १. फरेवा झर्ना पार्क र आम्लामा झरना पार्क निर्माण योजना<br>२. गोरुजुरे - सभापोखरी पदमार्ग निर्माण<br>३. चप्लेवा - भित्री माहदेवथान पदमार्ग व्यवस्थापन<br>४. चन्दने - माहदेवथान, खेवाटीङ्ग माहदेवथान पर्यटन स्थल व्यवस्थापन योजना |
| सहकारी |
| १. संचालनमा रहेको कृषि सहकारी व्यवस्थापन गर्ने।<br>२. सहकारी मार्फत मल, विउ वितरण गर्ने |

| **सामाजिक विकास** |
|---|
| शिक्षा |
| १. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम पढाई शुरू गर्ने<br>२. श्री जनहित आधारभूत विद्यालयमा आधारभूत व्यवस्थापन सहित भवन निर्माण<br>३. जलेश्वर आधारभूत विद्यालय भवन निर्माण/कक्षा वृद्धि गर्ने<br>४. जालपा आधारभूत विद्यालय भवन/शौचालय निर्माण<br>५. विद्यालयहरूमा कम्पाउण्ड तारवेरा योजना निर्माण |
| स्वास्थ्य |
| १. आधारभूत स्वास्थ्य सेवा केन्द्रलाई स्तर वृद्धि गर्ने |
| खानेपानी |
| १. पाँहा खोला (चप्लेवा टोल) खानेपानी निर्माण/विस्तार<br>२. फरेवा खोला खानेपानी योजना (खेवारीङ्ग टोल)<br>३. नोक्लुङ्ग खानेपानी योजना (पहिरो खोप सबेक खोला) |
| सरसफाई |
| १. वडा नं. ४ भाङ्टार वस्ती ढल निकास योजना |
| सामाजिक समावेशीकरण |
| १. ज्येष्ठ नागरिक चिन्तन चौतारी पार्क निर्माण<br>२. खेवारीङ्ग टोलमा बालबालिका उद्यान निर्माण<br>३. महिला सामुदायिक भवन निर्माण |

| युवा तथा खेलकुद |
|---|
| १. पैरेनी खेल मैदान स्तर उन्नती (आधारभूत व्यवस्थापन सहित)<br>२. टोल स्तरीय खेल मैदान स्तर उन्नती |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य |
| १. केलाङ्ग भवन/पार्क निर्माण<br>२. साकेला भावन/पार्क निर्माण<br>३. बहु जातिय संग्राहलय निर्माण योजना |
| सुरक्षा |
| १. अस्थायी प्रहरी चौकी स्थापना योजना |

| **पूर्वाधार विकास** |
|---|
| सडक |
| १. लुङ्दु - भाङ्टार - पैरेनी - खेवारीङ्ग - साखुवा सडक स्तर उन्नती<br>२. पैरेनी नोक्लुङ्ग - सनेम गदुवा - गोरू जुरे सडक निर्माण<br>३. चप्लेवा - कैलाश माध्यमिक विद्यालय सडक स्तर उन्नती |
| पुल |
| १. पैरेनी - चप्लेवा मोटरेवल पुल निर्माण (याक्सुवा खोला)<br>२. पैरेनी - जलकेनी याक्सुवा खोला झोलुङ्गे पुल निर्माण<br>३. नोक्लुङ्ग - सनेम याक्सुवा खोला झोलुङ्गे पुल निर्माण |
| सिंचाई |
| १. फरेवा खेवारीङ्ग पक्की कुलो निर्माण<br>२. सवेक पैरेनी पक्की सिंचाई कुलो निर्माण<br>३. फरेवा - भाङ्टार पक्की कुलो निर्माण |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण |
| १. बडा नं. ४ कार्यालय कम्पाउड र सभाहल ट्रस सहित निर्माण<br>२. पैरेनी सामुदायिक भवन निर्माण<br>३. ६ घर अस्थायी वसोवास व्यवस्थापन योजना |
| विद्युत तथा वैकल्पिक उर्जा |
| १. वडा नं. ४ का विद्युत विस्तारमा कालो तार परिवर्तन गर्ने |
| सूचना तथा प्रविधि |
| १. मिरिङ्देन डाँडा (नेपाल टेलिकम)मा टावर निर्माण स्थापना/भवन निर्माण |

| **वन वातावरण तथा विपद् व्यवस्थापन** |
|---|
| वन तथा जैविक विविधता |
| १. सतुवा, चिराइतो, अग्रेंली, कागते संरक्षण योजना<br>२. लालीगुराँस, चाँप, चिमल फूल संरक्षण |

| भूमी तथा जलाधार व्यवस्थापन |
|---|
| १. गदुवा वस्ती (गादुवा खोला) संरक्षण<br>२. सनेम (याक्सुवा पहिरो) संरक्षण योजना<br>३. वासेनी पहिरो संरक्षण योजना |
| वातावरण तथा स्वच्छता |
| १. वडा स्तरीय फोहरमैला व्यवस्थापन योजना |
| विपद् व्यवस्थापन |
| १. वडा स्तरीय विपद व्यवस्थापन कोष परिचालन<br>२. वडा स्तरीय विपद् व्यवस्थापन भवन निर्माण |

**वडा नं. ५**

| **आर्थिक विकास** |
|---|
| कृषि |
| १. व्यवसायिक तरकारी खेती (आनु, साग, वन्दाकोपी, टमाटर फूलकोपी, अदुवा, बेसार, खुर्सानी, ड्रागन फ्रुट)<br>२. बेमौसमी तरकारी खेती (प्लाष्टीक घर/ टनेल) संचालन<br>३. व्यवसायिक अलैंची खेती, रुद्राक्ष खेती, चिया, कफि, अम्रिसो, चिराइतो संचालन |
| पशुपालन |
| १. व्यवसायिक गाई, भैसी, भेडा, बाख्रा, कुखुरा परेवा, हांस, सुगुर पालन व्यवसाय<br>२. माछा पालन व्यवसाय |
| उद्योग |
| १. लोक्ता, अरगेली, अल्लो प्रशोधन उद्योग<br>२. च्याउ खेती उद्योग<br>३. जडीवुटी संकलन तथा प्रशोधन उद्योग |
| पर्यटन |
| १. सभापोखरी धार्मिक स्थल बाटो तथा पर्यटकीय स्थल व्यवस्थापन योजना<br>२. चित्रे, चन्ज्याङ्ग पर्यटकीय क्षेत्र स्थल निर्माण<br>३. छागाकेम्वा पिक्निक स्थल निर्माण |
| सहकारी |
| १. वडा स्तरीय सहकारी निर्माण/व्यवस्थापन<br>२. सहकारी मार्फत मल, विउ वितरण योजना |

| **सामाजिक विकास** |
|---|
| शिक्षा |
| १. सभापोखरी आधारभूत विद्यालय (आपुङ्ग टोल) आधारभूत व्यवस्थापन सहितको भवन निर्माण<br>२. सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम पढाई संचालन गर्ने<br>३. सभापोखरी आधारभूत विद्यालयमा कम्पाउण्ड योजना<br>४. सिहेश्वरी आधारभूत विद्यालय शौचालय निर्माण र विज्ञान प्रयोगशाला स्थापना |

| |
|---|
| ५. श्री प्रकाश आधारभूत विद्यालय भवन निर्माण, फाकुवा |
| स्वास्थ्य |
| १. स्वास्थ्य इकाई सिकिदिममा कम्पाउण्ड/घेरावारा<br>२. सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण, फाकुवा |
| खानेपानी |
| १. सिकिदिम टोल खानेपानी मर्मत संभार योजना<br>२. फाकुवा खानेपानी मर्मत संभार योजना |
| सरसफाई |
| १. सभापोखरी तिर्थ यात्रा पदमार्गमा सार्वजनिक शौचालयहरु निर्माण<br>२. सार्वजनिक स्थल तथा कार्यालय र वडा वस्तीहरुमा डस्टबिन व्यवस्थापन योजना |
| सामाजिक समावेशीकरण |
| १. सार्वजनिक स्थलमा एक चिन्तन चौतारी निर्माण |
| युवा तथा खेलकुद |
| १. वडा स्तरीय खेल मैदान निर्माण/विस्तार योजना<br>२. टोल स्तरीय खेल मैदान विस्तार योजना<br>३. वडा स्तरीय खेलाडी प्रोत्साहन कार्यक्रम योजना |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य |
| १. वडा स्तरीय बहु भाषी, कला, सांस्कृतिक संग्राहलय निर्माण<br>२. आपुङ्ग साकेला भवन निर्माण योजना, केलाङ पार्क तथा भवन निर्माण<br>३. सिकिदिम र फाकुवा क्षेत्रमा दाह संस्कार स्थल र मलामी खाजा घर निर्माण योजना<br>४. राई, लिम्बु मातृभाषा पठनपाठन |
| सुरक्षा |
| १. वडा नं. ५ केन्द्रमा प्रहरी चौकी स्थापना<br>२. प्रहरी चौकी भवन निर्माण |

| **पूर्वाधार विकास** |
|---|
| सडक |
| १. माङ्गजुवा सभापोखरी सडक मर्मत तथा निर्माण योजना<br>२. माङ्गजुवा आपुङ्ग सडक मर्मत तथा निर्माण योजना<br>३. सिकिदिम आपुङ्ग सडक मर्मत तथा निर्माण योजना<br>४. वडा नं. ५ कार्यालयदेखि वडा नं ६ जोड्ने सडक निर्माण |
| पुल |
| १. केमेक्पा चित्रे झोलुङ्गे पुल निर्माण<br>२. सिकिदिम आमले झोलुङ्गे पुल निर्माण<br>३. आपुङ्ग घण्टेनी झोलुङ्गे पुल<br>४. ठूलो गाउँ खानी झोलुङ्गे पुल (चिण्डे खोला) |

| सिंचाई |
|---|
| १. आपुङ्ग सिचाई योजना<br>२. दिङ्ला खोला सिकिदिम सिचाई योजना<br>३. फाकुवा सिंचाई योजना<br>४. खानी लुकिम्बा सिंचाई योजना |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण |
| १. वडा कार्यालय वाल/कम्पाउण्ड व्यवस्थापन/वडा भवन ट्रस सहितको बैठक हल निर्माण<br>२. सिकिदिम सामुदायिक भवन निर्माण योजना<br>३. आपुङ्ग सिडी, गोरेटो बाटो (माङ्गजुवा उकाली देखि निरकुना योजना निर्माण<br>४. ५ नं. वडा कार्यालयदेखि वडा नं. ६ जोड्ने गोरेटो बाटो निर्माण |
| विद्युत तथा वैकल्पिक उर्जा |
| १. फकुवा टोल विद्युत विस्तार योजना<br>२. चिण्डे खोला जल विद्युत मर्मत तथा संरक्षण |
| सूचना तथा प्रविधि |
| १. फकुवा टोलमा इन्टरनेट जडान योजना<br>२. वडाबाट हुने सेवा सुविधालाई प्रविधियुक्त बनाउने |

| **वन वातावरण तथा विपद् व्यवस्थापन** |
|---|
| वन तथा जैविक विविधता |
| १. लालीगुराँस/चाँप, धुपी, ढयाग्रे सल्ला प्रजाती संरक्षण |
| भूमी तथा जलाधार व्यवस्थापन |
| १. आपुङ्ग भूक्षय संरक्षण योजना |
| वातावरण तथा स्वच्छता |
| १. वडा स्तारिय बृक्षारोपण कार्यक्रम<br>२. डम्पिङ साईट व्यवस्थापन योजना |
| विपद् व्यवस्थापन |
| १. विपद् व्यवस्थापन कोष स्थापना संचालन |

**संस्थागत**

१. पालिका स्तर तथा वडा स्तरबाट गरिएका निर्णयहरु तत्काल डिजिटल प्रविधि प्रसार योजना निर्माण तथा संचालन गर्ने

**वडा नं. ६**

| **आर्थिक विकास** |
|---|
| कृषि |
| १. आधारभूत परिक्षण सहितको बहुवर्षिय फलफूल खेती (सुन्तला, ड्रागन फ्रुट कागती, कफी, अलैंची, रुद्राक्ष, एभोकाडो) संचालन गर्ने<br>२. वावसायिक तरकारी खेती (आलु, कोपी, खोर्सानी, टमाटर, प्याज, लसुन अदुवा, बेसार) संचालन गर्ने<br>३. बेमौसमी तरकारी तथा फलफूल खेती (टनेल/प्लाष्टीक घर) निर्माण |

| पशुपालन |
|---|
| १. सभा खोलामा पाईने माछालाई व्यवस्थित योजना मार्फत उत्पादन गर्ने |
| २. माछापालन व्यवस्थित पोखरी व्यवस्थापन गर्ने |
| ३. भेडा/बाखा/कुखुरा पालन/वंगुर आधुनिक खोर व्यवस्थापन |
| ४. गाई, भैंसी पालन तथा दुग्ध उत्पादन |
| ५. गोठे सुधार सहित विमा कार्यक्रम |
| उद्योग |
| १. अल्लो प्रशोधन उद्यम संचालन |
| २. सभापोखरी शुद्ध खानेपानी उत्पादन/प्रशोधन वितरण |
| ३. जडीवुटी संकलन तथा प्रशोधन |
| पर्यटन |
| १. सभापोखरी धार्मिक पर्यटकीय स्थल/त्रिवेणी धामको पर्यापर्यटन विकास गर्ने (गौरवको योजना) |
| २. दुम्सिकुर धार्मिक तथा पर्यटकीय स्थल निर्माण |
| ३. आदिवासी जनजाति संग्राहलय निर्माण |
| ४. केलाङ्ग साकेला पार्क निर्माण |
| ५. होटल व्यवसायी, होमस्टे संचालन व्यवस्थापन |
| ६. महाविर झरना पूर्वाधार निर्माण योजना |
| ७. गढिडाँडा पिक्निक स्पट निर्माण |
| ८. देउराली भिउ पोईन्ट व्यवस्थापन |
| सहकारी |
| १. सहकारी मार्फत मल, विउ वितरण तथा व्यवस्थापन |
| २. सहकारी मार्फत दैनिक उपभोग्य वस्तु वितरण (पसल स्थापना) |

| **सामाजिक विकास** |
|---|
| शिक्षा |
| १. श्री त्रिवेणी माध्यमिक विद्यालयलाई आधारभूत व्यवस्थापन सहित नमूना शैक्षिक संस्थाका रूपमा विस्तार गर्ने |
| २. विद्यालयको जग्गामा आयमूलक भवन निर्माण/विस्तार (श्री त्रिवेणी माध्यमिक विद्यालय) |
| ३. सामुदायिक विद्यालयहरूमा अंग्रेजी माध्यम कक्षा शुरुवात गर्ने |
| ४. विद्यालय स्टाफ नर्स दरवन्दी व्यवस्थापन (माध्यमिक विद्यालय तहमा) |
| स्वास्थ्य |
| १. वर्थिङ्ग सेन्टर व्यवस्थापन |
| २. पालिका स्तरमा भएका ल्याब, एक्स्रे मेसीन लगाएत जनशक्ति व्यवस्थापन योजना |
| खानेपानी |
| १. सभापोखरी ६ नं. वडा वृहत खानेपानी योजना निर्माण तथा व्यवस्थापन विस्तार |
| २. नयाँ वस्ती खानेपानी मर्मत संभार/विस्तार |
| ३. साङखोला – स्वाची बृहत सिंचाई आयोजना |

| सरसफाई |
|---|
| १. बजारको ढल व्यवस्थान योजना संचालन (बाह्रविसे बजार)<br>२. फोहोरमैला व्यवस्थापन योजना- डम्पिङ्ग साईट (पालिका स्तरमा वडा नं. ६)<br>३. प्लाष्टिक मुक्त बजार क्षेत्र निर्माण<br>४. सार्वजनिक शौचालय (बस स्टेशन/ट्याक्सी स्टेशन) |
| सामाजिक समावेशीकरण |
| १. ज्येष्ठ नागरिक चिन्तन चौतारी पार्क निर्माण |
| युवा तथा खेलकुद |
| १. वडा नं. ६ मा स्थापना भएका खेल मैदान व्यवस्थापन तथा विस्तार योजना<br>२. स्थानिय स्तरका खेलाडीहरुलाई प्रोत्साहन स्वरूप प्रशिक्षण दिने |
| स्थानीय भाषा, संस्कृति, कला तथा साहित्य |
| १. स्थानिय संस्कृतिक कला, भेषभुषाको संरक्षण सहित संरक्षण गर्ने<br>२. ज्याङ्गतरे छोलिङ्ग, सभापोखरी छोलिङ्ग गुम्बा भित्र मछिन्द्रनाथ मन्दिर निर्माण/व्यवस्थापन |
| सुरक्षा |
| १. स्थानिय प्रहरी चौकीको स्तर वृद्धि गरी चौकीबाट इलाका प्रहरी कार्यालय स्तर वृद्धि गर्ने |

| **पूर्वाधार विकास** |
|---|
| सडक |
| १. पालिकादेखि वडा कार्यालय जोड्ने सडक विस्तार तथा स्तर उन्नती गर्ने<br>२. सभापोखरी सडक निर्माण/स्तर उन्नती योजना (गौरवको योजना)<br>३. वडा कार्यालयदेखि दुम्सिकुर सडक निर्माण<br>४. देउराली सडक निर्माण तथा सभापोखरी तिर्थ स्थल सडक निर्माण योजना |
| पुल |
| १. वत्तिसेदेखी आँप बगैंचा झोलुङ्गे पुल<br>२. वडा नं. ६- ३ जोड्ने (बाह्रविसे बजार) मोटरेवल पुल निर्माण<br>३. साङ्गखोला डल्लेदह झोलुङ्गे पुल<br>४. सातविसे- दिदिङ्ग बेसी (सभाखोला) झोलुङ्गे पुल |
| सिंचाई |
| १. साङ्गखोला तल्लो स्वाची वृहत सिंचाई योजना<br>२. खोक्राङ्ग सिंचाई योजना<br>३. तामिङ्ग सिंचाई योजना |
| आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण |
| १. बस/ट्याक्सी स्टेशन, बस पार्क व्यवस्थापन योजना<br>२. ६ नं. वडा सामुदायिक भवन (आधारभूत व्यवस्थापन सहित)<br>३. सुकुम्वासी घरधुरी वस्ती व्यवस्थापन<br>४. फूसको छाना मुक्त घरधुरी कार्यक्रम योजना निर्माण/कार्यन्वयन |
| विद्युत तथा वैकल्पिक उर्जा |
| १. सभाखोला लघु जलविद्युत आयोजना स्तर उन्नती व्यवस्थापन |

| सूचना तथा प्रविधि |
|---|
| १. गढी डाँडामा 4G सेवा व्यवस्थापन टेलिकमसँग योजना माग गर्ने र आवश्यक भौतिक व्यवस्थापन सहयोग |
| २. वडा तथा अन्य कार्यालयका सम्पूर्ण कार्यहरु डिजिटल प्रविधि योजना तथा कार्यान्वयन गर्ने |

| **वन वातावरण तथा विपद् व्यवस्थापन** |
|---|
| वन तथा जैविक विविधता |
| १. वेदबाँस संरक्षण योजना |
| २. लॉलीगुँरास तथा लोठ सल्ला संरक्षण |
| ३. लोक्ता/अर्गेली संरक्षण |
| भूमी तथा जलाधार व्यवस्थापन |
| १. नयाँ वस्ती जलाधार संरक्षण (वडा नं. ६ बजार क्षेत्र) |
| २. भोटी खोला तटबन्धन |
| ३. सातविसे समाधी स्थल तटबन्धन |
| ४. खैरेनी तटबन्धन योजना |
| वातावरण तथा स्वच्छता |
| १. सडक साइडमा वृक्षारोपण (चैनपुर, बाह्रविसे, खाँदवारी सडक) |
| विपद् व्यवस्थापन |
| १. वडा विपद् व्यवस्थापन कोष स्थापना/परिचालन |

**संस्थागत विकास**

१. वडा कार्यालयबाट हुने तथा निर्माण गरिएको ऐन, नियमहरू तथा लेखा परिक्षण, आर्थिक पारदर्शिता र कार्यालयबाट हुने वेरूजु कम गर्ने

# अनुसूची २ : आवधिक योजना तर्जुमा उपस्थिति विवरण

## अभिमुखिकरण कार्यक्रम

मिति : २०८१ साल वैशाख ०३

आज मिति २०८१।०१।०३ का दिन यस सभापोखरी गा.पा. संखुवासभा को आवधिक योजना निर्माण सम्बन्धी अभिमुखीकरण/कार्यशाला गोष्ठी यस गाउँपालिका को अध्यक्ष श्री भिम बहादुर लिम्बु ज्यूको अध्ययक्षतामा कार्यपालिका सदस्य ज्यूहरु, कर्मचारी ज्यूहरु, वडाका जनप्रतिनिधि एवम् कर्मचारी ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, निजी क्षेत्र एवम् सम्बन्धित सरोकारवाला व्यक्तित्व ज्यूहरुको तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो ।

उपस्थितिको विवरण

| क्रस | सहभागीको नाम | लिंग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री भिम बहादुर लिम्बु | पु | लिम्बु | प्रकृति | ६० | अध्यक्ष | सभापोखरी गाउँपालिका | सभापोखरी वडा नं. ६ | ९८५२०४९३४ | [illegible] gmail.com | |
| २ | " लक्ष्मी चापागाईं | म. | ब्रा | हिन्दु | ४८ | उपाध्यक्ष | पालिका | सभापोखरी-१ | ९८५२०५५८८९ | laxmichapagain680@gmail.com | |
| ३ | बुद्धि प्रसाद आचार्य | पु. | ब्रा | हिन्दू | ५२ | प्र.प्र.अ. | सभापोखरी गा.पा. | विराटनगर | ९८४१८०३९८१ | acharyabp13@gmail.com | |
| ४ | ईश्वर फुलम्मी मगर | — | — | पहाडि | | — | | | | | |
| ५ | दिल बहादुर तमाङ | — | — | नार | | | | | | | |
| ६ | शुक्रराज लिम्बु | पु | | | ३६ | वार्ड अध्यक्ष | सभापोखरी | ४ | ९८६६०४६६७१ | | |
| ७ | जितेन्द्र ओनेम फाम्गो | — | — | — | | | | | ९८[illegible] | | |
| ८ | कविता लिम्बु | | — | — | | | | | | | |
| ९ | पृथ्वी राई | | — | — | | | | | | | |
| १० | टंक बहादुर विक | पु | दलित | हिन्दु | ३४ | कार्यपालिका सदस्य | सभापोखरी | सभापोखरी १ | ९८४४३३४४११ | | |
| ११ | ~~शुक्रराज लिम्बु~~ | पु | " | | ३६ | वार्ड अध्यक्ष | | ४ | ९८६६०४६६७१ | | |

| क्रस | सहभागीको नाम | लिंग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | विजय सिंह | पु | मधेशी | हिन्दु | ३१ | प्रा.स. | सभापोखरी गा.पा. | सप्तरी | ९८४३१४४१२६२ | vijaysingh@gmail.com | |
| १३ | सुबोध दास | पु. | " | " | २४ | अ.हे.व. | " | सर्लाही | ९८४४६०४५६ | dassubodh525@gmail.com | |
| १४ | प्रमोद भट्टराई | " | क्षेत्री | " | ३५ | प्र.अ. | " | सभापोखरी | ९८४२०६१८९६ | pramodpb2044@gmail.com | |
| १५ | मुकेश कु. शर्मा | " | शर्मा | " | २१ | अ.हे.व. | " | सिरहा | ९८६६३३५३६२ | mukeshsharma[illegible]@gmail.com | |
| १६ | पशुपति यादव | पु. | यादव | हिन्दु | २२ | अ.स.ई. | " | सुनसरी | ९८६२६३०६६८ | yadavpashupati382@gmail.com | |
| १७ | हिमाल दर्जी | " | क्षेत्री | हिन्दु | २० | प.सं.प्र. | " | दाङ | ९८६८१२४२८० | himaldarjee@gmail | |
| १८ | दीपक खुलाल | " | ओ.जा. | किरात | ४५ | सहायक प्राध्यापक | त्रिवेणी मावि | सभापोखरी ३ | ९८६२९[illegible] | deepakkhulal[illegible]@gmail | |
| १९ | राम कुमार तामाङ | " | दलित | बुद्धीस | ४१ | सभापोखरी कार्यालय | | सभापोखरी | ९८६८०[illegible] | | |
| २० | अनन्त बहादुर भट्टराई | " | क्षेत्री | हिन्दु | ६६ | प्र.अ. | श्री [illegible] | सभापोखरी-२ | ९८४२०४४६३२ | — | |
| २१ | योगेन्द्र प्र. ताप्कोटा | " | ब्राह्मण | हिन्दु | ४० | शिक्षक | त्रिवेणी [illegible] | " -३ | ९८६२९२५६०३ | | |
| २२ | चन्द्र ब. खड्का | " | क्ष | हिन्दु | ६१ | वडा सदस्य | वडा १ | " १ | ९८६१३१०२६८ | | |
| २३ | मदन मादेना | " | आदिवासी | किरात | ४१ | शिक्षक | सभापोखरी | वो-३ | ९८५२०८०२५३ | | |
| २४ | [illegible] | " | आदिवासी | नेवारी | ६८ | नेका प्रतिनिधि | " | -२ | ९८४२०४४३४० | | |
| २५ | दिल बहादुर तामाङ | पु. | आदिवासी | बौद्ध | ३४ | वडा अध्यक्ष | सभापोखरी गा.पा. वडा नं. ३ | वडा नं. ३ | ९८४३६५४९९८१ | dilbdrtamang@gmail.com | |
| २६ | सुशिला राई | म. | राई | | ४१ | का.पा. सदस्य | सभापोखरी ४ सदस्य | वडा नं. ४ | ९८४२९१२५३१ | | |
| २७ | बेल कुमारी वि.क. | म. | वि.क. | | ३४ | का.पा. सदस्य | वडा ३ सदस्या | -४ | | | |
| २८ | नेत्र बहादुर थापा | पु. | मगर | हिन्दु | ३० | जिल्ड सहायक MES | सभापोखरी गा.पा. | सभापोखरी-१ | 9849563795 | — | |
| २९ | प्रविन राई | पु | राई | किरात | ४४ | MES operator | सभापोखरी गा.पा. | सभापोखरी-२ | ९८४२०६१८२६ | prabin41559876@gmail.com | |

| क्रस | सहभागीको नाम | लिंग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | जमुना राई | | | | | का.पा.स. | | सं.गा.-४ | 9866327179 | | |
| ३१ | कविता लिम्बु | | | | | का.पा.स. | | सं.गा.-६ | | | कविता |
| ३२ | [illegible] | पु | क्ष | हि | ३२ | वडा सचिव | वडा नं. १ को कार्यालय | [illegible] | 9842554980 | dhanrajlaptop@gmail... | |
| ३३ | अमिशा चौलागाई | म | बा | हि | ३२ | स.म.वि.नि. | सभापोखरी गा.पा. | सविला-४ खाँदबारी | 9842354458 | amishachaulagain@gmail.com | Amisha |
| ३४ | पदम अधिकारी | पु | क्षे | हि | २५ | अमिन | सभापोखरी गा.पा. | सभापोखरी वडा नं.-३ | [illegible] | | |
| ३५ | [illegible] | | | | | को.पार्क. | सभापोखरी | . | [illegible] | | |
| ३६ | प्रसिद्ध श्रेष्ठ | पु | ने | हि | २० | निजी सचिव | सभापोखरी गा.पा. | सभापोखरी -२ | [illegible] | prasiddha shrestha 01@gm... | |
| ३७ | मंगल बिर लिम्बु | | | | ४८ | सदस्य | " | -२ | [illegible] | | |
| ३८ | लक्ष्मी प्रसाद कोइराला | पु | बा | हि | ७६ | स्थानीय बुद्धिजीवी | | २ | | | लक्ष्मी |
| ३९ | रविन दाहाल | पु | | | | क.अ. | " | | [illegible] | | |
| ४० | खिमानन्द कंडेल | पु | ब्रा | हि | ४४ | परामर्शदाता | ADMC strength | काठमाडौं | 9851070702 | khimananda kandel@yahoo.com | |
| ४१ | सुदर्शन अधिकारी | पु | ब्रा | हि | ४१ | परामर्शदाता | RIMC Strength | नुवाकोट | 9860723252 | [illegible] | |
| ४२ | डम्बर दर्जी | पु | दे | हि | ४० | परामर्शदाता | " | तेह्रथुम | 9842210023 | darsidambar@gmail.com | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**विषय क्षेत्रगत समिति:**

**आर्थिक विकास:**

संयोजक - श्री दिल कु. ताम्लाङ
सदस्य श्री कविता लिम्बु
-॥- श्री कुसुम हाङ मगर
-॥- श्री प्रशान्त राई
सदस्य सचिव - श्री विजय सिंह / हिमाल वली

**सामाजिक विकास:**

संयोजक :- श्री जितेन्द्र ओनेम लिम्बु
सदस्य श्री मनाहाङ राई
-॥- श्री मनि कुमार राई
सदस्य सचिव - श्री दिपा पोखरेल / श्री पुष्कर गौतम
सदस्य श्री प्रज्ञा ताम्लाङ

**पूर्वाधार विकास:**

संयोजक श्री मुकराज लिम्बु
सदस्य श्री टंक विश्वकर्मा
-॥- श्री ~~मिलन राई~~ रिजन राई
-॥- श्री सुशिला राई
सदस्य सचिव - दिनेश मेवाहाङ राई

विपद व्यवस्थापन
**वन तथा वातावरण समितिः**
संयोजक - श्री राज कुमार राई
सदस्य श्री दुर्गा राई
-||- श्री रिजन राई
-||- सचिव श्री प्रमोद कुमार महतो ✓
सदस्य श्री किलन राई

सार्वजनिक लेखा समिति
१, संयोजक - श्री पृथ्वी ~~[illegible]~~ राई
२, सदस्य श्री कुमाम डाङा मगर
३, -||- श्री मणि कुमार राई
४, सदस्य सचिव श्री टिकाराम भट्टराई

**सुशासन तथा संस्थागत विकासः**
संयोजक :- श्री मनिष ह्याङगाम लिम्बु
सदस्य श्री रवन के. लिम्बु
-||- श्री ईङ ब. विश्वकर्मा
-||- श्री छविमाया तामाङ
स-सचिव श्री रविन दाहाल

विधायन समिति
संयोजक - श्री ईश्वर पुलामी मगर
सदस्य श्री राधिका खेन्चुरी
सदस्य श्री दुर्गा बि. लिम्बु
-||- श्री अमुना राई
स. सचिव श्री प्रमोद भट्टराई

**संयोजन तथा सहजीकरण समितिः**

थप प्रस्ताव नभएकोले आजको वैठक समापन गरियो ।

**प्रस्तावहरु :**

प्रस्ताव नं १ : आवधिक योजना निर्माण

प्रस्ताव नं २ : आवधिक योजना निर्माण सम्बन्धी छलफल तथा अभिमुखीकरण

प्रस्ताव नं ३ : निर्देशक समिति, विषय क्षेत्रगत समिति र सहजीकरण समिति निर्माण

**निर्णयहरु :**

**निर्णय नं १ :** प्रस्ताव नं १ माथि छलफल गर्दा यस सभापोखरी गाउँपालिका को आवधिक योजना निर्माण गर्ने र पालिकाको तर्फबाट यस अध्ययन सम्पन्न गर्नको लागि आवश्यक समन्वय, सहकार्य र सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :** प्रस्ताव नं २ अनुसार यस सभापोखरी गाउँपालिकाको आवधिक योजना निर्माण सम्बन्धी अभिमुखीकरण तथा कार्यशाला गोष्ठी सम्पन्न गरियो ।

**निर्णय नं ३ :** प्रस्ताव नं ३ अनुसार आवधिक योजना निर्माणको लागि निम्न बमोजिमको निर्देशक समिति, विषय क्षेत्रगत समिति र सहजीकरण समिति गठन गरियो ।

**निर्देशक समितिः**

## योजना तर्जुमा कार्यशाला गोष्ठी

मिति : २०८१ साल वैशाख २४.१.२५

आज मिति २०८१/०१/२४ का दिन यस सभापोखरी गाउँपालिका को आवधिक योजना निर्माण सम्बन्धी योजना तयारी कार्यशाला गोष्ठी यस सभापोखरी गा.पा. का अध्यक्ष श्री भीम बहादुर लिम्बु ज्यूको अध्ययक्षतामा कार्यपालिका सदस्य ज्यूहरु, कर्मचारी ज्यूहरु, वडाका जनप्रतिनिधि एवम् कर्मचारी ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, निजी क्षेत्र एवम् सम्बन्धित सरोकारवाला व्यक्तित्व ज्यूहरुको तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो ।

**उपस्थितिको विवरण**

| क्रस | सहभागीको नाम | लिंग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | भीम बहादुर लिम्बु | पु | लिम्बु | प्रकृतिक पुजक | ४२ | गा.पा. अध्यक्ष | सभापोखरी गा.पा. | सभापोखरी ६ | ९८४२०४१३५४ | | |
| २ | लक्ष्मी चापागाई | म | ब्राम्हण | हिन्दु | ४६ | गा.पा. उपाध्यक्ष | ,, | सभापोखरी ९ | ९८४२०५५५८६ | | |
| ३ | दिनेश मेवाहाङ राई | पु | राई | किरात | ३० | इन्जिनियर | ,, | धरान-१३ सुनसरी | ९८४२०४९२४६ | | |
| ४ | ईश्वर पुलामी मगर | पु | मगर | बौद्ध | ३२ | वडाअध्यक्ष | सभापोखरी १ | सभापोखरी १ | ९८४२०५४२०१ | ipmagar050@gmail.com | |
| ५ | राज कुमार राई | पु | राई | किरात | ३८ | २ न वडा | ,, २ | ,, २ | ९८४२० ५१६०३ | | |
| ६ | दिल बहादुर तामाङ | पु | तामाङ | बौद्ध | ३४ | ४ वडाअध्यक्ष | सभापोखरी -३ | सभापोखरी -३ | ९८४९८४५४ ८१९ | dilbdrtamang 26@gmail.com | |
| ७ | शुक्रसन लिम्बु | पु | लिम्बु | किरात | | वडा अध्यक्ष | सभापोखरी गा.पा. | | ९८६६८०४४४ | | |
| ८ | मनिष लिम्बु | | | | | | | | | | |
| ९ | नितेन्द्र येम फागो | पु. | लिम्बु | किरात | | वडाध्यक्ष | ,, - ६ | ,, ६ | ९८६४०४३ ८६८ | | |
| १० | बल राम पन्त | | | | | | | | | | |
| ११ | योगेन्द्र प्र. सापकोटा | पु. | ब्राम्हण | हिन्दु | ६० | शिक्षक | शिखरकोटि | ६ | ९८६२९१६५०२ | | |

| क्रस | सहभागीको नाम | लिंग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२ | पृथ्वी राई | | | | | का.पा. सदस्य | सभापोखरी | | | | |
| १३ | कृष्ण ब. खालखेती | | | | | — | सभापोखरी | सभापोखरी | | | |
| १४ | नयरुद्र खालाखेती | पु | | | | कृषक | सभापोखरी -२ | — | | | |
| १५ | ईश्वर ब. कार्की | पु | | | | पू. अ. | अ पं.य्र्यो आ.नि. | सभापोखरी -२ | | ९८४२३३२२५४ | |
| १६ | कमल बहादुर राई | पु | | | | कृषक | | सभापोखरी ६ | | ~~९८६५१२२५९४~~ | |
| १७ | टेक बहादुर विश्वकर्मा | पु | | | | का.पा. सदस्य | सभापोखरी | सभापोखरी १ | | ९८६८४३२३८१ | |
| १८ | कविता लिम्बु | म | | | | का.पा. सदस्य | सभापोखरी | सभापोखरी ६ | | ९८६८३८३२१५३ ६२६ | |
| १९ | डम्बरेन्द्र खालखेती | पु | | हिन्दु | ६४ | — | | | | | |
| २० | त्रिभुवन पन्त | पु | | ,, | ४० | अध्यक्ष | सं.का.पं. | सि.गा.पा. | | ९८६०७८८१८५ | |
| २१ | राज कुमार राई | पु | | कि. | ३८ | वडा अध्यक्ष | २ न - | २ | | ९८४२०५९६०३ | |
| २२ | प्रदिप भट्टराई | पु. | क्षेत्री | हिन्दु | ३८ | शिक्षक जनज्योति मावि हु.४ | | सभापोखरी १ | pbhattarai2073@gmail.com | ९८४२०४१६५६ | |
| २३ | सुजा सुब्बा | म | | | | | | सभापोखरी ६ | | ९८४०३८६१८४ | |
| २४ | दिनिशा चौलागाई | म. | ब्राह्मण | हिन्दु | ३१ | स.म.नि. नि. | सभापोखरी | ,, | ९८४२३५४१४८ | dmishaachalay | |
| २५ | कुशिला राई | म | | हिन्दु | ४१ | का.पा. सदस्य | सभापोखरी | ५ | ९८४२२१५३३१ | | |
| २६ | बेल कुमारी वि.क. | म | | | ३४ | का.पा. सदस्य | सभापोखरी -२ | | | | |
| २७ | जमुना राई | म | | | ५८ | का.पा. | ,, | ४ | ९८४४३२६९६८ | | |
| २८ | कमल बहादुर श्रेष्ठ | पु | नेवार | नेवारी | ५६ | ने.का. प्रतिनिधि | ,, | २ | ९८४२०४८८४० | | |
| २९ | सुमन श्रेष्ठ | पु | ,, | ,, | ४० | नेपाल एमाले जो.पा. अध्यक्ष | ,, | ३ | ९८६२००९००० | sumanshrestha979797@gmail.com | |

| क्रस | सहभागीको नाम | लिङ्ग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३० | झक ब० गहराई | पु. | क्षेत्री | हिन्दु | ५६ | प्रो.अ. | २॥(६) आ. बि. विद्यालय | सभापोखरी -२ | ९८५२०४४६३२ | | |
| ३१ | सिताराम बाँस्कोटा | पु. | ब्राह्मण | ,, | ५५ | प्र.अ. | जिल्ला पत्रकार | सभापोखरी | ९८[illegible]३६९११ | | |
| ३२ | पृथ्वी मान तामाङ | पु. | तामाङ | बौद्ध | ७१ | ने.आ.ज.म. अध्यक्ष | जनजाति | सभापोखरी -६ | ९८५१०६५०२६ | | |
| ३३ | अमृत बहादुर लिम्बु | पु. | लिम्बु | किरात | ४८ | — | — | सभापोखरी -६ | ९८६०४३०९६१ | | |
| ३४ | पुतन आगरण न्यौपाने | पु. | ब्राह्मण | हिन्दु | ३४ | रोजगार संयोजक | स. गा.पा. | सभापोखरी | ९८४४८६००६५ | | |
| ३५ | गोविन्द प्रसाद बाँस्कोटा | पु. | ब्राह्मण | हिन्दु | ५३ | प्रिन्सिपल (प्र.अ.) | त्रिवेणी मा.वि. | सभापोखरी -३ | ९८६२१३१६३९ | | |
| ३६ | हिमाल बली | पु. | क्षेत्री | हिन्दु | ३० | प.से.प्रा. | पशु सेवा शाखा | तुम्लिङ्टार -१० (चौ.) | ९८६८१२२२०० | himalalee@gmail.com | |
| ३७ | हरि कु. भण्डारी | पु. | ब्राह्मण | ,, | ५० | प्रअ | [illegible] | [illegible] | ९८४४६०३७०८ | | |
| ३८ | दीपक सुब्बा | पु. | जनजाति | किरात | ४९ | सहायक प्रमुख | [illegible] | सभापोखरी -३ | ९८६२१२६२१२ | deepaksubba53@g... | |
| ३९ | मदन मादेन | पु. | [illegible] | ,, | ४२ | संस्थापक | सभापोखरी | सभापोखरी -६ | ९८५२०५०२८३ | | |
| ४० | विजय सिंह | पु. | मधेसी | हिन्दु | २१ | कृषि प्राविधिक | सभापोखरी | सप्तरी | ९८५३१११२६२ | | |
| ४१ | दिपा सापकोटा | म. | ब्राह्मण | हिन्दु | २५ | प्रशासकीय अधिकृत | सभापोखरी गा.पा. | च्याटाङ | ९८६२००६३८२ | dipasapkota2055@gmail.com | |
| ४२ | हरि किरण बस्नेत | पु. | क्षेत्री | हिन्दु | ३६ | लेखापाल | सभापोखरी गा.पा. | खुम्बा | ९८८८३२०५२२ | ९८८८३२०५२२ | |
| ४३ | मधुसुधन श्रेष्ठ | पु. | नेवार | ,, | ४६ | इन्जिनियर | इलाम | इलाम -२ | ९८५२६८००३८ | | |
| ४४ | जगन्नाथ अर्याल | पु. | बाहुन | ,, | ४० | पूर्वाधार विज्ञ | Lime Stone | | ९८७११२२८३९ | | |
| ४५ | अर्चना प्रधान | म. | नेवार | ,, | ३३ | शहरी योजनाकार | ,, | ललितपुर | ९८४१३६८०४४ | | |
| ४६ | बालमुकुन्द कुँवर | पु. | क्षेत्री | ,, | ३८ | अर्थशास्त्री | ,, | ,, | ९८६१४२८३२८ | | |
| ४७ | बुकप्रसाद आचार्य | पु. | ब्रा. | ,, | ५६ | प्र.प्र.अ. | सभापोखरी | — | ९८६११०८१८१ | acharyabp13@g mail.com | |

| क्रस | सहभागीको नाम | लिङ्ग | जातजाति | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | रवि दाहाल | [illegible] | क्षेत्री | हिन्दु | ३६ | कृ.अ. | सभापोखरी गा.पा. | तेह्रथुम | ९८४२११३४४३ | | |
| ४९ | पारिवद श्रेष्ठ | पु. | ✓ | | ३० | तीर्थ सचिव | ,, | सभापोखरी -३ | ९८५२०४०१०४ | | |
| ५० | काकुराम लिम्बु | पु. | | किरात | ४८ | त्रिवेणी टोल विकास संस्था | | ,, ३ | ९८६२०४४२३५ | | |
| ५१ | रविन कुमार कार्की | पु. | क्षेत्री | हिन्दु | ५४ | धार्मिक संस्था सचिव | . | ,, ३ | ९८३१३१३५१४ | | |
| ५२ | सुबोध कुमार दास | पु. | द. | हिन्दु | ५५ | अ.हे.व. | सभापोखरी गा.पा. | सप्तरी | ९८११४०२४६ | dassubodh525@gmail.com | |

## मस्यौदा प्रतिवेदन छलफल

मिति : २०८१ साल जेठ..२२.....

आज मिति २०८१।०२। २३ (बुधबार)..का दिन यस सभापोखरी गाउँपालिका.को प्रथम आवधिक योजना तर्जुमाको मसौदा प्रतिवेदन प्रस्तुतीकरण गोष्ठी यस.. सभापोखरी गाउँपालिका .का उपाध्यक्ष..श्री.....लदन)......[illegible]......ज्यूको अध्ययक्षतामा कार्यपालिका सदस्य ज्यूहरु, कर्मचारी ज्यूहरु, वडाका जनप्रतिनिधि एवम् कर्मचारी ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, निजी क्षेत्र एवम् सम्वन्धित सरोकारवाला व्यक्तित्व ज्यूहरुको तपशिल बमोजिमको उपस्थितिमा सम्पन्न भयो ।

उपस्थितिको विवरण

| क्रस | सहभागीको नाम | लिङ्ग | जातजाती | धर्म | उमेर | पद | कार्यालय | स्थायी ठेगाना | सम्पर्क नं | ईमेल ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | लक्ष्मी चौपागाईं | | | | | | | | | | |
| २ | कुकु पु. आचार्य | पु. | ब्रा. | हि. | ५४ | प्र.प्र.अ. | सभापोखरी गा.पा. | चिरिङ्खु | ९८४१६०५२७९ | [illegible] | |
| ३ | ईश्वर पुलामी मगर | | | | | | | | | | |
| ४ | राज कु. राई | पु | किराँत | .. | ३९ | ३ नं वडा अध्यक्ष | ३ वडा | ३ नं | ९८५२० ५१६०३ | | |
| ५ | दिल ब. तामाङ | | | | | | | | | | |
| ६ | शुकराज लिम्बु | | | | | | | | | | |
| ७ | मनिष लिम्बु | | | | | | | | | | |
| ८ | जितेन्द्र वर्तेन फागो | पु. | लिम्बु | किरात | ४० | वडा अध्यक्ष | ३ नं. वडा | सभापोखरी ३ | ९८६३०००९८८५ | | |
| ९ | ~~[illegible]~~ दिनेश मेवाहाङ राई | पु | राई | किरात | ३० | अडिटमेन्ट | सभापोखरी गा.पा. | धरान-१३, बुधबारे | ९८४२०८९२४० | | |
| १० | दिपा खापकोटा | | | | | | | | | | |
| ११ | दिपा पोखरेल | | | | | | | | | | |
| १२ | प्रमोद भट्टराई | पु | ब्र | हिन्दु | ३६ | प्रा. ए. | सभापोखरी गा.पा. | कुमारीनामडाँडा १० काठमाडौं | ९८४२०३१ ८१६ | pramod pb2044 @gmail.com | |
| १३ | विजय सिंह | पु | मधेसी | हिन्दु | ३१ | प्रा.स. | ״ | हनुमाननगर कंकालिनी | ९८४४३१४५ २६२ | vijaysingh[illegible] @gmail.com | |
| १४ | रवि दाहाल | पु | ब्र | हिन्दु | २६ | कु.अ. | ״ | म्याङलुङ नपा तेह्रथुम | ९८४२११३४२ | . | |
| १५ | मदन माबन | पु | जनजाती | किरात | ४२ | शिक्षा अधिकृत | HGEV | सभापोखरी | ९८५२०२०२८३ | | |
| १६ | हिमाल बली | पु. | क्षेत्री | हिन्दु | ३० | प. सेवी | प. से. शाखा | उ.न.पा. १० | ९८६८१२५२८० | | |
| १७ | दिपा खापकोटा | म. | | | | प्र.प्र. | सभापोखरी गा.पा. | खोटाङ | 9862007982 | | |
| १८ | | | | | | | | | | | |
| १९ | | | | | | | | | | | |
| २० | | | | | | | | | | | |
| २१ | | | | | | | | | | | |
| २२ | | | | | | | | | | | |
| २३ | | | | | | | | | | | |
| २४ | | | | | | | | | | | |
| २५ | | | | | | | | | | | |
| २६ | | | | | | | | | | | |
| २७ | | | | | | | | | | | |
| २८ | | | | | | | | | | | |
| २९ | | | | | | | | | | | |

# अनुसूची ३ : फोटोहरू

## अभिमुखिकरण कार्यक्रम









**योजना तर्जुमा कार्यशाला गोष्ठी**







**मस्यौदा प्रतिवेदन छलफल**







# अनुसूची ४ : श्रोत नक्साहरू








500,000
520,000
540,000
560,000
580,000
3,060,000
3,040,000
3,020,000
3,000,000
Barun Nadi
Arun Nadi
Tamor Nadi
BHOTKHOLA GAUNPALIKA
PHAKTANGLUNG GAUNPALIKA
MAHAKULUNG GAUNPALIKA
MAKALU GAUNPALIKA
SOLUKHUMBU DISTRICT
SANKHUWASABHA DISTRICT
SILICHONG GAUNPALIKA
MIKWAKHOLA GAUNPALIKA
TAPLEJUNG DISTRICT
MERINGDEN GAUNPALIKA
CHICHILA GAUNPALIKA
SABHAPOKHARI GAUNPALIKA
KHANDBARI NAGARPALIKA
SALPASILICHHO GAUNPALIKA
MAIWAKHOLA GAUNPALIKA
PHUNGLING NAGARPALIKA
SIRIJANGHA GAUNPALIKA
KEPILASAGADHI GAUNPALIKA
PANCHAKHAPAN NAGARPALIKA
SHADANANDA NAGARPALIKA
CHAINPUR NAGARPALIKA
AATHRAI TRIBENI GAUNPALIKA
PATHIBHARA YANGWARAK GAUNPALIKA
RUPAKOT MAJHUWAGADHI NAGARPALIKA
BHOJPUR DISTRICT
MADI NAGARPALIKA
MENCHAYAM GAUNPALIKA
AATHRAI GAUNPALIKA
HILIHANG GAUNPALIKA
BHOJPUR NAGARPALIKA
ARUN GAUNPALIKA
DHARMADEVI NAGARPALIKA
TERHATHUM DISTRICT
PHEDAP GAUNPALIKA
SAKELA GAUNPALIKA
TYAMKEMAIYUNG GAUNPALIKA
MAHALAXMI NAGARPALIKA
MYANGLUNG NAGARPALIKA
KHOTANG DISTRICT
RAMPRASAD RAI GAUNPALIKA
PAUWADUNGMA GAUNPALIKA
DHANKUTA DISTRICT
LALIGURANS NAGARPALIKA
PHIDIM NAGARPALIKA
PANCHTHAR DISTRICT
KHOTEHANG GAUNPALIKA
PAKHRIBAS NAGARPALIKA
KUMMAYAK GAUNPALIKA
FALGUNANDA
Basantapur - Chainpur - Khandbari - Kimathanka
Mechi Rajmarg (MERM)
Puspalal Lokmarg (Midhill)
Hile - Basantapur - Tehrathum
© OpenStreetMap (and) contributors, CC-BY-SA
N
W
E
S
0
5
10
KM
Map Projection:
WGS 1984 UTM Zone 44N
Legend
District Boundary
Municipal Boundary
Ward Boundary
Major Rivers
SRN
Feeder Roads
Mid-Hill Highway
East-West Highway
Map Title:
REGIONAL LINKAGE
Project Name:
PERIODIC DEVELOPMENT PLAN
SABHAPOKHARI GAUNPALIKA
Sankhuwasabha
Project Client
Government of Nepal
Sabhapokhari Gaunpalika, Sankhuwasabha
Consultant
Strength Developers Pvt. Ltd.
Old Baneswor, Kathmandu


MAKALU GAUNPALIKA
CHICHILA GAUNPALIKA
KHANDBARI NAGARPALIKA
PANCHAKHAPAN NAGARPALIKA
SANKHUWASABHA DISTRICT
CHAINPUR NAGARPALIKA
MAIWAKHOLA GAUNPALIKA
TAPLEJUNG DISTRICT
W-1
W-2
W-3
W-4
W-5
W-6
Ithumbu
Phukam
Phukam
Katahare
Hanglalung
Pawa
Alainche
Khiling
Pikhuwa
Barhabise
Barhabise
Bhitri
Bhitre
Chaplewa
Chaplewa
Sanem
Gaduwa
Noklung
Sakhuwa
Khewaring
Mirindin
Sibekpa
Sunamla
Wajok
Phakuwa
Lukimba
Khanigaun
Sikden
Apung
Apung
Chamewa
Harelo
Jyamire
Bitalap Birta
Ahale
Dhupu
Dhupu
Gothgaun
Bitalap Birta
Birauta
Hutikhim
Nepalgaun
Sunkhani
Tallo Dhupu
Dhupu Deurali
Hengsingaun
Phaktana
Saunetar
Khokrang
Taming
Swachi
Koktasing
Sinchuwa
Deurali
Basthala
Dandagaun
Lebrang
Lebrang
Anptari
Anptari
N
W
E
S
0 1 2
KM
Map Projection:
WGS 1984 UTM Zone 44N
Legend
District Boundary
Municipal Boundary
Ward Boundary
Settlements
Map Title:
ADMINISTRATIVE BOUNDARIES
Project Name:
PERIODIC DEVELOPMENT PLAN
SABHAPOKHARI GAUNPALIKA
Sankhuwasabha
Project Client
Government of Nepal
Sabhapokhari Gaunpalika, Sankhuwasabha
Consultant
Strength Developers Pvt. Ltd.
Old Baneswor, Kathmandu
Source: OSM, 2024


MAKALU GAUNPALIKA
CHICHILA GAUNPALIKA
KHANDBARI NAGARPALIKA
PANCHAKHAPAN NAGARPALIKA
CHAINPUR NAGARPALIKA
MAIWAKHOLA GAUNPALIKA
W-1
W-2
W-3
W-4
W-5
W-6
Sabha Pokhari
Legend
Municipal Boundary
Ward Boundary
SRN
Gaunpalika Roads
Rivers
Landcover
Barren Land
Bush
Cultivation
Forest
Grass
Pond or lake
River/Streams
Sand
Built-up Area
0 1 2
KM
Map Projection:
WGS 1984 UTM Zone 44N
Map Title:
LANDCOVER MAP
Project Name:
PERIODIC DEVELOPMENT PLAN
SABHAPOKHARI GAUNPALIKA
Sankhuwasabha
Project Client
Government of Nepal
Sabhapokhari Gaunpalika, Sankhuwasabha
Consultant
Strength Developers Pvt. Ltd.
Old Baneswor, Kathmandu
Source: Dept. of Survey, 2015


525,000
528,000
531,000
534,000
537,000
540,000
543,000
546,000
3,044,000
3,041,000
3,038,000
3,035,000
3,032,000
3,029,000
3,026,000
MAKALU GAUNPALIKA
CHICHILA GAUNPALIKA
KHANDBARI NAGARPALIKA
PANCHAKHAPAN NAGARPALIKA
CHAINPUR NAGARPALIKA
MAIWAKHOLA GAUNPALIKA
W-1
W-2
W-3
W-4
W-5
W-6
Sabha Pokhari
Sabha Khola
Chemphuwa Khola
Yakuwa Khola
Chinde Khola
Ithumbu
Phukam
Bhitri
Bhitre
Chaplewa
Sanam
Gaduwa
Katahare
Hanglalung
Pawa
Noklung
Sakhuwa
Sunamla
Wajok
Phakuwa
Lukimba
Khanigaun
Alainche
Khiling
Khewaring
Mirindin
Sibekpa
Sikden
Apung
Harelo
Jyamire
Ahale
Walanga
Bitalap Birta
Pikhuwa
Barhabise
Birauta
Hengsingaun
Phaktana
Saunetar
Chamewa
Koktasing
Swachi
Deurali
Gothgaun
Dhupu
Bitalap Birta
Hutikhim
Khokrang
Taming
Nepalgaun
Sunkhani
Dhupu Deurali
Sinchuwa
Basthala
Tallo Dhupu
Lebrang
Dandagaun
Anptari
N
W
E
S
0
1
2
KM
Map Projection:
WGS 1984 UTM Zone 44N
Legend
Municipal Boundary
Ward Boundary
SRN
Rivers
Water Bodies
Map Title:
RIVERINE AND WATER BODIES
Project Name:
PERIODIC DEVELOPMENT PLAN
SABHAPOKHARI GAUNPALIKA
Sankhuwasabha
Project Client
Government of Nepal
Sabhapokhari Gaunpalika, Sankhuwasabha
Consultant
Strength Developers Pvt. Ltd.
Old Baneswor, Kathmandu
Source: Dept. of Survey, 2015


MAKALU GAUNPALIKA
CHICHILA GAUNPALIKA
KHANDBARI NAGARPALIKA
PANCHAKHAPAN NAGARPALIKA
CHAINPUR NAGARPALIKA
MAIWAKHOLA GAUNPALIKA
W-1
W-2
W-3
W-4
W-5
W-6
Ithumbu
Phukam
Katahare
Hanglalung
Pawa
Chaplewa
Bhitre
Bhitri
Gaduwa
Sanem
Noklung
Sakhuwa
Sunamla
Wajok
Phakuwa
Lukimba
Khanigaun
Sikden
Apung
Chamewa
Khewaring
Mirindin
Sibekpa
Alainche
Khiling
Barhabise
Pikhuwa
Harelo
Jyamire
Ahale
Bitalap Birta
Biraüta
Gothgaun
Dhupu
Hutikhim
Khokrang
Hengsingaun
Phaktana
Saunetar
Koktasing
Swachi
Taming
Sinchuwa
Basthala
Deurali
Sunkhani
Nepalgaun
Tallo Dhupu
Dhupu Deurali
Dandagaun
Lebrang
Anptari
0 1 2
KM
Map Projection:
WGS 1984 UTM Zone 44N
Legend
Rural Municipal Boundary
Ward Boundary
Contour Lines (m)
Vertical Datum: MSL, India
Index
Intermediate
Map Title:
CONTOUR MAP
Project Name:
PERIODIC DEVELOPMENT PLAN
SABHAPOKHARI GAUNPALIKA
Sankhuwasabha
Project Client
Government of Nepal
Sabhapokhari Gaunpalika, Sankhuwasabha
Consultant
Strength Developers Pvt. Ltd.
Old Baneswor, Kathmandu



525,000
528,000
531,000
534,000
537,000
540,000
543,000
546,000
3,044,000
3,041,000
3,038,000
3,035,000
3,032,000
3,029,000
3,026,000
MAKALU GAUNPALIKA
CHICHILA GAUNPALIKA
KHANDBARI NAGARPALIKA
PANCHAKHAPAN NAGARPALIKA
CHAINPUR NAGARPALIKA
MAIWAKHOLA GAUNPALIKA
Ithumbu
Phukam
Phukam
Katahare
Hanglalung
Pawa
Bhitre
Bhitri
Chaplewa
Chaplewa
Sanem
Gaduwa
Noklung
Sakhuwa
Sunamla
Wajok
Phakuwa
Lukimba
Alainche
Khewaring
Mirindin
Khiling
Harelo
Jyamire
Ahale
Bitalap Birta
Pikhuwa
Barhabise
Sibekpa
Sikden
Khanigaun
Apung
Hengsingaun
Bitalap Birta
Birauta
Barhabise
Phaktana
Gothgaun
Dhupu
Dhupu
Saunetar
Apung
Hutikhim
Khokrang
Nepalgaun
Taming
Swachi
Koktasing
Chamewa
Sunkhani
Dhupu Deurali
Sinchuwa
Tallo Dhupu
Deurali
Basthala
Dandagaun
Lebrang
Lebrang
Anptari
Anptari
N
W
E
S
0
1
2
KM
Map Projection:
WGS 1984 UTM Zone 44N
Legend
District Boundary
Municipal Boundary
Ward Boundary
Settlements
Elevation Zones (m)
Vertical Datum: MSL, India
<=1,000
1,001 - 2,000
2,001 - 3,000
3,001 - 4,000
> 4,000
Map Title:
ELEVATION ZONES
Project Name:
PERIODIC DEVELOPMENT PLAN
SABHAPOKHARI GAUNPALIKA
Sankhuwasabha
Project Client
Government of Nepal
Sabhapokhari Gaunpalika, Sankhuwasabha
Consultant
Strength Developers Pvt. Ltd.
Old Baneswor, Kathmandu
Source: OSM, 2024